CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री गीता भागवद् र विष्णु सहस्र नामसहित

४०४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४०५

श्री

हरि ॐ तत्सत्

श्री ज्ञानरत्न गिता सार

(श्री मद् भागवत् तथा अन्य ग्रन्थ सहीत)

टिका र तात्पर्य नेपाली भाषामा

१२०२१

विघ्नहरणमङ्गलकरण एकदन्त महाराज ।
कृपागरुनमम दासोपर हुन्छ सिद्ध यो प्रकाशगीतासार ॥
श्री गणपतिके चरणकोवन्दौं वारम्वार ।
अष्टसिध्दि नवनिधिनित अभीमतफल दातार ॥

संकलन तथा प्रकाशक र सर्वाधिकार
नारायण दाश ख्वाउँजु, १०।१२७ भोटाहिटी, काठमाडौं, नेपाल ।

मिति २०३८ शुभ विजया दशमी मूल्य:- १९।५०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीकृष्णं वन्दे जगत् गुरुम् ॥

आत्म निवेदन

यो श्रीमद् भगवत् गीता सर्वत्र प्रचारै थियो तर, पुनः प्रचार गर्ने प्रकाशकको अभिलाषा र यो प्रचार गर्ने भन्दा प्रिय मेरो अर्को छैन भनी श्री भगवानबाट गी. अ. १८।६९ मा आज्ञा गर्नु भएको पनि हुँदा अध्ययन कर्ता पाठकहरु सहित ज्ञानी तथा भगवत् प्रिय हुनन् भन्ने ईच्छाले समेत यो गीताको टीका तात्पर्य र संक्षेप भागवत् औ अन्य ज्ञान हरि किर्तनको व्याख्या सहीतको यो शास्त्र गाथाहरु माहुरीले जडी बुटीको रस बटुली महमा उपभोग गराए झैं प्रकाशकले पनि त्यो शास्त्रहरू बटुली उसैको आधारबाटै प्रकाशक सानो बुद्धिको आफ्नै ढंगबाट पूर्ण अर्थ आउने गरि छोटकरीमा संग्रह कर्ता तथा प्रकाशकसम्म बनी केही पुस्तक भक्त भिखारीलाई विना मूल्य प्रदान पनि गरु भन्ने अभिप्रायले समेत प्रकाशको कुनै अडकल गीता नभै, श्री गीता भागवत् रामायण र अन्य ग्रन्थहरुकै अमूल्य रस निकालेको सूचीमा उल्लेखित यो नेपाली भाषाको गीता सहीतका गाथाहरु सबै प्रेमी भक्तहरुले श्रद्धापूर्वक अध्ययन तथा यो गीता श्री भगवान कृष्णले अर्जुनलाई, यो भागवत् श्रीनारायणले ब्रम्हालाई, ब्रम्हाले नारदलाई, सुकदेव स्वामीले राजा परिक्षितलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुनाउनु भएको महायशस्वी प्रभुको मुखार विन्दवाट निकलेको उहाँहरुको वाक्य स्वयं यस पुस्तकमा प्रकाश हुन आएको उसपोल कै वचन र रुप यसमा बसोवास छ भन्ने दृढविश्वास गरी यसलाई नित्य पूजासम्म भए पनि गर्नु भै प्रकाशको अभिलाषा पूर्ण गराई दिउन् भन्ने प्रार्थनाको साथै प्रकाशक विषयी र अज्ञानी नै हुँदा छपाईमा त्रुटी र अशुद्ध औ भूल हुन गएकोमा शुद्धि-पत्र राखेको भएता पनि अरु शुद्धाशुद्धि टुट्फूट् सहीत अरु कुनै दोषादि जो जे भएपनि त्यसमा क्षमा याचना गर्दै पाठकहरुले सच्चाई श्रवण गर्नु भै त्यो दोषादीलाई त्यस्तै सम्झने छन् , जस्तै सानु नानीको तोते बोलीमा अवस्यनै दोष हुन सक्तछ, तर भाव र शैलीभने वहुतै सुमधुर हुन्छ तेस्तै यो ज्ञानरत्न गीता भगवान्को गाथा सुमधुर गुणको ग्रहण गरी यो भगवान श्री कृष्णले आदिकालमा श्रीसूर्य देवलाई अन्तमा भारतको रचना गरि भक्त अर्जुनलाइ वताइ हामी मानव जीवनको आफ्नो शुद्ध चेतना शक्तिको अवस्थातक पुग्ने शिक्षा निमित्त स्वयं भगवान श्रीकृष्ण चन्द्रको मुखार विन्दवाट उद्घोष गरिवक्सेको परंपरादेखि प्राप्त योगीता सहीतको अमूल्य रस सबै पाठकहरुवाट स्वादन गरि दिन हुन निम्न कुरा समेत उल्लेख गरिएकोछु ।

यस पुस्तकमा हामी मानवको लागि अति शुलभ तत्वबोध भागवत् धर्म हरिस्मरण र गीता ज्ञान देखिन् प्राणायाम तत्वको पनि केही संक्षेप वर्णन सम्म सम्मिलित भएबाट जसको जे मा श्रद्धा प्रिति छ आ–आफ्नु श्रद्धा भक्ति र बुध्दि अनुसार सबैं मानवले उपयोग गरी आफ्नो जीवनको सुधा-रमा यस ग्रन्थवाट मदत गरुन् भन्ने अभिलाषाले समेत धेरै समय लगाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तयार गरिएको यो धर्मपथ गाथामा विद्वान सज्जन वृन्दहरुले जो देखोस प्रकाशक विमुख नभै सन्मुखैछु, फेरि यो गीताको साथ अरु ग्रन्थहरु पनि एकै साथ प्रकाश गरिएको कारण यो पनि छ, कि मूख्य भगवानको नाम मन्त्र अभिस्मरण नभई भगवानको भक्तिमा दृढमनन् नहुने र यो ग्रन्थ यथा तथ्य बुझ्न पनि त्यसमा अतिरुची नहुने सोनाम अभिस्मरणको संस्कारले भागवत धर्म–भगवत भक्त कितँनको साथ साथै यो ज्ञान गीतामा समेत लम्कन सक्ने समेत भई एकैसाथ प्रकाश हुनु अति शुलभ लागेको र पटक पटक प्रचार गरि रहनाको समयलाई पनि यसैलाई नै धेरैनै वर्ष लाग्यो फेरी प्रचार गर्नालाई प्रकाशक वर्ष ६९ को बृद्ध भैसकेकाले त्यो नदीतटमा लडिरहेका वृक्षरूप क्षेत्र शरीर भोलीसम्म रहने हो होइन भन्ने बिचारले पनि एकै साथ प्रकाश गरी श्री भगवानमा श्रद्धा भक्ति तथा ज्ञानको उदय भई राजा प्रजामा, पिता पुत्र तुल्य प्रेम बढ्दै, गई देश नरेशमा शुख शान्ति हुँदै जाउन भनी श्री पशुपति नाथमा प्रार्थना गर्दै भक्त प्रेमी पाठकमा सनम्र अनुरोध गरेको छु ।

प्रकाशक तथा संकलक
नारायण दास ख्वाँउजु
१०।१२७ भोटाहीटी,काठमाडौं, नेपाल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री परमात्मने नमः

श्री नर नारायण कृष्ण अर्जुनलाई नमस्कार

सुचि पत्र

विषय	पेज नं
श्री गुरु, विष्णु, कृष्णको स्तुति	१
श्री गीता देवीको ध्यान पुष्पांजली र व्याश तथा कृष्ण स्तुती	३
गीताको नामावली र त्यसको शक्ति परिभाषा	७
गीता माहात्म्यर त्यसको टिका औ न्यास	९
गीता पाठ विधी र माहात्म्यको तात्पर्य	१४
गीता पाठ अध्या—अध्यायको फल कथा	१५
गीताको केहि सारांस र अन्य ज्ञान	२४
महर्षि मुनिहरूको शिद्धान्तमा गीतावाट सम्वोधन	३३
गीता सम्पूर्ण अध्यायको संक्षेप बर्णन	३७

गीता अध्याय शुरु

पहिला अध्याय देखि १८ अध्यायसम्मको टिका तात्पर्य	५०
गीता शास्त्रको उपसंहार	२५०
सप्तश्लोकी गीता	२५६
गीता प्रार्थना भजन	२५७
गीता आरती	२५८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भागवत् खण्ड सहित

श्रीमद् भागवत् बाह्रै स्कन्धको छुट्टा छुट्टै संक्षेप वर्णन र	
माहात्म्य सहित	१
भागवत् द्वितीय वैष्णवखण्ड	४४
भागवत् पाठ चतु· श्लोकी भागवत्	४६
श्री विष्णु नाम स्मरण तथा पूजा	४७
अन्य ज्ञान तथा भगवन् लीला र नित्य पूजा विधि सहीत	४८
श्री स्वयम्भु र पशुपतिनाथ ज्योतिरुप हारती मां मञ्जु श्री,	
शान्तीपुर, करुणामय वागमती र गणेश वीरु पाक्ष र अरू व्याख्या	
सपेतको संक्षप वर्णन	५८क
प्राणायाम् तत्व, अजपा गायत्री, औं· ॐ मन्त्र, सहीतको	
केही शारांस	५९
त्रिदोष, त्रिताप अष्ट चीरञ्जीविर त्यसको व्याख्या औं· अन्य	
ज्ञान सहीत्	६१
संसारको गतिविधि र मोक्षको शाधन	६२
तत्व वोध तथा पञ्च ज्ञानेन्द्रि, कर्मेन्द्री, तत्व, कोष प्राणादिवायु	
हरुको क्रीया औं अन्य ज्ञान सहीत	६४
हरेराम कीर्तन र षोदशकं नाम मन्त्र र त्यसको महिमा सहीत	६८
भगवन् स्तोत्र औ भजन	७०
उपसंहार समाप्त	७५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री गणेशायनमः श्री सरस्वत्यैनमः श्री गीतामातायनमः

ॐ नमः श्री गणेश शिवाय, नमो भगवते बासुदेवाय, श्री सूर्यस दुर्गाय एक रूपान् भिन्न मूर्तिन् पंच देवाय नमो नमः .

★

गुरुर्ब्रह्मा गुरुर्विष्णु गुरु देवो महेश्वर ।
गुरु साक्षात् परमब्रह्म तस्मै श्री गुरुवे नमः ॥
नारायणं नमस्कृत्य नरं चैव नरोत्तमम् ।
देवीं सरस्वतीम् व्यासं ततो जय मुदीरयत् ॥

★

श्री विष्णु ध्यानम् (स्तुति)

★

शान्ताकारं भुजगशयनं पद्मनाभं सुरेशं
विश्वाधारं गगनसदृशं मेघवर्ण शुभाङ्गम् ।
लक्ष्मीकान्तं कमलनयनं योगिभिर्ध्यानिगम्यं
वन्दे विष्णुं भवभयहरं सर्वलोकैकनाथम् ॥

★

(टिका) जसको मूर्ति बहुतै शान्त छ जो शेष नागको शैयामा सयन गर्नु भएको छ जसको नाभिमा कमल छ जो देवताको पनि ईश्वर सम्पूर्ण जगतको आधार आकाश जस्तै सर्वत्र व्याप्त छ नीलो मेघको जस्तो वर्ण छ जसको शरीर सर्वाङ्ग बहुतै सुन्दर छ जो योगद्वारा ध्यान गरी प्राप्त गर्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सकिन्छ जो सम्पूर्ण लोकको स्वामी हो जो जन्मनु मर्नुको भयलाई नाश गर्नें वाला हो यस्तो श्री लक्ष्मीपति कमल नेत्र श्री विष्णु भगवानको म शिरबाट प्रणाम गर्दछु ।

★

यं ब्रम्हा वरुणेन्द्ररुद्रमरुतः स्तुन्वन्ति दिव्यैः स्तवैर्वेदैः
साङ्गपदक्रमोपनिषदैर्गायन्ति यं सामगाः ।
ध्यानावस्थिततद्गतेन मनसा पश्यन्ति यं योगिनो
यस्यान्तं न विदुः सुरासुरगणा देवाय तस्मै नमः ॥

★

(टिका) जो ब्रम्हा वरुण इन्द्र रूद्र औ मरुद् गण दिव्यस्त्रोत्रद्वारा जसको स्तुति गरिरहेछ सामवेद उपनिषदों सहित वेदोंद्वारा जसको गान गर्छ योगी जन ध्यानमा स्थित भै जसको दर्शन गर्छ देवता औं असुर गण कोहीले पनि यसको अन्त पाउँदैन उही परम्पुरुष नारायणलाई मेरो नमस्कार छ ।

★

वंशीविभूषितकरान्नवनीरदाभात्पीताम्बरादरुणविम्बफलाधरोष्ठात् ।
पूर्णेन्दुसुन्दरमुखादरविन्दनेत्रात्कृष्णात्परं किमपि तत्वमहं न जाने ॥

★

(टिका) जसको हातमा वंशि शुशोभित छ जसको कान्ति नैया बादल जस्तै श्याम सुन्दर छ जसले पिताम्बर पहिरेको छ जसको तल्लो ओठ पाकेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गोल कांक्री जस्तै रातो छ जसको नेत्र कमल पत्र जस्तै मनोहर छन् यस्ता भगवान श्रीकृष्ण चन्द्र देखि पर कुनै पनि तत्व छैन ।

★

त्वमेव माता च पिता त्वमेव, त्वमेव बन्धुश्च सखा त्वमेव ।
त्वमेव विद्या द्रविणं त्वमेव, त्वमेव सर्वं मम देवदेव ॥

★

(टिका) मेरो माता पिता बन्धु साथी विद्या द्रव्य औ मेरो सर्वदेव देवता तपाई नै हुनुहुन्छ ।

★

गीता देवीको ध्यान पुष्पाञ्जलि:—

★

ॐ पार्थाय प्रतिबोधितां भगवता नारायणेन स्वयं
व्यासेन ग्रथितां पुराणमुनिना मध्येमहाभारतम् ।
अद्वैतामृतवर्षिणीं भगवतीमष्टादशाध्यायिनी—
मंत्र त्वामनुसंदधामि भगवद् गीते भवद्वेषिणीम् ॥१॥

★

(टिका) हे आमा भगवत गीते तपाई कस्ती हुनुहुन्छ भने स्वयं भगवान नारायण (कृष्णले) अर्जुनलाई उपदेश गरिएकी पुराण मुनि व्यासले संपादन गरिएकी अद्वैत रूपी अमृतको बर्षा गराउने षट् (६) ऐश्वर्यले युक्त भएकी १८ अध्याय (अंग) भएकी संसारका दुःख शोक भयलाई नाश गर्ने यस्ती तपाईको म ध्यान गर्दछु ।१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नमोऽस्तु ते व्यास विशालबुद्धे फुल्लारविन्दायतपत्रनेत्र ।
येन त्वया भारततैलपूर्णः प्रज्वालितो ज्ञानमयः प्रदीपः ॥२॥

★

(टिका) फुलेका कमल पत्र जस्तै नेत्र भएका ठूलो बुद्धि भएका हे व्यासजी तपाईंलाई नमस्कार छ जो तपाई ले महाभारत रूपी तेलले भरिएको गीता ज्ञानरूपी बत्ति बालिदिनु भयो ।२।

★

प्रपन्नपारिजाताय तोत्त्रवेत्रैकपाणये ।
ज्ञानमुद्राय कृष्णाय गीतामृतदुहे नमः॥३॥

★

सर्वो पनिषदो गावो दोग्धा गोपाल नन्दनः ।
पार्थो वत्सः सुधिर्भोक्ता दुग्धं गीता मृतम्महत ॥४॥

★

बसुदेवसुतं देवं कंसचाणूरमर्दनम् ।
देवकीपरमानन्दं कृष्णं बन्दे जगत्गुरुम् ५

★

भीष्मद्रोणतटा जयद्रथजला गान्धारनीलोत्पला
शल्यग्राहवती कृपेण वहनी कर्णेन वेलाकुला ।
अश्वत्थामविकर्णघोरमकरा दुर्योधनावर्तिनी
सोत्तीर्णा खलु पाण्डवै रणनदी कैवर्तकः केशवः ॥६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाराशर्यवचःसरोजममलं गीतार्थगन्धोत्कटम्
नानाख्यानककेसरं हरिकथासम्बोधनाबोधितम् ।
लोके सज्जनषट्पदैरहरहः पेपीयमानं मुदा
भूयाद्भारतपङ्कजं कलिमलप्रध्वंसि नः श्रेयसे ॥७॥

★

मूकं करोति वाचालं पङ्गु लङ्घयते गिरिम् ।
यत्कृपा तमहं वन्दे परमानन्दमाधवम् ॥८॥

★

(टिका) शरणागतको निम्ति कल्प वृक्ष समान एक हातमा घोड़ा हाँक्ने वेदको छड़ी र अर्को हातमा ज्ञान मुद्रा धारण गर्नु भएको गीता रूपी अमृतलाई दुहुने यस्ता भक्तको दुःखलाई कर्षनगर्ने भगवान श्रीकृष्णलाई नमस्कार छ ।३।

सबै उपनिषद् हरु गाई रुप थिए। यिनलाई दुहुने गोपाल नन्दन श्रीकृष्ण हुनुहुन्थ्यो । अर्जुन बारबार जिज्ञासा गरेर त्यो गाईको दुधलाई पगार्ने बाछो थिए। दुहिएको गीतामृत रुपी दुध हो । यसलाई जसको बुद्धि निर्मल छ उनैले पिउँदछन् या पिउन सक्दछ ।४।

वसुदेवका छोरा बासुदेव, कंस र चाणुरलाई मर्दन गर्ने, देवकीलाई परम आनन्द दिने जगतका गुरु श्रीकृष्णलाई नमस्कार छ ।५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाण्डवहरुले यस्तो नदी तरेर पार भए जसका भीष्म र द्रोण दुई किनारा थिए। जयद्रथ जल थियो। शकुनि नीलकमल थियो। शल्य ग्राह थियो। कृपाचार्य प्रवाह थिए। कर्ण लहरी थियो। अश्वस्थामा र विकर्ण भयंकर मकरहरु थिए। दुर्योधन भुमरी थियो। यस नदीबाट पार लगाउने कर्णधार (माझी) स्वयं भगवान श्री कृष्ण हुनुहुन्थ्यो।६।

व्यासको बानी सुन्दर कमल हो। गीताको अर्थ त्यस कमलको सुगन्ध हो। नानाप्रकारको दृष्टान्त त्यसका केशरहरु हुन्। हरि कथाका बीच बीचमा आएका सम्बोधन रुपी सूर्यको प्रकाशले त्यो कमल फक्रेको छ। लोकमा सज्जन रुपी भवँराले बारबार त्यस कमलको रसलाई खुब पान गर्दछन्। यस्तो महाभारत रुपी कमल कलिको मल (राग द्वेष आदि) लाई नाश गर्न खोज्नेहरुलाई कल्याण देवस्।७।

जसको कृपाले लाटोलाई पनि वाचाल गराउँदछ लङ्गडालाई पर्वत नगाउँदछ। यस्ता परमानन्द स्वरुप माधव (लक्ष्मी पति) लाई नमस्कार गर्दछु ॥८॥

★

बन्दे कृष्णार्जुनौ वीरौ नर नारायणा बुभौ।
धार्त राष्ट्र कुलोत्पन्न गजारो हणावल्लभौ ॥९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(टिका) महाभारतको युद्ध विजयद्वारा दुर्योधनादिका हाथिमा चढ्न-लाई अति उत्सुक नर नारायणका अवतार रूप श्री कृष्ण र अर्जुन दुबै वीर-लाई म नमस्कार गर्दछु ।९।

★

श्री गीता माताको १८ नाम र त्यस नामावलीको (शक्ति) को
टिका सहित

★

(गीता) साक्षात भगवान श्री कृष्णको मुखारबिन्दबाट गान गरिएकी ।
(गंगाच) पवित्र स्वरूप लिएर लोकलाई उद्धार गर्न पृथ्वीमा आएकी ।
(गायत्री) पठनपाठन गर्नेहरूलाई सबै किसिमबाट रक्षा गर्ने ।
(सीता) सत्वगुण स्वरूप भएकी ।
(सत्या) सत्य पदार्थ (ब्रम्हकी) शक्ति रुप भएकी ।
(सरस्वती) परावाणीरूप भै ब्रम्ह विद्याको बोध गराउने ।
(ब्रम्ह विद्या) ब्रम्ह साक्षात्कार गराउने विद्या ।
(ब्रम्ह वल्ली) हरेकवाक्यका लहरबाट परब्रम्हको प्रतिपादन गर्ने ।
(त्रि सन्ध्या) सबै काल सबै अवस्थामा ध्यान गर्न लायक भएकी ।
[मुक्तगेहिनी] मुक्त प्राणीहरूले पुगेर रहने वासस्थान रूप ।
[अर्ध मात्रा] प्रणवको विन्दस्वरूपले बुझाउने परब्रम्हकी शक्तिस्वरूप ।
[चिद्दानन्दा] ब्रह्मकी शक्ति हुनाले चैतन्य र आनन्द रुपीनी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[भवघ्नी] अविद्याले खडा भएका संसारका जन्म मरण सुख दुःखादिप्रपंच लाई विद्यास्वरूप भै नाश गर्ने ।

[भयनाशिनी] हरेक किसिमको भ्रम भयनाश गरेर परमात्मामा मिलाई दिने ।

[वेदत्रयी] सबै वेद उपनिषद्‌हरूको स्वरूप ।

[परा] ब्रम्हसाक्षात्कार गराउनमा सर्वोपरी भएकी परावाणी स्वरूप ।

[अनन्ता] अतिशय गम्भिर बुध्दि भएकाहरूले पनि सितिमिति अन्त्य नपाइने र कैल्ये ननासिने ।

[तत्वार्थ ज्ञान मन्जरी] यथार्थ बस्तु ब्रम्हको प्राप्ति गराउनमा मन्जरी स्वरूप भएकी ।

★

इत्येतानी जपेन्नित्यं नरो निश्चल मानस
ज्ञान सिध्दिम् लभेच्छिघ्रं तथान्ते परमं पदम ।।

★

मानिसले एकाग्र चित्त गरेर गीताका यी १८ नामहरूका कुन कुन शक्ति भरिएको रहेछ । त्यो समेत अर्थ विचार गरी सधै गीताको जप पाठ गर्दछ भने त्यसलाई चाँडै नै ज्ञान सिद्धि भएर अन्त्यमा परमपद मोक्ष पद समेत मिल्दछ । तथा यो गीताको १८ नाममात्र भए पनि जसले नित्य जप पाठ गर्दछ भने त्यसलाई पनि ज्ञानको सिद्धि प्राप्त भै परमपदको प्राप्त हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री गीता पहिला महात्म्य [टिका]

★

श्री भगवान बिष्णुसंग पृथ्वीले सोध्नु हुन्छ । हे भगवन प्रारब्ध भोगिरहेका प्राणीहरूलाई तपाईको भक्ति कसरी हुन्छ ? भगवान आज्ञा गर्नुहुन्छ-प्रारब्ध भोगिरहे तापनि सदा गीताको अभ्यासमा दत्त चित्त छ भने त्यो लोकमा जीवन मुक्त हो त्योसुखी हो त्यो कुनै कर्मबाट पनि लिप्त हुँदैन गीताको अध्ययन गर्नाले यदि ब्रह्म हत्या आदि महा पापगऱ्यो भने पनि ती पापले उ बिलकुल छुँदैन । जस्तै पानीमा रहेर पनि कमल पत्र पानीले भिज्दैन जहां गीताको पुस्तक छ जहां नित्य गीताको पाठ हुन्छ त्यहां प्रयाग आदि सम्पूर्ण तीर्थहरु रहन्छन् । जहां गीताको अध्ययन चलिरहेको छ त्यहां सम्पूर्ण इन्द्रादि देवता भृगु आदि महर्षि गण सुक सन्कादि सिद्ध योगीहरू शेष बासुकी आदि नागहरु गोपाल गोपिनीहरु नारद उद्धबादि पार्षदहरूका साथ रहन्छन् र ती अध्ययन कर्ताहरूलाई भगवत प्राप्तिमा चाँडै नै सहायक हुन्छ ।

हे पृथ्वी जहां गीताको अध्ययन अध्यापन श्रवण हुन्छ । त्यहां म निश्चित रूपले सदा सर्वदा नै रहन्छु । म गीताको आश्रयमा रहन्छु । गीता मेरो उत्तम घर बैकुण्ठ हो । गीताको ज्ञानलाई लिएर नै म स्वर्ग मर्त्य पाताल तीनै लोकलाई पालन गर्छु । गीता मेरो अर्ध मात्रा अक्षर नित्य अनिर्बाच्य (अवांङ् मनस) गोचर स्वरुप एवं ब्रम्ह रुप परम विद्या हो । यसमा केही

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संसय छैन । ऋक—यजु साम रुप तीनै वेदको सार रुप उत्कृष्ठ आनन्द दायक तत्वको अर्थ ज्ञानले युक्त जुन गीता सत चित आनन्द स्वरुप श्री कृष्णले अर्जुनलाई आफ्नै मुखले भन्नु भएको हो । जो मनुष्यले एकाग्र मन गरेर प्रति दिन अठारौं अध्यायको पाठ गर्दछ त्यसले ज्ञान रुपी सिद्धिलाई पाउँदछ र त्यस पछि परमपदमा जान्छ ।

अठारौं अध्याय पाठ गर्न नसके त्यसको आधा नौ अध्याय मात्र गरेपनि प्रति दिन एउटा गाई दान गरेको पुण्य मिल्छ । यसमा केही सन्देह छैन । प्रति दिन ६ अध्याय पाठ गर्‍यो भने गंगा स्नान गरेको पुण्य मिल्दछ । तीन अध्यायको प्रति दिन पाठ गर्नाले सोम याग गरेको पुण्य मिल्दछ । जसले भक्तिपूर्वक प्रति दिन एक अध्यायको पाठ गर्दछ भने शंकरभगवान खुशी भएर त्यसले धेरै कालसम्म रुद्र लोकमा उहांको पार्षद भएर बस्न पाउँदछ र अन्तमा कैवल्य मुक्तिको भागी हुन्छ ।

हे पृथ्वी जो मनुष्य एक अध्याय अथवा एक श्लोक वा एक श्लोकको चौथा हिस्सा अर्थात ८ अक्षर जस्तै "धर्म क्षेत्रे कुरु क्षेत्रे" यतिमात्र भए पनि प्रति दिन पाठ गर्दछ भने त्यो जहांसम्म पृथ्वीमा मन्वन्तर अर्थात १४ मनुको पालो रहन्छ त्यहांसम्म मनुष्य नै भएर जन्मिई रहन्छन् । जो मनुष्य गीताको १० श्लोक ७ श्लोक ५ श्लोक ४ श्लोक ३ श्लोक २ श्लोक १ श्लोक अथवा आधा श्लोक प्रति दिन पाठ गर्दछ भने त्यसले चन्द्रलोकमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गएर दश हजार वर्षसम्म निश्चित रूपले बस्न पाउँछ ।

गीताको पाठ गर्दागर्दै वा सुन्दासुन्दै जो मानिसको प्राण मुक्त हुन्छ त्यो जस्तै कुकर्मी भए तापनि पूर्व जन्ममा मनुष्य नै भएर जन्मन्छ र फेरि गीताको अभ्यास गरेर कैवल्य मुक्ति पाउँदछ । प्राण जाने बेलामा गीता यति मात्र उच्चारण गरेर मर्नेले पनि उत्तम गति पाउँदछ । गीताको अर्थ सुन्नमा मन लगाउने मनुष्यले अघि महा पाप आदि गरेको छ तापनि बिष्णु लोकमा गएर श्री बिष्णुका साथ आनन्दपूर्वक रहन्छ । मनुष्यले धेरै कर्महरू गरेर पनि यदि निरन्तर गीताको अर्थ चिन्तन गर्दछ भने त्यसलाई जीवन मुक्त जान्न उचित छ । किनकि देह छुटे पछि त्यो परमपदमा जान्छ अर्थात मुक्त हुन्छ । गीताको ज्ञानलाई लिएर धेरै जनकादि राजाहरू निष्पाप भएर परमपदमा गएका छन् । जसले गीताको पाठ गरेर महात्म्यको पाठ गर्दैन त्यसले गरेको त्यो पाठ व्यर्थ छ । जसले यो महात्म्य सहित गीताको पाठ गर्दछ त्यसले माथि बताइएका फलहरू पाउँदछ र अन्तमा दुर्लभ गतिलाई पाउँद छ ।

नैमी सारण्य क्षेत्रमा ८८ हजार सौनकादी ऋषिहरूका प्रति सुतजी भन्नु हुन्छ "मैले तपाईहरूलाई सुनाएको यो गीताको परम्परा चलिआएको महात्म्य जसले गीताको अन्तमा पाठ गर्दछ त्यसले यथोक्त फल पाउँदछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री गीता द्वितीय महात्म्य

गीताशास्त्रमिदं पुण्यं यः पठेत्प्रयतः पुमान् ।
विष्णोः पदमवाप्नोति भयशोकादिवर्जितः ॥१॥
गीताध्ययनशीलस्य प्राणायामपरस्य च ।
नैव सन्ति हि पापानि पूर्वजन्मकृतानि च ॥२॥
मलनिर्मोचनं पुंसां जलस्नानं दिने दिने ।
सकृद्गीताम्भसि स्नानं संसारमलनाशनम् ॥३॥
गीता सुगीता कर्तव्या किमन्यैः शास्त्रविस्तरैः ।
या स्वयं पद्मनाभस्य मुखपद्माद्विनिःसृता ॥४॥
भारतामृतसर्वस्वं विष्णोर्वक्त्राद्विनिःसृतम् ।
गीतागङ्गोदकं पीत्वा पुनर्जन्म न विद्यते ॥५॥
सर्वोपनिषदो गावो दोग्धा गोपालनन्दनः ।
पार्थो वत्सः सुधीर्भोक्ता दुग्धं गीतामृतं महत् ।६।
एकं शास्त्रं देवकीपुत्रगीतमेको देवो देवकीपुत्र एव ।
एको मन्त्रस्तस्य नामानि यानि कर्माण्येकं तस्य देवाय सेवा ॥७॥

★

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ करन्यासः

ॐ अस्य श्रीमद् भगवद् गीतामालामन्त्रस्य भगवान्वेदव्यास ऋषिः । अनुष्टुप् छन्दः । श्रीकृष्णः परमात्मा देवता । अशोच्यानन्वशोचस्त्वं प्रज्ञावादांश्च भाषसे इति बीजम् ।। सर्वधर्मान् परित्यज्य मामेकं शरणं व्रज इति शक्तिः ।। अहं त्वा सर्वपापेभ्यो मोक्षयिष्यामि मा शुच इति कीलकम् ।। नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावक इत्यङ्गुष्ठाभ्यां नमः । न चैनं क्लेदयन्त्यापो न शोषयति मारुत इति तर्जनीभ्यां नमः ।। अच्छेद्योऽयमदाह्योऽयमक्लेद्योऽशोष्य एव च इति मध्यमाभ्यां नमः ।। नित्यः सर्वगतः स्थाणुरचलोऽयं सनातन इत्यनामिकाभ्यां नमः ।। पश्य मे पार्थ रूपाणि शतशोऽथ सहस्रश इति कनिष्ठकाभ्यां नमः ।। नानाविधानि दिव्यानि नानावर्णाकृतीनि च इति करतलकरपृष्ठाभ्यां नमः ।। इति करन्यासः ।।

अथ हृदय दिन्यासः

नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावक इति हृदयाय नमः ।। न चैनं क्लेदयन्त्यापो न शोषयति मारुत इति शिरसे स्वाहा ।। अच्छेद्योऽयमदाह्योऽयमक्लेद्योऽशोष्य एव च इति शिखायै वषट् ।। नित्यः सर्वगतः स्थाणुरचलोऽय सनातन इति कवचाय हुम् ।। पश्य मे पार्थ रूपाणि शतशोऽथ सहस्रश इति नेत्रत्रयाय वौषट् ।। नानाविधानि दिव्यानि नानावर्णाकृतीनि च इति अस्त्राय फट् ।। श्रीकृष्णप्रीत्यर्थे पाठे विनियोगः ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गीता पाठ विधि

प्रातः कालमा उठी स्नान गरी शुध्द भै नित्य कर्मबाट निवृत्त हुनु र कुश मृग चर्म आदि पवित्र आशनमा पूर्वतिर मुख फर्काइ बस्नु त्यसपछि यथा लब्ध पुष्पाद्दिले पुस्तकको पुजा गर्नु नपाए केवल मानसिकको पुजा गरेर ३ पल्ट (हरि ॐ तत्सत्) यो मन्त्र पढ्नु र सके बिधिपूर्वक न्यास पनि गर्नु सो न्यास गुरूबाट लिनु पर्ने भै सो लिन नपाए सो (हरि ॐ तत्सतका) मन्त्र पढी अनि अन्जली पुट बाँधेर अर्ध निमिलित नासाग्र दृष्टि गरी ध्यानको समेत माथि लेखेको श्लोकहरु पढ्नु र त्यसको अर्थमा मन लगाउनु यस पछि जति सकिन्छ गीताको पाठ गर्नु पाठ गरी सके पछि महात्म्य पाठ गर्नु र अन्तमा त्यही (हरि ॐ तत्सत्) मन्त्र ३ पल्ट उच्चारण गर्नु यो पाठ गरेको सबै उनै श्री कृष्णका पद पंकजमा श्रीकृष्णार्पणमस्तु—भनेर समर्पण गरी दिनु परदेश या कुनै संकट परेको बखत—स्मरण मात्र गरेर मनमनैले गीताका एक दुई श्लोकहरूको पाठ गरे पनि पुरा हुन्छ । भंग हुन्दैन । सो माथि लेखिएको हरि ॐ तत्सत् ३ पल्ट उच्चारण गरी पाठ गर्नाले विधि पूर्ण नभएतापनि सोही मन्त्रले पुरा हुन्छ ।

गीता महात्म्यको तात्पर्यः—

सो महात्म्यबाट गीतामा अतिशय श्रध्दा पैदा भै यथोक्ट फल मिल्ने फगत गीता पाठबाट मात्र यथोक्ट श्रध्दा नहुने भै सो महात्म्यको पाठ या

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसको अर्थ बहुतै उपकारी हुँदा गीता पाठ गरेर महात्म्य पाठ गरेन भने श्रध्दापूर्वक नहुने भै त्यसको पाठ व्यर्थं छ भनेको हो । त्यसकारण सो गीता अध्याय अध्याय पाठको फल कथा श्री-महादेवले श्री पार्वतीलाई बताउनु भएको फल कथा पनि छोटकरीमा निम्न लेखिएको छु ।

प्रथमोध्याय गीता पाठको फल कथा

श्री महादेव आज्ञा गर्नु हुन्छ--हे पार्वती पहिले एउटा बड़ो विषयी अधर्मी ब्राम्हण मरी गोरू भैं जन्मे । त्यसले एक वेश्याले आफ्नो पुण्य दिएको प्रभावले अर्को जन्ममा पूर्वजन्मको कुरा सम्झने ब्राम्हण भएर जन्मी त्यो वेश्यासंग मलाइ कुन पुण्य दिएको भनि सोध्दा मलाई त्यो पिजड़ाको सुगाले दिएको पुण्य हो भने । सुगासंग सोध्दा म पहिले बड़ो दुराचारी मैं धेरै नर्क भोगी ऐले सुगा भै रहेको छु । यहां गीता प्रथमोध्याय सुनाएको मैंले सुनेको थिनै वेश्यालाई सुनाएको हुँ भन्यो । अनि त्यो पाठ गरी त्यो सुगा वेश्या र ब्राम्हण ले परमपद पाएको थियो ।

द्वितीयोध्यायको फल कथा

देवशर्मा ब्राम्हण मित्रवाणकहां पुगी तपाई आत्म ज्ञानी कसरी भयो भनी सोद्धा उहांले एउटा व्यभिचारीनी डांकिनी ब्राम्हणीले एउटा व्याधा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लाई मारेकोले धेरै नर्क भोग गरी बाख्री भएर जन्मे । व्याधा बाघ भएर जन्मे । पूर्वजन्मको वैर भावले त्यो बाख्रीलाई बाघले हमला गरी एउटा नदीको किनारामा पुगी दुवै शान्त भए । त्यहा गीताको द्वितीय अध्याय शिलामा लेखि दिएको त्यसको अभ्यास सुशर्मा ऋषिले गरेको हुनाले त्यो स्थान शान्त र कसैको वैर भाव नहुने थाहा पाई त्यो बाघ बाख्रीलाई त्यही गीता सुनाउँदा दुवै मुक्त भए । मैले ती पाठ गरेकोले आत्म ज्ञान पाएको हुँ । तिमीले पनि यही पाठ गर भन्दा देव शर्माले पनि त्यही पाठ गरी कैवल्य पद प्राप्त भएको थियो ।

तृतीयोध्यायोको फल कथा

एउटा दुराचारीले यज्ञ यागमा ठीक पारेको धन चोरी जंगलमा पसे । त्यसलाई डाँकुले मारे । त्यो आफ्नो कुकर्मले गर्दा पिशाच भै रहेको उसको छोराले थाहा पाइ त्यो मरेको ठाउँमा गीता तृतीयोध्याय पाठ गरि-दिएकोले त्यो पिशाच मुक्त भए । त्यही पाठको पुण्य दिई आफ्ना कुलमा नर्कमा रहेको पनि पापबाट मुक्त गराई आफूले पनि त्यही पाठ गरी बिष्णु लोकमा गए ।

चतुर्थोध्यायको फल

परम ज्ञानी भरत ब्राम्हणले वयर रूख मुनी खसेको दुइटा वयर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खाली लग्याउँदा त्यो दुइ रूख मरेर ब्राह्मणका कन्या भै जन्मे । त्यसले भरलाई पाउ परी हामी पहिले अप्सरा हौं सत्पतपा ऋषिको तप भङ्ग गर्न जांदा हामीलाई श्राप गरे त्यही ऋषिको दयाले पूर्वजन्मको कुरा थाहा पाउने बयरको रूख भै जन्मेका थिए । तपाई यो चतुर्थाध्याय पाठ गर्ने ब्राम्हणको पाउको स्पर्शले रूखको जुनीबाट मुक्त भए भने अनि उनीहरूले त्यही पाठ गरी ब्राम्हण मुक्त भए कन्या स्वर्ग गए ।

पंचमाध्यायको फल

एउटा ब्राम्हण अर्काको चुक्ली लगाउने र परस्त्री गामीणी पनि थिए यसकी ब्राम्हणी पनि यस्तै बेभिचारीणी थिइन । त्यो ब्राम्हण आफ्नी स्त्रीद्वारा मारियो । ती दुवैले धेरै नर्क भोगी ब्राम्हण गीद्ध ब्राम्हणी सुगी भएर जन्मे । त्यो गीद्धले सुगीलाई धेरै चुच्चोले थुने चिथं र्न गरी एउटा पंचमाध्याय गीता पाठ गर्ने ज्ञानी ब्राम्हणको मरिएको खप्परमा ठक्कर खाइ मरेकोले ती दुवै परमपद्मा जान पाए ।

षष्ठाध्यायको फल

एउटा धर्मात्मा राजाको अगाड़ि मिी रैक्व मुनी जतिको छैन भनेकोले त्यो मुनीलाई भेटाउँदा त्यो परमानन्दमा निमग्न थिए । अनि राजाले यस्तो प्रभाव तपाईलाई कसरी भयो भन्दा गीता षष्ठाध्याय पाठले हो भन्यो अनि राजाले पनि यही पाठ गरी मुक्त भए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सप्तमाध्यायको फल

एउटा ब्राम्हणले धेरै धन कमाए । तर धर्म केही गरेन । त्यो सर्पले डसेर मऱ्यो । आफूले धन गाड़ी राखेको सम्झना भै रहेकोले त्यहीं ठाउँमा सर्प नै भएर जन्म्यो । त्यसको छोराले सपनामा थाहापाई खनी हेर्दा सर्पदेखि त्यसले मेरो श्राद्धमा गीताको सप्तमाध्याय पाठ गरी मेरो उद्धार गर भने मुताविक गरी दिंदा यो सर्प मुक्त भयो ।

अष्टमाध्यायको फल

एउटा धेरै पापी ब्राम्हण मरी ताड़ीको रूख भै जन्म्यो । अर्को प्रति ग्रह दान लिइ अरूलाई एक कौड़ी पनि दान नगर्ने ब्राम्हण र त्यसकी ब्राम्हणी पनि आफ्नो पापको भोगले ब्रम्ह राक्षस भएर त्यही ताड़ीको रूखमा आई बसे । अनि ब्राम्हणीले हाम्रो उद्धार कसरी हुन्छ भनी सोध्दा ब्राम्हणले अध्यात्मक ब्रम्हको कर्म नगरी हुन्दैन भन्दा त्यो के हो भनी ब्राम्हणीले सोद्धा यही गीता अष्टमाध्याय हो भनी त्यसको आधा श्लोक उच्चारण गर्नाले ती दुबै दम्पती मुक्त भए । ताड़ीको जुनी हुने ब्राम्हण पनि त्यो जुनीबाट मुक्त भै आफ्नो स्वरूप धारण गरी त्यही गीता अष्टमाध्याय पाठ गरी आफु र आफ्ना कुलका नर्कवासीलाई समेत मुक्त गराए ।

नवमाध्यायको फल

माधव नामका ब्राम्हणले बलि दिन ल्याएका बोकाले यस्तो नासिने कर्म किन गर्ने म पनि पूर्व जन्ममा ब्राम्हण नै थिए । मैले पनि यस्तै बलि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिएकोले अहिले बोको भएको हुँ । फेरि अर्को कुरा चन्द्र शर्मा राजाले दान गरेको– काल पुरुष दानका जोड़ीले दान लिने ब्राम्हण उपर हमला गर्न खोज्दा त्यसले नवमाध्याय गीता पाठ गरेका प्रभावले दबाउन नसकेको देखि राजाले सोध्यो— अनि ब्राम्हणले त्यही पाठको उपदेश दिई ती दुबैले त्यही जपेर मुक्ति भएको थियो । तिमी पनि यो काम छोड़ी त्यही जप गर भन्ने बोकाको उपदेश सुनेर त्यो माधव ब्राम्हणले त्यही नव–माध्याय पाठ गरेर मुक्त भएको थियो ।

दशमाध्यायको फल

सुतपा नाम ऋषिले गुरूको बिछ्याउना खुट्टाले छोएको पापले हाँस भए ती तलाउको किनारमा खस्दा आफु कालो भयो। फेरि ६० हजार भवँरा मुक्त भए र गएको देखि आश्चर्य मानि टोलिएको बखत पहिलो जन्ममा ब्राम्हणी भएको पतिको श्रापले दोश्रो जन्ममा मैना भएकी त्यसलाई पालेका ऋषिका मुखबाट दशमाध्याय गीता सुनेका प्रभावले तेश्रो जन्ममा अप्सरा भएकी त्यो जुनीमा पनि ऋषिका श्रापले त्यसै तलाउमा (पंच मुखी) भएर रहेकी त्यो गीता सुनेको प्रभावले बोल्न सक्ने भएकी त्यो पंचमुखी (कमलीनी) ले भनिन्— हे हाँस सुन अहिले उद्धार भै जाने ६० हजार भवँरा पहिले देवता हुन् । यिनीहरू तपस्या गरिरहेको बखत एउटा सुन्दरीका मोहले परस्पर लड्न्त गरी मरे । अहिले भवँरा भएका हुन् तिमी तलाउमा खस्दा दया लागेर मैले हरे भनी मुख बाउँदा निस्केको मेरो मुखको सुवासले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ती भवँरा मुक्त भए । तिमीले पनि मलाई नाघेका पापले आकाशबाट तला-उको किनारमा खस्यौ र यसरी कालो भयौ । अब दशमाध्याय गीता पाठ गर तिमी पनि मुक्त हुनेछौ भनी त्यो गीता हाँस (कमलीनी) लाई सुनाई मुक्त भइन् । ती हाँस भएका सुतपा ऋषि पनि त्यी पाठले हाँसको देह छोडेर शिवजीका अत्यन्त प्यारा भक्त ब्राम्हण भै मुक्त भए ।

मुनिहरू यो दशमाध्यायलाई प्रधान अध्याय हो भनि बताउँदछन् ।

एकादशाध्यायको फल कथा

एउटा परदेशीलाई गीध्रले मार्न लाग्दा हेरिरहेको पापले एउटा ब्राम्हण ब्रम्ह राक्षस भएको थियो । त्यसले गीताको एकादशाध्यायको पाठ गर्ने सुनन्द ब्राम्हण र त्यसको साथी एउटा ग्राम पालको छोरा अरू धेरैलाई खाई सकेछ, पछि त्यो ग्रामपालले आफ्नो छोरा बचाउने उपाय सोध्दा त्यही ब्रम्ह राक्षसले मैले निल्न नसकि उकेलिएकी एकादशाध्याय गीता पाठ गर्ने ब्राम्हण यही छ उनलाई ल्याई मेरो र मैले खाएका सबैको उद्धार गर । हेर एउटा एकादशाध्याय गीता पाठ गर्ने ब्राम्हण मरी त्यसको हाड़ एउटा गीद्धले ल्याई खसालेको साधारण पानी जमेको एउटा खाड़ल पनि सबैलाई मुक्त गराउने ठूलो तीर्थ हुन गएको छ भने त्यो ब्रम्ह राक्षसको कुरा सुनी त्यो सुनन्दनलाई त्यही ल्याइ त्यो गीता एकादशाध्यायले ७ पल्ट पानी मन्त्री छ्याप्दा त्यो ब्रम्ह राक्षस र त्यसले खाएको सबै मुक्त भए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो सुनन्दन र ग्रामपाले पनि त्यही पाठले परमपदमा पुगेको थियो । यो अध्याय सुन्नाले मात्र पनि महा पातक नाश भएर जान्छ ।

द्वादशाध्यायको फल कथा

एउटा राजकुमारले आफ्नो पिताले अश्वमेघ यज्ञ गरेको समाप्त नहुन्दै मरेकोले सो लास तेलमा डुबाई मैले यज्ञको आरम्भ गरे। तर मेरो यज्ञको घोड़ा कसले लुकाई दिएछ भनी श्री महालक्ष्मीको प्रार्थना गर्दा लक्ष्मी को आज्ञा अनुसार समाधि सिध्द नामको मुनिसंग यो कुरा बिस्तार गरे । मुनिले द्वादशाध्यायको पाठको प्रभावले सबै देवतालाई त्यही आकर्षण गरी इन्द्रबाट त्यो घोड़ा दिलाई दिए। अनि यज्ञ गरेको स्थानमा गई यही अध्या-यले दुध मन्त्रेर लाशमा छ्यापिमरेका त्यो लाशलाई जीवित गराई यज्ञ पूर्ण गरे। त्यो अद्भूत शक्ति देखि त्यो जीबित राजाले सोध्दा द्वादशाध्याय गीताको निरन्तर पाठ गरेको प्रभाव हो भनी मुनिले भन्दा त्यो राजा राज-कुमार यज्ञ गराउने ब्राह्मणहरूले पनि सो द्वादशाध्यायकै जप पाठ गरी मुक्त भए।

तृयोदशाध्यायको फल कथा

एउटा व्यभिचार्नी स्त्रीले परपुरूषसंग भोग गरेको पापले धेरै नरक भोग गरी आखिर चाण्डालको छोरी भै जन्मी त्यस जन्ममा पनि जार पति संगै भोग गर्ने गर्द थिइन। एक दिन कुनै ब्राम्हणले गीता तृयोदशाध्यायको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाठ गरेको सुन्न पाएको प्रभावले त्यस्तै पापिनी पनि चाण्डालको रूपबाट मुक्त भै स्वर्ग जान पाएकी थिइन् ।

चतुर्दशाध्यायको फल कथा

एउटा राजाको कुकुर्नीले एउटा खरायोलाई लघाउँदै गई मेधाबि ऋषिले पाउ धोएको हिलामा पुग्दा खरायोलाई मारेछ र ती दुवै मुक्त भएको देखि आश्चर्य मानी राजाले सोध्दा मेधाबि ऋषिबाट यो खरायो अघि ब्राम्हण थिए कुकुर्नी त्यसको स्त्री थिइन । लोग्नेको कोपले कुट्दा कुट्दै तीनलाई मारेको र स्त्री पनि व्यभिचार्नी हुनाले ती दुवै यो योनीमा जन्मेका हुन । तर गीता चतुर्दशाध्याय मैले पाठ गरेको प्रभावले मैले पाउ धोएको हिलामा पुग्नासाथ यिनीहरु मुक्त भएका हुन् भन्ने यो इतिहास सुनेर राजाले पनि सोही पाठ गरी निर्वाण पद पाएको थियो ।

पंचदशाध्यायको फल कथा

एउटा राजा शिकारमा जाँदा प्यासलागि घोड़ाबाट ओर्ली जलपान गरी एउटा ढुंगामाथि बसे । त्यसबेला हात्राले गीता पंचदशाध्यायको आधा श्लोक लेखिएको एउटा पात उड़ाएर ल्यायो । राजाले त्यो पातमा लेखिएको अक्षर बाँचेको त्यो घोडाले सुनी मुक्त भएर विमानमा चढी स्वर्ग गएकोदेखि राजा आश्चर्य भै सोध्दा त्यही बसेका ऋषिले तपाईले सो लेखिएको गीता बाँचि सुनाएको प्रभावले हो भनेकाले त्यो राजाले पनि त्यही गीताको पाठ गरी मोक्ष पद प्राप्त गरे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

षोडशाध्यायको फल कथा

एउटा राजाको हात्ती बहुलाई देशमा ठूलो उत्पात मचायो । कुनै उपाय लागेन । त्यस्तैमा यो षोड्शाध्याय गीता पाठ गर्ने एउटा ब्राम्हण त्यो हात्तीको सामुन्ने पुग्ना साथ शान्त भयो । अनि राजाले ब्राम्हणसंग सोध्दा यो गीता पाठको प्रभाव हो भन्यो र त्यो राजाले पनि त्यही पाठ गर्न लागे । फेरि त्यो हात्ती त्यस्तै बहुलाई त्यो पाठ गर्ने राजा हात्तीका सामुन्ने जानासाथ शान्त भयो । अनि राजालाई झन बिश्वास भै त्यही षोड्शाध्याय गीता पाठ गरी त्यो राजा अक्षय पद प्राप्त गरे ।

सप्तदशाध्यायको फल कथा

मालव देशका राजाको एउटा हात्ती बिरामी भै मर्न लागेको बेला राजा पुगेछ र त्यो हात्तीले अब मलाई औषधी जप पाठले केही हुँदैन । सप्तदशाध्याय गीता सुनाइ मेरो उद्धार गरी दिनु भन्यो राजाले त्यो अध्याय ब्राम्हणद्वारा सुनाई दिना साथ त्यो हात्ती स्वर्ग गएको देखि राजाले पनि त्यही अध्याय जप पाठ गरी मुक्त भए ।

अष्ठादशाध्यायको फल कथा

अमरावती शहरमा सतक्रतु नामका इन्द्र सिहाशनमा रहेका थिए । त्यो सिंहाशनमा बस्न अर्को नै पुरुष बिष्णुका दूतले सहित भै आउनासाथ त्यसले सिंहाशनबाट उत्रनु पर्‍यो र सबले त्यो पुरुषलाई नै इन्द्र बनाए । अनि त्यो सतक्रतु नाम आश्चर्य मानी विष्णुकहाँ गई यो पुरुषले कुनै धर्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्म नगरी कसरी इन्द्र पदवी पाए भन्दा विष्णुले यिनले अष्टादशाध्याय गीता पाठ गरेको प्रभावले इन्द्र पदवी पाएको हो भन्यो। अनि त्यो सत-क्रतुले पनि त्यही जप पाठ गरी विष्णुको सायुज्य पदवी पाए।

यो अध्याय स्वर्गादि दिलाउने ठूलो कल्याण गर्ने तथा यसबाट दान तीर्थ व्रत यज्ञ याग देव सेवा इत्यादि कुनैवाट पनि नपाइने फल पाइन्छ। यसलाई सारा शास्त्रको सार सारा अज्ञान नाश गर्नें विष्णुको चैतण्य रुप-काम क्रोधादि रोगलाई नाश गर्नें विवेक बुध्दि रूपी औषधीको जरो सारा उप ताप व्याधि र महा पातकहरूलाई नाश गर्ने समर्थ भएको, सदा शान्ति र सुख दिलाउने अमृत रुप हो। श्रद्धापूर्वक जसले यो अष्टादशाध्याय गीता पाठ वा श्रवण गर्दा त्यसले सारा यज्ञ गरेको फल पाएर विष्णुको सायुज्य पदवी प्राप्त गर्नेछन्।

इति पद्म पुराणको उत्तर खण्डको गीता महात्म्य सार छोटकरीमा समाप्त भयो।

श्री गीताको महत्व तथा केही सारांस र अन्य ज्ञानको समेत केही व्याख्या

यदायदा हि धर्मस्य ग्लानिर्भवति भारत।
अभ्युत्थानम धर्मस्य तदात्मानं सृजाम्यहम्॥

संसारमा जबर धर्मको हानी र अधर्मको बृध्दि हुन्छ,त्यस त्यसबेला श्री भगवानले आफू जन्म रहित अविनाशी सकल प्राणीको ईश्वर हुन्। तथापि सत्व रज तम त्रिगुणात्मीका आफ्नै माया (प्रकृति) लाई स्वाधिन गरेर त्यस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वारा लोकलाई अनुग्रह गर्ने हेतुले देहधारी जस्तो रूप लिई प्रकट हुनु भै श्रीनारायणले कृष्णावतार लिई पृथ्वीको भार–नर राक्षसलाई दमन गरेर अनादि काल देखिको धर्मको स्थापना गर्नु भयो। त्यही धर्म संसारमा प्रचार गर्ने हेतुले कुरू क्षेत्रको रणभूमिमा शोक मोहमा परेका अर्जुनलाई श्रीकृष्णले विमल ज्ञानको उपदेश दिनु भएको त्यही उपदेश श्रीगीतालाई त्यसै बखत श्रीवेद व्यासजीले आफ्नै आश्रममा बसी लिपिबद्ध गर्नु भै नक्षत्र मण्डलमा स्थापना गर्नु भएको हो।

यस गीताको देवता श्रीकृष्ण हुनुहुन्छ। अर्जुनको शोक देखेर तिमीले जसका प्रति शोक गर्नु उचित थिएन। उनैका निम्ति शोक गर्‍यो भनी यही बिउबाट यो गीता शास्त्र भगवान श्रीकृष्णले भन्नु भएको हो। यसको पूर्व वृतान्त युद्ध प्रारम्भ हुनु भन्दा पहिले श्रीवेद व्यासले धृष्टराष्ट-लाई युद्धको दृष्य हेर्ने भए म दिव्य दृष्ट्रि दिन्छु भन्दा आफ्ना वंशको नाश हेर्ने उचित ठानेन र धर्मात्मा संजयलाई त्यो दिव्य दृष्टि मिल्यो र त्यसैका प्रभावले संजयले हस्तिनापुरबाटै कुरुक्षेत्रमा भएका सबै घटनाहरू देख्दथिए र सम्बाद पनि सुन्द थिए। त्यसैले त्यो कुरक्षेत्रमा भएको सबै धृष्टराष्ट–लाई संजयले सुनाएको परम ब्रम्ह आदि पुरुष श्री भगवान कृष्णको मुखार बिन्दबाट निस्लेको ७०० श्लोकको मन्त्रको माला ब्रम्ह विद्या यो गीता हो। यो गीता सम्पूर्ण वेद र उपनिषद दुहेर श्रीकृष्णले निकाली भन्नु भएको त्यसको सार हुनाले श्रीमद् भगवत गीता सुपनि सत सु भन्ने शब्द र यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गीता शब्दलाई स्त्रीलिङ्गमा मानिएकोले गीतामाला भन्ने शब्द प्रयोग भएको छ।

गीताको ऋषि स्वयं वेद व्यासले यो गीताको पठन पाठन तथा सम्बादन गर्न नीच र उच्च जात भन्ने केही विशेषता छैन। किनकी गीता स्वयंम ब्रह्म स्वरूपिनी हुनाले सर्वैमा सम छ भन्नु भएको छ।

गीताको अभ्यास उमेर ढल्के पछि मात्र गर्नं भन्न पनि मिलोइन। किनकी संसारमा आएर मनुष्यले कस्तो आचरण गर्नु पर्छ त्यसको शील सभ्यता कस्तो हुनु पर्दछ। लाखौं काम किन नहोस त्यसको मष्तिकमा ज्ञान हृदयमा भक्ति सर्वैमा प्रेम इत्यादि हुनाको समाधान यस गीतावाट पाइ-एकोले बाल्याअवस्थादेखि नै गीताको अभ्यास हुनु पर्नं रहेछ।

यस गीतावाट अद्वयतत्व ज्ञान तथा अनन्य भक्तिको उपदेशद्वारा मानव जीवनलाई समदर्शी (ज्ञानी) वनाई शोक मोहवाट रहित गराउँदछ र त्यसले भित्र बाहिर सर्वत्र अद्वय ब्रम्हकै मात्र दर्शन गरी रहन्छ। शोक कहिल्यै पनि गर्दैन। मुढ़ मानव प्रति दिन शोक मोह र भयको सयकड़ौं प्रसंग उपजी बढ़ो दुखी बनाइ रहन्छ।

अनन्य भक्ति या आफ्नो एकाग्र निर्मल बुद्धिद्वारा सो परमात्मालाई जान्न र परम तत्वको शाक्षात्कार हुन सक्छ भनी भगवानले भन्नु भएको छ। त्यसकारण सो भगवान कै अनन्य भक्ति र चिन्तन गर्नु त्यसवाट मोहादि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सबै शोकबाट मुक्त हुन्छन् । लोकमा पनि देखिन्छ कि जसमा पुरा प्रति जस्तो बानी जुनमा चिन्तन छ त्यसैमा यो चित्त एकाग्र हुन जान्छ ।

यसमा नैतिक, वैज्ञानिक मनो वैज्ञानिक अनेक तत्व र कर्म योग, भक्ति योग, ज्ञान योग सबैको वर्णन भएकोले यो गीता सबै शास्त्र पनि हो । त्यसकारण अरू शास्त्र भन्दा तत् विशेष यही गीतालाई विश्वास तथा श्रद्धा भक्तिद्वारा अध्ययन पठन गरी आफ्नो यो मानव जीवनलाई सफल गराउ । यो गीता निखिल, वैदिक, धर्मको सार हुँदा यसलाई नीति शास्त्र पनि भनिन्छ । फेरी सो (धर्म) भन्नु नै आफ्नो कर्तव्य कर्म हुँदा धर्म र कर्तव्य कर्म भन्नु एउटै हो । सो नीति नै धर्म धर्म नै नीति पनि हो ।

यो गीतालाई कोरा कर्म कोरा भक्ति र ज्ञान बिल्कुल मन पर्दैन किनकी ज्ञान र भक्ति हिन कर्म पशु समान छ जुन भक्तिमा परमेश्वर प्रत्यर्थ हुन्दैन त्यो भक्ति तामसी हो । ज्ञानपनि भगवत भक्ति तथा कर्म योग रहित छ भने प्रयोगमा नआएको जस्तो हुन्छ त्यो कर्म उपासना ज्ञान तीनैको समन्वयात्मक रूप छ त्यसकारण आफ्नो अधिकार अनुसार कोही कर्म मार्ग कोही भक्ति मार्ग कोही ज्ञान मार्गमा रहेतापनि आफ्ना आफ्ना मार्गलाई अङ्गि बनाई अरूमार्गलाई त्यस मार्गको अङ्ग बनाउनु पर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राणीले स्वार्थ त्यागेर गरिएका जुनसुकै कर्महरू पनि यज्ञ हुन सक्तछ । ब्रम्ह चिन्तु ध्यान गर्नु आत्म संयमगर्नु पनि गीताले योग बताएको छ । फेरि गीता अनुसार कर्तव्य परायणता—त्याग समदर्शन, अहिंसा, सत्य, अस्तेय, अपरि ग्रह आदि गुणहरूको पूर्ण विकास भएका व्यक्ति नै योगी हो । सो योगी हुनु नै मानव जीवनको सर्वोच्च लक्ष हो । भगवानले तपस्यी कर्मी र ज्ञानीभन्दा त्यो योगी श्रेष्ठ भनिएको छ किनकी योगी भए पछि त्यो धार्मिक, नैतिक, सामाजिक, याज्ञीक सबै स्वयम हुन्छ । गीताले त्याग, तपस्या, तत्परता यी ३ तकाराको व्याख्या मानेको छ र परमात्मा देखि भिन्न कुनै छैन सबै वासुदेव नै हो भनेको पनि छ ।

ज्ञानको ज्योति जगाएर अज्ञान अन्धकारमा अल्मलिएका मनुष्य जीवनको लक्ष्यलाई सुस्पष्ट गराइदिने केवल गीता नै हो त्यो गीतालाई सुगीता गर्नु पर्छ । सुगीताको अर्थ राम्ररी पढने राम्ररी बुझने हुँदा सो बुझनलाई आफ्ना भाषावाट त्यसको अर्थ बुझनु पर्ने आवश्यक भयो । किनकी परिस्थितिले गर्दा गीता श्लोक संस्कृत बुझने कमै हुदै आएकोले सोअर्थ नबुझी संस्कृत श्लोक मात्र पाठ गरेर के गरौं । त्यसको रहस्य तथा शक्ति केही पनि थाहा भएन । मिश्री गुलियो र मीठो छ भनेर के गरौं उहांले मिश्री खाएकै छैन त्यो मिश्री खाएर नै हेरून । अनि अहो मिश्री भनेको यस्तो गुलियो र मीठो रहेछ भनि जानिएला । त्यस्तै यो गीता पाठ गर्ने भक्तलाई पनि यो गीताको अर्थ खोलेर खाए पछि मिश्री खानेले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तो मीठो भनि छर्लङ्ग देखिए जस्तै गीताको ज्ञानमा छर्लङ्ग हुनाका साथै गीता पढेर जान्नु पर्ने सबै कुराको ज्ञानी स्वयम् बन्न सकिन्छ । श्री वेद व्यासजीले पनि भन्नु भएकोछ कि गीता पढी त्यसको अर्थ अन्तकरणमा धारण गर्नु मुख्य कर्तव्य हो ।

गीताको अध्ययन जहाँ चलिरहन्छ त्यहाँ म सदा सर्वदा नै रहन्छु र त्यो अध्ययन कर्तालाई भगवत प्राप्तिमा चाँडै नै सहायक हुन्छ भनी श्री भगवानले पनि भन्नु भएकोछ त्यसकारण सो गीताको अर्थ तथा तात्पर्यले स्पष्ट देखाइ दिएको यो गीतालाई दीर्घ विश्वास गरी अध्ययन गरिएमा हाम्रो यो मानव जीवनलाई श्रेय प्राप्ति तथा त्यसको फल कहाँ सम्मको होला माथि उल्लेख भएका गीता महात्म्यले बताएकै छ । यो गीता पढेर मुख्य ज्ञान के निस्क्यो शरीर आफु होइन रहेछ । किन्तु यस्ता लुगा धेरै फेरे । फेरि गेरुवाल लुगा लगाउदैमा जोगी भन्नु मिल्दैन । फलको आशा नराखेर काम गर्ने पो योगी ठहर्ने रहेछ । सो योगको अर्थ यो पनि रहेछ श्रीभगवानको रूपमा जोड़िनु उहाँको रूपमा मिली मुक्ति हुने हो ।

संकल्प या मनको कुरा नछोड़ि हुन्दोपनि रहेन छ तर कर्मका फलको इच्छा नराखी आफ्नु कर्मानुसार प्राप्त भोगलाई नत्यागि त्यसको आशालाई मात्र त्यागी राग र द्वेसलाई निर्मुलपारी संसार झुट्टा हो भन्ने दीर्घ निश्चय गरी उचित कर्म मात्रै गरे पनि त्यो संकल्प या मनलाई सुमार्गमा नै लैजाने रहेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो आत्मा भनेको अनादि अनन्त वस्तु चैतन्य स्वरूप औं समस्त ब्रह्माण्डको अणु अणुमा व्याप्त छ । यसैको चित्त सत्ताले समस्त जगत अनुप्राणित भएर नियमित रूपले चेष्टा गरेको रहेछ ।

अन्त मन नलगाएर हर बखत परमात्मालाई सम्झी उस पैलमा चित्त चढाउनु तथा आफनो स्वरूपको अनुसन्धान गर्नु नै भक्ति हो भन्ने र सो भक्ति र उपासनामा फरक नभएको पनि देखियो ।

यो गीताको अध्ययन गर्दैमा उसको अन्तरात्मामा यो भावना प्रकट हुन्छ कि यस गीताको रचयिता (वक्ता) स्वयं भगवान कृष्णनै हुनुहुन्छ भन्ने सम्झी आफ्नो आत्मामा दिव्य शक्तिको ज्ञान जगमगाउँद छ ।

मनुष्यको निमित्त अपूर्व सार्वभौम धर्म कर्म र भक्ति ज्ञान केवल यस गीताबाट मात्र पाउने हुँदा सो गीताको श्रवण मनन पठनको साथै श्रीभगवानको भक्तिमा लाग्यो भने अज्ञान निद्राबाट बिउँझी सुधान्त करण मैं चाँडै नै परमात्मालाई देख्न पाउँने हुँदा यो गीताको उदय हामी मानवको भौतिकता चकर ज्ञानान्दकारबाट मुक्त हुनेलाई हो ।

त्यसकारण यो गीता भन्नु नै ज्ञानको शिक्षा दिने ग्रन्थ हुँदा–शिक्षक रक्षक, कर्शक, सेवक, औं वैज्ञानिक, राजनितिक जो सुकैले पनि होस मनुष्यमात्रले यस गीताको अध्ययन पठन गर्नै पर्ने रहेछ र यो विश्वमा विख्यान्त पनि रहेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जब तक यो विश्वास हुँदैन त्यस्ताले म कहाँबाट आयो कहाँ जाने हो ? किन यहाँ पढिरहेको छु सधैं जिन्दा रहने हो कि होइन् ? मरे पछि लाने के छ ? भन्ने यस्तो बिचार जब उसको मस्तिकमा पर्छ तब गीतालाई सम्झन सक्त छ । तसर्थ एकाग्रह चित्त भएर नियम पूर्वक गीताको पाठ त्यसको अर्थलाई श्रद्धापूर्वक बुझ्नु, यो मेरो शिक्षालाई जो मान्दछ त्यो मेरो परम भक्त हो भनी श्री भगवानले भन्नु भएको छ र श्री पार्वतीले पनि सबभन्दा सार चिज के छ भनी श्री शंकरजीसंग प्रार्थना गर्दा यी १८ अध्यायको गीता नै श्री भगवानको वाङमय मूर्ति हुन भनी यसको पाठ श्रवणादिले हुने फलको कथा समेत सुनाई बर्णन गर्नु भएकोले श्री पार्वतीले पनि श्रद्धापूर्वक जप पाठ गर्नु भएको थियो ।

हामीले असल गुरू छुट्टै पाउन अर्जुनले श्री कृष्ण गुरू पाए जतिकै सौभाग्यशाली हामी होइन । हाम्रो निमित्त असल गुरू यी गीता नै हो भनी विश्वास गरी सो गीता अनुसार गर्नु पर्दछ ।

यो गीताको मुख्य तात्पर्य कर्म; भक्ति र ज्ञान योगको सम्बन्धमा यो पनि पाइयो कि श्री भगवानमा निरन्तर चिन्तन गरी शास्त्रमा बताएको अर्थात् सांसारिक जीवनमा पर्न आउने देव सेवा, प्रभु भक्ति, प्रीति भक्ति आफ्नो जीवन निर्वाहा आदिमा गरेको सनातन स्व धर्म जप, तप, दान औं लोक हीत सहित सत्कर्महरूमा छलकपट हिंसा परपिदा मर्मभेदन इत्यादि नगरी शुद्ध चित्तले निष्काम बनेर सिद्धि असिद्धिमा सम राखेर त्यो कर्म योग गरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसबाट चित्त शुद्धि भएपछि भगवत प्रीति भक्ति र बिबेक वैराग्यादिको साथै ज्ञानको उदय हुने भै पैल्होमा त्यो कर्म योगको प्राधान्य र दोश्रोमा भक्ति र ज्ञान देखियो । सो दुवैले जन्ममरण दुःखलाई हटाउने भै फलमा भेद पनि देखेन । किनकि भगवानमा परम अनुराग हुनु भक्ति, सोही भगवानको इदमिठ स्वरूप चिन्हु ज्ञान बस फरक यतिकै हो ।

अब कुन बाटो लाग्ने भन्ने प्रश्न उठेमा ज्ञानीले पनि विशेष गरेर भक्ति नै माग्दोरहेछ त्यो मार्गबाट सुलभको साथ यथेष्ट फल र मुक्ति समेत पाइने यस गीताबाट देखियो ।

भगवानको एक इशाराबाट निस्केकी माया भक्तको प्रेमबाट निस्केकी भक्ति, यी दुई स्त्रीय वर्ग हुन् । यी दुइ मध्येकि भक्ति भगवानको अति प्रिय र उहाँका पक्ष मैं हुनुहुन्छ । माया त खाली (नटकी) भगवानको मनोरंजन जस्तो हुन । त्यो भक्ति देखि माया अत्यन्तै डराउँछिन् पनि । ज्ञान विज्ञान वैराग्य योगहरू पुरुष रूपी भै त्यो स्त्री रुपी मायाले त्यो ज्ञान मार्गलाई तुरुन्तै नष्ट पारी दिन पनि सक्ने फेरि भक्ति हिन ज्ञान पनि प्रयोग-मा नआउने वरू भक्तिको साथ साथै ज्ञान प्राप्ति स्वत भै पनि हाल्ने भै त्यो ज्ञान मार्गमा मायाको धर्मले अज्ञानी गराई राखेको त्यो गांठो नफुकी ज्ञानको उदय आफ्नो स्वरूप ब्रम्ह भावमा रहन पनि नसक्ने भै माथि वताएका कर्म योगले चित्त शुद्धिद्वारा भगवानमा भक्ति प्रेम हासिल भएपछि अहिंसा, प्राणी दया निस्कामता संतोष औं शान्ति सहितका गुण शिद्ध हुन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आउँछ र अनि शास्त्र तथा सत्गुरू वचनको अवलम्बन गरेर इन्द्रियलाई वशिभूत पारी संसारिक र पारलौकिक सबै तृष्णालाई हटाई पूर्ण वैराग्यवान भै तत्व मसि मवृति वेदान्त वाक्यबाट पैदा हुने ज्ञानबाट सर्वत्र ब्रह्म व्यापकता भावना चित्तमा राखि सत्व रज तम तीनै गुण रूपी गुण मिल्काई (तुरिय अवस्था) यी तीनै अवस्थामा साछि भावले रहने चैतण्य रूपी बत्ति बाल्नु पर्दछ । अनि यो मायाबाट भैरहेको ब्रम्हको र जीवको अभेद भाव एकता हासिल भै चैतण्य ब्रम्ह आफै हुँ भन्ने बोध भै त्यसलाई आत्मा सुखको प्रभास हुन्छ र अनि त्यो स्वयं मुक्त हुन्छ । तसर्थ यो ज्ञान मार्गमा यस्तो कठीनाई छ फेरि जति ज्ञानी भए पनि त्यो अज्ञान हटाउन विना भगवानमा पूर्ण भक्त नभै हुन्दो पनि रहेनछ ।

श्री शंकर; ब्रम्हा र नारदादि लगायतले पनि श्री भगवानमा प्रेम हुनु पर्दछ । भगवानदेखि बिमुख जीवले कुनै उपायबाट पनि संसार सागर तर्न सकिंदैन । जस्तै ज्ञान पूर्ण र अनेक धर्म कर्म जति बेदले वताएका छन् ती सबैको फल केवल हरि भक्ति नै हो भनि शिवजीले पार्वतीलाई वताएका पनि छन् । त्यसकारण ज्ञानमार्ग भन्दा भक्ति मार्गमा सुगम् छ भन्ने तात्पर्य पनि हो ।

अथ श्री महर्षि र मुनिहरूको सिद्धान्त र त्यसमा गीताबाट
संशोधन पनि निम्न प्रकारको छ ।

यज्ञ यात्रादिको जरूत छैन । तत्व चिन्तनबाटै जीवात्मालाई चिर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शान्ति मिल्दछ । सबै कर्मलाई त्यागेर ब्रम्ह चिन्तन तथा योगाभ्यास मात्र गरेपनि आत्मा कल्याण हुन्छ । भक्तिमार्गमा लागे पछि अरू कुनै धर्म कर्मको आवश्यकता रहँदैन भन्ने महर्षिको सिद्धान्तलाई ।

सकाम कर्म मात्र गर्ने हो भने केवल विषय बासनाको दास भै रहन्छन् । यज्ञ यगादि छोड़ेर तत्व चिन्तनमात्र गरोस् भने सबै धर्म लुप्त हुन्छन् । सबै त्यागेर ब्रम्ह चिन्तन मात्र गरोस् भने व्यवहारिकमा चौपत हुन्छ । सबैले ब्रम्हचर्य लिने हो भने भावी सृष्टि नै बन्द होला । भक्त मात्रै भए लोक सेवा कसले गर्ला । त्यसकारण जसबाट मानव सृष्टिको परमपरा बढ्दै जाओस् र अन्तमा आत्मालाई चिर शान्ति पनि मिलोस् । भनि जुन मानव धर्मको वक्तव्य श्री कृष्णले अर्जुनलाई यस गीताबाट दिनु भयो ।

स्वर्ग प्राप्ति गर्नु नै आत्मा कल्याण हो यसको निम्ति सकाम कर्म नै गर्नु भन्ने सिद्धान्तमा गीताले यज्ञ यागादि अवश्य गर्नु पर्दछ । तर स्वर्ग प्राप्ति फलको निम्ति होइन । विश्व कल्याणको निम्ति हो ।

यज्ञ यागादिबाट आत्मा कल्याण हुँदैन । यो सबै छोडेर तत्व चिन्तन गर्नु पर्दछ । भन्ने सिद्धान्तलाई गीताले ज्ञानको निमित्त तत्व चिन्तन अवश्य गर्नु पर्दछ । साथै यज्ञ दान तप रुप कर्मलाई पनि त्याग्नु हुँदैन । किनकि यसबाट चित्त शुद्धिका साथ विश्व कल्याण पनि हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रम्ह भिन्न सबै झुट्टा हुँदा सबै कर्मलाई त्यागेर ब्रम्ह र आत्माको चिन्तनमा लागि रहोस् । भन्नेमा गीताको सिद्धान्त सर्वात्मना कर्मको त्याग कुनै हालतमा पनि हुन सक्तैन । शरीर रहुन्जेल म केही पनि गर्दैन भन्नु खाली हठ मात्र हो । आखिर प्रकृतिले ज्ञानीलाई पनि कर्म गराएरै छोड्दछ । त्यसकारण ज्ञानीले पनि लोक संग्रहको निमित्त कर्म गर्नै पर्दछ ।

भक्ति स्वतन्त्र पुरुशार्थ हो भक्ति मिले पछि लौकिक वैदिक कर्महरूको आवश्यकता रहँदैन । परमेश्वरमा अत्यन्त अनुराग (प्रेम) को नाम भक्ति हो । त्यो एउटैको हुनु पर्छ भन्नेमा गीताको सिद्धान्त भक्ति मिले पछि पनि भक्तले परमेश्वरार्पण बुद्धिले वा लोक संग्रहको दृष्टिले लौकिक, वैदिक कर्महरु गर्नै पर्दछ । त्यो भक्ति एउटैको मात्र गरेर अरूको अनादर पनि गर्नै होइन । किन्तु सबै देवतामा आफ्नै इस्ट देवता गुरूले देखाएको वा उनै परब्रम्ह देख्नु हो । भक्तिको सिद्धावस्ता या ब्रम्ह ज्ञान एउटै हो । त्यो सिद्धावस्तामा पुगे पछि त्यो परमेश्वर देखि भिन्न हुँदैन । किनकि प्रेमको पूर्णता द्वैत नभै अद्वैत नै हुन्छ ।

अरु मुनिको सिद्धान्त अष्टांग योगको अभ्यासद्वारा चित्त वृत्ति रोके पछि या प्राणायामद्वारा प्राणको गति रोके पछि समाधि सिद्ध हुन्छ र राग द्वेष आदिबाट मुक्त हुन्छ । यति भएपछि जीवको पुरूसार्थ पूर्ण हुन्छ । भन्नेमा गीताको भनाई जुन समाधिको अन्तिम लक्ष्य ब्रम्ह छैन भने त्यो जड़ समाधि हो । त्यसबाट आत्मालाई शान्ति मिल्दैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सबै कुरा त्यागेर कठोर तपस्यागर्नु त्यसबाट शरीर सुके सुकोस् भन्ने सिद्धान्तमा गीताको आज्ञा छ। वाह्य वस्तुहरू केही पनि त्यागनु पर्दैन मुख्य त्याग्नु पर्ने फल शक्ति र स्वार्थ भावना हो। भोक भोकै बसेर कठोर तपस्याद्वारा शरीरलाई कष्ठ दिनु भन्दा, मिताहाद्वारा इन्द्रियलाई संयमया राखेर विषय भोग्नु। अनाशक्ति योग हो। भन्ने समेत यो जति व्याख्या भयो ठीकै छ वास्तवमा योगीताको व्याख्या तथा महात्म्यको वर्णन गर्नु कसैको समर्थ छैन। यो एउटा ठूलो रहस्यको ग्रन्थ हो। यसलाई एकाग्र चित्त औ श्रध्दा भक्ति सहित विचार गऱ्यो भने एसको पद पदमा पूर्ण रहस्य भरिएको प्रत्यक्ष पाउनु हुन्छ। अरु ग्रन्थबाट मिल्न कटीन छ। किनकि अरु ग्रन्थमा केही न केही साँसारिक विषय मिलेको हुन्छ। त्यसकारण यो गीता शास्त्र संन्यासीको लागिमात्र नभै श्री भगवानमा श्रध्दालु औ भक्ति युक्तवाला जुनसुकै वर्ण आश्रम् तथा स्त्री वैश्य शुद्र औ पापी मनुष्यले पनि ए। यस गरी परम् गतिको प्राप्ति हुन सक्दछ। यसमा श्रीभगवानले आफ्नो प्राप्तिको लागि मुख्य दुई बाटो बताएको छ। एक सांख्य योग, एक कर्म योग।

यो सम्पूर्ण पदार्थ आफुले देखे सुनेको सबै स्वप्न जस्तो संझी मन इन्द्रिय औ शरीर द्वारा हुने सम्पूर्ण कर्ममा कर्ता पना म हुं भन्ने देहाभिमान देखि रहित भै सर्व व्यापी परमात्माको स्वरुपमा नित्य स्थिर रहनु र स्वही

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परमात्मा सच्चिदानन्द घन सिवाय अन्य कुनैमा भाव नराख्नु यही हो सांख्य-योगको साधन ।

जो कुछ सबै भगवानको संझी सुख–दुख सबैमा समभाव राखी फलको इच्छा नराखी सम्पूर्ण कर्म भगवान कै लागि अर्पण गरी भक्तिपूर्वक मन वाणी औं शरीर लगायत सबै प्रकारबाट भगवानको शरण भै उनकै नाम गुण सहित स्वरूपको निरन्तर चिन्तन गर्नु यो निष्काम कर्म योगको साधन हो ।

वास्तव यो दुई साधनको परिणाम एकै हो परन्तु अधिकार भेद पृथक पृथक भएकोले दुई मार्ग बताइएको हो । अतः कर्म योगको साधन सांख्ययोग सन्यास आश्रममा बन्न सक्तैन । किनकि त्यो कर्मको स्वरूप नै सन्यास आश्रमको लागि त्याग हो । बरू सांख्ययोग सबै आश्रममा हुन सक्तछ । तर सांख्ययोग कठीन छ त्यसकारण मेरो निरन्तर चिन्तन गरी निष्काम कर्म योग गर भनी भगवानले अर्जुनलाई बताउनु भएको छ ।

इति गीताको सारांस व्याख्या समाप्त भयो ।

☆

यो गीताको संक्ष्यपवर्ण नै पहिले पारायण हुनासाथ सो गीताको रहस्य सबै यथार्थ हुने अभिप्रायले यो गीता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्पूर्ण अध्यायको संक्षेप वर्णन निम्न प्रकार छ ।

पहिलो अध्याय

कुरु क्षेत्रमा लड्ने इच्छा भएका मेरा छोरा र पाण्डुका छोराले के के गरे भनी धृतराष्ट्रले संजयसंग सोध्नु भै उहांले सो क्षेत्रमा एकठा भएका सबै वीर र उहांहरूको प्रभाव सहित सबै बताउदै गै अर्जुनले राज्य सुख भोगको इच्छाले आफनो वंशको नाश नगर्ने विचारले धनुष बाण फाली शोकले खिन्न भै रथका पछाडि वसी दिए ।

दोश्रो अध्याय

श्रीकृष्णले अर्जुनलाई यो रणस्थलमा आई यस्तो दुर्वलता कहांबाट आयो सम्पूर्ण प्राणीहरू जन्मे पछि मर्नु र मरे पछि जन्मने भै जसको प्राण गयो उसको र जुन जिन्दा छ उसको निम्तिमा समेत कुनै शोक-धैर्य पुरुषहरू गर्दैन । यो जन्म मरण यही संग्राममा ढलेर जाने स्थूल शरीरको मात्र हो शुक्ष्म शरीर मुक्ति नभए सम्म रहिनै रहन्छ । यो शरीरमा चैतन्य स्वरूप भै रहेका जो आत्मा हो त्यो कहिले नाश हुँदैन । मनुष्यले पुरानो वस्त्र छोडी नयां लगाए झैं यो जीवले पनि पुरानो शरीर छोडी नयां शरीर प्राप्त गरेको मात्र भै यसमा शोक गर्नु उचित छैन । जसबाट मनुष्य पशुपंछि लगायत यो जगत व्याप्त छ । त्यो नै आत्मा तथा ब्रम्ह हो । त्यो नै सत हो त्यो देखि भिन्न अरू सबै असत् र क्षण भंगुर हो । यस्तो आत्माको वास्तविक स्वरूप नजा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न्नाले शोक मोह भएको त्यसकारण सुख–दुख लाभ हानी जय पराजयमा समान संझी आफ्नु कर्तव्य पालन युध्द गर । धर्म युक्त युध्दमा बसेर अर्को कल्याण क्षत्रीको लागि छैन । यो ज्ञान योग हो । अब त्यही विषयमा कर्म योग फलको आशा नगरी आफनो कर्तव्य कर्म निष्काम भावले गर्नु नै कर्म योग हो । संसारको यावत वस्तुमा कामना नराख्ने शुभ कर्ममा प्रवृति भए पछि चित्त शुध्दि भै अन्तमा मोक्ष र उसको अन्तकरणमा बासुदेव सर्वम् यस्तो ज्ञान भै मूल ब्रम्ह स्वरूप नै मिले पछि त्यसले अरु कुनै आनन्दमा वंचित हुनु परेन । अब भक्ति मार्गबाट भगवानलाई नै सर्वाधार मानेर मनक्रम वचन लगायतले भगवान कै ध्यानमा तत्पर हुनु यस्तो उच्च शिखरमा पुगेकाको व्यवहार विश्वलाई नै आफनो ठान्दछ भन्ने समेत ।

तेश्रो अध्याय

पूर्वोक्त अध्यायमा अर्जुनलाई "तिम्रो कर्म मै अधिकार छ भनि फेरि वासुदेव सर्वम् यस्तो अनुभव समत्व बुध्दि कै प्रशंसा गर्नु भएबाट त्यो समत्व बुध्दि नै श्रेष्ठ हो भने । यो हिंसात्मक कर्म किन गर्नु भनी अर्जुनले सोधेकोमा ज्ञानीलाई ज्ञान योग योगीलाई निष्काम कर्म योग हो यही निष्काम कर्मद्वारा जनकादि ज्ञानीले परम सिध्दिको प्राप्त गरे । त्यसैले लोक शिक्षाका विचारले पनि तिमीले कर्म गर्नु पर्छ भनी भगवानले भन्नु भयो र निहित कर्मलाई नत्यागि त्यसका फलमात्र त्याग्ने र लोक संग्राहार्थ कर्तव्य कर्म त्याग्नु हुँदैन त्यसैले श्रीकृष्णले पनि कर्म गरी अरुलाई पनि गराउँदछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संसारको कुनै वस्तुमा बन्धन छैन किन्तु त्यसर विषयमा रहेका मनको आशा नैं बन्धन हो ।

सत्व रज तम तीन गुणको परिणाम देह इन्द्रिय अन्तकरण हुन् । यिनैको चेष्टा कर्म हुन् यी दुवै देखि भिन्न आत्मा हुन् । समस्त प्राणिको आत्मालाइ नै परमात्मा जान्नु । आफूलाई अनुकुल वस्तुमा राग, प्रतिकुलमा द्वैस नगरी दुवैमा समानता राख्नु । सत्संगत र शास्त्र श्रवण द्वारा आफ्नो हिताहित ठह्र्याउनु परधर्म गुणीकार भएपनि आफ्नै धर्म श्रेष्ठ मान्नु । अनिष्ट मार्गमा प्रेरणा गर्ने कामना हो त्यसलाई ज्ञान रुपी खड्गले मार । स्थूल देह भन्दा इन्द्रिय, इन्द्रिय भन्दा मन, मन भन्दा बुध्दि, बुध्दि भन्दा पनि पर रहेको परमात्मालाई बुध्दिद्वारा आफूले आफैलाई स्थिर गर ।

चौथो अध्याय

इश्वर सर्वज्ञ भै सबै जान्दछ जीव अल्पज्ञ भै वराजर जन्मेर पनि जन्मातरको कुनै थाहा हुँदैन प्रभु जन्मरहित हुँदा पनि जुन वेला धर्मको हानी अधर्मको वृध्दि हुन्छ त्यसवेला निराकारबाट साकारमा जन्म लिन्छु । जगत स्थितिको निमित्त प्रवृत्ति र निवृत्ति दुई किसिमको धर्म प्रचलित भै अधर्मको वखत आएमा समाजमा आफैं अधर्महरू प्रकट हुन्छ र अनि त्यसको नाश गर्ने प्रभावशालीको उत्पति हुन्छ । परमेश्वरको कलाहरु पात्रानुसार कोहीमा कम कोहीमा बढी जो कि वृक्ष वनस्पतिमा १ कला पशुहरुमा ४ साधारण मनुष्यमा ५ दैवी गुण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्पन्न व्यक्तिमा ६ देखि ८ सम्म र १५ कला सम्मको अंशावत्तार १६ कला पूर्णावत्तार मानिन्छ । सबैले आफ्नो मर्यादामा रहेर कर्तव्य पालन गर्नु कसै उपर पशु बलको प्रयोग नगर्नु भक्तिलाई छोडी ज्ञान तर्फ मात्र नलाग्नु ।

भक्तिबाट त्यसको कालूस्यहरू सफा भै अनि ज्ञान उत्पति हुन्छ र फलको आशाले अरू देवताको जो भज्दछ त्यसले फलता पाउँछ तर मसंग प्राप्ति हुँदैन त्यसैले कर्म गर्दै गरी मलाई नै भज ।

समस्त प्राणीमा रहेका चेतन तत्व नै भगवान भै त्यो प्राणीको सेवा नै मेरो सेवा हो । यस्तो देखेपछि समस्त भूत वर्गमा बासुदेव सर्वम् यस्तो ज्ञान हुन्छ ।

पाँचौ अध्याय

अर्जुनले हे कृष्ण तपाई कहिले कर्मको त्याग कहिले कर्म योगको प्रशंसा गर्नु हुन्छ यसमा उत्तम कुन हो ? भनि सोधेकोमा निष्काम कर्म विशेष श्रेष्ठ छ भनी बताउनु भै, तत्व जान्ने सांख्य योगीले देख्ने सुन्ने जो होस् त्यो सबै इन्द्रियहरू आ-आफ्नो विषयमा विचरण गर्दछ भनी निसंदेह संग बस्दछ सकामी कर्मन्दी कामनाद्वारा बाँधिन्छ परमेश्वर प्राणीको कर्म र कर्मफल औं पाप पुण्य कुनैको पनि कर्तापना हुँदैन । प्रकृतिद्वारा नै सबै बाँधिन्छ । ज्ञानीले बाहिरी भाग आशक्तिलाई त्यागी भित्र नै सुख प्राप्ति गर्दछ ।

१२०२१
विद्यापीठ (...)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छैठौ अध्याय

फलको आशा नगरी कर्तव्य पालनका विचारले कर्म गर्ने त्यो सन्यासी हो त्यो साँचो आत्माद्धार हुन्छ । आफ्नो उद्धार आफैले गर्नु पर्छ । किनकि शत्रु मित्र आफै हो ।

चित्तको एकाग्र पार्नाको निमित्त त्यो मनको चंचल जहाँ जहाँ जान्छ त्यहाँबाट फर्काई आफ्नो अधिनमा राख्न ज्ञानीले आफूलाई समस्त भूतमा समस्त भूतलाई आफूमा रहेको देख्दछ यस्ताले अरूलाई घृणा गरेको आफैलाई हो भन्ने संझन्छ । मन काबु गराउन अभ्यास र वैराग्यले सक्तछ । योगमा स्थिर हुन नसकी बीचमा भ्रष्ट हुनेको त्यो असलकाम नाश नभई अर्को जन्मलाई संचित रहन्छ भन्ने र योगाभ्यास समेतको इत्यादि ।

सातौं अध्याय

पृथ्वी जल अग्नि वायु आकाश मन बुद्धि र अहंकारले बाँढ़िएको यो मेरो जद प्रकृति र जीव रूपी मेरो चेतन प्रकृति हो यसैबाट समस्त विश्वको उत्पति र प्रलय मबाटै हुन्छ जलमा रस चन्द्र सूर्यमा प्रभा सम्पूर्ण देवमा ॐकार सम्पूर्ण भूतमा जीवन लगायत सबै मै हूँ मदेखि बाहेक अरू केही छैन । यो माया या प्रकृति, जगत जननी, म जगत पिता हूँ यी दुवैको सम्बन्ध अग्नि र उष्णताको जस्तो छ । दुःखमा पुकारने ज्ञानको इच्छा गर्ने अर्थको चाहना गर्ने भगवानलाई आफ्नो आत्मा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूपले चिन्हेको यी ४ प्रकारको भक्त हुन्छन् । जो भक्त जुन रूपको उपासना गर्दछ म उसैमा श्रद्धा बढाई उनै देवताद्वारा फल पाउँदछ । ममा चित्त स्थिर भएकोले मृत्यु कालमा पनि मलाई नै देख्दछ ।

आठौं अध्याय

अविनाशी तत्व भनेको, प्रकृतिको प्रथम प्रकट ॐ कार रूपी अक्षर नै ब्रम्ह हो । जो मनुष्य मलाई नै सम्झी प्राण छोड्छ त्यो मेरो भावमा प्रकट हुन्छ । अर्कै भाव संझने त्यही भावलाई पाउँदछ त्यसैले प्रभुको स्मरण अहिले देखिनै गर्नु पर्नै हो ।

सत्य त्रेता द्वापर कली यी ४ युग हजार पल्ट भए पछि ब्रम्हाजीको एक दिन र रात पनि त्यही किसिमको छ । मोक्षको साधन भक्ति नै ठूलो मानिएकोले त्यो भक्ति परमेश्वर विभिन्नमा पनि छन् तापनि एकै भाव देखेर अनन्य भावले भक्ति गर्नु र समस्त कर्मको फल पनि परमेश्वर मै अर्पण गर्नू ।

नवौं अध्याय

ब्रम्हमय अव्यक्तको सिवाय व्यक्तको नदेख्ने यो उपाय गाह्रो छ । राम कृष्णादि सगुणको उपासना सजिलो छ । सम्पूर्ण जगत् मद्वारा व्याप्त छ म तिनमा छैन । कल्प सकिएपछि सो जगत र भूत मेरो प्रकृतिमा लीन हुन्छ । अर्को प्रकृतिमा फेरि सृष्टि गर्छु । म जगतको माता–पिता र ॐ कार तथा विश्वको बीज समेत हूँ । श्रद्धापूर्वक अरू देवताको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपासना गरेपनि नजानेर गरेको हो वास्तवमा मेरै पूजा हो। भक्तले शुद्ध चित्तले मलाई चढाएको केवल पात फूल पनि म ग्रहण गर्दछु आफुले दान समेत जो गर्छ त्यो सबै मयां अर्पण गर मेरो अनन्य शरण जसले लिन्छ त्यो परम गतिमा पाउँदछ।

दशौं अध्याय

मलाई सबै लोकको महान ईश्वर भनी जो जान्दछ त्यो विवेकी र सबै पापबाट छुट्दछ प्राणीहरूको बुद्धि सुख–दुःख लगायत सबै प्रकारका अवस्थाहरू मबाटै हुन्छ मेरो सत्ताबाट यो समस्त सृष्टि चल्दछ। भक्त–जनहरू मेरो विषय आफुसमा छलफल गरी रमाउँछ त्यो भक्तको कृपा लागि नै म त्यसको बुद्धिमा रहन्छु। म रुद्रमा शंकर प्राणीमा चेतना इन्द्रियमा म मन हूँ भन्ने समेत इत्यादि अर्जुनलाई बताइ आफ्नो विभूतिको समेत वर्णन गर्नु भयो।

एघारौं अध्याय

अर्जुनले तपाईंको त्यो विश्व रूपको दर्शन पाउँ भनेबाट सो दर्शन दिनु भयो र त्यसमा सकल ऐश्वर्यले पूर्ण देदीव्यमान आदि, अन्त्य मध्य रहित हजार सूर्यको जस्तो तेज भएको देख्नु भै अर्जुनले पहिले आफु र आफूदेखि भिन्न विश्व देखेको थियो त्यो अहिले सबै विराटको अङ्गमा भएको र धप धप बलेका मुखबाट सबैलाई ग्रास गरी रहेको समेत सबै घटनाहरु देखि अर्जुन डरले व्याकुल भयो र प्रभुले त्यही

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पहिलेकै मनुष्यरूप धारणगरी देखाई अर्जुनलाई सान्त्वना दिनु भयो ।

बाह्रौं अध्याय

भगवानले अर्जुनलाई भन्नु हुन्छ तिम्रो संकल्प विकल्प गर्ने मन र निश्चय गर्नें बुद्धिलाई मेरो साकार रूपमैं लगाऊ अन्त्यमा मेरो रुपमै गएर मिल्नेछ ममा यदि चित्त स्थिर गर्न नसके अभ्यास-द्वारा शनैः शनैः मलाई पाउने इच्छा गर त्यसमा पनि टिक्न नसके समस्त कर्म मलाई अर्पण गर त्यो पनि नसके चित्तलाई अधिनमा राखी यावत कर्मको फल त्याग गर । सबै भन्दा आफ्नो कर्तव्यको पालन गरी कर्म फलको त्याग श्रेष्ठ छ र मेरो साकार भक्तका प्रति विशेष प्रेम गर्दछु ।

तेह्रौं अध्याय

श्रीभगवान भन्नुहुन्छ हे अर्जुन यो प्रकृति स्थूल शरीर क्षेत्र हो जस्तै खेतमा खेती उत्पन्न हुन्छ त्यस्तै शरीररूपी क्षेत्रमा पनि आफ्नो काम कर्म अनुसार सुख–दुःख रुपि फल फल्दछ । सर्वत्र व्याप्त जो ब्रम्ह सत्ताहो त्यसैको प्राणीका शरीरमा रहेको भाग परमात्मा–क्षत्रज्ञ हो त्यो क्षत्रज्ञ जीव मलाइ नै जान । सूर्यले समस्त संसारलाई प्रकाश गरे झैं त्यो क्षत्रज्ञ परमात्माले समस्त क्षेत्र शरीरलाई प्रकाश गरेको छ । त्यो ज्ञय वस्तु नै सकल भूत भौतिकमा व्याप्त छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यस देखि भिन्न केही पनि छैन । आत्मा या क्षेत्रज्ञ एउटै हो ।

चौधौ अध्याय

श्री भगवान भन्नु हुन्छ प्रकृति मेरो गर्भस्थान हो । त्यसमा म चित्तसत्तारूपी गर्भाधान गर्दछु । त्यस संयोगबाट सम्पूर्ण भूतहरूको उत्पति हुन्छ । ब्रम्हा देखि स्थावर पर्यन्त प्रकृत्तिकै कार्य हो । आत्मा त्यो प्रकृतिको गुणद्वारा वध्द छैन । सम्पूर्ण भूतहरूको आमा प्रकृति म बाबु हुँ । त्यो प्रकृतिबाट उत्पन्न सात्विक कर्मको फल निर्मल प्रकाश तथा ज्ञान राजसको दुःख तथा लोभ तामसको अज्ञान तथा मुढता हो । जो मलाई भक्ति योगद्वारा सेवा गर्दछ त्यो यी ३ गुणद्वारा सजिलैसंग नाघेर ब्रम्हरूप हुन्छ भन्ने समेत ।

पन्ध्रौ अध्याय

विना वैराग्य भगवान चरणमा अनुराग नहुने भै भक्तलाई सो वैराग्य उत्पन्न गराउनका लागि यो संसारलाई आँधीले उखेली नदीका तिरमा पछारीएका रुख भोलिसम्म रहन्छ रहन्न त्यस्तै यो क्षण भंगुर संसारलाई यस्तो वृक्षको साथ तुलना गरी त्यो वृक्षमा पत्र पुष्प फल आदि हुन्छ त्यस्तै संसार वृक्षको पनि मूल महत्व अंकुर धर्म अधर्म फूल सुख–दुःख फल यस्तै इत्यादि देखिन्छ र यो वृक्ष जल सिचनले वढी त्यसको हाँगाले चारैतिर कसिए जस्तो संससार वृक्षको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीव पनि त्रिगुण रूपी जल सेचनले बढी विषय वासनाले कसिएको छ । यस्तो बलियो संसार वृक्षलाई वैराग्यरूपी शस्त्रलेकाटी परमपदको खोजी गरोस् त्यो पद समस्त कामना रहित विवेकीजनलाई पाउँदछ । जुन पदलाई सूर्य चन्द्र अग्निले प्रभाशित गर्न सक्दैन त्यो भगवानको परमधाम हो । जीवले जुन शरीरलाई छोड्छ । त्यो शरीरमा रहेका मन सहित ६ इन्द्रियहरूलाई वायुले फूलको सुगन्ध उडाए झैं भावी शरीरमा लैजान्छ । आत्मालाई मुढ़जनले देख्दैन ज्ञानीले ज्ञान दृष्टि-द्वारा देख्दछ । भगवान पृथ्वीमा पसेर चराचर सबै जीवलाई धान्दछ भन्ने इत्यादि ।

सोह्रौं अध्याय

श्री भगवान भन्नुहुन्छ दैवीय सम्पदामा सत्वगुण तथा सत्यको आधार मानिन्छ आसुरी सम्पदामा रजोगुण तथा कामवासना तृप्तिकोलागि हुन्छ । राक्षसी सम्पदामा तमो गुण यी ३ अनुसार जगतमा सम्पति हुन्छन् भन्ने समेत यो दैवी सम्पदा र आसुरी सम्पदाको लक्षण वर्णन गर्नु भै त्यसको वातावरण अनुसार हे अर्जुन त्यसकारण तिमी कुन कर्तव्य हो कुन अकर्तव्य हो भन्ने निर्णयलाई शास्त्रमा जे बताएका छ त्यो जान भन्ने समेत ।

सत्रौ अध्याय

अर्जुन भन्दछ हे कृष्ण श्रद्धाले युक्त छ तर शास्त्र विधि त्यागेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जो पूजा गर्दछ तिनीहरूको के स्थिति हुन्छ । भगवान भन्नु हुन्छ त्यो श्रद्धा सात्विक, राजस, तामस ३ प्रकारको छ सात्विक देवतालाई राजसीक यक्ष, राक्षसलाई तामासीक भूतगणलाई पुज्दछ अज्ञानी जन अहंकारले युक्त भएर आफ्नु शरीरको तत्वलाई र त्यो भित्र अन्तर्यामी रूपले रहेको म-लाई समेत कष्ट दिई अशास्त्रीय तपस्या गर्दछ । अतः देशकाल पात्रको विचार गरी जस्तै निर्धनि भिखारीहरूलाई दिएको दानं सात्विक जो चित्त दुखाई वाध्य भै दिन्छ त्यो राजस श्रद्धा रहित या अपमानले जो दिन्छ त्यो तामस हो त्यसकारण जुनसुकै यज्ञ, तप, दान, कर्मको आदि र अन्तमा 'ॐ तत्सत्' यी ३ पदले युक्त वाक्य परमात्माको नाम हो । यो नाम उच्चारण गर्ने गर्नेमा त्यो कार्यमा विधि त्यागेर वा जो कर्म च्युत भ्रष्ट छन् तापनि त्यो पूर्ण हुन्छ र यसबाट राजस तामस त्रिगुण पनि सात्विक सगुण हुन्छ भन्ने इत्यादि ।

अठारौं अध्याय

सन्यास त्यागको भिन्न भिन्न रितबाट म जान्न चाहन्छु भनी अर्जुनले सोधेकोमा श्री कृष्णले— ज्ञानीले समस्त कर्मको त्यागलाई र बुद्धिमानीले त्यो कर्मफलको त्यागलाई त्याग मान्दछ कर्मको फल अत्यागीलाई मरेपछि र सन्यासीलाई कहिले पनि मिल्दैन । शरीर इन्द्रिय प्राणादि वायु र दैव यी ५ कर्मको कारणबाट मनुष्यको शुभाशुभ समस्त कर्मको उत्पति हुन्छ यी बाहेक कर्मकर्ता अरू छैन, त्यो कर्म त्याग ज्ञान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्ता बुद्धि धारण तथा सुखहरूको पनि त्रिगुणात्मिका छ भनी त्यसको व्याख्या र परमात्मा र मुक्तात्मा बाहेक अरू सबै त्रिगुण कै घेरा भित्र छन्, परधर्मभन्दा स्व-धर्म नै कल्याण छ यदि यो मेरो कुरा सुनेनौ भने तिम्रो नाश हुनेछ म सम्पूर्ण भूतहरूलाई मेरो मायाद्वारा नचाउँदै त्यो भूतहरूको हृदयमा रहन्छु भनी भगवानले भन्नु भयो र शुभ र अशुभ कर्म गर्नलाई पनि मनुष्य स्वतन्त्र नभै इश्वरको अधिनमा हुंदा भगवानकै म हूँ मेरो भगवान हो भगवाननै म हूँ भनी सम्झी भगवानकै शरणागति हुनु भन्ने र चार वर्णका कर्महरूको वर्णन समेत भै आखिरमा यो गीता शास्त्रको प्रचार गर्ने त्यो भन्दा मेरो अर्को प्रिय छैन भनी अर्जुनलाई अब तिम्रो मोह नष्ट भयो भएन भनी आज्ञा हुँदा मेरो मोह नष्ट भयो हजुरको आज्ञा पालन गर्छु भन्नु भयो । अतः संजयले धृष्टराष्ट्रलाई भन्नु हुन्छ "हे राजन यो पवित्र सम्वादलाई वारम्बार स्मरण गरेर म साह्रै हर्षित छु मेरो विचारमा त जता श्रीकृष्ण हुनुहुन्छ जहाँ धनुर्धारी अर्जुन छन् त्यही विजय अवश्यम्भावी छ त्यसकारण सन्धि नै गर्न उचित थियो भन्ने समेत इत्यादि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ गीता अध्याय सुरू

टीका र अन्य ग्रन्थ मिश्रित समेतको तात्पर्य सहित

पहिलो अध्याय

धर्मक्षेत्रे कुरुक्षेत्रे समवेता युयुत्सवः ।
मामकाः पाण्डवाश्चैव किमकुर्वत संजय ॥१॥

कुरुक्षेत्रमा भएको पहिल्लेदेखिको आद्यंपात सबै वृतान्त सुन्ने इच्छाले दुर्योधनको पिता धृष्टराष्ट्रले सो क्षेत्रमा लड्ने इच्छाले एकत्र भएका मेरा छोराहरू र पाण्डुका छोराहरूले के के गरे भनी संजय-संग सोध्नु हुन्छ र संजयले हे धृष्टराष्ट्रजी भनी बताउँदै छ । यस अध्यायमा अरू व्याख्या तत् विशेष नभई जो पहिले देखि नै देवता-हरूको यज्ञस्थल हुँदा धर्मक्षेत्र भनिएको हस्तिनापुर त्यो धर्म रूपी कुरुक्षेत्रमा जो कौरव पाण्डवहरूको आफ्नो अंश राज्यमा दुर्योधनलाई सन्धि गर्नेमा श्रीकृष्णले समेत सम्झाउँदा पनि नमानी धर्म भनेको यस्तो भन्ने मलाई थाहा छ तर त्यसमा मेरो प्रवृत्ति हुँदैन यसो गर्नु अधर्म हो भन्ने पनि जान्दछु किन्तु त्यसबाट हट्ने इच्छा हुँदैन मेरो हृदयमा कुन देवता अन्तर्यामीले मलाई जुन कार्यमा लगाउँछ म त्यही गर्दछु भनेरै कुरुक्षेत्रको संग्राम भै त्यो संग्राममा लड्ने इच्छाले एकत्र भएका कौरवको ११ अक्षौनी फौज हात्ति घोडा रथ सवार र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पैदल समेतगरी जम्मा संख्या २४०५७०० र पाण्डवको ७ अक्षौनी सोही बमोजिम जम्मा संख्या १५३०९०० को प्रभाव सूर वीर रथी अतिरथी महारथीको गणना उनीहरूको सामर्थ दुवै सेनाको शंख ध्वनि व्युहचक्रको समेत व्याख्या भै दुर्योधनको सेनाको सूर वीरलाई हेर्ने र कोसंग मैले लड्न मनासिब छ भन्ने अर्जुनको इच्छा प्रकट भै श्रीकृष्णले सो दुवै सेनाको वीचमा रथ खड़ा गरी दिई त्यहाँ स्थित भएका आफ्नो बाजे काका मामा ससुरा भाईबन्धु औ आफ्नो आचार्य वर्गहरूलाई देखि मोह र मायाले व्याप्त भै राज्यको लोभले आफ्नो बान्धव स्वजनोलाई मार्नु ठूलो पाप सम्झी शोकयुक्त भै हामीलाई राज्य भोग औं बाँच्नाले पो के हुन्छ अहो ! अफशोच राज्य सुखका लोभले आफ्नै परिवारलाई मार्नु त्यो परिवारै नभए पछि हामीलाई पो त्यो राज्य किन चाहियो । युद्धमा भाग लिने सबै युवकै हुन् । उनीहरु मरे पछि बुढा बालक र विधुवा स्त्रीहरु-मात्र रहन्छन् त्यसबाट राष्ट्रको रक्षा हुन सक्तैन झन विधुवाबाट आफ्नो स्वाभाविक दोषहरु उत्पन्न भै वर्ण शंकर पैदा भै आफ्नो कुलको समेत नाश हुन्छ । त्यसकारण तिनै भुवनको राज्य मिलछ तापनि यिनीहरु लाई मार्न म चाहन्न भन्ने यस्तै कुरा अर्जुनले गर्नु भएकोमा श्रीकृष्णले युद्ध ता प्रारम्भ भयो अब तिम्रा उपर शस्त्र प्रहार हुनमात्र बाँकी छ अब तिमी के गर्छौ भन्दा पनि म निशस्त्रलाई मार्छन भने मारुन मेरो निमित्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

असलै हुन्छ भन्ने यस्तै जवाफ दिइ धनुषवाण फाली शोकले खिन्न चित्त भै रथका पछाड़ि वसी दिए ।

यस्ता प्रकारले श्रीमद् भगवत गीता रुपी युपनीषत्सुमा ब्रम्ह विद्याका अन्तर्गत योग शास्त्रमा श्री कृष्ण र अर्जुनको सम्वाद मध्ये अर्जुन विषाड योग नाम गरेको पहिलो अध्याय समाप्त

दोश्रो अध्याय

(१ नं. श्लोकदेखि १४ नं. सम्मको)

यसरी भीष्मादिहरुको साथ युद्ध नगर्ने गुरुहरुलाई मार्नु त वरु भिक्षा मागी खानु श्रेष्ठ छ भन्ने अर्जुनको अभ्र पनि यस्तो विचार भएकोमा श्री कृष्णले हे अर्जुन ! यो रणस्थलमा आई यस्तो दुर्वलता अज्ञान कहाँवाट आयो यसलाई त्यागी युद्धलाई खड़ा होऊ भनी फेरि भगवानले सम्झाउँदा पनि आफ्नो पूजनीय गुरू औ पितामहसंग कसरी युद्ध गरुं म वहुतै अफशोचमा छु हे प्रभु ! यो मेरो शोक कसरी हटिन्छ मेरो लागि के गर्नु श्रेष्ठ छ हे गोविन्द म त युद्ध गर्न चाहँदैन भनी फेरि चुप रह्यो । अनि फेरि भगवान कृष्णले मुसुक्क हाँसी पण्डितजनहरु जसको प्राण गयो उसको र जुन जिन्दा छ उसको निम्तिमा समेत कुनै शोक गर्दैन आफ्नो कर्त्तव्य पालन गर्नु पर्दछ यसमा शोक गर्नु अयोग्य छ किनकि अगि पूर्व जन्ममा म तिमी र यी राजाहरु पनि थिए । पछि पनि हुने छौं तर कुनै जन्ममा पनि हामी कुनै रहने पनि होइन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देहिनोऽस्मिन्यथा देहे कौमारं यौवनं जरा ।
तथा देहान्तर प्राप्तिर्धीरस्तत्र न मुह्यति ॥

जस्तै जीवात्माको यो देहमा कुमार युवा वृद्धावस्थाको परिवर्तन हुँदै जान्छ त्यस्तै यो देहलाई छोड़ि अर्को देहमा जानेसम्म भै धीर पुरुष त्यसमा मोहित हुँदैन त्यो परिवर्तन हुँदै जाने या स्थूल शरीरको भेद भएता पनि आत्मामा त्यो भेद हुँदैन ।

"इन्द्रिय र विषयको सम्बन्ध सर्दी, गर्मी सुख दुःख आदि द्वन्द क्षण भंगुर औ अनित्य हुँदा त्यसको निम्ति सहन गर ।"

(१५ नं श्लोक देखि ३८ नं सम्मको टिका र तात्पर्य)

जसद्वारा बाह्य विषयको ज्ञान हुन्छ तीनलाई इन्द्रिय त्यो इन्द्रियद्वारा जो जानिन्छ त्यसलाई विषय भनिन्छ । इन्द्रिय र विषयको सम्बन्धहरु जति इन्द्रिय छन् उतिनै हुन्छ । आत्मा नित्य र अमर सच्चितानन्द स्वरुप छ भूत वर्तमान भविष्यत् कालमा पनि यो जीवात्मा शरीरको नाश भए पनि त्यो आत्माको नाश हुँदैन । यो भीष्मादिहरु पनि नाशवान हो । त्यसकारण उनीहरुको निम्ति शोक गर्नु व्यर्थ छ ।

"दुःख सुखलाई समानता सम्झने पुरुषलाई यो इन्द्रियको कुनै विषयले व्याकुल गर्दैन त्यो मोक्षको योग्यता हो ।"

"जो सांसारिक विषयलाई देखेर चंचल हुँदैन दुःखमा पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हिमालयजस्तै अचल र समुद्रजस्तै गम्भीर रहन्छ त्यो पुरुष अमृत तत्वको भागी हो ।"

"द्वन्दजति सबै अन्तकरणके धर्म हुन् । आत्माको होइन यो आत्माको वास्तविक स्वरुप नजान्नाले शोक मोह भएको हो । त्यो आत्माको तत्व बुझेपछि शोक मोह दुवै छुट्दछ ।

"जति सुख र दुःख हुन्छ ती सबै इन्द्रिय र विषयका सम्बन्ध हुन् यसको स्वभाव अस्थिर छ कहिले त्यही कुरा सुख कहिले दुःख हुन्छ जस्तै जाड़ोमा सूर्यको ताप सुख गर्मीमा दुःख ।

"सत वस्तुको तिनैकालमा पनि अभाव हुंदैन त्यो सधैं एक रूपले रहन्छ र विश्वका जति वस्तुहरू छन् ती सबैको आधार रूपले रहेको मूल सत्ता त्यही ब्रम्ह नै सत् वस्तु हो । यस देखी भिन्न अरु सबै असत् हो । यो दुवै तत्व ज्ञानी पुरूषद्वारा देखापर्दछ ।

"जुनबाट यो सम्पूर्ण जगत व्याप्त छ त्यो अविनाशी हो । त्यसको नाश गर्न कसैको समर्थ छैन । सकल विश्वमा आत्मा व्याप्त छ । त्यो नभएको कही पनि छैन । देश काल सब जीव वस्तुमा रहने हुनाले यसलाई अनन्त भनेको र सबैको मूलमा रहेको अधिस्थान सत्ता हुनाले यिनो नै आत्मा हो ।

न जायते म्रियते वा कदाचिन्नायं भूत्वा भविता वा न भूयः ।
अजो नित्यः शाश्वतोऽयं पुराणो न हन्यते हन्यमाने शरीरे ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीवात्माको यो सबै शरीर नाशवान भै त्यो रोगव्यादि वा कुनै कारणद्वारा अवश्य नाश हुन्छ । आत्माको नाश अग्नि, वायु, जल तथा शस्त्रास्त्र समेत कुनैद्वारा हुँदैन बरु विश्व नै उसको आधारमा छ । यो नित्य सत्य, विश्व जगतको मूल सत्ता हो ।

यो आत्मा आफ्नु मन इन्द्रिय औ पानी परेको नदेखे पनि खोला बढेको देखी शीर बर्षेछ भनी जाने जस्तै कुनै अनुमानबाट पनि नजानिने चैतन्य स्वरुप छन् बरु जड़ रूपी मनलाई यो आत्माले जानिन्छ त्यसैलाई ब्रम्ह भनी जान ।

"यो जीवहरू मरी यो आत्माको मार्‍यो तथा मर्‍यो भनी जो मानेको छ त्यो दुबै होइन ।

"यो मर्‍यो भन्ने व्यवहार यो शरीर मै मात्र हुन्छ यो आत्मा न जन्मन्छ न मरिन्छ न मारिन्छ यो नित्य शाश्वत औ पुरातन छ ।

"हे अर्जुन ! जो पुरूषले यो आत्मा नाशरहित छ भनी जानेको छ त्यसले कसैलाई मारेको या मरेको भन्ने ठहराउँदैन ।

वासांसि जीर्णानि यथा विहाय नवानि गृह्णाति नरोऽपराणि ।
तथा शरीराणि विहाय जीर्णान्यन्यानि संयाति नवानि देही ॥

जस्तै मनुष्यले पुरानो लुगा छोडि नयाँ लगाउँछ त्यस्तै जीवात्माको यो देह स्वामी जीव ले पनि आफ्नो भोगद्वारा यो पुरानो शरीर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छोड़ेर अर्को नयाँ शरीर प्राप्त गरेको हो। रस, रक्त, मांश, मेधा, अस्थि, मज्जा, शुक्र यी सात धातुले बनेको स्थूल शरीर हो। यसभन्दा अर्को ५ ज्ञानेन्द्रीय ५ कर्मिन्द्रीय ५ प्राण मन र बुध्दिसहित १७ तत्व मिलेर बनेको शुष्म शरीर हो। स्थूल शरीरले शुभ अशुभ जे जे कर्म गर्छ त्यसको संस्कार शुष्म शरीरमा गएर अंकित हुन्छ। यही जन्मान्तरमा हुने प्रवृत्तिको कारण बन्न जान्छ जहाँसम्म अज्ञान रहन्छ त्यहीसम्म स्थूल शरीर र शुष्म शरीरको वियोग भै रहन्छ यही संयोग र वियोगलाई जन्म र मृत्यु भन्ने व्यवहार भएको हो। वास्तवमा स्थूल शरीरको मात्रै जन्म र मृत्यु हुन्छ। शुष्म शरीर चाहिं अनादि कालदेखि मुक्ति नहुन्जेल उही रहन्छ। यही शुष्म शरीर उपाधि भएपछि शुध्द आत्माले जीवात्माको रूप लिन्छ। जीवात्मालाई भं गको निम्ति क्रमानुसार स्थूल शरीर मिल्दै रहन्छन् छुट्दै रहन्छन्। त्यसकारण यसमा शोक गर्ने कारण छैन्। अज्ञानीहरू यो जन्म मृत्युको रहष्य नबुझेर शोक विहोल हुन्छ।

यो आत्मा नाश नहुने निःसंदेह नित्य सर्वव्यापक स्थिर अचल सनातन हो। शस्त्रास्त्रको गति साकार वस्तुसम्म मात्र हुन्छ। निराकार आकाशमा जति शस्त्रास्त्र चलाएपनि काटिन्दैन जलाउन पनि सक्तैन। त्यस्तै यो आत्मा निराकार भै त्यो कुनै हुन सक्तैन। जो अनादिकालदेखि अनन्त कालसम्म एकनाशले रहन्छ तेसैले त्यो आत्मालाई सनातन भनेको हो। फेरि आकाशजस्तै सर्वव्यापक र अत्यन्त शुष्म पनि हो। यो आत्मा, अव्यक्त कुनै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषयमा नपरेको अचिन्त्य मनको चिन्तारहित मन बुद्धिले पनि नभेटाउने वाला हो । यो आत्माको यस्तो जानी तिमी शोक गर्नु उचित पर्दैन ।

जुन वस्तुमा रूप, रस, गन्ध, स्पर्श तथा शब्द यी मध्ये कोही एक मात्र गुण रहन्छ तापनि त्यो वस्तु कुनै कुनै इन्द्रियद्वारा अवश्य प्रत्यक्ष हुन्छ । यो आत्मामा त्यो कुनै पनि छैन । त्यसैले यो आत्मा अव्यक्त हो । जो मनले देख्न नसक्ने भै यो आत्मा अचिन्त्य हो । संसारका सबै वस्तु क्षण परिणामी जसको अवस्था फेर्नै बदलिन्दै जाने भै यो विकारी हो । यो आत्मा त्यसो नहुँदा निर्विकारी हो ।

हे अर्जुन ! सम्पूर्ण प्राणी जन्मनु भन्दा पहिले र मरेपछि पनि बीना शरीर कै हो बीचमा यो शरीरवाला भनी प्रतीत हुन आएको र फेरि जन्मेपछि मर्नु र मरे पछि जन्मनु पर्ने भै त्यसमा चिन्ता गर्नु योग्य छैन ।

समस्त भूतवर्ग पहिले/गुप्त थिए बीचमा प्रकट भएका छन् । नाश भएपछि फेरि गुप्त हुनेछन् । यस सिद्धान्तानुसार उत्पति हुनुभन्दा पहिले जो इन्द्रियले नजानिने अदृश्य मूल प्रकृति जो अव्यक्त भनिन्छ त्यो अव्यक्त मै शुष्मरूपले रहेको, जो इन्द्रियले जानिने दृश्य सृष्टि जो व्यक्त भनिन्छ त्यो व्यक्त सृष्टि बीजबाट वृक्ष उम्रे भैं शुष्मबाट स्थूलरूपमा विकासित हुन्छ यो । आत्मा सबैको शरीरमा सधैं रहेको पनि छ । यो आत्मा अजर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अमर निर्गुण निराकार अव्यक्त अविनाशी छ यसको विपरीत शरीर परिणामी सगुण साकार व्यक्त तथा क्षण भंगुर छ त्यसकारण मर्ने र मार्ने भन्ने शोक व्यर्थ छ। परन्तु आत्मा मर्नँ र मार्नँ नभएकोले जसलाई मारे पनि दोष छैन भन्नु यो घोर पाप पनि हो।

आफ्नो स्व-धर्मलाई भए मान्नु योग्य छैन किनकि धर्मयुक्त युद्ध-मा बढेर अर्को कल्याण तथा कर्तव्य क्षत्रीको लागि अर्को छैन। यो भाग्यवान क्षत्रियलाई मात्र पाउँछ। या मरेर स्वर्गको भोग गर या जीतेर पृथ्वीको भोग गर। यो संख्या ज्ञानको उपदेशबाट अर्जुनमा कुनै कर्तव्य प्रवृत्तिको चेष्टाहरू उत्पन्न भएको नदेखेर तिमी यति उच्च विचारबाट पनि आफ्नु कर्तव्यको निर्णय गर्न सक्तैनौ भने आफ्नो स्वधर्म मानेर युद्ध गर। क्षेत्रीको लागि सबै धर्म शास्त्रमा शत्रुहरूले आक्रमण गरेमा पीठ नफर्काई लड्नु भनेको छ।

सुख- दुःख लाभ औ जय पराजयको समान संझी युद्धलाई तयार होऊ यसरी युद्ध गर्दा पाप लाग्ने छैन। यो धर्म युक्त संग्राम तिमी गर्दैनौ भने आफ्नो स्व-धर्म औ कीर्तिलाई नाश गरी पापको भागी हुनु पर्नेछ। र चिरकालसम्म लोकले तिम्रो अवयश गाउनेछ। माननीय व्यक्तिलाई अवयश मरण भन्दा पनि अधिक हुन्छ। जसले जसका प्रति जस्तो व्यवहार गर्‍यो उसले पनि त्यसकाप्रति त्यस्तै व्यवहार गरेमा अधर्म हुनेछैन। सुख- दुःख नाफा नोक्सान र हार-जीतमा सम राखेर युद्ध गर पापको भागी हुनेछैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फेरि कर्तव्य दृष्टिले देश र समाज रक्षाको निमित्त अरू पनि जे जे कर्म हुन्छ गर्नें वालामा स्वार्थ नहुनाले ती सबै उद्धार चरित्र मानिन्छ ।

(३९ नं श्लोकदेखि ५१ नं सम्मको टिका र तात्पर्य)

अर्जुनलाई यो जति भन्यो ज्ञान योगको सिद्धान्त हो अब त्यही विषयमा कर्म योगको सिद्धान्तबाट सुन ।

"अजर अमर भन्ने आत्माको ज्ञान भएपछि मात्र कर्मयोगको विशुद्ध प्रेरणा सफल हुन्छ ।"

"निष्काम कर्म नै कर्मयोग हो । सकाम कर्ममा थालेकोकाम पुरा हुन सकेन या विधि पुऱ्याउन सकेन भने गरेको सबै निष्फल हुन्छ । निष्काम कर्ममा यस्तो छैन । समत्व बुद्धिद्वारा जो जति गर्दछ त्यसको नाश हुँदैन त्यो शुद्ध धर्मको अलिकति मात्रले पनि अनुस्थान कर्तालाई भीषण भवभयबाट बचाउँन सक्तछ अर्को जन्ममा त्यसैबाट त्यो अगाडि बढ्दै जान्छ र अनेक जन्ममा भएपनि अन्त्यमा पूर्ण सिध्दि पाउँदछ । विघ्न भन्ने कुरा यस मार्गमा हुँदै हुँदैन । सिद्धि असिध्दिमा सम राख्नु नै यसको मुख्य सिध्दान्त हो । कर्तव्या कर्तव्यलाई निर्णयगर्नें एकाग्र बुध्दिवालामा दैवी गुणको विकास हुन्छ । त्यो निर्णय गर्न नसकि विषय वासनाका कल्पना तरङ्गमा रङ्गमगिएको त्यो विक्षिप्त बुध्दिमा आसुरी गुणको विकास हुन्छ ।

यज्ञयागादि नै श्रेष्ठ हो भन्ने मान्नेले स्वर्गमा भोगेर पुण्य क्षिण भएपछि फेरि मर्त्यलोक मै आउनु पर्दछ । यो कामिक कर्मथहरूको आवागमणको चक्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कहिले पनि टुट्दैन । यिनैलाई यथार्थ ठान्नेहरूको हृदयमा सुबुध्दिको उदयपनि हुँदैन त्यसकारण सुख–दुःखदि द्वन्दबाट रहित भै सदा सत्व गुणमा स्थित आत्मा निष्ट होऊ । जो जति विश्व सृष्टि छ त्यो– प्रकृतिका सत्व रज तमो गुणको मिश्रण रूप छ त्यो संसारका यावत वस्तुहरूमा तिमी कामना नराख तर वैदिक कर्मलाई त्याग्नु भनेको होइन । किन्तु फललाई मात्र त्याग्नु भनेको हो जसरी सकामीले कर्म गर्दछ त्यसैगरी निष्कामीले गरोस् । कर्म नगरी फल उत्पन्न हुँदैन त्यसकारण कर्म अवश्यै गर्नु फल अवश्य त्याग्नु ।

कर्मको फल बताई स्वर्गादि फल देखाएको वेदको तात्पर्य पनि शुभ कर्ममा प्रवृत्ति भएपछि चित्त शुध्दि हुन्छ र अन्त्यमा मोक्ष हुन्छ भन्ने हेतु हो ।

सत्व गुणको उत्कर्ष नभै द्वन्दहरूबाट छुट्टि निर्द्वन्द हुन सक्दैन त्यसकारण सत्व गुणमा स्थित होऊ । सो हुन आचार बिचार रहन सहन खानपानको अभ्यास हुनुपर्दछ ।

सकामीहरू नमिलेको वस्तु मिल्नु मिलेको वस्तु रक्षा गर्नु यिनैको धन्धामा लागि क्षणभर पनि फुर्सद हुँदैन । त्यसकारण त्यो नमिलेको वस्तु मिल्नु योग त्यसलाई रक्षा गर्नु क्षमबाट रहित होऊ ।

यो जीवलाई मैं सबै गर्ने हुँ भन्ने घमण्ड हुन्छ यो कार्य भगवानको हातमा सुम्पनु पर्छ । यति भएपछि मात्र शान्ति मिल्छ जहाँसम्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्मावल प्राप्ति हुँदैन त्यहाँसम्म माथि वर्णन गरेका साधनहरू पुग्न सक्तैन । त्यसकारण आत्मबलशाली होऊ ।

सकाम कर्म त्यागी निष्काम भएपछि त्यस्ता 'मुमुक्षले' स्वर्गादि सुखबाट वंचित हुनुपर्छ जस्तै ठूला नदी पाएपछि साना धारा कुवाको प्रयोजन हुँदैन । त्यस्तै ब्रम्हाण्डै भेटाएपछि त्यस्तो ब्रम्ह ज्ञानीलाई अरू वैदिक सकाम कर्म स्वर्गादि भोगको प्रयोजन नै हुँदैन ।

समत्व बुध्दि योगको अनुस्थानद्वारा परिपक्व भएपछि अन्तकरणमा जब वासुदेव सर्वम् यस्तो अनुभव हुन्छ अनि मूल ब्रम्हाण्ड नै पाउने भै त्यसले स्वर्गानन्द या कुनै आनन्द मात्रबाट वंचित हुनु पर्दैन । किनकि सबै जन्तुका पाइला हात्तिका पाइलाभित्र डुब्दछन् ।

विश्वका साना ठूला सबै आनन्दहरू ब्रम्हाण्ड मै अन्तर्भाव हुन्छ यही ब्रम्हाण्डको लेस ब्रम्हकै छाँयानन्द मात्रको आनन्दलाई समस्त प्राणीले उपभोग गर्दछन् वास्तवमा मुल ब्रम्ह सुख नै मिलेपछि (छाँया) नकली सुखको केही आवश्यकता रहँदैन । त्यसकारण त्यो क्षुद्रफल प्राप्तिका निमित्त अरु देवताको सकाम उपासना गर्नाको प्रयोजन रहँदैन । यसैले परमेश्वरको निष्कामना सेवालाई छोडेर कामना सिध्दिको निमित्त अरु देवताको उपासना गर्ने अनुचित ठहऱ्याएको हो । त्यो सकाम क्षुद्रफलको आराधना जो गर्दछ त्यो गंगाको तिरमा बसेर गंगाजल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पिउन छोडेर कुवा खन्न तिर लाग्दछ त्यसैले ज्ञानीलाई सकाम कर्मको केही प्रयोजन हुँदैन।

कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन।
मा कर्मफलहेतुर्भूर्माते सङ्गोऽस्त्वकर्मणि॥

तेरो कर्म गर्ने मात्र अधिकार छ फलमा होइन सो फलको इच्छाले कर्म गर्ने नहोऊ तर फल मिल्दैन भनी कर्म गर्नमा अरुची पनि नहोऊ त्यो फललाई त्यागी आफ्नो कर्तव्य कर्म अवश्य गर्नु पर्दछ। जुनसुकै कार्यमा पनि पूर्ण हवस या नहोस् उसको फलमा समभाव राख्ने समत्व भाव योग हो। जो सधैं एक नास नरहि समयानुसार पहिले राम्रो पछि नराम्रो यस्तै परिवर्तन आईरहन्छ त्यसैलाई जगत (चल सृष्टी) भन्दछ।

सुख–दुःख, जय–पराजय, सिद्धि–असिद्धि, सफलता–बिफलता आदि यही सृष्टिका चन्चल तरंग हुन्। यो तरंगमा चित्तलाई बिक्षुब्ध नपारी धैर्य-साथ रहनु समत्व योग हो यसैको ग्रहण गर यसैको पछाड़ि लागेपछि कर्म-योग बन्दछ। आशाको कर्म अत्यन्त तुच्छ छ।

अति दुःखले धन कमाउँछ भोग गर्न सक्तैन। दान र भोग दुवैबाट बन्चित गराउँदछ। त्यस्तै सकाम गर्नेहरु पनि अति कष्टले कर्म गरेर त्यसलाई ईश्वरार्पण गर्न नसकी परमानन्द लाभबाट आत्मालाई नै बन्चित गराउँदछ त्यसैले आशाको कर्म भन्दा त्यो त्यागी समभावले गरेको कर्म श्रेष्ठ छ। त्यो कर्मभन्दा ज्ञान अर्थात बुद्धि श्रेष्ठ छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मनुष्यलाई बुद्धि र कर्म दुवै स्वभावत प्राप्तछन । कृपन मनुष्य वासनाद्वारा प्रेरित भएर सकाम कर्मको आश्रय लिन्छ । समत्व बुद्धिवाला निष्काम कर्म गर्दछन् । सकाम गर्नेले संसारै स्वार्थले उभिएको देख्दछ । निष्कामवाला केवल कर्तव्य बुद्धिमा हुन्छ । यो राम्ररी जानेपछि गीताको निष्काम कर्म योगलाई बुझिन्छ । त्यो समत्व बुद्धि कर्म योगीले पुन्य भएपनि फलको आशा नगरी केही गरी पाप हुन गएपनि जो कुछ होस् भनी भगवानलाई अर्पण गरी त्यागी दिन्छ र त्यसले त्यो कर्म बन्धनबाट छुट्नेको साथै त्यो पुण्यले स्वर्ग र पापले नर्क दुवै तर्फ जानु नपरी त्यसको शुक्ष्म शरीरले केवल आत्मामै मिलाउनु पर्ने अवस्था हुन जान्छ र त्यो संग आत्मा मात्रै बाँकी रहने भै त्यो परमात्मामालय हुन जान सक्तछ भनेको हो ।

त्यो समत्व् बुद्धिको आश्रय लिई कर्तव्य गर्दै जान्दा अन्त्यमा निर्मल कुशाग्रह बुद्धिको उदय भै त्यसलाई वासुदेव सर्वम्–यस्तो ज्ञान हुन्छ । त्यसैले अर्जुनलाई पनि त्यसै गर अहिले नै युद्धलाई छाडी सन्यासीको धर्म लिनु पर्दैन भनी सम्झाउनु भयो ।

(५२ नं श्लोकदेखि ६० नं सम्मको टिका र तात्पर्य)

यो निर्मल कुशाग्रह बुद्धिको उदय कहिले हुन्छ भनी अर्जुनले सोधेकोमा जब तिम्रो बुद्धिले आफूले गरेको काम पूर्ण होस वा नहोस् त्यसमा हर्ष र विष्मात नहुनू यस्तो जुन बखत उब्जिन्छ अनि यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मोहबाट छुट्दछ अनि वैराग्यको प्राप्त पनि हुन सक्तछ । त्यस वखत सकाम गर्नै त परै रहोस् त्यो सुन्नसम्म पनि मन लाग्दैन ।

आफ्नो शरीर धन परिवारमा यस्तो मोह छ त्यसको गहिराई अन्त छैन जब समत्व योगको अभ्यासले यो गहिराईलाई पार गर्दछ अनि जति सकाम विषय चर्चाहरूदेखि यो जीवलाई वैराग्य उत्पन्न हुन्छ चित्त शुद्धिको अवधि यही हो ।

ज्ञानको अवधि

भगवान भन्नु हुन्छ जब तेरो अनेक प्रकारको सिध्दान्त सुन्दा विचलित भएको बुध्दि त्यसमा नलागि परमात्माको स्वरूपमा स्थिर हुन जान्दछ तव तिमी समत्व रूप योगको प्राप्त भै त्यसको यथार्थ रूप फेला पार्ने छौ पहिले साधनावस्थामा कर्म योगको पथिक सुख–दुःख इत्यादिलाई सम देख्ने प्रयत्न गर्दै त्यो अगाडि बढ्दै जाओस् र एवम् प्रकार अभ्यास् बढ्दै गएपछि हृदयबाट समस्त कामनाहरु हट्दै गई वैराग्य उत्पन्न हुन्छ अनि त्यो योगको असली स्वरूप आत्मा तत्व साक्षात्कार प्रकट हुन्छ ।

जुन वखत त्यो पुरुष सम्पूर्ण कामनाको त्यागी आफु आफैमा सन्तुष्ट रहन्छ र त्यसको आत्माबाटै आत्मामैं सन्तुष्ट भएको स्थिर बुध्दिवालाभै त्यो ब्रम्हमा स्थिर हुन्छ । यसरी आत्मा मै लगेर निश्चल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गराएपछि उसलाई वाह्य सुखको आवश्यकता नरही आत्मा सुखले नै तृप्त भै तेसले अमृत ब्रम्ह भाव पाउँदछ । यस्तो मुनिलाई स्थिर बुद्धिवाला भन्दछ ।

जहाँसम्म प्रारब्ध कर्म छ त्यहाँसम्म आध्यामिक आदि भौतिक आदि दैविक यी ३ प्रकारको दुःख भै रहन्छ अज्ञानी मानिस यसमा परेर आतिन्छ स्थिर बुद्धिवालालाई पनि यो दुःख त हुन्छ तर यो केवल मनको धर्म हो भनी त्यसमा आत्तिन्दैन ।

देहमा अहम् र धन परिवारमा ममत्व बुद्धि जहाँसम्म रहन्छ त्यहाँसम्म भय भै रहन्छ स्थिर प्रज्ञमा यो दुवै नहुने भै उनी अभयमा रहन्छ । यस्तो स्थिर बुद्धिवाला मुनि दुःखमा धीर विषयमा अनाशक्त न्यायमा निर्भय अपराधीमा अक्रोध भएर शुभ-अशुभ जुन प्राप्तिमा पनि प्रसन्न भै सुख- दुःखलाई समभावले भोगी सबैसंग बोलचाल पनि गर्दछ र त्यस्ताले आफ्नो इन्द्रियलाई बस समेत गरी बाहिरी विषय र भित्री राग समेतलाई निवृत गराउँदछ ।

इन्द्रियद्वारा विषयको ग्रहण नगर्ने पुरुषको पनि यो विषयलाई त निवृत हुन्छ तर भित्री विषय राग चाहिं त निवृत्ति हुँदैन अज्ञानी त अनुकूल विषय मिले हर्ष नमिले दुःख मान्छ ।

युक्ताधारद्वारा बुद्धिलाई निर्मल गराई ब्रम्हतत्वमा अग्रसर हुनु मनुष्यको पहिलो कर्तव्य हो । भोक भोकै सुकाएर कठोर तपस्या

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गराउने गीताको अभिप्राय: नभै माथि बताएअनुसार अध्यात्मक तत्वको उच्च शिखरमा चढाउने उद्देश्य हो ।

(६१ नं श्लोकदेखि ६९ नं सम्मको टिका र तात्पर्य)

आफ्नो शत्रु मित्र आफ्नै इन्द्रिय भएकोले जहाँसम्म चित्त चंचलता रहन्छ त्यहाँसम्म इन्द्रिय बशमा आउँदैन । त्यसकारण त्यो इन्द्रिय उपर जबरजस्ती नगरी अभ्यासद्वारा क्रमश चित्तलाई आत्मा तत्वमा लगाई त्यो आत्मातत्व साक्षात्कार भएपछि विषय वासना स्वयम् छुट्दछ र चित्त शान्त भै इन्द्रियहरु आफै-आफ चंचल हुन छोड्छ । इन्द्रियहरु चित्त (मन) का इशारा नपाई कदापि चल्दैन । त्यो चित्तको विषय संस्कारलाई छुटाउन सोही आत्मा तत्वको साक्षात्कार गर्नु सो गर्न मुख्य सर्वैमा सम्भावको अभ्यास गर्नु प्रधान कर्तव्य हो । त्यस्तो सम्पूर्ण इन्द्रियलाई वशमा राखी समाहित चित्त हुने योगी मैमा स्थित हुन्छ । त्यसकारण त्यो इन्द्रियलाई वशगरी भगवान बासुदेव परायण होस् भक्त-लाई कुनै विघ्न पनि हुन सक्तैन । यो ज्ञान मार्गका ढंगबाट बताई फेरि भक्तिमार्गबाट बताउँदैछ । भगवानलाई नै सर्वाधार मानेर मन; क्रम, वचनबाट भगवानकै सेवामा तत्पर रहनु ।

त्यसरी मेरैमा परायण भएन भने मनको द्वार विषयको चिन्तन हुन गै त्यो विषयको आशक्तिले कामना- त्यो कामना पुगेन भने क्रोध उत्पन्न भै क्रोधले मूढ भाव उत्पन्न भै अविवेकी र स्मरण शक्तिमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समेत भ्रमित हुन जान्छ र त्यसबाट बुद्धि र ज्ञानको शक्तिलाई नाश गरी आफ्नो श्रेय साधनबाट गिरी जान्छ । त्यसकारण काम, संकल्पबाटै पैदा हुन्छ त्यो संकल्प नै नगरे पछि त्यो काम त्यसै निमू ल हुन्छ । त्यसकारण संकल्प त्यागद्वारा काम, काम त्यागद्वारा क्रोधादिमा विजय पाउनु पर्दछ । यसमा नलागि विषयमै लागे त्यसलाई कहिले पनि तृप्त नहुने कामरुपी शत्रु जन्मी त्यो काम नपुगे क्रोध उत्पन्न भै यो गर्ने नगर्ने भन्ने कुनै ख्याल नराखी मन पर्दो गर्दछ यसैलाई मोह या अविवेक भन्छ । सो विवेक विचार नै मनुष्यमा मनुष्यत्व हो । त्यो अविवेकी हुनु मृत्युभन्दा कमी होइन । आफ्नो अन्तकरणलाई वश गरेको योगी विषयलाई भोगे पनि राग द्वेशरहित भएर शान्तिजन्य प्रसन्नता पाउँदछ । त्यस्तोको समस्त दुःख नाश हुन्छ जसको चित्त प्रसन्न छ उसको बुद्धि आत्मामा चाँडै स्थिर हुन्छ । यस्तो पुरुष एक ज्ञान योग दोस्रो कर्म योग दुई मार्गबाट जान्छ ।

ज्ञान योगबाट पुगेकालाई उनको निम्ति कर्तव्य शेष रहेको हुँदैन जो कर्मयोगबाट पुगेकाछन् । उनमा कर्मको वेग रहेकै हुन्छ । ज्ञाननिष्ठ योगीले पनि लोक हित कर्म गरेकै देखिन्छ । कर्मयोगवालाको आफ्ना निमित्त कर्तव्य शेष नरहेतापनि परार्थ कर्तव्य शेष रहेकै हुन्छ । वास्तवमा राग द्वेश नै बन्धनको मुख्य कारण हो । सो नभएपछि चित्त स्वभावैले स्थिर हुन्छ त्यस्तो स्थिर बुद्धि नभएको पुरुषको हृदयमा श्रेष्ठ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बुद्धि हुँदैन त्यसलाई शान्ति पनि मिल्दैन जहाँसम्म आत्मानन्द मिल्दैन त्यहाँसम्म त्यसलाई विषय सुखबाट पूर्ति कहिले हुँदैन किनकि विषयमा जाने इन्द्रियको जो मन पछि पछि लाग्दछ त्यस मनले हावाले जलमा नौकालाई झैं पुरुषको बुद्धिलाई हल्लाई दिन्छ त्यसकारण मनरूपी लगामद्वारा इन्द्रियरूपी घोड़ालाई कुमार्ग गामी हुन नदिई मन सहित इन्द्रियलाई आत्म वश गराउनु यस्तो गर्न सक्ने गृहस्थ या अगृहस्थ जे भएपनि त्यो महात्मा हो ।

सम्पूर्ण प्राणीको रात हो त्यो तत्व दर्शी मुनिको दिन— सम्पूर्ण प्राणीको दिन हो त्यो मुनिको रात हो । रात्रीमा अन्धकार हुन्छ त्यो अज्ञान हो दिनमा उज्यालो हुन्छ त्यो ज्ञान हो अर्थात जुन कुरामा अज्ञानीहरू लिप्त भएका छन् त्यो रात त्यसमा ज्ञानीहरू विरक्त हुन्छन् त्यो दिन भनेको हो । त्यसैले यो योगी र भोगीमा दिन र रातको फरक छ भनेको हो ।

(७० नं श्लोक देखि ७२ नं सम्मको टिका र तात्पर्य)

नद नद्याड़ीका जल समुद्रमा प्रवेश भए झैं समस्त कामनाहरू जसले आफ्ना आत्मामा प्रवेश गर्दछन् र ललचा ममतारहित व्यवहार गर्छन् त्यसले शान्ति पाउँदछ विषय इच्छा भएकोले पाउँदैन ।

स्थित प्रज्ञ योगीको तुलना समुद्रकासाथ छ किनकि अतिकति पानी वर्षन्दैमा उम्लेर आउने नवर्षन्दैमा सुकेरजाने खोला नाला जस्तै यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न भै समुद्रजस्तै सधैं एकै नाश गम्भीर भएर भिन्न भिन्न विषयका धाराहरू उनका हृदय समुद्रमा गएर लय हुन्छ त्यहाँ कुनै चंचल विकारहरू उत्पन्न हुँदैन हे अर्जुन ! यो ब्रम्ह विषयका अवस्था हो यसलाई पाए पछि त्यो मोहित हुँदैन । निर्माण ब्रम्हलाई पाउँछन ।

शान्ति विना सुख छैन । सुखको मूल नै शान्ति दुःखको मूल नै अशान्ति हो । शान्ति भन्ने कहिबाट प्राप्त हुने होइन । स्वयम् सिद्ध सबैका हृदयमा पहिले देखि नै रहेको हो । तर बाहिरको आन्दोलित वातावरणले प्रायः भङ्ग भै रहेछ त्यो शान्ति स्थापनाको निमित्त यी ३ गुणको विकास हुनुपर्दछ ।

(१) समस्त कामनाको त्याग (२) कसैमा प्रीति नहुनु (३) ममता कत्तिपनि नहुनु ।

मैंले यस्तो काम गरे भनी अहंकार नगरी सान्नै हुनु यस्तो कर्मयोगीले समस्त विश्वलाई नै आफ्नै ठान्दछ र विश्व हित नै उसको स्वार्थ हो । यस्तो अवस्था देहको अन्तमा पनि रह्यो भने निर्माण ब्रम्हलाई पाउँदछ । किनकि जुन जुन भाव अन्तकालमा रहन्छ त्यो त्यही भावमा पुग्दछ । यही कर्म योग र ज्ञान योगको अन्तिम भूमि हो ।

इति सांख्ययोग नाम दोश्रो अध्याय समाप्त भयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तेश्रो अध्याय

(१ नं. श्लोक देखि १० नं. सम्मको टिका र तात्पर्य)

कर्म-उपासना- ज्ञान- यी ३ गीताको प्रधान विषय हुन् । पूर्व संगतीबाट आत्मा अजर अमर भै मार्ने मर्ने भन्ने झुट्ठा हुँदा युद्ध गर भन्ने र समत्व बुद्धिपूर्वक गर्ने उपासना या भक्ति मार्गमा समस्त कर्मको फल परमेश्वरलाई अर्पण गर्ने व्यक्ति पाप पुण्यबाट लिप्त हुँदैन । फेरि आफ्नुर कर्मद्वारा परमेश्वर कै आराधना गरेपनि यथोचित सिध्दि मिल्दछ भनी भगवानले समत्व बुध्दि योग कै प्रसंशागर्न भै त्यो भन्दा कर्म साह्रै निकृष्ट छ भन्नु भएबाट अर्जुनलाई संसय भई कर्मको आगे समत्व बुद्धि नै श्रेष्ठ हो भने यो हिंसात्मक घोर कर्ममा किन लगाउनु हुन्छ एउटा निश्चय गरी भन्नु होस भनी अर्जुनले सोधेकोमा श्री कृष्ण भन्नु हुन्छ-"ज्ञानीलाई ज्ञान योगबाट योगीलाई निष्काम कर्म योगबाट सम्पूर्ण क्रियामा कर्तापनाको अभिमानरहित परमात्मा मै स्थितरहि समस्त कर्मलाई त्यागेर साधन सम ङमाड़ी र श्रवणादि स-मेतको अभ्यासद्वारा आत्मानात्म विवेचना पट्टि लाग्नु यो सांख्य योग तथा ज्ञान योग हो । यसलाई निवृत्तिमार्ग पनि भन्छ ।

फल औ आशक्तिलाई त्याग गरी केवल भगवत अर्थ समत्व बुद्धिले कर्म गर्नेको नाम निष्काम कर्म योग हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निहित कर्महरू नत्यागी त्यसको फल मात्र त्यागेर सुख दुःखमा सम बुद्धि राख्नु यो समत्व योग भनेको प्रवृत्ति मार्ग हो ।

ज्ञान भएपछि समस्त कर्म त्यागी आत्मानन्द मै निमंग्न रहनु ज्ञान–निष्टा हो । त्यसले पनि लोक संग्रहार्थ कर्म गरी रहनु कर्मनिष्टा हो । यो प्रवृत्ति र निवृत्ति यी २ मार्ग मनुष्यको श्रेय प्राप्ति निमित्त हो ।

सुक सनक याज्ञ वलक्यादि महात्माहरू ज्ञान मार्गबाट ज्ञान-निष्टामा व्यास वशिष्ट जनकादि कर्म मार्गबाट कर्मनिष्टामा पुगेका थिए ।

कर्मको आरम्भ नगर्दै निष्कर्मता कसैलाई मिल्दैन केवल कर्म त्या–गबाट पनि सिद्धि पाँइदैन जहाँसम्म शरीर रहन्छ त्यहाँसम्म कर्मको त्याग हुन सक्तैन । निष्काम कर्मद्वारा हुनुपर्ने चित्त शुद्धि नभै नैष्कर्म सिद्धि कसरी होला । त्यसकारण कर्मलाई नत्यागी फललाई मात्र त्याग्नु नै नैष्कर्म सिद्धिको सुगम पन्थ हो ।

प्राणीहरू केही न केही चेष्टा(कर्म)नगरी एक छिन पनि बस्न सक्तैन प्रकृत्तिका गुणले सबैलाई आफ्न् गुण अनुसार प्राप्त भएका कर्म जबर्जस्त गराइएरै छोड्दछ ।

सत्व रज तम यो ३ प्रकृतिका गुण हुन् । यिनै गुणका विकारद्वारा देह इन्द्रिय मनको संघात बनेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकृति र उसको गुणहरू पनि चल्त छ यसैले प्रकृतिका गुणद्वारा बनेको सृष्टि नै चल छ। त्यसकारण कुनैले पनि अचल विष क्षय भएर बस्छु भन्नु मूर्खता मात्र हो। मूढ बुद्धिवालाले बाहिरबाट कर्मेन्द्रिलाई रोकेर मनले ज्ञानिन्द्रियका विषयलाई चिन्तन गरी रहन्छ त्यो मिथ्याचार हो जसको चित्तबाट मलिन वासना गएको छैन भने त्यसले बाहिन्द्रिय तपस्यीका कर्म मौनी ध्यानी बन्नु यो साँचो योगी होइन। विवेकयुक्त मनले इन्द्रियलाई सम्यममा राखेर तिनै वाह्येन्द्रिय कर्ममा लगाउने साँचो योगी हो।

जो मनुष्य इन्द्रियलाई मनले रोकेर कर्मिन्द्रियद्वारा कर्म योग गर्दछ त्यो आशक्तिरहित व्यक्ति पूर्ववत्तायभन्दा विशेष योग्यता मानेको छ। संसारका कुनै वस्तुमा बन्धन रहेको छैन किन्तु त्यस त्यस विषयमा रहेको मनको आशा नै मुख्य बन्धन हो।

शास्त्र विधिले बताएको स्व- धर्म कर्म गर्नु पर्छ किनकि अकर्म भन्दा कर्म गर्नु श्रेष्ठ छ।

शरीर रहुन्जेल कर्म छुन्ने भएर बस्न सक्दैन शारीरिक या व्यर्थ चेष्टारुप कर्महरू भै रहन्छ। मनुष्य संसारमा आउँदा केही न केही अधिकार लिएरै आउँछ। सो अनुसारको कर्तव्य अवश्यै हुन्छ। त्यसकारण प्रकृत्तिसंग विरोध नगरी उसैका अनुकूल वातावरणमा क्रमशः उन्नती गर्दै गए अन्तमा परम श्रेयको भागी हुन सक्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यज्ञका निम्ति गर्नें कर्म र अरू सत्कर्म बाहेक अरू कर्महरू बन्धनको हेतु हुन् ।

यज्ञ शब्दको अर्थ ब्रम्ह, यज्ञादिहरू समेत स्वाहा स्वधा कर्म मात्र नभै जुन देश काल प्रकृत्तिमा उत्पन्न हुन्छ तदनुसार आफ्ना अधिकारानुप जुन कर्तव्य प्राप्त हुन्छ त्यो पालना गर्नु समेत यज्ञ हो । यसलाई नियत कर्म पनि भन्छ ।

ब्रम्हादिले सृष्टिको आदिकालमा यज्ञले सहित प्रजा वर्ग सृष्टि गरे र भन्नु भयो– तिमीहरू यस यज्ञद्वारा बृद्धिमा प्राप्त होऊ । यो यज्ञले चिताएको वस्तु दिइनेछ ।

(११ नं. श्लोक देखि १९ नं. सम्मको टिका र तात्पर्य)

यज्ञले देवताहरूलाई खुशी गराउ । देवताले तिमीहरूलाई चित्ताएको कुरा दिइनेछ । त्यो दिएको भोग उनीहरूलाई अर्पण नगरी जो स्वयं भोग्दछ त्यो चोरै हो । त्यो अर्पण गरेर बचेको ग्रहणगर्नें व्यक्ति समस्त पापबाट छुट्दछ । जो आफ्ना निमित्त मात्र पकाई खाइन्छ त्यसले पापै खायो त्यसकारण अतिथिलाई दिइ बचेको खानु अमृत तुल्य हो ।

अन्नबाट प्राणी उत्पन्न हुन्छ अन्न बृष्टिबाट हुन्छ । बृष्टि यज्ञबाट हुन्छ यज्ञ कर्मबाट उत्पन्न हुन्छ कर्म प्रकृत्तिबाट । प्रकृत्ति पर-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मात्माबाट उत्पन्न भएको छ । त्यसकारण व्यापक प्रकृत्ति परमात्मा सदा यज्ञमा रहेको हुन्छ ।

यस्ता प्रकारले जगत हितका निमित्त परमेश्वरद्वारा चलाएको शास्त्रानुसारको कर्मलाई जसले चलाउँदैन त्यसको आयु पाप रूप हो । त्यसको जीवन व्यर्थ हो ।

धर्म शास्त्रमा पंच महायज्ञको बर्णनः–

पंच महायज्ञ पढ्नु, पढ़ाउनु ब्रम्ह यज्ञ पितृ तर्पण तथा श्राद्ध गर्नु पितृ यज्ञ । अग्निमा होम गर्नु दैव यज्ञ बिश्वका अज्ञात देवता तथा पशुपंक्षिहरूलाई आहारा दिनु भूत यज्ञ अतिथिलाई भोजन गराउनु मनुष्य यज्ञ कहिन्छ, यिनलाई नित्य कर्म भनेको छ ।

अग्निमा हवन गरेको आहुतिको शुष्म अंश सूर्यमण्डलमा गएर रहन्छ । त्यही आहुति बृष्टि रूपमा परिणत भै वर्षाकालमा जल बर्षन्छ त्यसबाट अन्न, अन्नबाट प्रजाहरु उत्पन्न र पालन हुन्छ । परन्तु आत्मा मैं सन्तुष्ट जो छ त्यसको लागि न केही पनि कर्तब्य बाँकी र कुनैमा सम्बन्ध रहेको छैन । तापनि लोकहितको निमित्त कर्म गर्नै गर्छ । त्यो ज्ञानी-लाई आत्मारतिको अवस्था बढ्दै गएपछि त्यो कर्महरु स्वयम् छुट्दै जान्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२० नं; श्लोक देखि २५ नं सम्मको टिका र तात्पर्य)

"ज्ञानको ७ भूमिका"

(१) असल कामका निमित्त हुने असल इच्छा यसबाट सम दमादि ४ साधनले सम्पन्न भएको हुनु पर्दछ ।

(२) वेदान्त शास्त्रको श्रवण मनन हुनु ।

(३) तनु मानमा श्रवण मननद्वारा निश्चित एकाकार बृत्ति अर्थात ध्यान हुनु ।

(४) ब्रम्हको साथ आत्माको एकत्व ज्ञान भै संसारलाई स्वप्न जस्तै देख्नु ।

(५) अद्वैत स्थिर भएपछि सकल द्वैतबाट शान्त भै जगत स्वप्न तुल्य देखि ब्रम्ह ज्ञानी हुँछ ।

(६) पाँचौ भूमिकामा पुगेर अनि कर्मैले छैटौं गाढ़ सुषुप्तिमा जान्छ र कर्महरु स्वयम् छुट्न जान्छ । यस अवस्थामा वाह्य पदार्थको भाव हुँदैन यो योगी विदेह मुक्ति हो ।

(७) यसलाई क्षणभर पनि देहको केही वास्ता हुँदैन । जस्तै अमलले मस्त पुरुषको आफ्नो शरीरको केही वास्ता हुँदैन त्यस-कारण निःस्वार्थपूर्वक निरन्तर कर्तव्य कर्म गर्ने गर यस्तै निः-स्वार्थ कर्मद्वारा नै जनकादि ज्ञानीहरु परम सिद्धिको प्राप्त गरे-कोले लोक शिक्षाका निमित्त पनि तिमिले कर्म गर्न मनासिब छ भनी अर्जुनलाई भगवानले भन्नु भयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जुन काम गर्नाले जगतको धारण पोषण हुँछ त्यो लोक संग्रह हो जस्तै कुनै अन्धा खाल्टोमा पर्न लाग्यो वा कुनै भीड़बाट खस्न लाग्यो भने आँखा देख्ने वा कुनै बलियोले आफ्नो शक्ति अनुसार बचाउनु पर्दछ। सो नगरे त्यो दोष त्यसैलाई लाग्दछ। त्यस्तै बेइलमीलाई इलम दिनु अज्ञानीलाई ज्ञान दिनु पाप गर्नेलाई त्यसबाट बचाउनु दुःखी दरिद्रलाईसकेको दिनु या त्यसको मद्दत गर्नु।

यस्तै लोक संग्रहको अरुहरु पनि गर्नेगर्नु किनकि श्रेष्ठ पुरुषहरुले जो जो आचरण गरी देखाउँछ अरुले पनि त्यस्तै गर्छ त्यो आचरण नै शिष्टाचार हो आफूलाई कर्तव्याकर्तव्यको कुनै सन्देह भएमा त्यो श्रेष्ठ पुरुषहरु त्यस कार्यमा जस्तो गर्छ त्यस्तै गर्नु किनकि हे अर्जुन ! मलाई तिनै लोकमा केही गर्नु पर्ने कर्तव्य छैन तैपनि म कर्म गर्दछु म नलागु ता सबै प्राणी पनि मेरो अनुसार कर्म गर्दैन अनि सो कर्म नाशद्वारा यी प्राणी पनि नाश हुन्छ। अनि सो नाश गर्ने मै ठहरिन्छ। जस्तै भारतको युध्दमा भगवान कृष्ण सतर्क नभए अन्यायीहरुबाट धर्म नीतिमा हानी पुग्ने भै त्यो सतर्क भएको केवल लोकहित हो। हे अर्जुन ? फलमा आशक्त भै कर्म गर्नेहरुले जस्तो गरिन्छ ज्ञानीले पनि लोकहितको निमित्त त्यस्तै कर्म गरोस्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२६ नं देखि ३३ नं सम्मको टिका तात्पर्य)

ज्ञानी पुरुषले अज्ञानीको बुध्दिमा भ्रम हुन नपाओस् । कर्ममा श्रध्दा नछुटोस् भन्ने हेतुले नै म स्वयम परमात्मा भएर पनि कर्म गरी अरूलाई पनि गराउँदछु भनी भगवानले भन्नु भयो तर पहिला श्रेणीका लागि माथिल्लो श्रेणीको पाठ पढ़ाउनु नमिले जस्तो भर्खर शुभ संस्कारको उदय भै कर्म मार्गमा कदम राखेका साधकलाई सोही लाइन बाटैं बढ़ाउँदै नगई एकदम केही पनि छैन सबै ब्रम्है ब्रम्हमात्र हो भनी उपदेश दिनु पनि मिल्दैन ।

सम्पूर्ण कर्म प्रकृतिका गुण देह इन्द्रियद्वारा गरिन्छ तापनि अहं-कारले मोहित भएकाले त्यो कर्म आफैले गरेको ठहराउँछ ।

गुण भनेको प्रकृतिको सत्व रज तमो गुणका परिणाम देह इन्द्रिय अन्तकरण आदि हुन् । कर्म भनेको यिनैका चेष्टाहरु हुन् । यी दुवैदेखि भिन्न आत्मा हुनाले ती विभाग हो । यसरी गर्ने गराउने सबै प्रकृतिलाई नै ठहराएर्छि त्यो पुरुष त्यो प्रकृतिको कुनै खेलमा पनि आशक्त हुँदैन । समस्त बन्धन बाट, मुक्त हुँछ । त्यो प्रकृतिका गुणमा मुग्ध भै अन्तः शुध्दि नभएका देह इन्द्रियलाइ नै आत्मा मानेका पुरुषलाई उपासना ज्ञान आदि कुनैमा पनि अधिकार हुँदैन । त्यस्ताले निष्काम कर्म अनिवार्य छ । समस्त प्राणीको आत्मालाई नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परमात्मा जान्नु अध्यात्मक बुध्दि हो। यही भावले समस्त कर्महरु-लाई जगत जनार्दनका सेवामा अर्पण गरेर फलमा कामना, धनमा ममता पिनको वियोगमा शोक, यी ३ नै कुरालाई त्यागी कर्तव्यपरायण हुनु कर्म योगको स्थिति यही हो। ज्ञान मार्गीले पाउने मुक्ति यसले पनि पाउँदछ। जो यो मेरो मतलाई श्रध्दापूर्वक अनुस्थान गर्दछ तिनीहरु पनि ज्ञानीका झैं कर्म बन्धनबाट छुटि्ट कर्मद्वारा उत्पन्न भएको भव बन्धन कर्मद्वारा छुट्दछ जस्तै आगोले पोलेमा आगो मैं सेकेपछि वेदना शान्त हुन्छ। यसकारणले यो उपायलाई छोडेर अरू उपाय गर्नु पनि पर्दैन।

जो मनुष्य यो मेरो मतलाई निन्द्रा गर्छ अनुस्थान गर्दैन त्यसलाई नाश भएको जान। त्यसको उपाय कुनै प्रकारबाट पनि छैन। ज्ञानी पनि आफु प्रकृतिकै अनुसार चेष्टा र प्राणी पनि प्रकृतिकै अनुशरण गर्दछ। सो प्रकृति उपर कसैको जबर्जस्ती चल्दैन। मनुष्यले जे जे काम गर्दछ त्यसको शुष्म संस्कार अन्तकरणमा अङ्कित भै यसको अनुरूप जन्मान्तरणमा प्रकृति बन्दछ। वास्तवमा देह इन्द्रियका जति भोक, तिर्खा, निन्द्रा, इच्छा, द्वेश आदि आन्तरिक र बाह्य चेष्टाहरू छन् ती सबै प्रकृतिकै धर्म हुन्। यो ज्ञानी अज्ञानी कसैले रोक्न सक्तैन। यसलाई हथपूर्वक दबाउनेमा नलगी त्यसलाई सन्मार्गमा लगाएर सदुपयोग गर्ने गर्नु पर्दछ। सो प्रकृति या

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वभाव प्रत्येक व्यक्तिमा केही न केही भिन्न भिन्न हुन्छ । ज्ञान भै सकेपछि पनि आफ्नु प्रकृति तथा स्वभाव छुट्दैनन् जस्तै दुवासा क्रोधी नारद छुल्याहा ।

(३४ नं; श्लोक देखि ४३ नं. सम्पको टिका तात्पर्य)

कर्मगर्दा ख्याल राख्नु पर्ने कुरा

इन्द्रिय र इन्द्रियका विषयमा राग र द्वेश रहेका छन यसको वशमा नपर्नू यो कहिले तृप्त नहुने आफ्नो कल्याण मार्गमा विघ्न गर्ने महान शत्रु हुन् ।

जुन वस्तुमा आफूलाई अनुकूल हुन्छ । त्यसमा राग जुनमा प्रतिकूल हुन्छ त्यसमा द्वेश हुने भै त्यो वस्तुमा राग अर्थात आशा पनि नराख्नू त्यो वस्तु मिलेन भनी खिन्न पनि नहुनु त्यो मिले पनि नमिले पनि दुवैमा समानता राख्नू ।

यही राग द्वेशले गर्दा कुकर्ममा प्रवृत शु–कर्ममा निवृत्त हुन्छ । इन्द्रियहरूमा राग द्वेशको अखडा छ यसैले इन्द्रिय र विषयको संयोग हुना साथ अनुकूल या प्रतिकुल बुद्धि उत्पन्न हुन्छ त्यसैले सत संगत र शास्त्र श्रवण द्वारा आफ्नु हिता हितलाई ठहऱ्याई पर धर्म गुणी-कार भएतापनि आफ्नै स्व–धर्मको आचरण गर्नु आफ्नु अधिकारा-नुसार प्राप्त कर्तव्यनै स्व–धर्महो जुनसुकै समाजमा पनि शीक्षा रक्षा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्पादन तथा कला कौसला यी ४ विभाग हुन्छ । कर्तव्य र धर्म देश काल अनुसारनै हुनुपर्छ । धर्मको रक्षा गर्नेलाई सो- धर्मले यिनलाई पनि रक्षा गर्छ ब्रम्हाजीले यस सृष्टिको रक्षा निमित्त ब्राम्ह- णादि वर्णको भिन्न भिन्न कर्म बनाउनु भयो ।

अर्जुनले कृष्णसंग सोध्दछ अनर्थको कारण जानी जानी पनि कस्को प्रेरणाबाट मनुस्यले पाप गर्दछ ।

श्री भगवान भन्नु हुन्छ यो प्रेरणा गर्ने काम क्रोध हो । कामना रूपी वीषयोप भोगले कैलेपनि शान्त हुन्दैन त्यसले उचित अनु चितको पध्दतिलाई समेत छोडि दिन्छ र त्यो कामलाई आफ्नु ह(थानेर रातो दिन त्यसैको पूर्तिमा लागिरहन्छ । यही कामनालाई महा पापी भनेको छ । जस्तै अग्नि धुवाले ऐना मयलले ढाके जस्तै कामनाले ज्ञानलाई ढाकेको छ । स्थूल शरीर उत्पन्न हुनु भन्दा पहिले-काम- शुष्म रूपले रहेको हुँछ स्थूल शरीर प्राप्त भै बिषयको चिन्तन भए पछि त्यही काम शुष्मबाट स्दूल रूपमा परिणत हुँछ र त्यही काम विषय भोग कालमा आउछ ।

ज्ञानीको परम शत्रु अग्नि जस्तै कहिले नअघाउने तृष्णा रूपी काम हो विषयी पामरलाई यो थाहा नभै त्यसैलाई मित्र थानी त्यो कामना बढाउँदै गई आफ्नै अन्तकरणमा रहेको कामना शत्रुले विवेक सुन्ने गराएर अनिष्ट मार्गमा प्रवृत्त हुन जान्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कामरूपी शत्रु रहने ठाउँ इन्द्रिय मन बुद्धि हुनाले इन्द्रिय द्वारा विषयको दर्शन मनद्वारा संकल्प तथा बुद्धि द्वारा निश्चय हुँदा, कामनाको आविर्भाव विषय रूपले हुन थाल्दछ यही काम रूपी शत्रुले जीवको उपर आक्रमण गरेर त्यसको ज्ञानलाई छिन गराई मोहित गरी दिन्छ ।

त्यस कारण हे अर्जुन तिमी पहिले इन्द्रियलाई कब्जामा राखी त्यो काम रूपी शत्रुलाई ज्ञान रूपी तरवारले मार । त्यो काम रूपी रागको त्याग बीना परमात्माको दर्शन हुन सक्दैन ।

पर शब्दको व्याख्या

स्थूल देह भन्दा इन्द्रिय पर छन् । इन्द्रिय भन्दा मन, मन भन्दा बुध्दि पर छ । जो बुध्दि भन्दा पनि पर छ त्यो परमात्मा हो । त्यो परमात्मा यो जीव, इन्द्रिय मन बुध्दि सबैभन्दा अलग्ग र पर रहेको हुनाले यसलाई परमात्मा भनेको हो ।

इन्द्रिय विषयको प्रकाश र सुक्ष्म हुनाले स्थूल विषयभन्दा सुक्ष्म र पर छन् मन इन्द्रियको प्रेरक हुनाले इन्द्रिय भन्दा श्रेष्ठ र पर छन् । मनले गरेको कच्चा संकल्प विकल्पहरूलाई निश्चय गर्ने त्यो मनलाई पनि रोक्ने र छोड्ने जुन बुध्दिको अधिकारमा रहने त्यो मन भै त्यो मन भन्दा बुध्दि ठूलो र पर छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्मा बुध्दिको दृष्टा हुनाले बुध्दिभन्दा पनि पर र सुक्ष्म तथा बलवान औं श्रेष्ठ छ। जसको दर्शन हुनासाथ मनमा रहेका सुक्ष्म काम वासनाहरू नष्ट हुन्छन् त्यसभन्दा पर अर्को छैन।

यस्तो आफ्नो आत्मालाई जानी आफूले आफूलाई स्थिर गरेर यो कामरूपी शत्रुलाई मार।

ईति कर्मयोग नाम तेश्रो अध्याय समाप्त।

चौथो अध्याय

(१ नं. श्लोकदेखि १० नं. श्लोकसम्मको टिका तात्पर्य)

श्रीकृष्ण भन्नु हुन्छ हे अर्जुन! मैले यो अविनाशी फलदाता कर्म योग अघि आदि कल्पमा सूर्यलाई सूर्यले आफ्नु पुत्र मनुलाई मनुले आफ्नु पुत्र राजा इच्छाकुलाई बताएको हो। यस्तो परम्पराप्राप्त उत्तम र रहस्यमय यो योगलाई पछि मुनी आदि राजर्षीहरूले पनि जाने। अहिले त्यो योग धेरै कालदेखि हराई लुप्त भएको बेला मेरो भक्त र प्रिय सखा हुनाले मैले तिमीलाई भने।

अर्जुन भन्नुहुन्छ "तपाईंको जन्म अहिले यस वर्तमान युगमा भएको छ। सूर्यको जन्म उहिल्यै सृष्टिको आदिकालमा भएको थियो। धेरै कालको अन्तर हुनाले तपाइले यो उपदेश गर्नु भयो भन्नेकुरा म कसरी पत्याऊं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीकृष्ण भन्नुहुन्छ हे अर्जुन तिम्रो र मेरो धेरै जन्म भै सक्यो त्यो सबै म जान्दछु तिमी जान्दैनौ ।

(तात्पर्य) इश्वर सर्वज्ञ जीव अल्पज्ञ छ अविद्याले गर्दा जीव बारम्बार जन्मेर पनि जन्मान्तरको वृतान्त थाहा पाउँदैन । ईश्वर अविद्या मलरहित हुनाले अलुप्त ज्ञानवाण छ ।

म अविनाशी जन्मरहित हूँ तथापि आफ्नै प्रकृतिलाई अधिन गरेर आफ्नै मायाले जन्म लिन्छु ।

(तात्पर्य) जन्मनु मनु धर्मा धर्मको उत्पति अहंकारपूर्वक र फलाशक्तिलाई लिई गरेका कर्मद्वारा हुन्छ सो कर्म नभएमा जन्ममरण हुँदैन श्रीकृष्णको जो शरीर हाम्रो जस्तो पाप पुण्य मिश्रणको भौतिक देह होइन तर यो तिमीले देखेको मेरो शरीर मायाद्वारै बनेको हो ।

हे अर्जुन ! जुनवेला धर्मको हानी अधर्मको बृध्दिहुन्छ त्यसर वेला म आफूलाई आफै सृष्टिगरी आफ्नो स्वरूपको प्रकट गर्दछु ।

(तात्पर्य) सृष्टिकाल देखि जगतको स्थितिको निम्ति प्रवृत्ति र निवृत्ति २ किसिमको धर्म प्रचलित भएको छ । त्यसको वखत भए-पछि समाजमा आफै अधर्महरू प्रकट हुन्छ । अनि नीतिको मार्ग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखाउने अत्याचारको नाश गर्ने प्रभावशालीको उत्पति हुन्छ । यिनी-हरू नै ईश्वरी अवतार हुन् । जस्तै म श्रीकृष्ण, श्रीराम, शंकराचार्य, अन्य महात्माहरु यीं पुरुषहरुले गरेको आचार नै हाम्रो लागि अनु-करणीय हुँछ ।

शास्त्रमा लेखिएको छ परमेश्वरका कलाहरु पात्रानुसार कहि कम कहि बेसी भएर सर्वत्र व्याप्त छन् । जति जति कलाहरूको बृध्दि हुँछ उति उति इश्वरीय शक्तिको विकास हुँछ । १६ कलामा अर्थात हाम्रो १६ हिस्सा भने जस्तो त्यो १६ कलामा १) कलाको विकास वृक्ष वनस्पतिमा २) कला पसिनाबाट र पृथ्वीको वापबाट पैदा हुने छुद्रहरूमा ३) कला–फूलबाट पैदा हुने पंछिमा ४) कला–पशु आदिको योनीमा हुँन्छ । साधारण मनुष्यमा ५) कला र विशेष प्रभावशाली दैवीय गुण सम्पन्नव्यक्तिमा दैवी गुणका तारतम्यले ६ कलादेखि ८ कला–सम्मको विकास हुँछ । ९ कलादेखि अगाड़ि विकास भएपछि उसमा अति मानव कर्महरु प्रकत हुन्छन् । यसैले उ इश्वरावतार मानिन्छ । यसमा पनि १५ कलासम्मको अंशावतार १६ कला पूर्ण भएपछि पूर्णावतार मानि-छ । त्यो परमेश्वर मायाका शक्तिले एक भएर पनि अनेक देखिनु हुन्छ ।

परमेश्वरका अवतार कहिंबाट आउने र प्रवेश गर्ने होईन किन्तु परमे-श्वरका उपयुक्त कलाहरु सूर्यका किरण झैं सर्वत्र व्याप्त छन् जस्तै सूर्यका किरण सबै ठाउँमा भएर पनि जहाँ सूर्यकान्त मणिको संयोग छ त्यही मात्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अग्नि प्रकट हुन्छ । त्यस्तै जहाँ धर्मको ग्लानी अधर्मको बृध्दि हुन्छ त्यही केन्द्रमा कुनै परिस्थिति सुहाउँदो रूपमा ईश्वरीयशक्तिको विकास हुन्छ । सर्वसाधारणका बुध्दिमा यो अवतार वादको रहस्य पस्दैन । दशऔ चौबीस अवतारमात्र ठहऱ्याउँदछन् ईश्वरको सयकड़ौं अवतार छ त्ये अवतार निर्गुण निराकारबाट सगुण साकारमा भएको हो ।

सो अवतार साधुहरूको उध्दारगर्न औ दुखित कर्म गर्ने वालाको नाश गर्न र धर्म स्थापना गर्नको निमित्त युग युगमा प्रकट हुन्छ ।

(तात्पर्य) समस्त प्राणीका उपर ईश्वरको यो उपदेश छ । सबै प्राणीले आफ्नु२ मर्यादामा रहेर कर्तव्यपालन गर्नु कसै उपर पशुवलको प्रयोग नगर्नू धर्म नीतिबाट व्यवहार चलाउनु । जसले यो नीति छोड़ी अत्याचार गर्दछ जो रहनाले प्रजालाई पीड़ित हुन्छ त्यस्तालाई नाश गर्दछु । ईश्वरको लागि सबै बराबर भएतापनि दुर्वल पुत्रलाई वलवान पुत्रले अत्याचार गऱ्यो भने बाबुले त्यसलाई दण्ड दिए जस्तै त्यो अत्याचारीलाई नाश गर्नें ईश्वरको न्याय हो ।

हे अर्जुन जो यस्ता प्रकारले मेरो दिव्य जन्म औं कर्मलाई यथार्थ जान्दछ त्यसले देह त्यागे पछि फेरि जन्मनु पर्दैन मै मा प्राप्त भै मुक्त हुन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(तात्पर्य) परमात्मा केवल धर्मको स्थापना औ संसारको उध्दारका निमित्त सगुण रूपमा प्रकट भएको त्यो परमेश्वर वेगर दोश्रो कोही छैन भन्ने सम्झि त्यसको अनन्य प्रेमले चिन्तन गरी जो बस्दछ त्यही तत्व जान्ने वाला हो ।

राग भए क्रोध देखि रहित ममापारायण मेरो आश्रय लिएकाजनहरू धेरै नै मुक्ति भएका छन् ।

(तात्पर्य) जहाँसम्म सांसारिक राग तृष्णा भय क्रोध रहन्छ त्यहाँसम्म त्यसको अन्तरात्मा शुध्द नभएकोले परमेश्वरमा तनमय हुन सक्दैन । तसर्थ ज्ञानको साधन भक्ति नै भएकोले भक्तिलाई छोड़ी ज्ञान तर्फ मात्र लाग्नु हुँदैन पहिले भक्तिमा लाग्नु अनि त्यसको सबै कालुस्य सफा हुन्छ र त्यसबाट ज्ञान उत्पति भै निर्मल आँखा भएका पुरूषले सूर्यको प्रकाश देखे झैं परमेश्वरमा तनमय तथा आत्मातत्वको उत्पति साक्षात्कार हुन्छ ।

ये यथा प्रपद्यन्ते नांस्तथैव भजाम्यहम् ।
ममवर्त्मानु वर्तन्ते मनुष्या पार्थ सर्वशः ॥

(११)– जसले मलाई जे भावले भज्दछन् म पनि तिनीहरूलाई त्यही भावले भज्दछु । हे अर्जुन जतावाट पनि मेरै बाटामा आएर मिल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(तात्पर्य) परमेश्वर काम धेनु कल्प वृक्ष औ चिन्तामणि भन्दा पनि अनन्त गुण युक्त छन् जीवहरूले जस्तो आराधना गर्दछ परमेश्वर स्व स्व कर्मानुसार फल दिनु हुन्छ । परन्तु इन्द्रादि देवताको आराधनाबाट त्यही रूपमा रहेका परमेश्वरले नै स्वर्गादिको प्राप्तिमात्र दिन्छ आत्मा कल्याणको लागि भगवानकै आराधना चाहिन्छ ।

(१२)– कर्महरूको सिद्धिलाई इच्छा गरेर यस लोकमा देवताहरूलाई पुज्दछन् सो कर्मबाट भएको सिद्धि फल जीवित अवस्था मै मिल्दछ ।

(तात्पर्य) परमेश्वरको उपासनाको मुख्य फल मुक्ति किन्तु यो मनुष्य चोला अनेक जन्मद्वारा सिध्द भएर मात्र मिल्दछ तर धन स्त्री पुरुष आदि फलको निमित्त देवी देवताहरूको आराधनामा व्यस्त रहन्छ ।

(१३)– भगवान भन्नु हुन्छ गुण कर्मको विभाग स्वतन्त्र रूपले नभै आ–आफ्नै गुण कर्मको आधारमा पहिले ब्राम्हण, क्षत्रिय, वैश्य, शूद्र यी ४ वर्ण सृष्टि गरे सो सृष्ठि गर्ने मात्र ईश्वरको काम सो वर्ण हुनु आफ्नै कर्महरूको कारण छ त्यसकारण पहिले गुण, कर्मको सेवन हुनु अनि वर्ण आफै बन्दछ यिनको म कर्ता हूँ तापनि मलाई अकर्ता नै जान ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(तात्पर्य) पहिले यो जाति भेद थिएन ब्रम्हाको सृष्टि भै सबै ब्राम्हण नै थिए पछि आफ्नु ब्रम्ह कर्म छोड़ेर काम भोगमा आशक्त भए तथा जो स्वभावैले क्रोधी सहासी थिए ती क्षत्रिय भए कोही खेती व्यापारहरू गरे त्यो वैश्य भए कोही त्यो ब्रम्ह कर्ममा नलागि हिंसा गर्नें समेत मनमानी गर्न थाले त्यो शूद्र भए जो ब्रम्ह कर्मैमा रहने ब्राम्हणै भए एवं प्रकार ४ वर्ण भए। फेरि ब्राम्हण भएर पनि कुकर्मरत्त छ भने त्यो शूद्र बराबर छ जो शुद्र भएर पनि सत्य धर्ममा छ भने त्यो ब्राम्हण बरावर हुन्। जस्तै पहिले विश्वामित्र क्षत्रिय थिए व्यास माझीका छोरा सो व्यासदा परासर ऋषि एक चाण्डालनीका गर्भबाट पैदा भएका अछुटी हुन् तैपनि तपस्याको बलले गर्दा यिनीहरु ब्राम्हण कहलाए।

फेरि यसरी संस्कारबाट ब्राम्हण शुद्र शुद्र, ब्राम्हण भएमा सामाजिक र धार्मिक नीतिमा अव्यवस्था उत्पन्न हुने देखि पूर्वज ऋषिहरुले कर्मद्वारा वर्ण निर्णयलाई छोड़ि जन्मद्वारा वर्ण निर्णयलाई लिएका थिए।

(१४)- मलाई कर्महरु लिप्त हुँदैनन्। मेरो कर्म फलमा तृष्णा छैन। यस्ता प्रकारले जो मलाई जान्दछ त्यो कर्महरुद्वारा बाधिन्दैन सो नबांधिनुनै मुक्तिको साधन हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(तात्पर्य) फलको आशाले अरू देवताको जो भज्दछ त्यसले फल त पाउँछ तर मसंग प्राप्ति हुँदैन । त्यसकारण भोग इच्छा नराखी कर्मगरी मलाई नै भज जस्तो मलाई भज्दछ म पनि त्यस्तै भज्दछु ।

(१५) पहिलेका मुमुक्षुहरूले पनि यस्तो जानेर कर्म गरे तिमीले पनि पूर्वजले गरी आएको प्राचीन कर्म नै गर ।

(तात्पर्य) त्यो निष्काम कर्म मोक्षको विरोध नभै त्यस्को साधक हो ।

(१६) कर्म के हो ? अकर्म के हो ? यस्मा विद्वानहरू पनि मोहित हुन्छन् त्यसकारण कर्म अकर्मको स्वरूप भन्दछु जसलाई जानेर अशुभ कर्मबाठ छुट्ने छौं ।

(१७) त्यो कर्म विकर्म, अकर्म यो तीनै जान्नु पर्ने छ त्यस्को गति रहस्यमय छ ।

(तात्पर्य) कर्म भनेको देह इन्द्रियवाट हुने चेष्टा हो । विकर्म भनेको निसिध्द कर्म हो कर्म नगर्नेलाई अकर्म भन्दछ ।

(१८) जो कर्ममा अकर्म अकर्ममा कर्म देख्दछ त्यो बुध्दिमान, योगी औं सम्पूर्ण कर्मको कर्ता हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(तात्पर्य) फलाशक्ति त्यागी बाह्य चेष्टाबाट गरेको बन्धन कारक नहुँदा त्यो कर्म, जो फलको आशाले गर्छ त्यसले कर्म गरेता पनि त्यो अकर्म भनेको हो ।

भगवानको भक्ति प्राप्त भएपछि त्यसलाई भक्ति सिवाय अरू चाँहदा पनि चाहन्दैन यसैले समस्त प्राणीले गरेको पुण्य फल भक्तको भक्ति मैं अन्तर भूत हुन्छ ।

(१९) जसका कर्महरू कामना र संकल्पलेरहित छन त्यो कर्महरू ज्ञान रूपी अग्निले भष्म भएका छन त्यसलाई ज्ञानीले पनि पण्डित भन्दछन ।

(तात्पर्य) किन्तु लोक संग्रहर शरीर यात्राका निमित्त जो कर्म गरिन्छ अथवा प्रारब्ध कर्मद्वारा प्रेरित भएर चेष्टारूप कर्महरू ता भै नै रहन्छन् तर त्यसबाट उसलाई लाभ हानी केही हुदैनन् । त्यस्तै जसका कर्महरू निष्कर्म ज्ञानाग्नीले भष्म भएको छ त्यही सर्वोच्च ज्ञानी हो ।

(२०) जसले कर्म फललाई त्यागि सधैं ज्ञानामृत भोजनले तृप्त हुन्छन त्यसले खुद्र कर्म गर्छन तापनि त्यो तुच्छ कर्मको त्यसले किन आशा गर्दछ त्यसकारण त्यसले केही गरेको ठहर्दैन ।

(२१) तृष्णा नभएको चित्त र देहलाई वश गरेको समस्त धन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऐश्वर्यको लोभ नभएको त्यागी योगीले केवल शरीर रक्षार्थ कर्म गरेर पापको भागी हुने छैन ।

(तात्पर्य) त्यस्ताले प्राण रक्षा निमित्त कष्टै घृणित व्यवहार गरे पनि त्यो दोषको भागी हुदैन । किनकि पापको मूल लोभ हो त्यसैबाट त्यो निवृत भएका हुन् फेरि आपत कालमा हरेक उपायबाट प्राणको रक्षा गरोस् समर्थ भएपछि फेरि स्व–धर्मकै अनुष्ठान गरोस् भन्ने नीति छ ।

(२२) विना प्रयत्न प्राप्त दैव गतिले मिलेका वस्तुमा सन्तुष्ट सुख–दुःख आदि द्वन्द्व रहित अर्काका उन्नतिमा डाहा नगर्ने कार्यको सिध्दि असिध्दि दुवैमा समभाव राख्ने योगी कर्म गरेपनि बाँधिन्दैन ।

(२३) आशक्ति रहित राग द्वेश आदि द्वन्द्वबाट मुक्त ज्ञानमा स्थिर तथा केवल यज्ञका निम्ति कर्म गर्ने पुरुषको सबै कर्म विलाएर जान्छन् ।

(तात्पर्य) स्वर्ग प्राप्ति विना धर्म र यज्ञले पाइने होइन तर भोग सिध्दिए पछि मर्त्य मण्डलमा नै झर्न पर्ने भै विचारवालालाई त्यो अनीति नै हो तर फललाई त्यागी यज्ञ र धर्म गर्ने पर्छ ।

सो यज्ञ जौ, तिल, घिउ, आहुति होमलाई मात्र नभै सो यज्ञको प्रधान अङ्ग द्रव्य त्यागाम्सलाई सिएर स्वार्थ त्याग सद बुध्दिले गरेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यावत कर्म र लोक हितका निमित्त जे पनि कर्म हुन्छ सो गर्नू त्यो गर्दा चाहे निन्द्रित- जस्तो किन नहोस यस्तोलाई पनि यज्ञ भनेको छ । फेरि समस्त प्राणीमा रहेका चेतन नै भगवान भै त्यो प्राणीको निस्वार्थ पूर्वक सेवा गर्नु नै भगवानको सेवा हो । त्यो प्राणीलाई हेला गरेर परमेश्वरको भाव गर्नु स्वाङ्ग मात्र हो । सम्पूर्ण भूत वर्गमा आत्मा रूपले बसेको मलाई मित्रतापूर्ण अभिन्न दृष्टिले दानमान आदिद्वारा यथोचित्त सेवा गरोस् यही यज्ञलाई ब्रम्हार्पण यज्ञ भनेको छ ।

(२४) यस ब्रम्हार्पण यज्ञमा अर्पण क्रिया द्रव्य अर्पण कर्ता र सो जसमा अर्पण गरिन्छ त्यो सबै एउटै ब्रम्ह हुन् । एवं प्रकार जसको बुध्दिमा सम्पूर्ण कर्म ब्रम्हमय छन् त्यसलाई ब्रम्ह नै मिल्दछ ।

[तात्पर्य] तत्व दृष्टिले पनि जगतै ब्रम्ह हुँदा जीवनका समस्त कर्मलाई ब्रम्हार्पण बुध्दिले गरोस यसैका नाम ब्रम्ह कर्म समाधि पनि हो ।

[२५] अरु योगीहरु देव पूजा देवताका उद्देश्यले यज्ञ गर्दछन् यसबाहेक अरु ज्ञानी योगीहरु ब्रम्हरुपी अग्निमा जीवरुपी चरुलाई होम्दछन् ।

[२६] अरु योगीहरु इन्द्रियलाई विषयमा जानबाट संयम रुपी अग्निमा होम्दछ कोही योगी आशक्त रहित भएर विषयको भोग गर्दछ यो अनाशक्ति योग हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[तात्पर्य] धारणा ध्यान समाधि यी सम्यम् शब्दले कहिन्छ यी मध्ये हृदय कमल वा अन्यत्र कही त्यो मनलाई चिर काल पर्यन्त स्थापना गर्नु धारणा हो । चित्तको एकाकार बृत्ति हुनु ध्यान हो । त्यो ध्यान र आफूलाई समेत विर्सेर ध्ययमात्र भास्सित हुनु समाधि हो । यी ३ कुराको अभ्यास गर्नु योग यज्ञ हो ।

[२७] अरु योगी सबै इन्द्रियका कर्म तथा प्राणका कर्मलाई ज्ञानले आत्मा संयम रुपी योगाग्नीमा होम्दछ ।

(तात्पर्य) हाम्रो शरीर पृथ्वीका विकारबाट उत्पन्न भएको हुँदा पृथ्वीदेखि भिन्न छैन । पृथ्वी जलको विकार हुँदा जलदेखि भिन्न छैन । जल तेजको विकार हुँदा तेज देखि भिन्न छैन । तेज वायुको कार हुँदा वायुदेखि भिन्न छैन । वायु आकाशको विकार हुँदा आकाशदेखि भिन्न छैन । यी नै पञ्च महाभूतका स्थूल सुक्ष्म अंशबाट बाह्य शरीर र आन्तरिक बुध्दि इन्द्रिय प्राणहरू बनेका छन् । जो आकाश म, एक बाट अनेक हूँ भन्ने इश्वरीय संकल्प रुप अहंकार देखि भिन्न छैन । त्यो अहंकार माया यी क्षणरुप महतत्वको कार्य हुनाले महतत्व देखि भिन्न छैन । महतत्व माया प्रकृतिकै परिणाम हुनाले मायादेखि भिन्न छैन । माया ब्रम्हमा कल्पित हुनाले आफ्नो आधार ब्रम्हदेखि भिन्न छैन । एवं प्रकार समस्त जगतलाई ब्रम्ह देखि अतिरिक्त भिन्न नदेख्नु हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञानेन्द्रियका सुन्नु स्पर्श गर्नु, देख्नु, स्वाद लिनु, सुँघ्नु यी ५ हुन् कर्मेन्द्रियका बोल्नु; लिनु, दिनु, हिड्नु मल त्यागगर्नु विषयानन्द गर्नु यी ५ हुन र मनको संकल्प बुद्धिको निश्चय चित्तको चिन्तन अहंकारको अहंकार र प्राण अपाण समान उदान व्यान यो ५ वायुका स्वास उच्छ्वाकाश संकोच प्रसार समन यी ५ कर्म यी नै सबै इन्द्रिय प्राणका देहमा रहेका कर्महरू हुन् । यिनलाई ब्रम्ह ज्ञानले सबै जगत ब्रम्ह हो म पनि ब्रम्ह हूँ भनी यस्ता प्रकारको ज्ञानरूपी ज्वाला भएको आत्मा संयमरूपी योगाग्नीमा होम्नु योग यज्ञ हो ।

(२८) एवंम प्रकार दृढ ब्रत भएका योगीहरू आफ्नु २ रुचो अनुसार कोही द्रव्य यज्ञ कोही तपो यज्ञ कोही योग यज्ञ कोही स्वाध्याय यज्ञ कोही ज्ञान यज्ञ गर्दछन् ।

(तात्पर्य) द्रव्य तथा भौतिक पदार्थ साध्य हुनाले द्रव्य यज्ञ हुन आत्म कल्याण या परोपकारका निमित्त शरीरलाई कष्ट दिनु तपो यज्ञ हुन् आफ्नु गर्नु पर्ने कर्मलाई पनि कर्म योग भनिन्छ । चित्तका वृत्तिहरूलाई संयम राख्नु योग यज्ञ हो । नियम पूर्वक शास्त्रको अध्ययन गर्नु स्वाध्याय यज्ञ हो । सर्वत्र आत्मा दृष्ट्रि जसबाट हुन्छ ती ज्ञान यज्ञ हो ।

(२९) कोही अपाण वायुमा प्राणवायुलाई होमेर पुरक, प्राण-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

याम गर्दछन् कोही प्राणवायुमा अपाण वायुलाई होमेर रेचक प्राणायाम गर्दछन् कोही प्राण र अपाण दुवैको गतिलाई रोकेर कुम्भक प्राणायाम मैं लागिरहन्छन् ।

(तात्पर्य) यो योग सिध्द गुरूकासाथमा रहेर मात्र हस्त गत गर्न सकिन्छ ।

(३०) कोही योगीहरू नियमित आहारा गरेर प्राणहरूलाई प्राणैमा होम्दछन् अन्त्यमा यी सबै यज्ञ ज्ञताहरू यज्ञद्वारा निष्पाप हुन्छन् ।

(तात्पर्य) यो योग गर्नलाई परमित आहाराको आवश्यक भै त्यो आहारा पेटको २ भाग अन्नले १ भाग जलले पूर्ण गरेर चतुर्थ भाग वायु संचारको निमित्त खाली राख्नू । एवं रीतले प्राणहरूलाई बश गर्ने गरे उपरोक्त क्रियामा सहायता मिल्दछ ।

(३१) यज्ञबाट बचेको अमृत तुल्य अन्नलाई खानेहरू सनातन ब्रम्हमा जान्छन् जसको यज्ञ छैन त्यसको यो लोक परलोक दुवै छैन ।

(तात्पर्य) दान र परोपकार कर्महरू पनि यज्ञ हुन् । उपार्जन गरेर आफ्नो पेट भर्ने मात्र होइन अतिथिको भोजन र माथि बताएको पञ्च महायज्ञ गरेर बाँकी रहेको खानु पर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३२) . एवं प्रकार धेरै प्रकारका यज्ञहरू ब्रम्हका मुखमा फैलिएका छन् ती सबैलाई कर्मद्वारा उत्पन्न भएको जान । यस्तो जाने पछि तिमी मुक्त हुनेछौं ।

(तात्पर्य) श्रौत यज्ञ अग्निमा चरू हवन हो जप, दान योग स्वाध्याय तथा अरू श्रेय साधन रूपसमेत तयोज्मै र स्वार्थ त्याग ब्रम्हार्पण बुध्दिले गरेको यावत कर्महरु पनी यज्ञ नै हुन् । सो ब्रम्हार्पण गर्नु नै ब्रम्हका मुखमा आहुति हो ।

(३३) द्रव्यमय यज्ञभन्दा ज्ञान यज्ञ भन्दा श्रेष्ठ छ किनकि फल सहित समस्त कर्महरु ज्ञानमा समाप्त हुन्छन् ।

(तात्पर्य) द्रव्य भन्नाले वाह्य, स्थूल भौतिक पदार्थलाई लिन्छ यसद्वारा सिध्द हुने यज्ञहरु सबै द्रव्यमय यज्ञ हुन् । सबैभन्दा परम पुरुस्वार्थ मोक्ष नै हो । विना ज्ञान करोड़ौ उपायले पनि प्राप्त हुँदैन ।

(३४) जसको यत्रो महत्व छ त्यो ज्ञान आत्मानुभवी ज्ञानी गुरुकासंग गएर दण्डवत सेवा तथा निष्कपट प्रश्न गरेपछि त्यो ज्ञानोपदेश गर्नेछन् ।

(३५) हे अर्जुन जसलाई जानेपछि फेरि यस्तो मोह तिमीलाई हुँने छैन । जसका सहायताले समस्त प्राणीलाई आफूमा अनि मममा देख्ने छौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(तात्पर्य) दण्डवत, नमस्कार, सेवा एवं प्रकार गुरू प्रसन्नहुने गर्नु अनि गुरूले शिष्यकाप्रति आत्मियताको शक्ति पाट आदि कृपा हुन्छ । अहंकारादि उच्छृंखल वृत्तिहरू हटाएर शील सभ्यता आदि कोमल वृत्तिहरूको उदय हुनु । आफ्नो अधिकार र जिज्ञाशा अनुसार गुरूसंग प्रश्न गर्नु सो नगरी त्यस विषयको उत्तर पाइन्दैन । ज्ञानी-हरूले शिष्टजनबाट प्रश्न नभै नभनोस् र आफु जाने पनि नजान्ने जस्तै भै बस्नु ।

सो ज्ञानहरू अनन्त छ सर्वभन्दा उच्च अद्वैत नै ज्ञान हो । द्वैत भनेको यो संसारको देखे, सुने जान्ने जतिसवै यो भगवानको मायामा भूली द्वैत भावमा रहने हो ।

अद्वैत भनेको त्यो कुनैमा नभूली यो सवै झूठा भन्ने सम्झी सुख दुःख लगायत सवैमा सम्भाव देखि अद्वैत भावमा रहने अर्थात समस्त भूतवर्गको आत्मामा भगवानलाई भगवानको स्वरूममा समस्त भूत-वर्गलाई देख्नू सो देखेपछि समस्त भूतवर्गमा वासुदेव सर्वम् यस्तो ज्ञान हुन्छ । यसैको नाम समद्रसी तथा सर्वोत्तम भक्त पनि हो । यो जहाँसम्म हुँदैन त्यसलाई अद्वैत ज्ञान मिल्दैन । सो ज्ञान भनेकै एक अद्वैत शिवदेखि भिन्न भाव नहुनु सवैमा शिवै शिव या वासुदेव देख्नू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३६) यदि अत्यन्त पापिष्ठ छौ भने पनि यो ज्ञानरूपी डुङ्गाले त्यो पाप समुद्रलाई तार्नें छ ।

(३७) जसरी बलेको आगोले दाउरालाई भष्मगर्छ त्यस्तै ज्ञान-रूपी अग्निले सबै कर्मलाई भष्म गर्दछन् त्यसकारण ज्ञानको समान पवित्र गर्ने अरू छैन ।

(तात्पर्य) पाप र पुण्यको कल्पना अज्ञानले हुने ज्ञानले त्यो नाश भए पछि त्यो पाप र पुण्य दुबै हुँदैन । जन्म जन्मान्तरदेखि एकत्रित भएका संचित कर्म १ जुनकर्मले यो शरीर बनेको छ त्यो प्रालब्ध कर्म १ वर्तमान अवस्थामा भै रहेको क्रियमान कर्म १ समेत यो ३ कर्म जीवका अन्तकरणमा संस्कार हुन्छन् प्रालब्ध कर्म भोगेले मात्र नष्ट हुने भै सो बाहेक अरू सबै कर्म ज्ञानद्वारा भष्म हुन्छ र त्यो ज्ञान भएपछि हृदयको गाँठो फुक्दछ संसयहरू काटिन्छन् ।

ज्ञानले कर्मलाई भष्म गर्दछ भनेको त्यो कर्मको दोष रूपी बन्धनलाई हो कर्मलाई होइन । यस्तै समस्त कर्म दोषबाट निर्लिप्त रहनु नै ज्ञानको महत्व हो ।

नहि ज्ञानेन सदृशं पवित्रमिह विद्यते ।
तत्स्वयं योग संसिद्धः कालेनात्मनि विन्दति ॥

(३८) ज्ञान बराबरको पवित्र अर्को छैन । त्यो ज्ञान कर्म योगद्वारा सिद्ध भएपछि आफ्नै हृदयमा पाइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३९) श्रध्दा वान, तत्परता, जितेन्द्रिय पुरुषले ज्ञान पाउँछ। त्यसलाई परम शान्ति पनि मिल्छ।

(तात्पर्य) श्रध्दा र त्यसकासाथ तत्परता हुनु ज्ञानप्राप्तिको एउटा गुण हो। मेरो साधन पक्का सफल हुन्छ भनी आत्म विश्वास गर्नु सिध्दि लाभको प्रथम लक्ष्य हो। फेरि जितेन्द्रिय पनि हुनुपर्छ। नत्र त्यो इन्द्रिय उच्छृन्खल भयो भने मनलाई साथमा लिएर बुध्दिलाई समेत भत्काई दिन्छ। यो ३ साधनमा उत्कृष्टता श्रध्दा कै छ।

(४०) जसलाई न ज्ञान छ, न श्रध्दा छ, त्यस्तो व्यक्ति कल्याणपथबाट भ्रष्ट हुन्छ फेरि सन्देह गर्नेलाई न यो लोक न परलोक न सुख छ।

(तात्पर्य) जो न आफु जान्दछ न अरुले भनेको मान्दछ त्यस्ता मूर्खको निम्ति कुनै उपाय छैन। त्यस्ताको यो लोक परलोक दुवै सिध्द हुँदैन र सुख शान्ति पनि मिल्दैन।

(४१) हे अर्जुन समत्व बुध्दि योगद्वारा कर्महरु त्यागिएको आत्म ज्ञानले सबै संसय निवृत्त भएको आत्मनिष्ट योगीलाई कर्महरु बन्धन कारक हुँदैन। त्यसकारण आफ्नु हृदयमा रहेका यो संशयलाई ज्ञानरूपी खड्गले काटेर कर्म योगको आश्रय लिई युध्द निमित्त खड़ा होऊ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(तात्पर्य) ज्ञान र अज्ञान बुध्दिकै धर्म हुन्। जहाँसम्म आफ्नो बुध्दि अज्ञानावष्टामा रहन्छ । त्यहाँसम्म मनुष्य संशय जालमा बाधिन्छ। ज्ञान हुनासाथ त्यो जाल काटिन्छ त्यसकारण हामीले आफ्नु हृदयलाई ज्ञानले उज्वलपारी कर्म क्षेत्रमा अगाडि बढाउनु पर्छ ।

इति ज्ञान कर्म संन्यास योगनाम चौथो अध्याय समाप्त ।

पाँचौं अध्याय

(१) अर्जुन भन्दछ हे कृष्ण! तपाई कहिले कर्मको त्याग कहिले कर्म योगको प्रसंसा गर्नु हुन्छ यी दुईमा जुन साँच्चैकै उत्तम छ त्यही एउटा मार्ग मलाई भन्नुस् ।

(२) श्रीकृष्ण भन्नु हुन्छ संन्यास (ज्ञान) र कर्म योग दुवै मुक्तिदायक छ परन्तु कर्म त्यागको अपेक्षा कर्मयोगको योग्यता विशेष छ ।

(तात्पर्य) समस्त कर्मलाई त्यागेर विवेक वैराग्यादि तथा श्रवणादिको अभ्यासगर्नू ज्ञान मार्ग हो । फल कामना त्यागेर कर्म गरी रहनु कर्मयोग हो । ज्ञान हुनुभन्दा पहिले गरेको कर्मले चित्त शुध्द हुने र अनि ज्ञानोन्तर कालमा कामना त्यागी गरिएको कर्म योगले लोक संग्रह र जगतको स्थिति समेत हुने हुँनाले कर्मयोगको स्थान कर्म त्याग भन्दा उच्च छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञेयः सनित्यसंन्यासीयोन द्वेष्टिनकाङ्क्षति ।
निर्द्वन्द्वोहिमहावाहो सुखंवन्धात्प्र मुच्यते ॥

(३) जो कसैसंग दोष गर्दैन कुनै वस्तुमा आशक्त हुँदैन त्यो साँचो सन्यासी हो, किनभने राग द्वेशादि द्वन्द्ववाट छुटेको पुरुष सजिलै संग वन्धनवाट छुट्दछ ।

(तात्पर्य) संन्यासको अर्थ हो त्याग त्यही साँचो सन्यासी हो केवल कर्मलाई त्यागेर राग द्वेशका वशमा परेको साँचो सन्यासी होइन । त्यो राग द्वेश छुटेपछि संसारमै व्यवहार गरी वसेपनि मुक्ति-दायक हुन्छ ।

[४] मूर्खहरू ज्ञान योग र कर्मयोगलाई वेग्ला वेग्लै ठह-र्‍याउँदछ किन्तु विद्वानहरू यो कुरा नमानी जुनसुकै भएपनि एउटा मार्गमा अड्डेर वसेपछि दुवैको एउटै फल तथा मुक्ति पाईन्छ ।

[५] जुन ठाउँ ज्ञान योगीले पाउँछ त्यो ठाउँ कर्मयोगीले पनि पाउँछ त्यो दुवैलाई एउटै जसले देख्दछ ठीक देख्नेवाला त्यही हो । फेरि अनुष्ठान गर्न सजिलो ज्ञान योग भन्दा कर्म योग हो ।

[६] हे अर्जुन ! विना कर्मयोग सन्यास पाउन गार्‍हो छ । कर्म योगी मुनीले चाँडै ब्रम्ह पाउँदछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[तात्पर्य] ज्ञान मार्गी निष्काम कर्मद्वारा चित्तशुध्दि भएपछि समस्त कर्मलाई निष्प्रयोजन ठह्र्याएर त्याग गर्दछ र आत्म परिशीलनमै लागिरहन्छ । कर्म योगी निष्काम कर्मद्वारा चित्त शुध्दिभै ज्ञान भएपछि पनि लोकसंग्रहका दृष्टिले मरण पर्यन्त कर्म गरिरहन्छ । परन्तु यो दुवै एउटै हुँदा जसको चित्त कर्मयोगद्वारा काम क्रोधादी द्वन्द-बाट मुक्त भएको छ त्यसले मात्र सन्यास (ज्ञाननिष्ठा) पाउँछ । त्यस-कारण कर्मयोगलाई छोडी चाँडै पुग्ने विचारले जो एकदम ज्ञानमार्गमा लाग्छ र कर्मयोगलाई छोड़ि दिन्छ त्यो ज्ञान मार्गमा सफल हुन सक्तैन । अनि कर्म मार्गलाई पनि छोडि दिएकोले झन भ्रष्ट हुन्छ । न यता न उता भै अलमलिन्छ ।

(७) कर्मयोगको अनुष्ठान गर्नें अन्तकरण शुध्द भएको सम्पूर्ण प्राणीको आत्मा नै जसको आत्मा भएको छ । त्यो कर्म गरीरहेपनि लिप्त हुँदैन ।

(८,९) कर्मयोगद्वारा सिध्द भएका तत्ववेत्ता ज्ञानीले ज्ञानि-न्द्रीयका देख्नु, सुन्नु, गन्ध लिनु आदि र कर्मेन्द्रीयका खानु, हिड्नु, बोल्नु, मल मुत्र त्याग्नू लिनू दिनु आदि र प्राणेन्द्रियका स्वास प्रस्वास र उपप्राणका आँखा खोल्नू चिम्लनू आदि तथा अन्तष्करणका सुत्नु, जाग्नू आदिमा इन्द्रीयहरू आफ्नुर काममा लागिरहन्छ आत्मा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो देखि भिन्न छ । भन्ने विचारले म केही पनि गर्दिन भन्ने ठान्दछ ।

(तात्पर्य) यो श्लोकको आशय यो होइन कि तत्व ज्ञानीले जे गरेपनि हुन्छ । किनकि ज्ञानीबाट खराब काम हुनै सक्तैन यसको सारांश हो । आत्मा दर्शीले सबैमा र आफूमा रहेका आत्मालाई एउटै देखि त्यो आफ्नु आत्मा मै तृप्त भएपछि अज्ञानावस्थामा झैं आफूलाई कर्ता भोक्ता मान्दैन देह इन्द्रीयका प्राकृतिक चेष्टाहरूमा पनि मैले केही गरेको छैन भन्ने ठान्दछ ।

देह इन्द्रीयका चेष्टाहरू आफूले इच्छा नगरे पनि स्वभावैले भै रहने हुदा आफूलाई कर्ता मान्नू फोस्रो घमण्डमात्र हो ।

(१०) जो योगी कर्मलाई ब्रम्हमा समर्पण गरेर फलाशक्तिलाई त्याग्दछ त्यो योगी पापले लिप्त हुदैन ।

(११) त्यसकारण कर्मयोगीहरू अनाशक्त भएर केवल मन बुध्दि तथा इन्द्रीयद्वारापनि चित्त शुध्दिका निमित्त कर्म गर्दछन् ।

(तात्पर्य) सिध्दावस्थामा नपुगेका कर्तापनाको अभिमान नछुटेका साधकका निम्त पनि कर्मद्वारा लिप्त नहुने उपाय:—

(१) समस्त कर्मलाई परमेश्वरमा अर्पण गर्नु, (२) प्रत्येक कर्मफलमा आशक्त नहुनू । यो २ मा जुनभावबाट पनि कर्म गर्दै रह्यो भने त्यो योगी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि सुभाशुभ कर्मद्वारा लिप्त हुँदैन वास्तवमा आशक्ति नै वन्धन हो । त्यो नभएपछि त्यसको जति काइक वाचनिक मानसिक कर्महरू हुन्छन्, ती सवै प्रकृतिकै चेष्टा रूप मात्र ठहरिन्छन् । तिनको आत्मा या कर्ताका साथ केही पनि सम्वन्ध हुँदैन ।

(१२) योग युक्त पुरूष कर्मफललाई त्यागेर आत्म शुध्दि परँमपरा प्राप्त आत्यन्तिक शान्तिलाई पाउँदछ । जो योगयुक्त छैन त्यो काम वासनाले फलमा आशक्त हुन्छ र बाधिन्छ ।

(१३) जितेन्द्रीय पुरूष सम्पूर्णकर्मलाई केवल मनले त्यागेर नौ ढोका भएको देह नगरीमा आफु पनि केही नगरी अर्कालाई पनि केही नगराई सुख–पूर्वक वसीरहन्छ ।

(तात्पर्य) दुई आँखा, दुई नाकका प्वाँल, दुई कान औ मुख वायु (गुँदा) र उपस्थ मुतेन्द्रिय गरी जम्मा नौ छिद्र प्वाँल शरीर रूपी नगरका ९ ढोका हुन् । शरीरमा जीवको सम्वन्ध वस्तुतः मुसाफिर परदेशीको र धर्मशाला जतिकै छ । जसरी धर्मशालाको अतिथिले सो धर्मशालालाई आफ्नु ठानेर त्यहाँ केही गर्दछन् र गराउँदछ एवं प्रकार मुक्तात्मा पुरूष पनि त्यो ९ द्वार भएको यो मानव नगरीमा निश्चिन्त बसेर आफूलाई कर्ता कारायिता केही पनि मान्दैन । यो ९ द्वारा वाला शरीर रूप घरमा सबै कर्मको मनले त्याग गरी आनन्दपूर्वक परमात्माको स्वरूपमा स्थित रहन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१४) परमेश्वर प्राणीहरूको न कर्ता पना न कर्महरू न कर्म फलको सम्बन्ध सृष्टि गर्नु हुन्छ किन्तु प्रकृति बनाउँदछ परमात्मा प्राणीहरको कर्तृत्व कर्म कर्मफलको संयोगलाई पनि बनाउनु हुन्न। किन्तु प्रकृतिनै सबै बनाउँदछ।

(१५) परमात्मा कसैको पाप पुण्य लिनु हुन्न। किन्तु जीव-हरूको ज्ञान अज्ञानले छोपेको छ यसैले तिनीहरु मोहमा परी इश्वरले हाम्रो पाप हरण गर्नु हुन्छ। पुण्यलाई स्वीकार गर्नु हुन्छ भन्ने ठहराउँदछन्।

(तात्पर्य) केवल प्रकृतिबाटै सबै कुरा आफैले गर्दछ त्यसकारण पापहरण र पुण्य स्वीकार भगवान नै गर्नु हुन्छ भन्ने कुरा निरा-धारै हो।

(१६) किन्तु जसको ज्ञानले आत्माको त्यो अज्ञान नाश भएको छ तिनीहरूको त्यस ज्ञानले परमार्थ वस्तुलाई सूर्यले झैं प्र-काश गर्दछ।

(तात्पर्य) हामीलाई अज्ञानले गर्दा परमात्मा रूपी सूर्य सर्वत्र प्रकाश भएर पनि देख्न सक्तैन। ज्ञानका साधनले तत्वज्ञान हुन्छ अनि परमात्माको वास्तविक रहस्यको यथार्थ ज्ञान हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१७) सो परमार्थ तत्त्वमै मन लगाई त्यसैमा तत्पर भएका ज्ञानद्वारा सम्पूर्ण पापहरू धोइएका योगीमात्र मुक्ति हुँछ ।

(तात्पर्य) शास्त्र र आत्मिय पुरुषको वचनमा श्रद्धा राख्नाले उत्पन्न भएको ज्ञान परोक्ष कहिन्छ। जस्तै स्वर्ग छ भन्ने ज्ञानमा जुन दिन स्वर्गमा पुग्दछ त्यसै दिनमात्र स्वर्ग रहेछ भनी जान्ने । अपरोक्ष ज्ञानहो यही ज्ञानद्वारा अज्ञान पखालि परमार्थ तत्वमैं लागेका योगी-हरूमात्र मुक्त हुन्छन ।

विद्याविनयसंपन्ने व्राम्हणे गवि हस्तिनि ।
शुनि चैव श्वपाके च पण्डिताः समदर्शिनः ।
इहैव तैर्जितः सर्गो येषां साम्ये स्थितं मनः ।
निर्दोषं हिसमं ब्रम्ह तस्माद्ब्रम्हणि ते स्थिताः

(१८-१९) ज्ञानीहरूको दृष्टि विद्या र विनयले युक्त- ब्राम्हण गाई हात्ती कुक्कुर चाण्डाल आदि सबैमा सम हुन्छ यस्तो ज्ञानी जीवित अवस्थामैं संसारलाई जितेको ठहर्छ । किनकि ब्रम्ह निर्दोष र सम छ । त्यसकारण ती व्रम्हमा स्थित र व्रम्है रूप छन ।

(तात्पर्य) पवित्र गंगाजलमा र मुत्र आदिमा प्रतिविम्बित सूर्यमा त्यस त्यस वस्तुका गुण दोषको सम्बन्ध हुँदैन । त्यसैगरी उच्च नीच उपाधिको ब्रम्हमा पनि गुण दोषको सम्बन्ध हुँदैन सबैमा सम भावले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रहेको हुनाले ब्रम्हको नाम सम छ यसैले सबैमा ब्रम्हदेख्ने योगी सम दर्शी कहिन्छ । यो हो आध्यात्मिक समता यो मिलेपछि त्यसलाई अहिंसा सत्य, अस्तेय प्रेम मैत्री करुणा आदि उच्च कोटीका गुणहरूको विकास हुन्छ । जसले गर्दा मानब समाजलाई साँचो शान्ति मिल्छ । फेरि जुन आत्मा चण्डालमा छ त्यही आत्मा ब्राम्हणमा पनि छ । सबैमा एक रसले रहेको त्यो आत्मा सम छ । यस्तो सम वस्तु ब्रम्हलाई जसले ज्ञानद्वारा देख्दछ त्यही सम दर्शीर पण्डित हो । तर समता हो भनी बिस्तार मिष्टानको भेद पनि हटाउने पशुलाई घाँस आहारा नदिई भात दिने चाँही होइन ।

(२०) ब्रम्हमा निश्चित भएको मोहरहित ब्रम्हज्ञानी प्रियवस्तु पाएर हर्ष अप्रियवस्तु पाएर दुःख मान्दैन । अर्थात धनमा सुख निर्धनमा दुःख नमानी दुवैमा समभावले समुद्र झैं गम्भीर हुन्छ ।

(२१) जसको मन बाहिरका, विषयहरूमा आशक्त छैन त्यसले आत्मामा रहेको सुखलाई पाउँछ । त्यो ब्रम्हयुक्त पुरूषले अक्षय आनन्दको अनुभव गर्दछ ।

(तात्पर्य) जहाँसम्म इन्द्रिय बहिर्मुख रहन्छ त्यहाँसम्म सुखप्राप्त हुनु दुर्लभ छ त्यसकारण जो सुख पृथ्वीमा र स्वर्गमा छ त्यो क्षणिक सुखलाई लत्याएर सबैमा इन्द्रियका बृत्तिलाई अन्तर्मुख गराई विषयका सुखबाट चित्तलाई जसले हटाउँदछ त्यसले आत्मामा रहेको अक्षय सुखलाई पाउँदछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२२) किनभने वाह्य विषयका साथ इन्द्रियको सम्वन्ध हुँदा जो सुख भोग हुन्छ ती सबै केवल दुःखका कारणमात्र छन् । तो नाशवाण हुनाले अनित्य पनि छ । त्यसकारण हे अर्जुन बिवेकीजन ती विषयमा आनन्द मान्दैन ।

(तात्पर्य) त्यो विषयको सुख दुःखको कारण अरूको सुखदेखेर ताप, अगि सुख भएर पछि दुःख पाए अगिको सम्झी झन ताप, पहिले साथमा पछि देहान्त भै दुःख लाग्ने इत्यादिको कारणले पण्डित–जन विषयको सुखलाई दुःखको कारण मानेर त्यसमा आशक्त हुँदैन ।

(२३) जस्तै मुर्दा भएपछि काम र क्रोध इत्यादिको बेग रहदैन त्यस्तै जिउँदो छन्दा पनि त्यो काम क्रोधको वेग जसले सहन सक्तछ, त्यो सुखी हो ।

(तात्पर्य) काम र क्रोध अन्तकरणमा उत्पन्न हुने राग र द्वेसकै प्रतिरुप हुन् । मुर्दा भएपछि त्यो वेग नरहे जस्तो जिउँदोमा पनि हुन सक्यो भने सुखी रयही हो । त्यसैले वाह्य सुखलाई त्यागी अन्त सुखको कामना गर्नु नै निर्वाण प्राप्तिको उपाय हो ।

[२४] जसले आत्मा सुखलाई पाएको छ । रमन पनि त्यसैमा गर्दछ जसलाई प्रकाश पनि आत्माद्वारानै मिलेको छ त्यही योगीले स्वयम ब्रम्ह रुप भएर निर्माण ब्रम्हलाई पाउँदछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[तात्पर्य] जो योगीको यावत क्रिडा विनोद आत्मामैं छ । त्यस्ताले समस्त वस्तु आत्मा सत्तादेखि भिन्न देखि दैन । विषयको सुखपनि आत्मा सुखकै लेश मान्दछ यस्तै ब्रम्हमा रमन गर्दागर्दै पानीमा राखेको नुन पानीमैं मिले झैं त्यो योगीको अन्तमा पनि ब्रम्ह मै लय भएर ब्रम्ह रूपै हुँछन् ।

[२५] जसका सम्पूर्ण पापहरू काटेका छन् संशयहरू छिन्न भएका छन् चित्त एकाग्र छ जो सम्पूर्ण प्राणीहरुको हितमा लागेका छन् तिनले निर्माण ब्रम्हलाई पाउँदछन् ।

[२६] काम क्रोधरहित आत्म ज्ञानी योगीलाई सर्वत्र ब्रम्ह निर्माण रूप मोक्ष प्राप्त छ ।

(तात्पर्य) पापनाश तथा हृदयको कालुश्य हटाउन तपस्या तथा धर्म मार्गको आवश्यक छ । त्यो कालुश्यले आत्म प्रकाशलाई छेक्दछ र चित्त निर्मल पनि हुँदैन । सो नभई ज्ञान हुँदैन चित्त चंचल छउन्जेल कुनै साधन पनि हुँदैन । त्यसैले एकाग्र चित्त भै प्राणीको हितका निमित्त अनेकौं सामाजिक कर्तव्यलाई दत्तचित्त भएर अनाशक्तिपूर्वक गर्नु पर्दछ ।

विना ध्यान ज्ञान र ज्ञान विना जीवनमुक्त हुँदैन यसकारण ध्यान योगको स्थिति बताउनु हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[२७,२८] बाह्य विषयबाट अलग भएर आँखालाई र आँखी भौ का बीचमा अड्याएर नाक भित्र चल्ने प्राण र अपाण वायुलाई सम गरेर इन्द्रिय मन बुध्दिलाई संयम गर्ने इच्छा र भय क्रोधबाट रहित भएको मोक्षमा तत्पर जो मुनी हो त्यो सदा मुक्त नै छ।

[तात्पर्य] तत्व साक्षात्कार निमित्त ध्यानाभ्यास गर्दा विषय भावनालाई फालो प्राण र अपाण वायुका विषमताले चित्तको चंचल बढ्ने भै त्यो कुम्भकद्वारा सम हुन्छ। त्यो कुशलगुरुद्वारा जान्न योग्य छ। एवम प्रकार प्रयत्न गर्ने योगीका मन इन्द्रिय तथा बुध्दि चाँडै वशमा आई अन्तरात्मा निर्वाद पद तिर अग्रसर हुन्छ। राग भए क्रोधादि निस्केर जान्छ। यस्तो योगी नित्य मुक्त छ। मुक्ति नै उसलाई खोज्दै आउँछ।

[२९] यज्ञ र तपस्याको भोगले सम्पूर्ण लोकको महान ईश्वर सम्पूर्ण प्राणीको परम मित्र मलाई जानेर शान्तिलाई पाउँदछ।

[तात्पर्य] सो योगाभ्यास गर्ने मनन शीललाई परमेश्वर समस्त भूत दर्शमा जीव रुपले व्यापक आत्मा रुप हुनाले प्राणी मात्रका साँचा प्रेमी रहेछन भनी समस्त पिण्ड र ब्रम्हाड़मा एक अद्वैत परमेश्वरलाई जाने पछि त्यो जीवलाई आत्यन्तिक शान्ति मिल्दछ।

इति कर्म सन्यास योगनाम् पाँचौ अध्याय समाप्त।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छैठौं अध्याय

यहाँसम्म यो कुरा सिद्ध भैसकेको छ कि कर्म प्राणीका जीवनको अङ्ग हो त्यसको त्याग हुन सक्तैन साधकले त्यो कर्म आत्मा कल्याण र जगतको स्थितिका निमित्त कर्तव्य मानेर गर्नु पर्दछ। व्यवहार क्षेत्रमा ज्ञान योगको अपेक्षा कर्म योग श्रेष्ठ छ।

अनाश्रितः कर्मफलमं कार्यं कर्म करोति यः।
स संन्यासी च योगी च न निरग्निर्न चाक्रियः

(१) श्री भगवान भन्नु हुन्छ जो फलको वास्ता नगरी कर्तव्य पालनका विचारले कर्म गर्दछ त्यो सन्यासी (योगी) हो केवल अग्नि होत्रादि कर्मलाई छोडने अथवा केही पनि नगरी जड़ जस्तो भएर बसीरहने साँचो सन्यासी वा योगी होइन।

(२) विद्वानजन जसलाई सन्यास भन्दछन् त्यसलाई योगजान किनकि संकल्प, (फलाकांक्षा) नत्यागी कोही पनि योगी हुन सक्तैन।

(तात्पर्य) धर्म शास्त्रहरूमा सन्यासीले अग्नि होत्रादि कर्म पंचमहायज्ञ सन्ध्या वन्दन तथा श्राद्ध तर्पण आदिलाई त्यागेर निष्क्रिय निर्वाह गरोस् घरद्वार छोडेर वडार या रूखमनी बसोस् अरू शास्त्रहरू छोड़ेर केवल वेदान्त विचार गरोस् संसारको व्यवहारदेखि उदासीन रहोस इत्यादि भनेको छ। यसमा गीताको सिध्दान्त यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ कि सन्यास भनेको त्याग हो त्यो त्याग (समस्त कर्म फलको त्याग) आन्तरीक दिखी हुनु पर्दछ । वाह्य क्रिया मात्रको त्यागको महत्व छैन ।

(३) योगमा आरूध्द हुने इच्छा भएका मुनीका निमित्त निष्काम कर्म कारण छ योगारूध्द भै सकेपछि यसैका निम्ति मानसिक शान्ति कारण छ

(तात्पर्य) निष्काम कर्म गर्दागर्दै त्यो बिषय बासना छुटेपछि चित्त आफै स्थिर भै बिवेक वैराग्यादिको उदय हुन्छ र क्रमशः योगारुढ हुन्छ ।

(४) जुन अवस्थामा योगी न इन्द्रियका विषयमा न फलाशाद्वारा कर्ममा आशक्त हुन्छ त्यो योगी योगारूढ कहिन्छ त्यसलाई आफ्नु स्वभावैले इन्द्रियका अनुकूल प्रतिकूलमा राग द्वेश कर्मफलमा आशक्ति सम्पूर्ण संकल्पहरु स्वयम त्यागी दिन्छ र योगारुढ भएपछि मात्रै साँचो आत्मोद्धार हुन्छ ।

उध्दरेदात्मनात्मानं नात्मानमवसादयेत् ।
आत्मैव ह्यात्मनो बन्धुरात्मैव रिपुरात्मनः ॥

(५) मनुष्यले आफूलाई आफैले उध्दार गर्नुपर्छ । आफ्नु अधोगति गराउनु हुँदैन किनकि आफ्नु शत्रु मित्रु आफै हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(६) जसले आफूले आफैंलाई जितेको छ त्यसको आफैं आफ्नु बन्धु हो जसले यस्तो गर्न सकेको छैन । त्यसको आत्माले त्यसलाई शत्रु जस्तै भएर मौकामा धोका दिन्छ ।

(तात्पर्य) कुशलव्यक्ति अशुभ वासनाबाट आफूले आफैंलाई बचाउँदछ मनुष्य आफ्नु गुरू आफैं हुन्छ । यो मनुष्य शरीर संसार समुद्रबाट तर्ने एउटा डुङ्गा हो । यस अवस्थामा न तर्ने त्यो आत्मा धाती तथा आफ्नै शत्रु आफैं हो । जन्म त कसैको कोही शत्रु मित्रु हुन्दैन । पछि आफ्नै भित्र रहेका राग र द्वेश नै मित्र र शत्रुको रूपमा आफ्नु भावना अनुसार फल दिन बाह्य जगतमा खड़ा हुंछ । त्यसकारण विवेकी आत्मा नै वन्धु हो । कुमार्ग गामी निर्विवेकी आत्मा नै शत्रु हो ।

(७) आफ्नु अन्तष्करणलाई स्वाधीन गरेको मनलाई वस गरेको शान्त चित्त योगीको शुध्द आत्मासित, उष्ण, मान अपमान आदि द्वन्द भावमा सम रहन्छ ।

(तात्पर्य) जहाँसम्म त्यो भाव रहँदैन त्यहाँसम्म त्यसलाई त्यो द्वन्द-भाव उत्पन्न गराउँदै रहन्छ । त्यसकारण बुध्दि र विवेकी बलले जितेको आत्मा नै द्वन्दभावमा सम रहन सक्तछ । यसरी द्वन्दभावदेखि पर रहेका आत्मा नै परमात्मा हो । आत्मादेखि भिन्न कुनै तटस्थ परमात्मा छैन । अतः भगवानलाई भेटाउन आफ्नु चित्त शुध्दि नपारी हजार यत्न गरे पनि हुँदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(८) ज्ञान र विज्ञानले तृप्त विषय नजीक पर्दा पनि मनमा विकार उत्पन्न नहुने इन्द्रिय जितेको तथा माटो र सुनलाई सम देख्ने योगी योगारूढ कहिन्छ ।

(तात्पर्य) शास्त्रको सिध्दान्तलाई बुझ्नु ज्ञान हो । त्यसलाई प्रयोग गरी अनुभव गर्नु विज्ञान हो । त्यो योगारूढ योगी दुवैमा सम्पन्न हुन्छ । सो हुनु पूर्ण ज्ञान हो । सिध्दान्तलाई बुझ्नेमात्र अधुरो हो ।

[९] हितैसी, मित्र, शत्रु, उदासीन, मध्यस्थ व्द्'सी वन्धु, सज्जन तथा पापी यो सवमा समबुध्दि भएका योगी उत्तम योगी राज हो ।

(तात्पर्य) यस्तो योगीमा कुनै व्यावहारिक विषमताको प्रभाव पर्दैन केवल साधारणजनमा मात्र त्यसको प्रभाव पर्दछ । जहाँसम्म समत्वोबुध्दि उत्पन्न हुँदैन त्यहाँसम्म अनेकौं क्रिया ध्यान समाधि लगाएर पनि साँचो योगी हुँदैन ।

(१०) ध्यान योगको विवेचनः–पहिले सम्पूर्ण परिग्रहलाई त्यागी एक्लै एकान्तमा गएर बसोस् अनि शरीर मनलाई वश गरेर तृष्णालाई पन्छाएर आफूलाई अखण्ड योगाभ्यासमा लगाओस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(तात्पर्य) जन समुदायमा चित्त विक्षिप्त र अनेकौं उपाधि हुने भै एक्लै एकान्तमा बसोस् । पहिले स्थूल अनि शुष्म संघातलाई जितेर क्षिप्त, मूढ़, विक्षिप्त यी ३ चीजलाई छोडेर एकाग्र भूमिमा मन लगेर अनि क्रमशः निरोध भूमिमा चढाउनु पर्दछ ।

(११,१२) कुनै पवित्र स्थानमा गएर न धेरै अग्लो न धेरै होचो न हल्ने कुशासन त्यसमाथि मृग चर्म र वस्त्र राखेको खास आफ्नो आशनमा बसी मनलाई एकाग्र पारी चित्त र इन्द्रियका क्रियालाई रोकेर अन्तरात्मालाई शुध्द गर्नको लागि योगाभ्यास गरोस् ।

(१३,१४) शरीर शिर गर्धनलाई सोझो तथा निश्चल राखेर आशनमा स्थिर भएर कुनै दिशातिर दृष्टि नदिई केवल नासाग्र दृष्टि गरेर प्रशान्त चित्त निर्भय तथा ब्रम्हचारी ब्रतमा स्थित भएको ब्यक्तिले मनलाई अरू विषयबाट हटाएर ममा लगाओस् औं ममा परायण र योग युक्त भएर रहोस् ।

(तात्पर्य) योगाभ्यासको निमित्त शुध्द वातावरण भएको नदी तत् वा पर्वत गुहाहरुमा रहनु पर्छ र त्यो योग—सिध्दि गुरुका कृपा र आफ्नो तीव्र प्रयत्न तथा निश्चल धारणाले मात्र मिल्दछ ।

(१५) यस्ता प्रकारले निरन्तर योगाभ्यासले संयत चित्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएको योगीले जसको अन्तमा मुक्ति छ यस्तो मेरो स्वरूपमा रहेको शान्तिलाई पाउँछ ।

(तात्पर्य) यस्तो ब्रम्हाकार वृत्तिलाई अभ्यास गर्दागर्दै ब्रम्हको आनन्द अनन्त शान्ति पाउँछ ।

(१६) योगाभ्यासको सहकारी साधनः—ज्यादा खाने विल्कुल नखाने ज्यादा सुत्ने र जागीरहनेको पनि योग सिध्द हुँदैन ।

(१७) हे अर्जुन ! आवश्यक भन्दा वढता खान्छ या खान्दै खान्दैन प्रयोजन भन्दा बढ़ी सुत्ने एकदम जागा रहनेको पनि योग सिध्द हुँदैन किन्तु नियमित रूपले आहार—विहार गर्ने परमित रूपले कामकाज गर्ने तथा ठीक ठीक समयमा सुत्ने र उठनेको योग सिध्द हुन्छ ।

(तात्पर्य) यो नियम योगाभ्यासको निम्तिमात्र नभै प्राणीमात्रका निम्ति पनि हो ।

[१८] जुनबेला विषय रूपले निरुध्द योगीको चित्त वाह्य विषयबाट हटेर आत्मा मैं निश्चल हुन्छ त्यसबेला त्यो योगी योगारूढ कहिन्छ ।

[१९] जस्तै हावा नभएको ठाउँमा राखेको बत्ति चंचल हुँदैन त्यस्तै योगाभ्यास गर्नेको चित्त निश्चलको हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[तात्पर्य] इन्द्रियका विषयले नै चित्तलाई चंचल गराएर आत्म-पथबाट वंचित गराउने भै समस्त विषयलाई दोष दृष्टिद्वारा चित्तलाई फर्काएर आत्मा मै ल्याउनू।

[२०] जुन अवस्थामा योगाभ्यासले रोकिएको चित्त उपराम हुन्छ औं जुन अवस्थामा आफूले आफूलाई देखेर आत्मा मै सन्तुष्ट हुन्छ।

[२१] जुन अवस्थामा रहेको योगीले जो बुध्दिद्वारा जान्न योग्य इन्द्रियले नजानिने अनन्त सुख हो त्यसलाई जान्दछ। त्यसवेला स्व–स्वरूपबाट कत्ति चल्दैन।

[२२] जसलाई पाएर अर्को लाभ त्यसभंन्दा बढ्ता मान्दैन औं जसमा रहेको योगी ठूलो दुःखले पनि विचलित गराइन्दैन।

[२३] त्यो दुःख रूप संसार प्राप्तिबाट वियोग गराउने जसको नाम योग भनेर जानोस्। त्यो योग अव्याकुल चित्त अर्थात तत्पर चित्तद्वारा निश्चय पूर्वक अभ्यास गर्नु योग्य छ।

(२४,२५) संकलपद्वारा उत्पन्न सम्पूर्ण कामनाहरूलाई–विशेष-रूपले मनैले त्यागेर इन्द्रिय समूहलाई चारैतिरबाट रोकेर धैर्ययुक्त बुध्दिले शुष्ट शुष्ट उपराम गराओस अर्थात मनलाई वाह्य विषयबाट फर्काई आत्मामा स्थित गरेर त्यसपछि केही पनि चिन्तन नगरोस।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यतो यतो निश्चरति मनश्चञ्चलमस्थिरम् ।
ततस्ततो नियम्यैतदात्मन्येव वशं नयेत् ॥

[२६] एवम् प्रकार चित्तलाई एकाग्र पार्ना निमित्त चंचल मन जहाँ जहाँ जान्छ, त्यहाँ२ बाट फर्काएर आफ्नो अधीनमा राख ।

(२७) शान्त चित्त रजोगुणरहित निष्पाप तथा ब्रम्हरूप भै सकेका योगीलाइ नै उत्तम सुख मिल्दछ ।

(२८) पापरहित योगीले निरन्तर आफूलाई योगमा लगाएर ब्रम्हको अनुभव रूप अन्त्यन्त आनन्दलाइ सुखपूर्वक भोग्दछ ।

(तात्पर्य) योगी समाधिमामात्र लागेर सर्बकर्म छोड्ने भनेको होइन् किन्तु योगद्वारा आत्मा परमात्मा चिन्हेर त्यही किसिमको लोक संग्रह कर्म पनि गरोस भनेको ।

सर्वभूतस्थमात्मानं सर्वभूतानि चात्मनि ।
ईक्षते योगयुक्तात्मा सर्वत्र समदर्शन ॥

(२९) सर्वत समदृष्टि भएको योगी आफूलाइ समस्त भूतमा समस्त भूतलाइ आफूमा रहेको देख्दछ ।

(तात्पर्य) यस्ताले कसैलाई घृणा गर्दैन अरुको घृणा गर्नु नै आफ्नै घृणा ठह्र्याउँदछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३०) जो योगी मलाई समस्त भूतवर्गमा समस्त भूत वर्ग-लाई म-मा देख्दछ त्यसदेखि म अप्रत्यक्ष छैन । मदेखि पनि त्यो अदृश्य छैन ।

(तात्पर्य) जस्तै गहनामा सुन, कपडामा धागो देखि भिन्न छैन । त्यस्तै परमेश्वरदेखि जगत भिन्न छैन । एवम् प्रकार योगीको योग दृष्टिमा सर्वत्र प्रभु विराजमान छ । त्यसले जतातत्तै परमात्मा नै देख्दछ ।

(३१) सम्पूर्ण भूतमा व्याप्तरहेका मलाई जो एकात्म बुद्धिले भज्दछ त्यसले सबै व्यवहार गरेपनि मैं-मा रहन्छ ।

(तात्पर्य) त्यो आत्मा नै परमात्मा हो र त्यो एउटै छ पिण्ड पिण्डमा भिन्न भिन्न भाव हुनु अज्ञान हो सम्पूर्ण भूतमा मालाशुत्र जस्तै रहेको आत्मा नै परमेश्वर हो ।

(३२) जो योगी सकल प्राणीमा सुख या दुःखलाई आफू-लाई जस्तै बरावर देख्दछ त्यो सबैभन्दा श्रेष्ठ योगी हो ।

(तात्पर्य) योगी भनेर आशन, मुद्रा प्राणायाम् मात्र गर्ने हठ योगी या यम नियमादिपूर्वक चित्तलाई निरोध गर्ने राज योगी होइन किन्तु यी साधनद्वारा ब्रम्हज्ञान प्राप्त गरेर लोक संग्रह कर्म गर्ने नै योगी हो । समस्त प्राणीको आत्मा नै जसको आत्म अर्थात सबै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राणीको सुख–दुःख नै आफ्नो सुख–दु;ख भएको छ भने उ कसरी अरूको सुखमा बाधक र दुःखमा साधक होला ? वास्तवमा धर्म र नीतिको मूल तत्व नै प्राणीमात्रमा आत्म दृष्टि हुने हो । यस्तो भै सकेपछि अरूको उपकार गर कसैको हिंसा नगर झुठ्ठा न बोल आफूलाई जुन कुराको प्रतिकूल हुन्छ त्यो अरूलाई पनि नगर भनी इत्यादि भन्नै पर्दैन । स्वतः त्यो सिध्द भै सक्यो ।

(३३) अर्जुन भन्दछन् "हे मधुसूदन ! जो यो योग तपाईले बताउनु भयो यो मन स्वभावैले चंचल हुँदा त्यसको म स्थायी स्थिति देख्दिन ।"

(३४) किनभने मन चंचल शरीर इन्द्रियलाई हुट्याउने बलियो तथा कठोर छ म त्यसलाई रोक्नू वायुलाई रोक्नू जतिकै कठीन मान्दछु ।

(३५) भगवान भन्नुहुन्छ—मन चंचल भई वश गर्नु कठीन छ तथा यी अभ्यास र वैराग्यले काबुमा आउँछ ।

(तात्पर्य) युक्तिद्वारा असंभव केही हुँदैन तर जहाँसम्म विवेक हुँदैन त्यहाँसम्म चित्तलाई स्थिर गराउन कोशिश गर्नु अभ्यास हो । सबै विषयबाट तृष्णारहित हुनु नै वैराग्य हो । संसारमा सार के छ असार के छ गुरू र शास्त्रका सहायताले जान्न कोशिश गर्नु पर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चित्तमा जति वैषयिक भावहरू थिए तिनमा यति नष्ट भए, यति बाँकी छ भनेर त्यसको निरन्तर हिसाव राख्नू। सो चित्त निरोधलाई अभ्यास वैराग्य अगि पछि गरेर हुँदैन। एकै साथ हुनुपर्दछ एवरीत संसारतिर वैराग्यरूपी बाढ लगाएर विवेक दर्शनको अभ्यास गर्दै रहेपछि कल्याण मार्ग रूपी कुलो खोलिएर जान्छ र चित्तको प्रवाह कल्याणमार्ग पट्टि मात्रै हुन्छ।

[३६] मन वश नभएकोले योग पाउन कठीन छ। किन्तु मन वश भएको यत्न गर्नेले अभ्यास र वैराग्य रूप उपायद्वारा पाउन सक्तछ।

[३७] अर्जुन भन्दछ हे कृष्ण! श्रद्धा भने भएको तर योगमा अड्न नसकि योगमार्गबाट विचलित चित्त भएका योगी सो योग सिद्धीलाई नपाएपछि कुन गतिमा जान्छ।

[३८] योग निष्ठामा विमूढ कहीं आश्रय नपाएको तथा कर्म र ज्ञान दुवै मार्गबाट गिरेको योगी मेघमालाबाट विच्छिन्न भएको मेघ खण्ड जस्तै बीचैमा नष्ट भ्रष्टता हुँदैन।

(३९) हे कृष्ण! यो मेरो सन्देहलाई हटाई दिनुहोस् सो हटाई दिने तपाई बाहेक अरू कोही देखिन्दैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पार्थ नैवेह नामुत्र विनाशस्तस्य विद्यते ।
न हि कल्याणकृत्कश्चिद् दुर्गतिंतात गच्छति ॥

(४०) श्री भगवान भन्नु हुन्छ हे अर्जुन ! योग भ्रष्ट योगीको नाश यसलोक र परलोक दुवैमा हुँदैन किन कि, असल कामगर्ने वाला दुर्गतिमा जान्दै जान्दैन ।

(४१) यस्तो योग भ्रष्टयोगी ठूला ठूला पुण्य गर्नेहरूले पाउने स्वर्गादि लोकमा गएर धेरै वर्षसम्म सुख भोग गरेर पवित्रात्मा धन वाणको घरमा पैदा हुन्छ ।

(४२) अथवा ज्ञान वाण योगीहरूकै कुलमा जन्मलिन्छन यस्तो जन्म यो संसारमा अति दुर्लव छ ।

(४३) एवंप्रकार उत्तम कुलमा जन्म लिएपछि त्यो योगीलाई पूर्व जन्ममा गरेको योग्याभ्यासको संस्कार आफै उत्तबुद्ध हुन्छ । अनि फेरि योगाभ्यास मै यत्नशील रहन्छ ।

(४४) पूर्व जन्मका अभ्यासका बलले पराधीन जस्तै भएर त्यो योगी योगतिरै आकर्षित हुन्छ, किन कि, योगको स्वरूप जान्न चाहने व्यक्तिले पनि शव्द ब्रम्हलाई नाघ्दछ ।

(४५) अत्यन्त पुरुषार्थका साथै योग भूमिमा अग्रसर हुनलाई प्रयत्नशील भएको योगी अनेक जन्ममा सिद्ध हुन्छ अन्तमा निर्मल भएर मुक्त हुन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[तात्पर्य] त्यो शब्द ब्रम्ह भनेको वेद हो। योगाभ्यास गर्दा गर्दै तत्व साक्षात्कार नभैकनै मर्नेहरू यंग भ्रष्ट भनिन्छ । यही जन्ममा सिध्द हुने हजारौंमा १ मात्र हुन्छ तर असल कामको परिणाम कहिल्यै खराब हुँदैन । चाहे उसको मात्रा सानै किन नहोस् त्यो सात्विक कर्मको स्वल्प मात्राले पनि भयंकर भवभयबाट बचाउँदछ । त्यो पवित्रात्मा धन वाण या योगीका कुलमा जन्म लिनेले पूर्व जन्ममा जुन भूमिकासम्म पुगेका छन वर्तमान जन्ममा फेरि त्यही ठाउँबाटै प्रारम्भ गर्दछन् । जस्तै टाढ़ा जाने एकदिन मैं पुग्न नसकी बीच बीचमा बास बस्दै जान्छ। एकदिन आफ्नु स्थानमा पुग्छ । त्यस्तै योगी पनि ठाउँ ठाउँमा गर्भ वास बस्नु परे पनि पूर्व२ जन्मका संस्कारले उत्तर२ जन्ममा अगाडि बढ्दै जान्छ र अन्तमा योग सिध्द हुन्छ ।

(४६) तपस्वी र ज्ञानी तथा कर्मिष्ठ भन्दा योगी श्रेष्ठ छ त्यसकारण हे अर्जुन ! तिमी योगी बन ।

(तात्पर्य) उपवास आदि र शरीरलाई कष्ट हुने व्रत गर्ने तपस्वी, लोक संग्रह कर्म त्यागेर ज्ञानी र स्वर्गादिका निमित्त कर्म गर्ने कर्मिष्ठ भन्दा आत्मा चिन्हेर सर्वत्र सम दृष्टि लोक संग्रही योगी श्रेष्ठ छ किन कि, उक्त तपस्वी, ज्ञानी र कर्मीहरूको मुख्य ध्यय आत्म कल्याण हो, यो भएपछि आफूलाई कृत कृतज्ञ मान्दछ किन्तु लोक संग्रही योगी ज्ञान सम्पन्न भएर पनि प्राणी हितको प्रयत्नशीलरहन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

योगिनामपि सर्वेषां मद्‌गतेनान्तरात्मना ।
श्रध्दावान्भजते यो मां स मे युक्ततमो मत ॥

(४७) सबै योगी भन्दा ममा मन लगाएर निरन्तर मलाई भज्ने योगी सर्वश्रेष्ठ छ ।

(तात्पर्य) अरू बृत्ति पन्छाएर कुनै इष्ट वस्तुमा निरन्तर चित्त वृत्ति लगाउनु योगको लक्षण हो । त्यो ध्येय चित्त योगीको रूचि अनुसार भिन्न भिन्न हुन्छ । किन्तु भगवानको भक्त योगीको ध्यान बासुदेव सर्वम् देख्दछ । अरू देवताको ध्ययगर्नेको भाव भिन्नमा बाँधिएको हुन्छ । तर भगवत् भक्त योगी सबै योगीमा श्रेष्ठ छ ।

(इति ध्यानयोगनाम् छैठौं अध्याय समाप्त)

सातौं अध्याय

(१) श्रीभगवान भन्नुहुन्छ- हे अर्जुन ! ममा मन लगाएर मेरो शरण लिएर उपासना योगले युक्त भएर तिमिले अनन्त विभूति बल ऐश्वर्यादि सम्पन्न मलाई निसंदेह रूपले जसरी जान्न सकौला त्यो सुन ।

(२) म तिमीलाई अनुभव सहितको ज्ञान सबै बताउँछु जसलाई जानेपछि फेरि यहाँ अरू जान्नु पर्ने बाँकी रहने छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३) हजारौं मनुष्यमा कोही एक साधक ज्ञान सिद्धिका निमित्त यत्न गर्दछ, त्यस्ता यत्न गर्ने हजारौंमा कोही एउटाले मलाई यथार्थ रूपले जान्दछ ।

[तात्पर्य] मनुष्यका मन इन्द्रियहरु स्वभावैले उसलाई पशुवत आचरण गराउन खोज्दछ, आफ्नु बुद्धि र धैर्यले स्व–आचरण बध गरेपछि मात्र मनुष्य मनुष्यत्वतिर आकर्षित हुन्छ ।

[४,५] पृथ्वी, जल, अग्नि, वायु, आकाश, मन, बुद्धि तथा अहंकार यस्ता आठ प्रकारले बाँधिएको यो मेरो प्रकृति हो । यसलाई मेरो अपरा [जड़] प्रकृति भनिन्छ जसद्वारा यो जगत धानिएको छ । त्यो देखि भिन्न जीवरुपी मेरो परा [चेतन] प्रकृति हो ।

[तात्पर्य] जसलाई मूल प्रकृति भनेको छ, त्यसैलाई माया पनि भन्दछ यो प्रकृति र विकृति गरेर २४ प्रकारको छ ।

(६) सम्पूर्ण भूतवर्ग यी नै जड़ र चेतन २ प्रकृतिबाट उत्पन्न हुन्छ । म दुवै प्रकृतिको मूल हुनाले समस्त विश्वको उत्पति र प्रलय मबाटै हुन्छ यस्तो जान ।

(तात्पर्य) विश्वको स्थावर, जंगम, जीव, जगत सबै त्यो प्रकृतिका सम्बन्धबाट उत्पति भएको र यी प्रकृति परमेश्वर कै अंश हुनाले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समस्त विश्वको आदिकारण तथा स्थिति प्रलयको आधार समेत परमेश्वर नै हुनुहुन्छ ।

(७) हे अर्जुन ! म देखि पर अरु केहि छैन । धागोमा उनेका मणिहरु झैं यो सबै विश्वमा उनीएको छ । अर्थात परमेश्वर समस्त विश्वमा गहनाहरुमा सुन झैं व्याप्त हुनुहुन्छ ।

(८) हे अर्जुन ! म जलमा रस चन्द्र सूर्यमा प्रभा सम्पूर्ण वेदमा ॐ कार आकाशमा शब्द तथा पुरुषमा पुरुषत्व हुन् ।

(तात्पर्य) जलमा मुख्य रस हो रसै हीन भएको जल हुँदैन जलको सृष्टि हुनुभंदा पहिले रस अनि, त्यसैबाट स्थूल जलको सृष्टि भयो । त्यसैले जलमा प्रधान रसै हो, सो रस भगवान हुनुहुन्छ चन्द्र सूर्यमा प्रभावै मुख्य हो । प्रभावहीन सूर्य चन्द्रको गणना एउटा ढुङ्गाको चट्टान बरावर छ । सो प्रभा भगवानको स्वरूप हो । यस्तै समस्त वेदमा प्रणव ॐ मूख्य छ किन कि पहिले (ॐ) कार मात्रै थियो पछि त्यसैबाट सम्पूर्ण वेदको सृष्टि भयो । जस्तै दाँतले पातलाई सम्याउँछ त्यस्तै (ॐ) कारले सबै वाणीहरू एवं प्रकार आकाशमा सार भूत, शब्द र पुरुषमा सार भूत पुरुषत्व या पुरुसार्थ भगवानको विभूति हो ।

(९) पृथ्वीमा पवित्र गन्ध अग्निमा तेज सम्पूर्ण भूतमा जीवन तथा तपस्वीमा तपस्या मै हूँ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(तात्पर्य) पृथ्वीमा पवित्र सुगन्ध नै सार हो। त्यो र अग्निमा तेज मुख्य छ। त्यो नै इश्वरीय विभूति हो। सम्पूर्ण प्राणीमा जीवन मुख्य छ। जीव नभएको प्राणी नै हुँदैन, त्यसैले सो जीव नै ईश्वरीय विभूति हो। तपस्या रूप धर्म या गुणले नै मनुष्य तपस्वी बन्छ, त्यो तपस्वीमा तपै सार हो। सो तप इश्वरीय विभूति हो।

(१०) हे अर्जुन! सम्पूर्ण प्राणीको सनातन बीज, बुध्दिमानहरूको बुध्दि, तेजस्वीको तेज मै जान।

(तात्पर्य) जस्तै बीज बृक्षको कारण भै त्यसबाट बृक्ष उत्पति हुन्छ त्यस्तै सकल प्राणीको बीज पनि भगवान हुन्। यो विश्व पुरानो भै नाश भएपनि यसको बीज कहिल्यै नाश हुँदैन यस विश्वको अनादि कालदेखि अनन्त कालसम्म सृष्टि प्रलय भै रहन्छ। बुध्दि-मानमा रहेको कार्याकार्य विवेचन शक्तिको नामैं बुध्दि हो। यो बुध्दि नै इश्वरीय विभूति हो। आत्म गौरवलाई रक्षा गर्ने र अनीतिलाई दमनगर्न सक्ने एकप्रकारको गुण तेज हो। त्यो गुण तेज नै इश्वरीय विभूति हो।

(११) हे अर्जुन! म बलवानमा काम र रागले रहित भएको बल हूँ। त्यो कामना र विषय शक्ति रहित भएको बलवानको बल इश्वरीय विभूति हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१२) जो अरूपनि सम दमादी सात्विक भाव काम क्रोधादी राजश भाव तथा मोह जडतादि तामस भाव छन् ती सबैलाई मैंवाट उत्पन्न भएको जान । तर ती भावहरूमा म छैन । ती ममा छन् ।

(तात्पर्य) प्रकृति परमात्माको शक्ति या उपादि हो त्यो त्रिगुणात्मिका भै संसारमा जे जे वस्तु उत्पन्न हुन्छ ती सबै त्रिगुणात्मकै हुन्छन् । परमात्माको आधार जगत्मा छैन, वरू परमात्माको एक अंशमा जगत रहेकोले जगतै परमात्माको आधारमा छ ।

[१३] यी ३ गुण मय भावले मोहित भएको यो जगत यी भावदेखि पर रहेको निर्विकार स्वरूप मलाई जान्दैन् ।

[तात्पर्य] माया यो सत्व, रज, तम ३ गुणले युक्त छ । यसद्वारा वध्द भएको जगत यसदेखि परको परमात्मालाई जान्न सक्तैन । परमात्माको स्वरूप यो मायामय भावदेखि पर छ ।

[१४] किन कि मेरो यो त्रिगुणात्मका दिव्य माया दुस्तर छ । जो मेरो शरणमा आउँछन ती यस मायावाट तर्दछन् ।

[तात्पर्य] यो माया या प्रकृति नै माहाँमाया जगत जननी हुन् । म जगत पिता हूँ । यो दुइको सम्बन्ध अग्नि र उष्णताको जस्तै छ । त्यो मायाले नै गर्दा जीव ईश्वर देखि पराङ मुख हुन्छ । त्यो मायाको प्रभाववाट वची मुक्त हुन सो मायाको अधिपती मेरो शरणमा जाउ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१५) पापी मूढहरू मायाले ज्ञान नष्ट भएका आसुरीमयमा रहेका मनुष्यहरू मेरो शरणमा आउँदैनन् ।

(तात्पर्य) जसको अधीनमा माया छ उसैको एक इशाराले कठपुतली झैं नाच्दछ । उनै प्रभूका शरणमा जाऔँ । जहांसम्म पुण्य संस्कारद्वारा पापको क्षय हुँदैन त्यहांसम्म शुभमार्गमा प्रवृत्ति हुँदैन । जो पुण्यात्मा ती द्वन्द मोहबाट छुटेकाले मेरो भजन गर्दछ ।

(१६) हे अर्जुन ! दुःखमा पुकार्ने आर्त १, ज्ञानको इच्छा गर्ने जीज्ञासु २, धन पुत्रादि अर्थको चाहना गर्ने अर्थार्थी ३ औं ज्ञानी भगवानलाई आत्मा रूपले चिन्हेको ४ यी भक्तजनहरूले मेरो भजन गर्दछ ।

(तात्पर्य) ग्राह ग्रस्त गजेन्द्र औं द्रौपदी आदि आर्त भक्त मुचकुन्द जनक श्रुत देव उध्दव आदि जीज्ञासु भक्त सुग्रीव विभिषन उपमन्यु ध्रुव आदि अर्थार्थी भक्त प्रल्हाद नारद पृथु शुक सनकादि ज्ञानी भक्त थिए । यसमा आरत जिज्ञासु र अर्थार्थी सकाम र ज्ञानी निष्काम कोटीमा पर्दछ । त्यो भक्तका मनै सर्वोपरी प्राप्त नै आफनै प्राप्त देखिन्छ । यी सकाम भक्त आखिर माया सिन्धुबाट अवश्य टर्दछ र जीज्ञासु ज्ञान प्राप्त भएर आर्त र अर्थार्थी पहिले जीज्ञासुमा आई पछि ज्ञान प्राप्तिद्वारा टर्दछ । जो आर्त र जीज्ञासु अर्थार्थी भक्त फलकामी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुँनाले तीनको गीर्ने सम्भावना पनि छ, ज्ञानी स्वयम मायामय समुद्र पार भएको हुनाले प्रभुलाई अद्वैत भावले भज्दछ ।

(१७) ती ४ मा अनन्य भक्त अर्थात ज्ञानी भक्त सबै भक्तमा श्रेष्ठ छ किनभने म ज्ञानीको अत्यन्त प्रिय छुँ त्यो पनि मेरो प्रिय छ ।

(तात्पर्य) संसारमा सबभन्दा प्रिय आफ्नो आत्मा हुन्छ । ज्ञानीले परमेश्वरलाई नै आफ्नो आत्मा थानेकोले उसको प्रेम गएर परमेश्वरमै समाप्त भएको हुन्छ । उनले प्रभुदेखि बाहेक सब संसार झुट्ठा देखिन्छ ।

(१८) हुन त यी चारै भक्त उत्तम छन् । तथापी ज्ञानी भक्त मेरो आत्मानै भै मैमा सदा रहेको हुन्छ ।

(तात्पर्य) जे भावले भजे पनि मेरो भजन गर्ने सबै प्रिय र पुत्र बराबर छ, तर पिताका प्रति आफ्नै शरीर समेत अर्पण गर्नेका उपर विशेष प्रेम हुने भै परममेश्वरलाई पिता, जीवलाई पुत्रमा ठहऱ्याउनु र यसरी प्रेमको तारतम्य समेत बुझ्न सकिन्छ ।

(१९) धेरै जन्मका अन्तमा वासुदेव सर्वम् यस्तो ज्ञान भए पछि त्यो ज्ञानी ब्रम्ह रूप मैमा प्राप्त हुन्छ त्यस्तो महात्मा दुर्लभ छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[तात्पर्य] यस रीतले जन्मैं पिच्छेको पुण्य एकत्रित भएपछि जब राम्रै दुष्कर्मको क्षय हुन्छ । अनि ज्ञान प्राप्तीको अन्तिम शरीर मिली अद्वैत ब्रम्ह ज्ञान भएर बासुदेव देखि भिन्न अरू केही छैन भन्ने दृष्टि हुन्छ र अनि परमेश्वरको स्वरूपमा तन मय हुन्छ ।

(२०) विभिन्न कामनाद्वारा नष्ट बुध्दि भएका मनुष्यहरू आफ्नै प्रकृतिले वश गराएका हुनाले कामनानुसारको नियममा रहेर अरू देवताको उपासना गर्छ ।

(तात्पर्य) पहिले देखिको संस्कारले गर्दा परमेश्वरको उपासना-लाई त्यागेर स्वर्ग प्राप्ति शत्रु नाश एवं प्रकारको विरूप फलको निमित अरू देवताको उपासना गर्दछ ।

(२१) जो भक्त जुन जुन रूपको श्रध्दापूर्वक उपासना पूजा गर्न इच्छा गर्दछ । म त्यसको त्यसैमा अचल श्रध्दा बढ़ाई त्यो श्रध्दालाई स्वीकार गराई दिन्छु ।

[तात्पर्य] भगवान सकल देवतामा पनि विराजमान हुनाले आफ्नु सिध्दान्तानुसार तिनीहरूलाई त्यतैतिर श्रध्दा बढ़ाई दिन्छु ।

(२२) त्यो मैन्ने दिएको त्यस श्रध्दाले युक्त भएर त्यस देवताको आराधना गर्दछ । अनि मैले नै सम्पादन गरेका ती भोगहरूलाई ती देवता मार्फत पाउंदछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(तात्पर्य) जसको उपासना गरे पनि सो फल दिने भगवान्‌नै हुन्। देवताहरू द्वारमात्रै हो।

[२३] किन्तु यो देव पाशकहरूको फल नाशवान हुन् त्यो देव लोकमा र मेरो भक्त मैमा प्राप्त हुन्छ।

[तात्पर्य] त्यो देव पाशकबाट स्वर्गादि प्राप्त भएतापनि अन्तमा पटन हुन्छ। भगवानको सेवाले सकामनै भएता पनि त्यो सकाम फललाई भोग्दै अन्तमा भगवत् कृपाद्वारा निष्काम भएर भगवानमै प्राप्त हुन्छ।

[२४] मन्द बुध्दिहरु मेरो उत्तम भावहरूलाई नजानेर अव्यक्त मलाई व्यक्ति भावमा प्राप्त भएको मान्दछ।

[तात्पर्य] श्रीभगवान मनुष्य पशु आदि रुपमा व्यक्त भएतापनि अव्यक्त निर्गुण निराकार हुनुहुन्छ। कृष्णको जो रुप लोकलाई देखाइएको थियो। त्यो केवल मायामय हो, वास्तवमा त्यो अव्यक्त सबैको आत्मा हो। जगतहितका निमित्त प्रकट हुनु भएका हुन्।

[२५] म आफ्नै योग मायाद्वारा ढाकिएकोले मेरो असली स्वरूप कसैले देख्दैनन्। मूढ़जनहरुलाई म अज अव्यय हूँ भन्ने थाहा पनि हुँदैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[तात्पर्य] ईश्वरीय संकल्पअनुसार अनेक अद्भूत कार्य गर्ने शक्ति योगमायाको हो, यसैका सहयोगले ईश्वर अनेक रूपमा व्यक्त भै निराकारलाई साकार एकलाई अनेक देखाउनु आदि योगमायाको रोजगार हो, यही मायाले मोहित भै जीव ईश्वरको वास्तविक तत्त्वलाई जान्दैन । यो मायाको पर्दा नहटी परमेश्वरको दर्शन स्वप्न कथा मात्र हो । तर परमेश्वको एकांसमा रहेको मायाले त्यो परमात्मा ढाकिनु हुन्न । मेघले सूर्यलाई ढाकेको जस्तो अज्ञान रूपी बादलले जीवका ज्ञान नेत्रलाई ढाकेको हुन ।

[२६] हे अर्जुन ! म गैसकेका र भैरहेका तथा पछि हुने प्राणी-हरूलाई जान्दछु। मलाई कोही पनि जान्दैन ।

(२७) हे अर्जुन ! स्थूल देह उत्पन्न हुने बित्तिकै राग द्वेश-द्वारा उत्पन्न सुख दुःख आदि द्वन्द्वजन्मोहले सबै जीवहरू मोहित हुन्छन् ।

(तात्पर्य) प्राणीमात्रलाई जन्मने बित्तिकै पूर्वजनका संस्कारले राग द्वेषहरू उत्पन्न भै बालकको जति जति शरीर बढ्दै जान्छ उति उति अनुकूल प्रतिकूल र बुध्दि पनि बढ्दै जान्छ । साथै राग र द्वेषहरू पनि प्रबल हुन्दै आउंछ । त्यही राग द्वेशद्वारा उत्पन्न सुख दुःखादिमा जीव मुग्ध हुन्छ । यी द्वन्दहरू मोहका सेना हुन् । उनको अकर्मले मानव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नगरीमा सर्वत्र शत्रुहरुको अधिकार हुन्छ । जीव रूपी राजा त्यो शत्रुका वशमा परेर के गर्नु के नगर्नु हुन्छ । अनि उसको सबै प्रकारबाट अधःपतन पनि हुन्छ ।

(२८) किन्तु जो पुण्य कर्म गर्ने मनुष्यहरूको पाप नाश भएको छ, द्वन्द मोहबाट छुटेकाछंन् तिनीहरू दृढब्रत भएर मलाई भज्दछ ।

(तात्पर्य) अनेक जन्मका पुण्यले सबै पापहरू काटी आफै आफ मोहबाट छुटेर प्रभूकै भजन गर्ने भै शुभा–शुभ कर्म गर्नै पर्दछ ।

(२९) जो मलाई आश्रय गरेर जन्मनु मर्नु छुट्याउनालाई यत्न गर्दछन् । त्यो ब्रम्ह सम्पूर्ण अध्यात्म सम्पूर्ण कर्मलाई पनि जान्दछन् ।

(३०) जो मलाई अघि भूत, अधि दैव र अधि यज्ञले सहित जान्दछन् । त्यो एकाग्र चित्त भएका पुरूषले मृत्युकालमा पनि मलाई जान्दछन् ।

(तात्पर्य) जान्नुको नाम नै ज्ञान हो । त्यो ज्ञान विना मुक्ति हुने उपाय अरू छैन ।

इति ज्ञान विज्ञान योग नाम सातौं अध्याय समाप्त ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आठौं अध्याय

(१) हे पुरूषोत्तम ! त्यो ब्रम्ह, आध्यात्म, कर्म, अधिभूत, अधिदैव के हो ?

(२) यस शरीरमा अधि यज्ञ कुन हो कसरी रहेको छ ? मरणावस्थामा इन्द्रिय र मनलाई सम्यम गर्ने पुरूषहरूले तपाईलाई कसरी जान्दछन् भनि अर्जुन सात प्रकारको प्रश्न गर्दछन् ।

(३) श्री भगवान भन्नुहुन्छ–परम अक्षर अर्थात अविनाशी तत्व ब्रम्ह हो । प्रत्येक वस्तुको आफ्नू मौलिक स्वत्व अर्थात आफ्नु भात्र अध्यात्म हो । समस्त भूत भौतिक चराचर जगतलाई उत्पन्न गर्ने सृष्टि व्यापारको नाम कर्म हो ।

[तात्पर्य] ॐ कारादी वर्णलाई पनि अक्षर भन्दछन्, फेरि जगत्को मूल अविनाशी तत्व नै अक्षर हो । त्यही ब्रम्ह हो । प्रत्येक वस्तुमा स्वभाव या स्वत्व रहेको हुन्छ जो नभै त्यो वस्तु नै सिध्द हुन सक्दैन तथा जो त्यस वस्तुको आधार हो त्यही वस्तुको मात्रको आफ्नू मूलतत्व आध्यात्मिक हो ।

(४) जो जति विनाशी वस्तु छ त्यो अधिभूत हो । समस्त वस्तुमा रहेको त्यस त्यस वस्तुको अधिस्थाता सचेतन देवता अधिदैव कहिन्छ । सबै प्राणीका देहमा अन्तर्यामी रूपले रहेको क्षेत्रज्ञ म नै अधियज्ञ हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्तकाले च मामेव स्मरन्मुक्त्वा कलेवरम् ।
यः प्रयाति स मद्भावं याति नास्त्यत्र संशयः ॥

(५) जो मनुष्य मरणकालमा केवल मलाई नै सम्झन्दै शरीरलाई छोडेर जान्छ त्यो मेरो भावमा प्राप्त हुन्छ । त्यसमा संशय छैन ।

यं यं वापि स्मरन्भावं त्यजत्यन्ते कलेवरम् ।
तं तमेवैति कौन्तेय सदा तद्भावभावितः ॥

[६] हे अर्जुन ! अथवा जुन जुन भावलाई पनि सम्झन्दै अन्त कालमा शरीरलाई त्याग्दछ निरन्तर उही भावले युक्त त्यस त्यसैलाई नै पाउँदछ ।

(७) त्यसकारण सम्पूर्ण कालमा मलाई सम्झी युद्ध रूपी स्व धर्मलाई पालनगरी युद्ध पनि गर । म मा मन र बुद्धिलाई अर्पण गर । मलाई नै निःसंदेह पाउने छौ ।

[तात्पर्य] मरणान्तकालमा जे चिन्तन हुन्छ जन्मान्तरकालमा पनि त्यही अवश्यै मिल्दछ, जुन भावनाले युक्त भएको चित्त छ त्यही चित्तका पछि लागेर प्राण आउँछ, अनि प्राणले तेजयुक्त भएर आत्मालाई संकल्पानुसारको लोकमा लैजान्छ । त्यसकारण मलाई जान्नका निमित्त मेरै शरण हुनु अन्तमा म नै त्यसलाई मिल्दछ । यस सिद्धान्तनुसार अन्तकालमा सो परमेश्वरको चिन्तन दृढ हुन उसको अगाडिदेखिको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अभ्यास हुनुपर्छ किन कि मृत्युरूपी संकटको वेलामा उसलाई जीवनभरमा ज्यादा जुन कुराको प्रभाव परेको हुन्छ त्यही प्रबल हुने भै भगवानको स्मरणमा पहिलेदेखि अभ्यास भै त्यसैको प्रभावमा प्रबल गराउनु पर्छ ।

यही अभिप्रायले भक्तहरू भगवानमा हे कृष्ण तपाईंको चरण कमलमा मेरो मन अहिलेदेखि नै प्रवेश होस् प्राण निस्कने वेलामा कफबाट पीटले मेरो गला रोकिने छ त्यस संकटमा मबाट तपाईंको स्मरण हुन सक्तैन भनी प्रार्थना गर्दछ, त्यसैकारणले देहबाट कर्तव्य कर्म गर्दै रहेतापनि चित्तमा भगवानको चिन्तन नछोड्नु भन्ने उपदेश हो ।

(८) ध्यान योगले युक्त तथा लक्ष सिवाय अन्य विषयमा नजाने चित्तले अलौकिक परम पुरुषलाई चिन्तन गर्दागर्दै उपापक परम् गतिमा जान्छ ।

[तात्पर्य] योगाभ्यासै अभ्यास योग हो । जसद्वारा गंगाको धारा समुद्रमा आए झैं सब प्रकारबाट परमेश्वरमा लगाउन सक्तछ सो अभ्यास नै उच्च पद प्राप्तिको प्रथम साधन हो ।

[९,१०] जो भक्तिले युक्त भएको पुरुष मरणकालमा निश्चल मनले या योगबलले पनि दुई आँखी भौंका माझमा प्राणलाई राखेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वज्ञ प्राचीन अनुशासन गर्नेले अणु भन्दा पनि अति सुक्ष्म सबैको आधार अचिन्त रुप सूर्य झैं प्रकाशमान अन्धकारदेखि पर परमात्मा-लाई सम्झन्छन् त्यो त्यस दिव्य पुरुष नारायणमा प्राप्त हुन्छ ।

[११] ॐ कारको उपासना:– वेद जान्नेहरु जुन अक्षर भन्दछन् विरक्त योगीहरु जसमा प्रवेश गर्दछन् जसलाई इच्छा गरेर ब्रम्हचर्य-लाई पालन गर्दछन् त्यो पद तथा वडे वडे याज्ञ वल्क्यादि वेदवेत्ताहरुले आफ्ना आफ्ना शिष्यकाप्रति जुन अविनाशी ॐ कार रुपी अक्षर ब्रम्हलाई उपदेश गर्दछन् तथा विषयको आशक्ति नभएको योगी-हरु जुन ॐकार रुपी ब्रम्हपदमा प्रवेश गर्दछन् त्यो पद तिमीलाई म संक्षेपले भन्दछु ।

(तात्पर्य) सृष्टिका आदि कालमा ईश्वरको इच्छाद्वारा प्रेरित प्रकृतिका प्रथम स्पन्दनवाट प्रथम ॐ शब्द प्रकट भएकोले यो परमा-त्माको वाचक हो । सो ॐ कारलाई नै अक्षर ब्रम्ह भनेको छ, जस्तै कसैको नाम लिंदा नामवाला संमुख हुन्छ । त्यस्तै यो ॐ अक्षर परमात्माको वाचक (नाम) हुनाले ॐ को उच्चारणले परमात्मा साधकको अभिमुख हुनुहुन्छ । समस्त वेदादि, शास्त्र अथवा चराचरै ॐ कारको व्याख्या हो । ॐ कारै ब्रम्हा हो, यसैले वड़े वडे वेद वेत्ता यसैको व्याख्या गर्छन् । यसैलाई पाउनाको निम्ति ब्रम्हचारी-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरू गुरुकूल वासादिद्वारा ब्रम्हचर्य ब्रतको पालन गर्दछन् । अर्थात सो सृष्टिकालमा ब्रम्हाजी सृष्टिको निमित्त एकाग्र चित्त भएको वखत अनाहटबाट– नाद प्रकट भयो । त्यसै अनाहट–नादबाट अ, उ, म् कार ॐ कार प्रकट भयो सो अ, ब्रम्हा ऊ, विष्णु म्, महेश्वर हुन यसको सिर चन्द्रमामा जगतमाता भगवती र त्यसदेखि मुनि ब्रम्हा विष्णु महेश्वर विराजमान भएको छ, यो ॐ जपडा सो चारै देवता सम्झने पनि हो, यसैको शक्तिलेनै प्रकृत्ति अव्यक्तबाट व्यक्तरूप हुन आइन् । त्यो ॐ कार परमात्मा हृदयाकाशमा प्रकट भई वेद वाणी हुन्छ ऊँ कार परब्रम्हको साक्षात वाचक हो । सम्पूर्ण मन्त्र उपनिषद वेदको सनातन वीज हो । ब्रम्हादीले यही ऊँ कार बाटै अ, देखि औ, सम्म र क, देखि म सम्म ब्राह्म खरी र त्यसलाई ह्रस्व दीर्घ इत्यादि गरी वर्णमाला रचना गर्नु भै यहीद्वारा ४ वेद प्रकट गरी द्वापरको अन्तमा त्यो वेदको अनेक विभाग भयो, अतः भगवानले व्यासावतर लिनु भै ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद गरी ४ विभाग गर्नु भयो र याज्ञवल्क्यले त्यो यजुर्वेदको १५ शाखा र सुकर्माले सामवेदको एक हजार संहीता वनाई सामवेदको विस्तार गरे, फेरि पञ्च पुराणादि १८ महापुराणहरू पनि वेदैको शाखा हुन् भन्ने कुनै ग्रन्थमा उल्लेख भएको देखिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१२,१३) जो सम्पूर्णद्वारलाई रोकेर औं हृदयमा मनलाई रोकेर आफ्नू प्राणलाई शीरमा राखेर योग धारणामा रहेर ऊँ यो एकाक्षरी ब्रम्हलाई उच्चारणगर्दै मलाई सम्झन्दै देहलाई त्यागेर जान्छ, त्यसले उत्तम गतिलाई पाउँदछ ।

(तात्पर्य) योग धारणा अभ्यास कालमा यो एकाक्षर ब्रम्ह ऊँ लाई ठूलो घण्टाको स्वर जस्तै गम्भीर स्वरले उच्चारण गर्दै अ, कार-लाई उ, कारमा उकारलाई म, कारमा म–कारलाई तुरीयमा लय गरेर तुरीय रूप ऊँ कारको लक्ष परमात्माको अभेद भाव चिन्तन गर्नु पर्छ । ऊँ कारको जप र त्यसको अर्थको भावना गर्नु सो ऊँ कारको अर्थ ब्रम्ह हो । ब्रम्हको भावना नै परमेश्वरको स्मरण हो । यसरी ऊँ कारको साथै ब्रम्ह भावना गरेर जो देहलाई त्यागदछ. त्यसले ब्रम्हलाई पाउँदछ । अर्थात सूर्यमण्डललाई भेदन गरेर ब्रम्हलोकमा जान्छ र कल्पका अन्तमा कैवल्य मुक्तिलाई पाउँदछ ।

(१४) हे अर्जुन जो योगी अनेत्र चिन्तन नदिई नित्य निर-न्तर मलाई सम्झी रहन्छ, सदा योगमा स्थित हुनाले त्यस योगीलाई म सजिलैसंग मिल्दछु ।

(तात्पर्य) जसरी स्त्रीको प्रेमबलले पतिलाई वश गर्दछ, त्यस्तै म मा हृदय लगाएका साधुहरू भक्तिले गर्दा मलाई वश गर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यस्ता भक्तको अरू क्रिया नभएपनि अन्तमा परमात्म को स्मृतिद्वारा भक्तले भगवानलाई पाउँदछ ।

(१५) परम सिद्धिमा पुगेका माहात्माहरूलाई मलाई पाए पछि क्षण भंगुर पुनर्जन्म हुँदैन ।

(१६) ब्रम्हलोक पर्यन्तका जति लोकानलोक छन् ती सबै पुनरावर्तनशील छन् अर्थात पुण्य सकेपछि फेरि फर्कनु पर्छ ममा पुगेपछि पुनर्जन्म हुँदैन फेरि फर्कनु पर्दैन ।

(१७) जो ब्रम्हाको हजार युगसम्मको दिन हजार युग सम्मको रातलाई जान्दछन् ती मनुष्यहरू दिन रात जान्ने हुन् ।

(तात्पर्य) सत्य, त्रेता, द्वापर र कलि यी चार युगको एक चौकड़ी त्यस्तो चौकडी हजार पल्ट घुमे पछि ब्रम्हाजीको एक दिन हुन्छ । एक वर्षमा मनुष्यका ३६५ अहोरात्र दिन रात हो यसमा देवताहरूको एक अहोरात्र अर्थात १ दिनमात्र हुन् । माघ संक्रान्तिदेखि ६ महिनासम्म उत्तरायण दिन श्रावण संक्रान्तिदेखि ६ महिनासम्म दक्षिणायण, रात हुन्छ । यस्ता किसिमको देव अहोरात्रको हिसावले १२ हजार वर्षमा सत्य, त्रेता, द्वापर र कलि चारै युग घुम्दछ, सो युगमान सत्य युग चार हजार वर्ष, त्रेता तीन हजार, द्वापर दुई हजार र कलि एक हजार वर्ष र एउटा युग समाप्त भएर अर्को युग नलाग्दासम्मको काललाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

युग सन्धि भन्दछन् । त्यो जम्मै जोड्दा १० हजार वर्ष हुन्छ । चारै युगको आध्य सन्धि र अन्त्य सन्धि दुबै मिलाउदा जम्मा सन्धिमान २० हजार हुन्छ किनकि, आध्य सन्धि र अन्त्य सन्धि बराबरै छन् । यसरी दुवै सन्धिकाल र उपर्युक्त युगमान मिलाएर जम्मा १२ हजार वर्ष भएको छ । मनुष्य लोकका परिमाणले सत्य युग १७,२८,००० वर्ष त्रैता १२,९६,००० द्वापर ८,६४,००० कलि ४,३२,००० वर्ष हुँछ यसैको नाम महायुग हो, यो युग एक हजार पल्ट घुमे पछि ब्रम्हाजीको एक दिन र रात पनि त्यतिनै हुन्छ । ब्रम्हाजीका एक दिनमा स्वायम्भू यस्तै १४ मनको परिवर्तन हुन्छ । प्रत्येक मनुको पाला ७१ महायुग हुन्छ । यी १४ मनको पालो पुगेपछि एक कल्प हुन्छ । अहिले सातौ मनु वैवस्वतको पालो छ अहिलेसम्म २७ महायुग व्यथित भै अठ्ठाइसौ चल्दैछ । अहिले कलियुग विक्रम सम्वत् २०३७ सम्म ५०८१ वर्ष भएको छ ।

ब्रम्हाको दिन समाप्त भएपछि ब्रम्हाजी विष्णुकासाथ शेष शैय्यामा गएर योग निद्रामा पर्नु हुन्छ विश्व सबै उहाँकै निन्द्रामा लय हुन्छ । यो नैमितिक प्रलय हो, जसमा विश्व सृष्टा ब्रम्हा बिश्वलाई आत्मामा लय गराएर अनन्तासनमा सयन गर्नु हुन्छ । फेरि हजार महायुग व्यतित भएपछि शेष शैयाबाट उठनु हुन्छ ब्राम्हरात्रीका अवस्थामा तीनै लोक जलामय हुन्छन्, यसैलाई खण्ड प्रलय पनि भन्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्राम्ह दिन प्रारम्भ भएपछि लोक र लोक निवासी फेरि प्रकट हुन्छ भन्ने समेत श्रीमद् भागवत तथा कुनै ग्रन्थाकारमा उल्लेख छ ।

(१८) ब्रम्हाजीका दिन उदाय पछि अव्यक्त अर्थात उनैका सुषुप्ति अवस्थाबाट समस्त स्थावर जंगम जीवहरू प्रकट हुन्छन, फेरि रात परेपछि त्यही अव्यक्तमा ती सबैको लय हुन्छ अर्थात यसरी ब्रम्हाजीको प्रत्येक दिनमा जगतको सृष्टि र रातमा प्रलय भै रहन्छ ।

(१९) हे अर्जुन ! कर्म वेगले विवश भएको त्यही पूर्व कल्प हां, यो भूत समुदाय बार बार जन्मेर ब्रम्हरात्रीमा लय दिनमा फेरि प्रकट हुन्छ ।

(तात्पर्य) शास्त्रमा नित्य पहिला, नैमितिक दोश्रा, आत्यन्तिक तेश्रा, प्राकृतिक चौथा यी चार प्रकारका प्रलय बताएका यिनको गति यस्तो छ । यी चार प्रकारमा नित्य र आत्यन्तिक व्यक्ति जीवका सम्बन्धबाट नैमितिक र प्राकृतिक समस्ती जीवका सम्बन्धबाट हुन्छ । जीवलाई प्रतिदिन सुतेका बेलामा सुषुप्ति हुन्छ त्यो नित्य प्रलय हो, किनकि, यो प्रति दिन हुन्छ, ब्रम्ह तत्वको बोध भएपछि जगत् पहिले पनि थिएन अहिले पनि छैन, पछि पनि हूने छैन यस्तो जो जगतको अभाव बोध हुँन्छ त्यसैको नाम आन्त्यन्तिक प्रलय हो, किनकि यो प्रलय भएपछि ज्ञानी मुक्तात्माको फेरि सृष्टि हूदैन । नैमितिक प्रलय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो हो जो ब्रम्हाको एक दिन पुरा भएपछि रातपर्न लाग्दा हुँछ। ब्रम्हाको एक सय वर्ष आयु पुरा भएपछि प्राकृतिक प्रलय हुँछ यसै-लाई महाप्रलय पनि भन्छ। ब्रम्हाजीको हाम्रो हिसाबले दुई परार्ध आयु पुगेपछि जलले पृथ्वीको गन्धगुणलाई खाई दिन्छ र गुणरहित पृथ्वीको अस्तित्व नै हराएर केवल जलमय हुँन्छ। एवं प्रकार तेजले पनिं जलको रस गुणलाई खाए पछि जलपनि प्रलय भएर तेजोमय हुँन्छ। वायुले तेजको रूप रस गुण ग्रष्ट गरेपछि तेज प्रलय हुँन्छ। फेरि आकाशले वायुको सेर्श गुणलाई ग्रास गरेपछि आकाश प्रलय हुँछ, अनि इन्द्रिय र इन्द्रियको देवता सूर्यादिहरू पनि क्रमशः राजस र सात्विक अहंकारमा लय हुँन्छ। यसरी पञ्च तनमात्राहरू अहंकारमा लय भएपछि अहंकारलाई महतत्वले ग्रास गर्दछ महतत्व गएर सत्व रज तम यी ३ गुणमा लय हुँन्छ। त्यो गुणहरू अव्यक्तमा प्रलय हुँन्छ। यस्ता किसिमले त्यो पञ्च तन मात्राहरू अव्यक्त मूल प्रकृतिमा लय हुँन्छन् र विश्वको नाश हून्छ। यहाँ सम्म ब्रम्हलोक पर्यन्तका लोक-हरू अनित्य हूनाले पुण्यद्वारा त्यस त्यस लोकमा पुगेतापनि फेरि फर्कनु पर्दछ, भन्ने कुरा बताएर अब परमात्मा प्राप्ति भएपछि फेरि फर्कनु पर्दैन भन्ने कुरा कारण सहित बताउनु हुँछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२०) किन्तु प्रकृतिरूपी अव्यक्तदेखि पर अर्को जो सनातन अव्यक्त ब्रम्हभात्र हो त्यो समस्त भूतहरूको नाश भएमा पनि नाश हुँदैन ।

(२१) जसलाई अव्यक्त अक्षर यस्तो भनेको छ त्यही परम गति हो । जसलाई पाएर फेरि संसारमा फर्कनु पर्दैन । त्यो मेरो परम-धाम हो ।

(तात्पर्य) यहाँ मेरो धाम भनेपनि धाम र भगवान बेग्ला बेग्लै होइन फेरि जो अव्यक्त अक्षर हो त्यही नै परगति हो ।

(२२) हे अर्जुन ! समस्त विश्व जसका भित्र रहेका छन् जस-द्वारा यो सबै व्याप्त छ, त्यो परम पुरुष अनन्यभक्तिले प्राप्त हुन्छ ।

[तात्पर्य] मोक्षका साधनमा भक्ति नै सबै भन्दा ठूलो साधन छ । भक्ति यस्तो हुनुपर्दछ कि अनन्य अर्थात एउटै परमेश्वर भिन्न भिन्न देवी देवताहरूमा रहेकोले उहाँलाई बिभिन्नमा अभिन्न अनेकमा एक देखेर प्रेम गर्नु अनन्यु भक्ति हो । इश्वरको अनेक रूपमा कुनै एक रूपको भक्ति गरेर अरूको द्रोह गर्नु भेद भक्ति हो । गीताको अनुसार त्यो भक्ति अनेक देवी देवताको रूपमा एउटै ईश्वरलाई देख्नु शात्विक भिन्न भिन्न देख्नु राजश्व हो । कुनै एउटा देवको मूर्तिलाई मात्र इश्वर मानेर अरूको अनादर गर्नु तामस भक्ति भै त्यो भक्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तो ३ प्रकारको छ । उहाँ प्रकृति भन्दापर समस्त जगत्मा पूर्ण र सर्वभन्दा पर पनि हुनाले पर पुरुष तथा विश्वमा व्याप्त हुँदा उहाँका एक देशमा यो विश्व छ ।

(२३) हे अर्जुन ! जुन काल समयमा देह त्यागेर गएका योगीहरू अनावृत्ति तथा आवृत्तिमा प्राप्त हुन्छ तर कोही फर्कने र कोही नफर्कने पनि छ । त्यो काल समयलाई म भन्दछु ।

(२४) अग्निप्रकाश दिन शुक्लपक्ष तथा ६ महिना उत्तरायण यसकालमा मर्ने ब्रम्ह पाशक योगीहरू ब्रम्हलोकमा जान्छन र त्यहीबाट मुक्त हुन्छन फेरि फर्कनु पर्दैन ।

(२५) अहोरात्री कृष्णपक्ष तथा दक्षिणायणका ६ महिना यस समयमा मर्ने सकाम कर्म योगीहरू चन्द्रज्योतिभुक्त स्वर्ग भोगलाई भोगेर भोग सकेपछि फेरि फर्कन्छन् ।

(२६) जगतका शुल्क र कृष्ण यी दुई गति सनातन मानिएका छन्, शुल्क गतिद्वारा जाने संसारमा फर्कन्दैन, कृष्णगतिद्वारा जाने फर्कन्छन् ।

(तात्पर्य) ब्रम्हपाशक निष्काम योगी जुनसुकै कालमा मरेपनि शुल्क गतिलाई नै पाउँछ । विषयोपाशक या अन्य देवोपापक सकाम योगी शुल्क पक्ष मै मरेपनि कृष्ण गतिलाई नै पाउँछ । उत्तरायणमा मर्नु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सो उत्तरायण देवताहरूको दिन हुनाले त्यसबेला देवयानपथ (बाटो) खुल्ला रहन्छ । दक्षिरायण रात हूनाले देवयान पथ (बाटो) बन्द हुन्छ । पापात्माको तेश्रो गति छ जसमा बार बार पंछि आदि योनीमा जन्मनु औ मनूं नर्कमा जानू सिवाय अरुकेही छैन फेरि अर्को पापात्माको गति बड़ो दुःखमयको छ । जसमा कि अनेक ठकर खान्दै आकाश पाताल घुमिरहनु पर्छ । त्यसकारण कर्तव्य बुद्धिले कर्म गरोस र समस्त प्राणीमा आफ्नो आत्मालाई देख्ने अद्वैत ज्ञानको शरण लेओस् । यसबाट सके मुक्ति नसके देवयान पथबाट क्रमशः मुक्ति अनिवार्य हुन्छ ।

(२७) हे पार्थ ! यी २ गतिको रहस्यलाई जानेपछि कुनै योगी पनि भुल्दैन त्यसकारण तिमी हर वखत योग युक्त होऊ ।

(२८) वेदमा यज्ञमा तपस्यामा औ दानमा जो पुण्यफल वताएको छ यसलाई जानेर योगीले त्यो सबैलाई नाग्दछ र उत्तम स्थानलाई पाउँदछ ।

(तात्पर्य) विवेकको निम्ति योगको आवश्यक छ । विना योग बुध्दि निर्मल हुँदैन सो नभै विवेक उत्पन्न हुँदैन विना विवेक मोह हट्दैन सो योग शब्दले परमेश्वरलाई नबिर्सीकन कर्मगनुं हो ।

इति अक्षर ब्रह्मयोगनाम अष्ठमेध्याय समाप्त ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नवौं अध्याय

(१) यो अत्यन्त रहस्यमय अनुभव सहितको ज्ञान–दोष दृष्टि नभएका तिमीलाई म भन्दछु जसलाई जानेपछि तिमी पापबाट छुट्ने छौ ।

(२) यो ज्ञान–ज्ञानहरूमा श्रेष्ठ अत्यन्त गोप्य सबैभन्दा पवित्र प्रत्यक्षफल दिने धर्मयुक्त अनुष्ठान गर्न सजिलो एवं अक्षय पुण्यदाता छ ।

[३] हे अर्जुन ! यस धर्ममा श्रद्धा नगर्ने पुरुषहरु मलाई नपाएर मृत्युमय संसार रुपी गल्लो मै फर्कन्छन् उनीलाई मुक्ति मिल्दैन ।

[तात्पर्य] उपासनाहरूमा सबैभन्दा योग श्रेष्ठ हुनाले यसलाई राज विद्या या ब्रम्ह ज्ञान भनेको छ । अव्यक्तोपाशना अर्थात ब्रम्हमय सिवाय व्यक्तो नदेख्ने गाह्रो छ । राम कृष्णादि विभूतिको सगुण व्यक्तोपासना नवधा भक्ति रुप हुनाले सजिलो छ । यी उक्त भक्ति सिवाय अरुमा लाग्न सकदैन । शास्त्रमा ज्ञान भन्दा भक्तिलाई सरल मानिएको छ र भक्तिलाई छोडेर केवल ज्ञान प्राप्तिका निम्ति क्लेसीत जो हुन्छन् तिनीहरुलाई आखिरमा दुःखैमात्र छ फेरि विना प्रेम भक्ति पनि हुँदैन ।

[४] यो सम्पूर्ण जगत अव्यक्त रुप मद्वारा व्याप्त छ र म सम्पूर्ण भूतहरुमा रहेका छन् किन्तु म तिनमा रहेका छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५) भूतहरू पनि ममा रहेका छैनन् एवं प्रकार भूतवर्गलाई उत्पत्ति र पालन गर्ने मेरो स्वरूप पनि भूतमा रहेका छैनन् मेरो कस्तो चातुर्यको प्रभाव छ भनी भगवान् भन्नुहुन्छ ।

(६) जस्तै सर्वत्र व्याप्त महान वायु आकाशमा रहेको छ, त्यस्तै सम्पूर्ण भूतहरू ममा रहेको जान ।

(तात्पर्य) जस्तै जलको चंचलता सूर्यमा आरोपीत हुन्छ त्यस्तै समस्त विश्वको उत्पति स्थिति प्रलयको कर्तृत्व मायाद्वारा परमात्मामा आरोपीत हुन्छ ।

(७) हे अर्जुन ! सम्पूर्ण भूत कल्प सके पछि मेरो प्रकृतिमा लीन हुन्छन् । फेरि कल्पको आदि अर्को कल्पको प्रारम्भमा तिनीहरूलाई फेरि सृष्ट्रि गर्दछु ।

(८) म आफ्ना प्रकृतिलाई आफ्नो अधीनमा लिएर प्रकृतिका अधीनमा परेर परवश भएका यो समस्त भूतवर्गलाई बारम्बार सृष्ट्रि गर्दछु ।

(तात्पर्य) कल्पका अन्तमा जो ब्राम्ही रात्री ब्रम्हाजी निद्रामा पर्नु हुन्छ यही निन्द्रामा समस्त जगतै लीन हुन्छ । पुनः ब्रम्हाको दिन उदाय पछि समस्त भूतहरूको सृष्टि हुन्छ । यसरी प्रकृतिका वशमा परेका जगतको बार बार खण्ड सृष्टि प्रलयहरू भै रहन्छन् अज्ञानी जीव यस प्रभावमा वगिरहन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(९) हे अर्जुन ! सृष्टि आदि ती कर्महरू ती कर्ममा आशक्त नभएर उदासीन झैं रहेको मलाई बन्धन कारक हुँदैन ।

(१०) मेरो अध्यक्षतामा रहेर प्रकृतिले चराचर विश्वलाई जन्माउँदछ हे अर्जुन ! यसैले जगत्का सृष्टि प्रलय बार–बार भै रहन्छन् ।

(तात्पर्य) परमात्मा जगत्को सृष्टि प्रलय गरेपनि त्यसमा बाँधीनु हुन्न । उहाँ हर्ष विषाददेखिरहित हुनाले उदासिनु हुनुहुन्छ । यी २ गुणका अभावले जीवहरू क्रिमी झ कर्मद्वारा बाँधिन्छ । यी २ गुणको त्याग भएपछि मनुष्य कर्म गरेतापनि कर्मका बन्धनमा पर्दैन ।

(११) मेरो सकल भूतवर्गको महान ईश्वररूपी सर्वोच्चभावलाई नजानेर मूढ पुरूषहरू मनुष्य शरीरमा रहेको मलाई साधारण मनुष्य ठहऱ्याउँदछ ।

[तात्पर्य] परमेश्वर निर्गुण निराकार भएर पनि मायाद्वारा विश्वको सृष्टि स्थिति प्रलय र सगुण साकार रूपमा व्यक्त भएर रामकृष्णादिरूपले लिला समेत गर्नुहुन्छ । तथा भक्त रक्षा र दुष्ट संहारद्वारा पृथ्वीको भार हरण गर्नु हुन्छ । यद्यपी जीव मात्र परमेश्वरको अंश हुनाले सबै अवतारै हुन । यस्ता अवतार ईश्वरको अव्यक्त स्वरूपको उपासना गर्न नसक्नेले यीनै रामकृष्णादि नर रूपको शरीरलाई परमेश्वर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानेर उपासना गर्नाले कल्याण हुन्छ । ईश्वर भन्नु नै यीनै रामकृष्ण नै हुन अथवा आफ्नो मार्गानुसार भगवान् बुद्ध पनि हुन् ।

(१२) निष्फल आशा गर्ने निष्फल कर्म गर्ने निष्फल ज्ञान भएका भ्रष्ट बुद्धि मनुष्यहरु मोह गराउने आसुरी प्रकृतिलाई आश्रय गरेका हुन्छन् ।

(तात्पर्य) हिंसा, द्वेश, छल, काम, क्रोध, दम्भ, दर्प, अभिमान आदि गर्नु आसुरी प्रकृति जीवको लक्षण हो, यी तामसी र राजसी प्रकृतिका वशमा हूनाले यी मनुष्य भगवानको भूत महेश्वर भावलाई जाँदैनन् । यीनका आशा पनि व्यर्थ हून्छन् । यी जो कर्म गर्दछन् त्यो सकाम र स्वार्थमय तथा अनीति-पूर्ण हूनाले परिणाममा दुःखदायक हून्छ । यिनीहरुको ज्ञान पनि यर्थको कुट पूर्ण हुँछ । यसैले यिनीहरुलाई शान्ति सुख मिल्दैन ।

(१३) किन्तु हे अर्जुन ! दैवी प्रकृतिको आश्रय गरेका महात्मा-हरु मलाई जगत्को मूलतत्व अबिनासी जानेर अनन्य चित्तले भज्दछन् ।

(१४) दृढ़व्रत भएका योगी भक्तहरु नित्य योग युक्त अर्थात मलाई कीर्तन गर्दै तथा यत्न गर्दै संधै मेरो कीर्तन नमस्कार गर्दै निरन्तर तनमय भएर भक्तिपूर्वक मलाई भज्दछन् ।

(१५) अरु पनि कोही भक्तहरु ज्ञान यज्ञद्वारा अर्थात ज्ञान हुनु नै ज्ञान यज्ञ हो, सोद्वारा पूजागर्दै सर्वात्मक मलाई अभेद भावले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भेद भावले अनेक प्रकारले अर्थात कोही सेवक भावले यस्तै नानाप्रकारले भज्दछन् ।

[तात्पर्य] दैवी प्रकृति पुरुष परमात्मालाई जगत्को कारण स्वरुप जानेर उनैमा तनमय भावले रहन्छन् परमात्मामै संलग्न चित्त भएका तथा अहिंसा सत्य आदि सार्वभौम महाव्रतमा दृढ भएका भक्तहरु नवधा उपायलें परमेश्वरकै भजन गर्दछन् ।

श्रवण, कीर्तन, स्मरण पादसेवन पुजन नमस्कार दासभाव सखा भाव आत्म समर्पण यी नवधा भक्ति कहिन्छ । यी भक्तिको साधन हुँनाले यी भक्ति नै हो तर मूख्य भक्ति त प्रेम नै हो । सो भक्ति-द्वारा मनुष्यका दुर्गुणहरु कम हुँदै गै प्रतिदिन चित्त निर्मल हुँदै जान्छ, निर्मल चित्तमा स्वच्छ ऐनामा आफ्नू मुख देखिए झैं आत्म-तत्वको भाव हुँन्छ । अर्थात कल्याण मार्गमा कुनै विघ्नहरु पर्दैन । अव्दैत आत्माको बोध भएपछि उसका दृष्टिमा जगत सबै बासुदेव सर्वम् यस्तो हुँन्छ । जहाँसम्म यस्तो ज्ञान हुँदैन त्यहाँसम्म भक्तहरु सेव्य, सेवक भावले नै भजिरहन्छन् । कुनै भक्तहरु परमेश्वरका एक–एक विभूति ब्रम्हा, विष्णु, रुद्र, इन्द्र आदिको आफ्नो रुचि अनुसार उपासना गर्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वस्तुतः जुन भावले जसको उपासना गरेपनि "सर्वदेव नमस्कार केशवं प्रति गच्छेति !" यस न्यायले अन्तमा सबै उपासना परमेश्वरकै हुन जान्छ र अन्तमा भक्तहरू उनकै पद पंकजमा विलीन हुन्छ ।

(१६) म श्राद्धमा पृतिलाई दिनेवस्तु, म अन्न, म मन्त्र, म विउ, म अग्नि र म अग्निमा होमिएको आहुति सबै मै हूं ।

(१७) म यस जगत्का माता पिता धाता वाजे जान्न योग्यवस्तु पवित्र ॐ कार तथा ऋक साम यजुर्वेद सबै मै हूँ ।

(१८) म सबैको गति पालनकर्ता, प्रभू स्वामी, साक्षी, आश्रय, शरण र प्रत्युकारको ख्याल नराखीकन उपकारगर्ने मित्र उत्पत्ती स्थिति प्रलयको आधार तथा विश्वको अविनासी बीज हूँ ।

(१९) हे अर्जुन ! म गृष्म ऋतुमा सूर्य भएर पृथ्वीलाई तपाउँदछु वर्षा ऋतुमा वर्षा गराउँदछु समयानुसार रोक्तछु औं छोड्दछु । म अमृत र मृत्यु तथा सत्त र असत परस्पर विरूद्ध पदार्थ पनि मै हूँ ।

[तात्पर्य] भगवानले आफूलाई सर्वरूप देखाउनु भएको छ किनकि एकलाई अनेक बनाएर देखाउने माया शक्ति नै जसको दासीवत छ त्यसकारण आकाश वायु, अग्नि, जल, पृथ्वी, सूर्य, चन्द्र, तारागण, प्राणीहरू र दिशा, बृक्ष, नदि, समुद्र आदि जो जति छन् ती सबै परमेश्वरका एउटै शरीरका अंग प्रत्यङ्ग भै यो विश्व नै परमेश्वरको स्थूल शरीर हुन् । सबैमा परमेश्वर बुद्धिले नमस्कार गरोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२०,२१) सोम रस पिउने पापबाट पवित्र भएका ऋक यजु साम वेदमा बताएका वैदिक सकाम गर्ने मनुष्यहरू यज्ञद्वारा मलाई पूजा गरेर स्वर्ग जाने प्रार्थना गर्दछ र त्यसको पूण्यफल रूप स्वर्गलोकमा गएर स्वर्गको दिव्य भोगलाई भोग्दछ र पुण्य सकेपछि मर्त्यलोकमा खस्दछन् एवं प्रकार विषय कामीजनहरु पुण्यकर्म गरेर स्वर्गमा जानु पुण्य सके पछि मर्त्यलोकमा आउनु बारबार यस्ता आवागमन चक्रमा पर्दछन् ।

(तात्पर्य) त्यसकारण सकाम गर्ने अरु देवताको पूजा गर्नेको गति स्वर्गसम्म मात्र हुँदा स्थायी सुख स्वर्गभन्दा माथि पुग्न परमेश्वर पृत्यर्थ निष्काम सेवा नै गर्नु पर्दछ ।

अनन्याश्चिन्तयन्तो माँ ये जनाः पर्युपासते ।
तेषां नित्याभियुक्तानां योगक्षेमं वहाम्यहम् ॥

(२२) जो मनुष्य अनन्य भावले चिन्तन गर्दै मलाई भज्दछन् निरन्तर मैमा लागेका ती भक्तहरूको योग, क्षम, म आफै चलाउँदछुँ ।

[तात्पर्य] ब्रम्हा विष्णु लगायत आदि विभिन्न भावलाई एउटै ईश्वरको लीला उनकै विभूति मानेर अद्वैत भावले देख्नु अनन्य भाव हो । उपासनाको रहस्य यही हो कि, भगवान्ले नै कार्यवश अनेक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनेक रूप लिनु भएको सम्झी विष्णुका भक्तले ब्रम्हा शंकर आदिलाई, रामका भक्तले विष्णु शंकर कृष्ण आदिलाई, कृष्णका भक्तले राम विष्णु शंकर आदिलाई आफ्नै इष्टदेव उही परमात्माको विभूति मानेर उही एकको उपासना गर्नु पर्दछ, तर आफ्नै ईष्टदेव बाहेक भनी अरू विभूतिको तिरस्कार गर्ने होइन, सबै विभूतिमा यही परमात्मा देख्ने र आफ्नू इष्ट देवलाई अरू देवतामा पनि देख्नु साँचो अनन्य भाव हो।

अप्राप्त वस्तुको प्राप्तियोग, प्राप्तवस्तुको रक्षा क्षम हो, भगवानले त्यो अनन्य भावले भजन गर्ने भक्तको त्यो योगक्षम सबै स्वयम् भगवानले चलाउनु हुन्छ। अरू मनुष्यहरु रातोदिन योग क्षमको चिन्ताले व्याकुल भै रहन्छन्।

येऽप्यन्यदेवता भक्त्या यजन्ते श्रद्धयान्विता
तेऽपि मामेव कौन्तेय यजन्त्यविधिपूर्वकम् ॥

(२३) हे अर्जुन ! जो भक्तहरु श्रद्धायुक्त भएर अरु देवताको पूजा गर्दछन् त्यो मलाई नचिन्हेर गरेको भएतापनि आखिर मेरै पूजा हो।

(२४) किन भने म समस्त यज्ञको देवता रुपले भोक्ता र अधि यज्ञरुपले फलदाता पनि हूँ, किन्तू यी कर्म कर्ताहरु यथार्थ रुपले मलाई जान्दैनन् यसैले स्वर्गमा गएर फेरि मर्त्यलोकमा खस्दछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(तात्पर्य) ब्रम्हा विष्णु रुद्र इन्द्र आदि देवताहरु पर्नि परमेश्वर कै बिभिन्न रुप हुन त्यसैकारण उनीहरुमा गरेको पूजा परमात्माकै हुन अन्तमा परमात्मामै आएर मिल्दछ ।

(२५) देवताका उपासक सात्विक पूजागर्नें देवलोकमा पृतिका उपाशक राजस पृतिलोकमा तामसीजन भूतगणका उपासक भूतलोकमा भूत प्रेतै हुन्छन् । परमेश्वका उपासको जो निष्काम भक्त परमेश्वर-लाई नै अनन्य भावले भज्ने परमेश्वरकै लोकमा जान्छन् !

(तात्पर्य) यो फल भिन्न भिन्न उपासकलाई त्यस त्यस केन्द्रबाट दिलाउने परमेश्वर नै हुनुहुन्छ । मनुष्य आफ्नू आत्मालाई अधपटन गराउन र उद्धार गर्नमा आफै कारण छ, त्यसकारण पुरस्वार्थ गर्न जीव स्वतन्त्र छन् फल भोग्नमात्र परतन्त्र छन् भन्ने शास्त्रको सिद्धान्त पनि हो ।

पत्रं पुष्पं फलं तोयं यो मे भक्त्या प्रयच्छति ।
तदहं भक्त्युपहृतमश्नामी प्रयतात्मनः ॥

(२६) जो मलाई भक्तिले पात, फूल, फल, जल दिन्छ म शुद्ध चित्त भएका भक्तको भक्तिले चढ़ाएको त्यो म खुशीसाथ ग्रहणगर्दछु ।

[तात्पर्य] भगवानको पूजा बहुतै सरल र सहज साध्य हुनाले धेरै धन लगाएर नाना सामग्री जुटाई दिनु पर्दैन । उहाँ त्यो सामानको मुल्य हेर्नु हुन्न । हृदयको मूल्य भक्तको शुध्द भक्तिलाई ग्रहण गर्नु हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसैले भगवानलाई हृदयकमलरूपी फूल चढाएर कर्मफलको भोग लगाउनु पर्छ । तर नाना सामग्री अर्पण गर्न पर्दैन भन्ने आशय त होइन किन्तु भगवानलाई मन अर्पण गर्नु पर्छ भनेको हो । यसो गर्नसके एउटा मामूली पत्रपुष्पको पनि ठूलो महत्व छ भन्ने तात्पर्य हो ।

(२७) हे अर्जुन ! तिमीले जो गर्दछौ खान्छौ होम गर्दछौ दान दिन्छौ औ जो तपस्या गर्दछौ त्यो सबै मलाई अर्पण गर ।

(२८) यस्ता प्रकारले समस्त क्रिया परमेश्वरलाई अर्पण गरेपछि सुभा शुभफलरूपी कर्म बन्धनबाट छुटने छौ तथा सबै कर्म फल त्याग रूपी सन्यास योगले युक्त भएका तिमी मुक्त भएर मलाई पाउने छौ ।

[तात्पर्य] देह इन्द्रियबाट जति चेष्टा कर्महरू हुन्छन ती सबलाई परमेश्वरमा अर्पणगर्नु परमेश्वरको ठूलो पूजा हो यही सन्यास हो । यसले ममा निश्चल भक्तिलाई पाउँदछ । त्यसकारण मनलाई भगवानमा लगाएर कर्मगर मन बाणी लगायतबाट जे जे कर्म गर्दछ त्यो सबै भगवानमा अर्पण गरोस सो अर्पण कर्महरू द्वारा विश्व जनहित भगवानबाट विश्व निवाशी जीवको कल्याण हुन्छ ।

(२९) म सम्पूर्ण भूतमा सम छुँ कसैमा मेरो पक्षपात र प्रिय अप्रिय छैन जो मलाई भज्दछन् ती ममा छन् म तिनीमा छुँ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(तात्पर्य) तर सूर्य सम भएर पनि स्वच्छ वस्तु दर्पणादिमा मात्र प्रतिबिम्बित भएजस्तै परमेश्वर पनि सर्वत्र सम भएतापनि अनन्य भक्तमा रहनु हुन्छ ।

अपि चेत्सुदुराचारो भजते मामनन्यभाक् ।
साधुरेव स मन्तव्यः सम्यग्व्यवसितो हि सः ॥

(३०) अत्यन्त दुराचारी छन तापनि अनन्यभावले मलाई भज्दछ भने त्यो साधु हो । किनकि त्यसले राम्रो निश्चय गऱ्यो ।

(तात्पर्य) जो कि अत्यन्तै दुराचारी किन नहोस् त्यो छोडेर पश्चातापूर्वक पहिलेको दुराचार सर्वथा त्यागी अनन्यभावले भगवत भज्दछ भने पहिलेको दुराचारको प्रायश्चितको साथै त्यो साँचो साधु हो ।

तर फेरि पनि त्यो दुराचारीपनि गर्ने भक्तपनि हुने त्यो बिलकूल खराब हो ।

(३१) राम्रो निश्चय गरेकाले त्यो चाँडै नै धर्मात्मा भै अविनाशी शान्तिलाई पाउँदछ । हे अर्जुन ! तिमी प्रतिज्ञा गर कि मेरो भक्तको नाश तथा त्यसलाई कहिले पनि अशुभ सन्मुख पर्दैन जस्तै कठिन परेपनि त्यसको संकष्ठ अवस्यै छुट्दछ ।

(३२) हे अर्जुन ! मेरो अनन्य शरण लिएपछि पाप योनी स्त्री वैश्य शुद्र सबैले परमगति पाउँदछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(तात्पर्य) पाप पुण्यद्वारा यस जन्ममा जन्म आयु भोगहरू हुन्छन् निकृष्ट योनीमा जन्मलिनु पनि सुभा शुभ कर्मकै फल हो । स्त्रीको जुनी पुरूषको आगे केही कर्म हो । प्रथम मनुष्यको जन्म दुर्लभ त्यसमा पनि पुरूष हुनु भन दुर्लभ सुन्दर निरोगी बलवान हुनुपनि पुण्यकै फल हो । भक्ति र भगवानको उपासनामा सबै मनुष्यको समान अधिकार छ भक्तिद्वारा कष्टै अधम नीच पनि भव सिन्धुबाट पार हुन्छन् । तेसकारण भक्ति जतिको पवित्र साधन सरल मार्ग अर्को छैन सरल भएर पनि अविनाशी फलदाता र सरस औ भगवानको प्रिय तथा कल्याणको मार्ग हो ।

(३३) अतःएवं पुण्य योनी ब्राम्हण तथा राजर्षि भक्तहरूको परम गतिको विषयमा के भन्नु छ सो परम गति निम्ति मर्त्यलोकमा मनुष्य शरीर पाएर मेरो भजन गर ।

[तात्पर्य] चैतन्य शक्ति बाहेक सबै विषयसुख, अनित्य र संसारका संयोग जति वियोगान्त छन् त्यसैले साँचो सुखका निमित्त अनित्य सुखको कामना त्यागी कर्तव्य पुष्पोहारले भगवानको पूजा गर्दै कल्याणपथमा अग्रसर हुनु पर्दछ ।

(३४) तिमी ममा मन लगाउ मेरो भक्त बन मेरै उपासना गर एवं प्रकार ममा परायण भै ममा चित्त लगाए पछि मलाई नै पाउने छौ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[तात्पर्य] ईश्वरमा अत्यन्त अनुरागहुनु भक्ति हो। वैराग्य र भगवानको स्मृति नभै त्यो अनुराग हुँदैन त्यो विना उहाँको सेवा गर्दैन । त्यसैले अनित्य सुखलाई त्यागी भगवानको उपासना गर्दै कल्याण पथको बाटोमा अग्रसर हुनु यसद्वारा प्रेमा भक्ति र नवधा भक्ति सूचित हुन्छ ।

इति राज विद्या राज गुह्य योगनाम् नवौं अध्याय समाप्त भयो ।

दशौं अध्याय

(१) श्री भगवान भन्नु हुन्छ हे अर्जुन ! मेरो श्रेष्ठ वचन फेरि पनि सुन किनकि मेरो कुरा तिमीले चाख लगाएर सुनेका छौ यसैले म पनि तिम्रो हितको लागि भन्दछु ।

(२) मेरो जन्मया प्रभावलाई देवता र महर्षि कसैले पनि जाँन्दैनन् किनकि देवता र महर्षिहरूको आदि कारक मैहूँ ।

[तात्पर्य] देवगण महर्षि गण सबै पछि उत्पन्न भएका र उनैबाट धेरै प्रकारका देवताहरू उत्पन्न भए त्यसैले मूलतत्व परमेश्वरै हो उहाँको स्वकीय मर्म आफैले मात्र जान्नु हुन्छ ।

[३] जो मलाई सबै लोकको महान ईश्वर जान्दछ त्यो मनुष्यमा विवेकी र सबैपापबाट छुट्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[तात्पर्य] जति गरेका पापहरूको प्रायश्चित ज्ञान भए पछि हुन्छ । भगवानलाई चिन्हेपछि उहाँ समस्त जगतको नियन्ता हुनुहुँदोरहेछ भनेर ज्ञानीलाई थाहा हुन्छ यही ज्ञान हो ।

(४,५) बुद्धि, ज्ञान, विवेक, क्षम, सत्य, इन्द्रिय, संयम, मनको संयम सुख–दुःख उत्पती विनाश, भय अभय अहिंसा समता सन्तोष तपस्या दान यश अपयश प्राणीहरूका नानाप्रकारका अवस्थाहरू सबै मैबाटै हुन्छन् ।

(६) भृगु आदि सप्तर्षि पहिले उत्पन्न भएका सनकादि चार औं चौध मनु यी मेरा विभूतिहरू हिरण्य गर्भ (ब्रम्हा) रूप मेरामनबाट उत्पन्न भएका हुन् । जसका यो संतानहरू लोकमा देखेका छन् ।

(७) जो मेरो विभूति र यशलाई प्रकट गर्ने योगशक्तिलाई यथार्थरुपले जान्दछ त्यो निश्चल योगले युक्त हुन्छ यसमा संशय छैन ।

(८) म सबैको उत्पति कारण तथा मेरै सत्ताबाट यो समस्त सृष्टि चल्दछ यस्तो मानेर ज्ञानीहरूले विश्वका समान प्रेम भावद्वारा परमेश्वरको भजन गर्दछ ।

(९) ममा चित्त र प्राण लगाएका भक्तजनहरू मेरो विषय लिएर आपसमा छलफल गरेर कुरा बुझाउदै सदा प्रसन्न भएर रमाउँदै आफ्नो ज्ञान शक्ति र क्रियाशक्तिलाई परमेश्वरमा अर्पण गरेर उनैका कथा चर्चा र सत्संगमा काल विताउँदछ यसैको नाम ब्रम्हाभ्यस हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१०) निरन्तर मैमा मन लगाएर भजन गर्ने भक्तलाई म समत्वज्ञान दिन्छु । जसद्वारा ती मलाई पाउँदछन् ।

[तात्पर्य] बाह्य द्वन्द पदार्थमा समेत सम देख्न जहाँ थाल्दछ यस्तो ज्ञानलाई बुद्धि योग भन्दछ यही योग आफ्ना प्रेमीभक्तलाई दिने प्रतिज्ञा भगवानले गर्नु भएको छ र भक्तलाई रक्षा गर्न गोठाला लाग्दैन त्यसलाई त्यस्तै बुद्धि दिएर रक्षा गर्छन ।

(११) ती भक्तलाई कृपा गर्नुको निम्ति नै म तिनीहरूका बुद्धिमा रहेर प्रकाशमान ज्ञानरूपी बत्तिद्वारा अज्ञान अन्धकारलाई नाश गर्दछु ।

(१२,१३) अर्जुन भन्दछ तपाई पर ब्रम्ह हुनुहुन्छ किनभने देवर्षि नारद व्यास आदि सबै महर्षि गण तपाईलाई (सनातन) पुरूष आदि देव तथा जन्मरहित भन्दछन् औ तपाई आफैपनि त्यही कुरा मलाई भन्दै हुनुहुन्छ ।

(१४) हे केशव ! तपाई जो भन्नुहुन्छ त्यो सबै सत्य मान्दछु तपाइको जन्म रहस्यलाई देव दानव कसैले पनि जान्दैनन् ।

(१५) हे पुरूषोत्तम हे जगत श्रेष्ठ हे देवका देव हे विश्व-पालक तपाई स्वयम् नै आफुले आफैलाई जान्नुहुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१६) जुन विभूतिद्वारा तपाई सम्पूर्ण लोकहरूलाई व्याप्त गरेर रहनु भएको छ ती आफ्ना दिव्य विभूतिहरूलाई विस्तारपूर्वक भन्नु होस् ।

[१७] हे योगेश्वर निरन्तर चिन्तन गरेर म तपाईलाई कसरी जान्न सक्तछु । मैले तपाईलाई कुन कुन भावमा चिन्तन गर्नु मनासिब छ ।

[१८] हे जर्नादन आफ्नो योगेश्वर र विभूतिलाई विस्तारपूर्वक फेरि पनि भन्नु होस् । किनभने तपाईको अमृतरूपी वाणी सुनेर मलाई तृप्ति कहिल्यै हुँदैन ।

[तात्पर्य] परमेश्वर समस्तभूतलाई उत्पन्न गर्ने जगत पिता जगतको शासन कर्ता देवताका पनि देवता औ जगत पालक भै सबैलाई तृप्त गराउनु हुन्छ यसैले भगवान पुरुषोत्तम हुन् ।

(१९) श्री भगवान भन्नुहुन्छ हे अर्जुन ! तिमीलाई म अलौकिक आफ्ना विभूतिहरु मुख्य मुख्य छाँटेर सुनाउने छु किनकि मेरो विस्तृत विभूतिहरूको अन्त छैन ।

[२०] हे अर्जुन ! म सम्पूर्ण प्राणीका हृदयमा रहेको आत्मा हूँ । भूतहरूको उत्पत्ति र स्थिति तथा नाश पनि मैं हूँ ।

(२१) म सूर्यहरूमा द्वादशा दिव्य विष्णु ज्योतिहरुमा किरण युक्त सूर्य, उनान्चास वायुमा मरिची नामक वायु, नक्षत्र र देवताहरुमा चन्द्रमा हूँ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[२२] वेदहरुमा साम्वेद, देवताहरुमा इन्द्र, इन्द्रियहरुमा मन तथा प्राणीहरुमा चेतना हूँ ।

(तात्पर्य) साम्वेदमा भगवानको गुण कीर्तन रुप हुनाले वेदहरु र इन्द्र देवताको राजा हुनाले सो राजा नै भगवानको विभूति हुन् । दशैं इन्द्रिय मनको वशमा रहेको इन्द्रियमा मनै मुख्य हुँदा सो मनै म हूँ त्यस्तै समस्त प्राणीका शरीरमा श्रेष्ठ भाव चेतना हो चेतनाहीन शरीर मरेको भै प्राणीमा चेतना नै मुख्य छ त्यही चेतना नै भगवानको विभूति हो ।

[२३] म एघार रुद्रमा शंकर यक्ष राक्षसहरुमा कुबेर अष्ट वशुमा अग्नि पर्वतमा सुमेरु पर्वत म हूँ ।

(तात्पर्य) वीरभद्र शम्भू शंकर समेत एघार रुद्र हून् यीनमा शंकर [शम्भू] नै परमेश्वरको विभूति हो । यस्तै यक्ष राक्षस आदिमा कुबेर अष्ट वशुमा मुख्य अग्नि हुन् देवताहरुको निवास स्थान भएकोले सबै पर्वतभन्दा मुख्य पर्वत सुमेरु हुन् यी सबै परमेश्वरको विभूति हो ।

(२४) हे अर्जुन! पुरोहितमा म मुख्य देव पुरोहित बृहस्पति हूँ सेनापतिमा स्कन्दकुमार तथा जलाशयहरुमा समुद्र म हूँ ।

(२५) म महर्षिहरुमा भृगु वचनहरुमा क्षरी (प्रणव) यज्ञहरुमा जप यज्ञ तथा अचल पदार्थहरुमा हिमालय म हूँ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[तात्पर्य] ॐ कार एकाक्षरी शब्द हो । यही आदि नादबाट सकल शब्दको सृष्टि भएको छ । अतः शब्दहरूमा प्रणव नै भगवानको विभूति हो। हिंसादि दोषरहित हुनाले अन्तकरणलाई निर्मल गराउने जप यज्ञ नै यज्ञहरूमा श्रेष्ठ छ । त्यो यज्ञ नै भगवानको विभूति हो । अचल स्थावरहरूमा अनन्त बनौसदिको भण्डार जसबाट निक्लेका अनन्त नदनत्यादि सहित सबै समस्त भूमण्डललाई सिंचित गराइरहेका छन् त्यो हिमालय पर्वत नै परमेश्वरको विभूति हो ।

(२६) सबै बृक्षहरूमा पीपल, देवर्षिहरूमा नारद, गन्धर्वहरूमा चित्र-रथ र सिद्धहरूमा कपिलमुनी म हूँ ।

(२७) मलाई घोडाहरूमा अमृतका निमित्त समुद्र मथन गर्दा निस्केको उच्चै सर्वा हात्तिहरूमा ऐरावत तथा मनुष्यहरूमा राजा मलाई जान ।

[तात्पर्य] राजाले आफ्नो राष्ट्रमा समानताको व्यवहार गरेपनि दुष्टलाई दण्ड र सज्जनलाई पुरस्कार दिइरहन्छ यसैले राष्ट्र व्यव-स्थापक आफ्नो प्रतिनिधि तथा प्रजामा सर्वभन्दा उच्चको प्रजा हुँदा भगवानले मनुष्यमा राजा म हूँ भन्नु भएको छ ।

सृष्टिको आदिकालमा राज्य र राजा थिएन । त्यस बखत दण्ड र दण्डधारी पनि थिएन। सबै प्रजाहरू धर्मले नै आपसमा सबैको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रक्षा गर्दथे । त्यसले राजाको आवश्यक थिएन, कालन्तरमा पारस्परिक व्यवहार बढ्दै गएपछि सबैमा खेद उपन्न भयो त्यसबाट मोह लोभ बढ्दै गई मनुष्यका हृदयमा दुर्वासना चल्न थाल्या अन्तमा दुर्बललाई बलियाले सिध्याउन थाल्यो र स्वयम् नाश हुन लागे । अनि प्रजाहरूले ब्रम्हा कहाँ गएर हामीलाई कोही रक्षक दिई बचाउनु पऱ्यो भन्यो अनि ब्रम्हाले मनुलाई तिमी गई मनुष्यको व्यवस्था गर. तिम्रो नाम राजा हुनेछ भन्यो तर मनुले राज्य चलाउन अति कठिन छ भनी स्वीकार गरेन अनि सबै प्रजाले हामी तपाईंकै सन्तान हो हामीले उपार्जन गरेको हिस्सा दिनेछौं, तपाईंको अङ्ग रक्षक हुनेछौं, प्रजाले गरेको धर्मको चतुर्थांस तपाईलाई मिल्ने छ । त्यो धर्मले धर्मात्मा बनी हामीलाई पालना गर्नुहोस भन्ने इत्यादि मानवको प्रार्थना सुनेर मनुले मञ्जुर गर्नु भयो । त्यहाँ देखि राजा र राज्यको उत्पत्ति भयो ।

(२८) म अस्त्रहरूमा वज्र गाईहरूमा कामधेनु उत्पति गर्नेमा काम हूं । सर्पहरूमा वासुकी हूँ ।

(२९) म नागहरूमा शेष नाग जलचलहरूमा वरुण पितृहरूमा अर्जेमा तथा दण्डधारीमा यमराज हूँ ।

(३०) म दैत्यहरूमा प्रल्हाद, आक्रमणगर्नेहरूमा काल, पशुहरूमा सिंह तथा पंक्षिहरूमा गरुड़ हूँ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३१) म पवित्रगर्नेहरुमा वायु शस्त्रधारीमा राम माछाहरुमा ग्राह नदिहरुमा गंगा हूँ ।

(तात्पर्य) वायुजस्तो पवित्र स्वास्थकर अरुमा छैन त्यसकारण नग्न शरीरमा खुल्ला हावा लगाउनुलाई वायवियो स्नान भनेर मानेका छन् । गंगा नदिको पानीमा हिमालयको तत्व मिसेकोले जति राखेपनि त्यसमा किटाणुहरु पर्दैन यही रहस्य शक्ति नै गंगाजीको पापनाशक गुण हो ।

(३२) हे अर्जुन ! म सृष्टिहरुमा उत्पत्ति स्थिति प्रलय विद्याहरुमा अध्यात्म विद्या तथा शास्त्रार्थ गर्नेहरुमा वाद तत्व निर्णायक हूँ ।

(तात्पर्य) जुन विद्यावाट प्राणीमात्रको आत्मा र आफ्नु आत्मा एउटै देखिन्छ त्यो सबभन्दा उच्च अध्यात्म विद्या म हूँ भनेको हो ।

अर्काको पक्षलाई खण्डनगरी आफ्नु पक्ष स्थापनागर्नु जल्पकथा हो । आफ्नो कुनै पक्ष नराखी केवल परपक्ष खण्डन गर्नु वितण्डा कथा हो । केवल सिध्दान्तः निर्णयका लागि गुरु शिष्य भावले भएको प्रश्नोत्तर वाद कथा हो । यी तीनमा तत्व निर्णय लक्ष भएकोले वाद कथा भगवत विभूति हो त्यसैले शास्त्रार्थ गर्नेमा वाद म हूँ भन्नु भएको हो ।

(३३) म अक्षरहरुमा अ-कार औ समासहरुमा द्वन्द्व समास कालमा अक्षयकाल धारण पोषणमा विश्वरुप औ चतुर्मुख ब्रम्हा पनि म हुँ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[तात्पर्य] सकल वर्णहरूको मूल अकार हो यही अकार कण्ठ तालु आदि स्थानमा ठक्कर खाएर अनेक वर्ण वाक्य रूप हुन जान्छ ।

(३४) म सबैलाई संहारगर्ने मृत्यु पछि जन्मनेहरूमा उत्पत्ति तथा स्त्रीहरूमा कीर्तिशोभा मदुर वचन स्मरण शक्ति धारण शक्ति धैर्य तथा क्षमा सहन शीलता हूँ ।

(३५) म सामभन्त्रहरूमा बृहत्साम छन्दहरूमा गायत्री महीनाहरूमा मंसीर तथा ऋतुहरूमा बसन्त हूँ ।

(तात्पर्य) जपगर्नेलाई रक्षा गर्ने तथा अरु छन्दहरूमा गायत्री छन्द सबैभन्दा श्रेष्ठ छ । अनेक रोगादि भय रहित धन धान्यपूर्ण मंसीर महीना बाह्रै महीनामा उत्तम छ । ऋतुराज बसन्तपनि सितोष्ण बाधारहित अनेक सुमधुर हुनाले त्यो सबै परमेश्वरको विभूति हो ।

(३६) म छलीहरूमा जुवा तेजस्वीमा तेज विजयीमा विजय उद्योगीमा उद्योग सात्विकमा सत्व गुण हूँ ।

(३७) म यादवहरूमा वासुदेव पाण्डवहरूमा अर्जुन मुनीहरूमा व्यास कविहरूमा शुक्राचार्य हुँ ।

(३८) म दमन गर्नेहरूमा दण्ड जित्ने इच्छा गर्नेहरूमा नीति गोप्यहरूमा मौन ज्ञानीहरूमा ज्ञान हुँ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(तात्पर्य) जुनसुकैं कुरामा पनि जित्नलाई नीतिनै चाहिन्छ । त्यसै-कारणले जित्नेमा नीति म हूँ भनेको हो ।

(३९) हे अर्जुन ! म जो जति समस्त भूतवर्ग छ त्यसको मूल कारण (वीज) हूँ । म बीणा चराचर लगायत भूत केही पनि छैन ।

(तात्पर्य) वीजबाट वृक्षको उत्पत्ति र वृध्दि समेत हुन्छ भगवानको व्यापक सत्ता नभै सृष्टिको वृध्दि हुँदैन । माया जगतको परिणामी उपादान कारण हुनाले माया सवलित ईश्वर चराचर जगतको वीज सिध्द हुन्छ । यसैलाई लिएर यहाँ भगवानले अहंमको प्रयोग गर्नु भएको छ ।

[४०] हे अर्जुन ! मेरो दिव्य विभूतिहरुको अन्त छैन । अहिले गरेको विभूतिको वर्णन त केवल दिग्दर्शन मात्र हो ।

[तात्पर्य] परमेश्वरको अनन्तकोटी ब्रम्हाण्ड भित्र रहेका विभूति-हरुको वर्णन गर्न सकिन्दैन यो विभूतिको अन्त छैन यहाँसम्म जो वर्णन भयो त्यो केवल अर्जुनलाई अनेक भावबाट एक भावमा ल्याउनाका निमित्त उपाध्य रुपले गरेको दिग्दर्शनमात्र हो ।

[४१] तिमी जुनर ऐश्वर्ययुक्त श्रीयुक्त अथवा प्रभावशाली नै वस्तु छ त्यसत्यसैलाई नै मेरो तेजका अङ्शबाट उत्पन्न भएको जान ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[४२] अथवा हे अर्जुन ! यी धेरै भिन्न भिन्न विभूतिहरु जानेर तिमीलाई के हुन्छ म यो समस्त विश्वलाई एक अंशले व्याप्त गरेर रहेको छु ।

[तात्पर्य] परमात्माले समस्त विश्वलाई आफ्ना चार पाउ मध्ये एक पाउले व्याप्त गरेर धारण गर्नु भएको छ सो एक पाउँमा समस्त विश्व छ तीन पाउ निर्मल तथा स्वयम प्रकाश छन् र समस्त विश्वका अणु अणुमा परमेश्वरै व्याप्त हुनाले जगतै परमेश्वरदेखि भिन्न छैन । हरि नै जगत जगतै हरि हो । त्यसकारण सर्वत्र परमेश्वर बुध्दि गरेर विश्वका हरेक जीवलाई जनार्दन मानेर तिनको यथायोग्य आराधना गर्नु भक्तको परम कर्तव्य र यही विभूति विज्ञानको फल हो ।

इति विभूति योग नाम दशौं अध्याय समाप्त ।

एघारौं अध्याय

(१) अर्जुन भन्दछन् मेरो उपर अनुग्रह गर्नलाई अत्यन्त रहस्यमय अध्यात्म सम्बन्धी जो भन्नुभयो । त्यसवाट यो मेरो मोह गयो ।

(तात्पर्य) आत्मा निर्विकार हुनाले कर्ता भोक्ता आदि धर्म त्यसमा छैन किन्तु यी धर्म शरीर इन्द्रिय तथा अन्तकरणकै हुन् चैतन्य मात्र आत्मा हो त्यो देखि भिन्न अनात्मा हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२) किनकि मैले प्राणीहरूको उत्पत्ति प्रलय र तपाईंको अविनाशी महात्म्य पनि सुनें ।

(३) हे परमेश्वर ! तपाईंले आफूलाई जस्तो बयान गर्नु भयो त्यो सत्य हो । यसमा संशय छैन । तपाईंको त्यो विभूतियुक्त दिव्यरूपलाई दर्शनगर्नें मेरो तीव्र इच्छा छ ।

(४) यदि तपाईंको विचारमा त्यो रूप देख्न सक्छु भन्ने छ भने मलाई त्यो अविनाशी आफ्नो रूप देखाउनु होस् ।

(५) हे अर्जुन ! मेरो दिव्य अनेक प्रकारका तथा अनेक वर्ण र आकार सयकड़ौं अथवा हजारौं रूपहरूलाई हेर ।

(६) हे अर्जुन ! बाह्र आदित्य आठ वसु एघार रूद्र दुई अश्विनी कुमार तथा उनन्पचास वायु हेर । औ अरू पनि धेरै आश्चर्यदायक कुराहरू हेर । जसलाई तिमीले कहिले पनि देखेका थिएनौ ।

(७) हे अर्जुन ! मेरो यो शरीरमा एकै ठाउँमा रहेको सम्पूर्ण चर अचर सहित जगत र अरूपनि जो देख्न इच्छा गर्दछौ अहिले हेर ।

(तात्पर्य) स्थावर जङ्गम सृष्टिका वस्तुहरू सबै भगवानको विराट शरीरमा एकत्रित छन् जो विराट शरीरमा छैनन त्यो विश्वमा पनि छैन औ जो विराट शरीरमा छ त्यो विश्वमा पनि छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(८) यिनी आपना चर्म चक्षुले तिमी मलाई देख्न सक्ने छैनौ त्यसकारण म तिमीलाई दिव्य दृष्टि दिन्छु त्यसद्वारा ईश्वरीय योग अर्थात अघटित घटन सामर्थ्यलाई हेर।

(तात्पर्य) जुन अलौकिक दृष्टिद्वारा, सर्वसाधारणको आँखाले देख्न नसकिने पदार्थको प्रत्यक्षको ज्ञान हुन्छ त्यसको नाम दिव्यदृष्टि हो। यो दृष्टि आध्यात्मिक हो। भौतिक होइन।

(९) महायोगेश्वर कृष्णले यस्तो भनेर त्यसपछि अर्जुनलाई श्रेष्ठ ईश्वरीय रूप देखाउनु भयो।

अर्जुनले देखेको विराट रूपको वर्णनः—

(१०,११) अनेकौं मुख र आँखा भएको अनेकौं अद्भूत दृष्यले युक्त अनेकौं दिव्य अलंकार सजाएको अनेकौं दिव्य अस्त्रहरू उजाएको दिव्य माला वस्त्रहरू धारण गरेको दिव्य चन्दनहरू लगाएको सकल आश्चर्यले पूर्ण द्विप्तीमान आदि अन्त्य मध्यरहित चारैतिर मुख भएको रूपलाई देखाउनु भयो।

(१२) यदि आकाशमा हजार सूर्यको तेज एकैचोटी प्रकाशित होला त्यो तेज त्यस विश्वरूपको तेजको तुल्य होला।

(१३) त्यसबेला अर्जुनले देवाधिदेवको त्यस शरीरमा अनेक प्रकारले बाँडिएको सम्पूर्ण जगत् एकै ठाउँमा रहेको देखे।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[१४] जब अर्जुनले विश्वरूप देखे त्यसबेला ती महान आश्चर्यमा परे । तिनका शरीरमा रोमाँञ्च भयो । विश्वरूपलाई अञ्जली पूट बाँधेर शिर झुकाई नमस्कार गरेर भन्न लागे ।

[१५] अर्जुन भन्दछन् हे देव तपाइका विराट शरीरमा सम्पूर्ण देवता नाना प्रकारका चल अचल जीवहरुको समुदाय कमलका आशन-गरी बसेका सृष्टिकर्ता ब्रम्हा सम्पूर्ण ऋषिहरु तथा दीव्यनागहरुलाई देख्दछु ।

[तात्पर्य] कमल भनेको भूलोक हो यसको मध्य कर्णिका मेरु-पर्वत हो जहाँ ब्रम्हा बस्नु भएको छ प्राणीहरुको सृष्टि यहीबाट भएर संसारमा फैलिएको हो ।

(१६) हे बिश्वेश्वर हे विश्वरुप अगणित हात पेट मुख नेत्रहरुले युक्त अनन्तरुप तपाईलाई चारैतिरबाट देख्दछु । फेरि तपाईको न पुच्छार न माझ नसिरान्ह देख्दछु ।

(१७) मुकुट पहिरेको गधा धारण गरेको हातमा चक्र लिएको सबैतिरबाट प्रकाशमान तेज पुञ्ज हेर्न नसकिने प्रज्वलित अग्नि र सूर्य जस्तै तेजस्वी अपरम्पार तपाइलाई चारैतिरबाट देख्दछु ।

[तात्पर्य] अर्जुनले पहिले जो आफु र आफूदेखि भिन्न विश्व देखेका थियो त्यो अहिले सबै एउटै विराटको अङ्गमा विभक्त भएको देखेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१८) तपाइनै जान्न योग्य पर ब्रम्ह, यस विश्वको अन्तिम आधार, नित्य धर्मको रक्षक र तपाइनै सनातन पुरुष हुनुहुन्छ । यस्तो मेरो विचार छ ।

(१९) आधी मध्य अन्तरहित अनन्त पराक्रमी अनन्त हात भएको चन्द्र र सूर्य नेत्र भएको बलेको अग्नि तुल्य मुख भएको तथा स्वकीय तेजले यो विश्वलाई तपाइरहेको तपाईलाई म देख्दछु ।

(२०) हे महात्मन आकाश तथा पृथ्वीको अन्तराल स्थान औ दशौं दिशाहरुलाई एकांकी तपाइले नै सर्वत्र व्याप्त गरी राख्नु भएको छ । तपाईको यो अद्भूत उग्ररूपलाई देखेर तिनैलोक निवासी जीवगण भयले व्याकुल भै रहेका छन् ।

(२१) यी देवगण तपाईमा प्रवेश गर्दछन् डराएका कोही दुईहात जोड़ेर स्तुति गर्दछन् । महर्षि र सिंध्दका संघहरू स्वस्ति यस्तो भनेर अनेकौं स्तुति गर्दछन् ।

(२२) रूद्र र सूर्य वसु औ जो साध्यगण विश्व देव अश्विनी कुमार मरूद् गण पितृ र गन्धर्व यक्ष र असुर औ सिध्दगणहरू पनि सबै आश्चर्य भएर तपाईलाई नै हेर्दछन् ।

(२३) हे महाबाहो अनेकौं मुख आँखा हात गोड़ा पेट भएको तथा धेरै डाह्राहरू निस्केर दन्त विकराल भएको तपाइको विशाल रूपलाई देखेर लोकहरू भय व्याकुल भए म पनि त्यस्तै डराए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२४) हे विष्णो आकाश छुने प्रकाशमान अनेक रंगयुक्त उघारिएको मुख भएको प्रज्वलित विशाल नेत्र युक्त तपाईंलाई देखेर मेरो मन भयले व्याकुल भयो। धैर्य र शान्ति पाएको छैन।

(२५) डाह्राहरूले विकराल प्रलयकालका अग्नि तुल्य तपाईंका मुखहरूलाई देखेर नै दिशाहरू जान्दिन। सुख पनि पाउँदिन हे देवाधिदेव हे जगन्न निवाश प्रसन्न हुनुहोस्।

(२६,२७) युध्दमा सहायता दिन आएका राजाहरूका भुण्डका साथै यी धृतराष्ट्रका छोरा दुर्योधनादि र भीष्म द्रोण कर्ण तथा हाम्रा पक्षका पनि मुख्य२ वीरहरूका साथ तपाई मा प्रवेश गर्दछन र ती योध्दाहरू धडा धड़ दाह्राले विकराल भएका भयानक तपाईंका मुखमा पसिरहेका छन्। कोही खप्पर चुर चुरभएका योध्दाहरू दाँतका अन्तरमा गएर टाँस्सिएका देखिन्छन्।

[तात्पर्य] यसबाट अर्जुनलाई थाहा भयो कि यस युध्दमा को को मर्नँ को को बाँच्ने भीष्म द्रोण आदि सबै मृत्युको ग्रास भै सकेका छन् कसैले मारेर मर्नें भन्नेकुरा झुठा हो भन्ने भगवानले अर्जुनलाई देखाई दिनु भयो।

(२८) जस्तै नदीहरूका सम्पूर्ण प्रभाव समुद्रमै गएर मिल्दछन् त्यस्तै दुनियाँका सम्पूर्ण योध्दाहरू सर्वत्र प्रज्वलित भएका तपाईंका मुखमा पस्दछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२९) जस्तै पुतलीहरु बलेका अग्निमा मर्नलाई वेगले फाल हाल्दछन् त्यस्तै यिनीहरुपनि तपाईंको मुखमा मर्नलाई डौडेर पस्न आउँदछन ।

(तात्पर्य) श्रीभगवानको विराट शरीरमा सबै घटना देखि सकेपछि अर्जुनका हृदय विचारमा यो योध्दाहरु विराटका मुखमा लय भएको देखे ।

(३०) हे भगवन धप धपी बलेका मुखहरुद्वारा चारैतिरबाट सबैलाई ग्रास गरेर स्वाद लिनु भएको छ तपाईंका उग्र कान्तिहरु आफ्ना तेजले समस्त विश्वलाई व्याप्त गरेर तीव्रताप गराइरहेका छन् ।

[३१] डरलाग्दो रुप भएको तपाईंको हुनुहुन्छ । मलाई भन्नु होस तपाईंलाई नमस्कार छ । हे देव श्रेष्ठ प्रसन्न हुनुहोस् तपाईंलाई म जान्न इच्छा गर्दछु । किनकि तपाईंको के गर्ने विचार छ मलाई थाहा छैन ।

[३२] श्रीभगवानले भन्नु भयो म लोकलाई क्षय गर्न बढेको काल हो लोकलाई संहार गर्न यहाँ तैयार छु । तिमी नभएपनि शत्रुका सैन्यमा जो योध्दाहरु रहेका छन् ती सबै हुने छैनन् ।

(तात्पर्य) संसारमा जे जे कार्य हुन्छ ती सबै परमेश्वरका प्रेरणा द्वारा हुन्छन् त्यसकारण मनुष्यले आफूलाई कर्ता मान्नु व्यर्थ छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३३,३४) त्यसकारण तिमी उठ विजयको जश लेउ । शत्रुहरुलाई जितेर ऐश्वर्यपूर्ण राज्यलाई भोग । मैले नै पहिले यी द्रोण भीष्म जयद्रथ कर्ण तथा अरुपनि जो जो लडाका वीर छन ती सबैलाई मारिसकेको छुँ तिमी निमित्त मात्र बनि उनैलाई मार, शोक नगर, युद्ध गर, विजयी हुनेछौ ।

(तात्पर्य) गुरु द्रोण जसका हातमा धनु छउञ्जेल उहाँलाई जित्ने संसार मै पैदा भएको छैन भीष्म इच्छा मरण जयद्रथ जसको बाबुले मेरो पुत्रको शिर पृथ्वीमा गिराउँदछ उसको शिर पनि पृथ्वीमा गिरोस् भनेर घोर तपस्या गरेको छ । कर्ण पनि महारथी हुनाका साथै अमोघ अस्त्रलेयुक्त छ । एवं प्रकार अरुपनि वीर पराक्रमी छन् । अर्जुनलाई यो सबै थाहा थियो । त्यसकारण श्रीभगवानले यी वीरहरुको नाम लिई ती सबै मरिसके भन्ने सूचना दिनु भएको हो । अतः कालले नै आफ्ना आफ्ना कर्मानुसार सबैलाई मारिसकेको छ । अर्जुन केवल निमित्तमात्र हुन् ।

[३५] श्रीभगवानको यस्तो वचन सुनेर डरले थर थर काँपिएका अर्जुन दुई हात जोड़ेर श्रीकृष्णलाई नमस्कार गरेर डराई डराइकन निहुरेर फेरि पनि गद् गद् स्वरले भन्न लागे ।

(३६) हे ऋषिकेश सबै जगत तपाईको गुण कीर्तनले प्रसन्न हुन्छ औं त्यसैमा अनुरक्त पनि हुन्छ राक्षसहरु तपाईंका डरले दश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिशामा भाग्दछन् सिध्द पुरुषहरूका संघहरु तपाईंलाई नमस्कार गर्दछन यो सवै तपाईंमा यथा योग्य नै छ ।

[३७] हे महात्मन तपाईं ब्रम्हाभन्दापनि ठूला औ उनका पनि आदिकर्ता हुनुहुन्छ । अतएव यिनोहरु तपाईंलाई नमस्कार किन नगरुन् ? हे देवेश जगन्न निवाश सत र अशत पनि तपाईं नै हुनुहुन्छ । तथापि यी दुई देखि परको जुन अक्षर ब्रम्ह हो त्यो पनि तपाईं नै हुनुहुन्छ ।

(तात्पर्य) शत र अशत शब्दलाई व्यक्त र अव्यक्त लिनु पर्दछ । व्यक्त भनेको यो देखिएको विश्व हो अव्यक्त भनेको यसको मूल कारण प्रकृति हो ।

(३८) तपाई आदि देव तपाई यस विश्वको परम आधारज्ञाता ज्ञय तथा श्रेष्ठस्थान हुनुहुँछ । अनन्तरुप तपाईंद्वारा विश्व व्याप्त छ ।

(३९) वायु यम अग्नि वरूण चन्द्रमा ब्रम्हा तथा ब्रम्हाको पनि पिता तपाई नै हुनुहुन्छ । तपाईलाई सहश्रवार नमस्कार छ । फेरि पनि बार बार नमस्कार छ ।

[तात्पर्य] ब्रम्हाका मरीचि आदि सात पुत्रबाट जगतका प्राणीहरू उत्पन्न भए त्यसकारण प्राणीहरूका बाबु मरीचि आदि मरीचि आदिका बाबु ब्रम्हा उत्पन्नगर्ने जीजु बाजे परमेश्वर नै हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४०) हे विश्वरूप तपाईंलाई अगाड़ि पछाडि चारैतिरबाट नमस्कार छ। हे अनन्त वीर्य तपाईं आफ्ना अमित शक्तिले निखिल ब्रम्हाण्ड्लाई व्याप्त गर्नु भएको छ र तपाईं सर्वरूप कहलाउनु भएको छ।

(४१,४२) हे अच्युत तपाईंको विश्वरूप महिमालाई नजानेर अज्ञानवश सर्वसाधारण जस्तै ठानेर सखाभावबाट या प्रेमभावले मैंले हे कृष्ण हे यादव हे साथी इत्यादि जो जो सम्बोधन हठ्पूर्वक गरें तथा खाँदा हिड्दा डुल्दा सुत्दा उठ्दा एकान्तमा या अरू मित्रहरूका अगाड़ि उपहास रूपले तपाईंको जो जो निरादर गरें त्यसको म तपाईंसंग क्षमा माग्दछु।

(४३) हे अतुल प्रभाव तपाईं यस चराचर विश्वको पिता पूजनीय गुरु तथा गुरूका पनि गुरु हुनुहुन्छ। तिनैलोकमा तपाईंको बराबर छैन भने तपाईं भन्दा बढ़्ता अर्को कहाँबाट होला।

(४४) त्यसकारण हे देव म शास्ताङ्ग प्रणाम गरेर स्तुतिगर्नं योग्य तपाईंलाई प्रसन्न हुनको निम्ति प्रार्थना गर्दछु। जस्तै पिताले पुत्रको साथीले साथीको पतिले स्त्रीको अज्ञानवश भएको अपराधलाई क्षमा गर्दछन् त्यस्तै मेरो पनि अपराध क्षमा गर्नुहोस्।

(४५) कहिल्यै नदेखेको रूपलाई देखेर मलाई हर्षभयो। डरले पनि व्याकुल भए। हे देव मलाई त्यही रूप देखाउनु होस् हे जगदाधार प्रसन्न हुनुहोस्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४६) म त्यस्तै कीर्ति र गदा धारण हातमा चक्र लिनु भएको तपाइलाई देख्न चाहन्छु हे सहस्रबाहो त्यही चतुर्भुज रूपले प्रकट हुनुहोस् ।

(४७) श्रीभगवान आज्ञा गर्नु हुन्छ हे अर्जुन मैले प्रसन्न भएर आफ्ना योग शक्तिद्वारा तेजोमय अनन्त आद्य विराटरूप तिमीलाई देखाए यसलाई तिमी सिवाय पहिले अरू कसैले पनि देखेका थिएन ।

(४८) हे कुरुवीरमा श्रेष्ठ अर्जुन न वेद यज्ञ अध्ययनहरुले न दान क्रिया या उग्र तपस्या कुनैले पनि मनुष्य लोकमा तिमी सिवाय अरु कसैले पनि मेरो यो रुपलाई देख्न पाउँदैन ।

(४९) यो डर लाग्दो यस्तो मेरो रूपलाई देखेर तिमीलाई कष्ट नहोस मूढ़ता पनि नहोस् निर्भय भएर प्रसन्न चित्तले तिमी फेरि मेरो त्यही रूपलाई हेर ।

(५०) श्री कृष्णले अर्जुनलाई यस्तो भनेर आफ्नो (चतुर्भूज) रूप फेरि देखाउनु भयो औ पूनः विराट भगवानने शान्त रुप मनुष्याकृति धारण गरेर डराएका अर्जुनलाई सान्त्वना पनि दिनु भयो ।

[५१] अर्जुन भन्दछन् हे जनार्दन ! तपाईको यो शान्त मनुष्याकृति रूपलाई देखेर मेरो होश ठेकानमा आयो । औ पहिले जस्तै सावधान भए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[५२] श्री भगवान भन्नु हुन्छ हे अर्जुन मुस्किलले देख्न पाउने जो यो मेरो विश्वरूपलाई तिमिले देख्यौ त्यसलाई देख्नाको निम्ति देवताहरू पनि निरन्तर लालायित रहन्छन् ।

[५३] जस्तो तिमीले मलाई देख्यौ यस्तो रूपलाई वेद पाठ तपस्या दान यज्ञ कुनै उपायले पनि कसैले देख्न पाउदैन ।

(तात्पर्य) भगवानको सगुण साकाररूपको दर्शन खाली यज्ञ तप दानबाट मिल्दैन प्रेमपूर्ण तीव्र दर्शन लालसा चाहिन्छ अनि मात्र भगवानले भक्तलाई जुन रूपमा प्रेम छ त्यहीरूपबाट दर्शन दिनु हुन्छ । तीव्र दर्शन लालसा यस्तो हुनुपर्दछ जस्तो चराका बच्चा गाईका बाच्छा आफ्नो आमाको निम्ति वीरहिनी स्त्री पतिको निम्ति जसरी दर्शनार्थ उत्सुक भै रहन्छ ।

[५४] हे अर्जुन केवल अनन्यभक्तिले नै यसरी मेरा ज्ञान हुन मलाई देख्न तथा ममा परमात्मार्थ रूपले प्रवेश हुन सम्भव छ ।

[५५] हे अर्जुन ! जो मेरो निम्ति कर्म गर्ने ममा परायन आशक्तिरहित सम्पूर्ण प्राणीमा वैरभावरहित छ त्यो मेरो भक्तले मलाई पाउँदछ ।

(तात्पर्य) निःस्वार्थ भावले गरिएका कर्मद्वारा जगतको धारण शोषण हुने भै कर्तव्यकर्म गर्नै पर्दछ र जसले सम्पूर्ण भूतहरू र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जगतमा भगवान भगवानमा सम्पूर्ण भूतहरू र जगतलाई देख्दछ त्यस्ता समत्तो बुद्धिपूर्वक कर्तव्यपरायण भएको भक्त नै भगवततत्व प्राप्तिमा सफल हुन्छ । त्यो साँचो भक्त हो, केवल कृष्ण कृष्ण भनें पुग्छ अरू केही पनि गर्नु पर्दैन भन्ने भगवानको अनुमति विरुद्ध चल्ने हुन् ।

इति विश्वरूप दर्शन योगनाम एघारौ अध्याय समाप्त भयो ।

बाह्रौ अध्याय

(१) अर्जुन सोध्दछन् यस्ता प्रकारले सदा योगयुक्त भएर निरन्तर अनन्यभावले जो भक्त तपाईंको सगुण साकार रूपको उपासना गर्दछन् तथा जो अव्यक्त अविनाशी ब्रम्हको उपासना गर्दछन् यी दुइमा योग वेत्ता अर्थात श्रेष्ठ कुन हो ?

(२) श्री भगवान आज्ञा गर्नु हुन्छ हे अर्जुन ! जो ममा मन लगाएर अत्यन्त श्रद्धाले मलाई भज्दछन् तिनीहरू श्रेष्ठ योगी मेरा विचारमा मानिएका छन् ।

(३,४) किन्तु जो इन्द्रिय समूहलाई रोकेर सबैमा समबुध्दि राखेर सम्पूर्ण भूतको हितमा लागेका जो देखाउन नसकिने अचिन्तनीय सर्वत्र व्याप्त अविनाशी तत्वको उपासना गर्दछन् तिनीहरूले मलाइनै पाउँदछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५) ती अव्यक्त निगुंण निराकारका उपासकलाई सगुण साकारका उपासकलाई भन्दा दुःख छ । किनकि देहाभिमानीहरूलाई अव्यक्तको उपासना कष्ट साध्य छ ।

(तात्पर्य) केवल आफ्नो रुचि र प्रकृति अनुसार कसैलाई सगुण साकारको उपासना भक्तिमार्ग कसैलाई निराकार ब्रम्हको उपासना ज्ञान मार्ग लाभकारी हुन्छ कुनैकुरापनि आफ्नो रुचि तथा प्रकृति विरूध्द या अधिकारमा नभएको श्रेष्ठ पनि कनिष्ठ नै हुन्छ । औषधि मूल्यवान किन नहोस् रोगीको प्रकृति विरूध्द छ भने त्यसका निम्ति त्यो महत्वको चिज हुँदैन । निगुंण उपासक समस्त विश्वको हित नै त्यसको आत्मा कल्याणको साधन हुन्छ । त्यसकारण त्यो कसैको भर कसैको आशा गर्दैन । स्वयम् परिश्रम गर्दछ त्यो महान धैर्यशाली र साहसी तथा देहाध्यास शिथील भएका व्यक्ति मात्रै अधिकारी हुन सक्दछ ।

सगुणोपाशक्त भक्त परमेश्वरका कुनै एउटा साकार रुपमा अनन्यभावले दत्तचित्त भएर आफ्नो सम्पूर्ण कर चरणादिद्वारा नवधा सेवा गर्दछन् र आफ्नो सम्पूर्ण आत्म कल्याणको बागडोर भगवानमा सुम्पन्छन् जस्तै माताको दुई पुत्र बराबर छन् तापनि स्तनपान गर्ने शिशुकाप्रति विशेष प्रेम हुन्छ त्यस्तै अनन्यभक्तका प्रति भगवानको विशेष कृपा दृष्टि हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(६,७) किन्तु जो भक्त मेरो सगुण साकार भावलाई लिएर समस्त कर्महरू मलाई अर्पण गरेर मलाई नै परम प्राप्तव्य वस्तु मानेर निरन्तर भक्तियोगद्वारा ममा चिन्तन गर्दै मेरो उपासना गर्दछन ती भक्तलाई म संसार सागरबाट चाँडै पार लगाई दिन्छु ।

मय्येव मन आधत्स्व मयि बुध्दिं निवेशय ।
निवसिष्यसि मय्येव अत ऊर्ध्वं न संशयः ।।

(८) तिम्रो संकल्प विकल्प गर्ने मन र निश्चय गर्ने बुद्धिलाई मेरो सगुण साकार रूपमै लगाई राख । त्यसो भएपछि देहको अन्तमा मेरो शुद्ध रूपैमा गएर मिल्नेछौ यसमा संदेह छैन ।

(९) हे अर्जुन यदि ममा चित्त एकाएक स्थीर राख्न सक्तैन भने अभ्यासद्वारा (शनैः शनैः) मलाई पाउने इच्छा गर ।

(१०) यदि तिमी अभ्यासमा पनि टिक्न सक्तैनौ भने मेरो निम्ति कर्म गर। समस्त कर्म मलाई अर्पण गर यसरी कर्म गर्दै रह्यो भने अन्तमा तिमीलाई सिध्दि (मोक्ष) मिल्नेछ ।

(११) यदि ममायुक्त भएर समस्तकर्मलाई मदर्थ गराउने शक्ति पनि तिमिमा छैन भने चित्तलाई आफ्नो अधिनमा राखेर यावत कर्मफलको त्याग गर अर्थात शरीरबाट अनायाश भएका शुभाशुभ कर्मको फलमात्र त्याग ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१२) किनभने अभ्यासभंदा ज्ञान, ज्ञानभंदा ध्यान, ध्यानभंदा कर्मफलको त्याग श्रेष्ठ छ, त्यागबाट पछि शान्ति हुन्छ ।

[तात्पर्य] मुख्य यो छ कि गीता ज्ञानलाई मस्तिष्कमा, भक्तिलाई हृदयमा तथा कर्मलाई शरीरका अङ्गप्रत्यङ्गमा राखेर साथै प्रयोग गराउन चाहन्छ । कोरा, शुष्क ज्ञान र खाली मूढ भक्ति तथा केवल काम्य कर्मका साथ यसको घोर विरूद्ध छ ।]

(१३,१४) कुनै जीव मात्रका प्रति द्वेश नगर्नें सबकाप्रति मैत्री र करुणाको वर्ताव गर्नें ममता अहंतारहित सुखदुःखमा एकनाश क्षमाशील सन्तोषी र चंचल चित नभएको संयमी दृढ निश्चय भएको तथा मन र बुद्धि ममा अर्पण गरेको भक्त मेरो प्रिय छ ।

(१५) जसबाट लोक संतापित हुँदैन जो त कहिले आफु संतापित हुँदैन जो हर्ष इर्ष्या भय उद्वेगबाट मुक्त छ त्यो भक्त मेरो प्रिय छ ।

(१६) कामनारहित भित्र बाहिर शुद्ध भएको कर्तव्य अकर्तव्यको निर्णयमा कुशल–शत्रु मित्रु भाव नभएको दुःखमा पनि दुःख नमान्ने तथा समस्त फलारम भक्त कर्मलाई त्यागेको जो मेरो भक्त हो त्यो मेरो प्रिय छ ।

(१७) जो न हर्षित न द्वेश न शोक न इच्छा गर्दछ तथा जसले कर्मका सम्पूर्ण शुभ र अशुभ फललाई त्यागी दिएको छ त्यो भक्ति मेरो प्रिय छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१८, १९) शत्रु मित्र मान अपमान र जाडो गर्मी सुख-दुःखसबैमा सम आशक्तिरहित निन्दा स्तुतिमा एक रस चाहिएको मात्र थोरै शब्दमा बोल्ने अनायास प्राप्त वस्तुले सन्तुष्ट ममतारहित स्थिर बुध्दि भएको भक्तिमान मनुष्य मेरो प्रिय छ ।

(तात्पर्य) कर्म योगी कर्म फल त्यागेर जुन स्थितिमा पुग्दछ उपासक योगी परमेश्वरको अनन्य भक्तिद्वारा त्यही स्थितिमा पुग्दछ यिनै गुणहरू साधकका साधन सिध्दहरूका लक्षण हुन् ।

(२०) जो श्रध्दालु ममा परायण भएर माथि बताएको धर्मरूपी अमृतलाई अनुष्ठान गर्दछन् ती मेरो अत्यन्तै प्रिय छन् ।

(तात्पर्य) भगवान सगुण भक्तका प्रति विशेष प्रेम गर्नु हुन्छ । यही भाव बाटै भक्तहरू शनैः शनैः भगवानतिर आकर्षित हुन्छ र अन्त्यमा शुध्द समभावमा पुग्दछ ।

इति भक्ति योगनाम बाह्रौ अध्याय समाप्त ।

तेह्रौ अध्याय

(१) श्रीभगवान भन्नु हुन्छ हे अर्जुन ! यो शरीर क्षेत्र हो जो यसलाई जान्दछ त्यसलाई क्षेत्र त्यो क्षेत्रज्ञको तत्त्व जान्नेहरू क्षेत्रज्ञ भन्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(तात्पर्य) क्षेत्रनाम खेत हो जस्तै खेतमा खेती उत्पन्न हुन्छ त्यस्तै शरीरबाट पनि कर्महरू उत्पन्न हुन्छ । खेतमा परिश्रम अनुसारको फल फल्दछ त्यस्तै शरीररूपी क्षेत्रमा पनि काम्य कर्मानुसार सुख-दुःख रूपी फलहरू फल्दछन् ।

(२) हे अर्जुन ! तिमी मलाई नै निखिल क्षेत्रमा क्षेत्रज्ञ (जीव) जान । क्षेत्र र क्षेत्रज्ञको जो ज्ञान हो त्यही मेरो मन्तव्य ज्ञान हो ।

(तात्पर्य) सर्वत्र व्याप्त जो ब्रम्ह सत्ता हो त्यसैको प्राणीका शरीरमा रहेको भाग क्षेत्रज्ञ जीव पुरुष आदि शब्दले भनिन्छ । वास्तवमा अज्ञानले क्षेत्रका धर्महरू आफूमा ठहऱ्याएर आफूले आफैंलाई कर्ता भोक्ता मान्दछ । समस्त क्षेत्रमा ब्रम्ह स्वरूप आफूलाई नजानेर प्रति क्षेत्रमा भिन्न भिन्न देख्दछ । यिनै यसको बन्धन दशामा क्षेत्रका साथ झूठा सम्बन्ध मानिन्छ । विवेकद्वारा भ्रान्ति नष्ठ भएपछि आफ्नो असली सच्चिदानन्द रूपमा स्थित हुन्छ । अतः भगवान उपदेश गर्नु-हुन्छ समस्त क्षेत्रमा म (ब्रम्हलाई) क्षेत्रज्ञ जीव जान । यही गीताको मुख्य ज्ञान हो ।

(३) त्यो क्षेत्र के हो कस्तो छ ! कुन कुन विकारले युक्त छ ! कहाँबाट उत्पन्न भएको हो औ कति कति भेदले युक्त छ ! यो र क्षेत्रज्ञ के हो ? त्यसमा के प्रभाव छ यो सबै मबाट संक्षेपले सुन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४) यो विषय ऋषिहरूले नानाप्रकारबाट भिन्न भिन्न वेदले छुट्टा छुट्टै रीतबाट तथा निश्चय गराउने युक्ति पूर्ण ब्रम्ह सुत्रका पदहरूले बयान गरिएको छ ।

(५,६) आकाश वायु तेज जल पृथ्वी यी पञ्चमहाभूत समस्ती अहंकार समस्ती बुध्दि मूल प्रकृति मनसहित ११ इन्द्रिय शब्द स्पर्श, रूप, रस, गन्ध ५ ज्ञानिन्द्रियका विषय इच्छा द्वेश सुख–दुःख शरीर प्राण शक्ति धैर्य यी ३१ धर्मले युक्त सविकार क्षेत्र कहिन्छ ।

(तात्पर्य) प्रथम प्रधान प्रकृतिबाट महतत्व महतत्त्वबाट अहंकार उत्पन्न हुन्छ एकबाट अनेक हुने संकल्पलाई अहंकार शब्दले देखाएको छ त्यो अहंकार तामस, राजस, सात्विक ३ प्रकारको छ । तामसबाट पञ्च–तनमात्रा पञ्चतनमात्राबाट पञ्चमहाभूत उत्पन्न हुन्छ । राजसबाट ११ इन्द्रिय, सात्विकबाट इन्द्रियका अधि देवताहरू उत्पन्न हुन्छ । यिनै २४ तत्वले युक्त क्षेत्र कहिन्छ [पचीसौं] पुरुष क्षेत्रज्ञ कहिन्छ। माया परमेश्वरको शक्ति हो त्यसैलाई अव्यक्त भनेको छ यही अव्यक्त मायाले सवलित [युक्त ईश्वरको सष्टिगर्ने इच्छालाई बुध्दि शब्दले देखाएको छ । यस श्रुति अनुसार परमेश्वरको संकल्पबाट पहिले सो माया, मायाबाट आकाश उत्पन्न भयो आकाशमा मात्र वायु हुने भै आकाशबाट वायु, वायुको संसर्ग हुँदा तेज अर्थात अग्नि उत्पन्न भयो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसैले वायुबाट तेज, ज्यादा तेज अर्थात गरमबाट पसिना पानि आएझैं तेजबाट जल जलनल घोटींदा फेन भएर त्यसैबाट पृथ्वी भएकोले जल-बाट पृथ्वी उत्पन्न भईन् यिनीहरूको गुण आकाशको शब्द वायुको स्पर्श तेजको रुप जलको रस पृथ्वीको रस गन्धहुन् । यो ५ महाभूतको परिणामी कारण त्रिगुणात्मिका हुनाले प्रत्येक भूतहरु पनि ३ गुण वाला छन् र यी पञ्चमहाभूतका अंशबाट [कान, छाला, आँखा, जिब्रो, नाक यी ५ ज्ञानेन्द्रिय] र बोली, हात, पाऊ, गुडा, जननेन्द्रिय, यी ५ कर्मेन्द्रिय उत्पन्न भए यसको क्रमैले ज्ञानेन्द्रियको शब्द स्पर्श रुपरस गन्धर कर्मेन्द्रियको, बोल्नु लिनु दिनु हिड्नु मल त्याग आनन्द [सन्तानोत्पादक] कर्म यी ५।५ विषय कहिन्छ । यी पञ्चमहाभूतका समस्ती सात्विक अंशका मिश्रणबाट अन्तकरण उत्पन्न भयो । जो एउटा भएर पनि बृत्ति भेदले मन बुद्धि [विचार] चित्त अहंकार यी ४ प्रकारको उत्पन्न भयो यसको संकल्प निश्चय चंचलता अहंता यी ४ विषय हुन् । यिनको चन्द्रमा ब्रम्हा वासुदेव रुद्र यी अधिदेव हुन् अतयोकाम् गरुंवा नगरु भन्ने सन्देह मनले गर्छ अनि गरुं भनिबुध्दिले ठहराउँछ कस्ता हिसावले गर्ने हो भनि चिन्तन गर्ने चित्त हो अनि काम पनि भयो यो काम गरे भन्ने ममता आउने अहंकार उत्पन्न हुन्छ फेरि पञ्च-भूतका समस्ती राजश अंशबाट प्राण वायु उत्पन्न भयो यसको मूल निवास स्थान हृदय हो त्यहीबाट अनेक स्थानमा कार्यवश बाढिएक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राण अपाण समान उदान व्यान यी ५ नाम वायु हुन् मुख र नाकबाट २४ घण्टामा २१,६०० पल्ट स्वाः फ्वाः गर्ने यही प्राण वस्ती देशमा रहेर अपाण वायुले मल मुत्रलाई तल खसाल्ने समानले नाभीमा रहेर जथराग्नीलाई प्रदीप्त गराउने उड़ानले कण्ठमा रहेर खाएको आहारालाई आमाशयमा धकेल्ने र विकृत वस्तुलाई वमन गराउने व्यान वायुले समस्त शरीरमा व्यापी ७२ करोड़ नाडीमा व्याप्त भएर अंग प्रत्यंगलाई क्रीयाशील बनाउने कहिन्छ । यी ५ ज्ञानेन्द्रिय ५ कर्मेन्द्रिय ५ प्राण ४ अन्तकरण यी १९ तत्व मिलेर जीवको सुक्ष्म शरीर हुन्छ । स्थूल शरीर यी पञ्चमहाभूतबाट भएको हो ।

स्थूल शरीरलाई ४ विभाग गरेको छ । फूलबाट पदा हुने पंक्षीहरू अण्डज पसीनाबाट पैदा हुने जुम्राहरू स्वेदज पृथ्वीलाई चिरेर पैदा हुने वृक्षहरू उद्भिज गर्भ व्यस्तन चर्म झिल्लोबाट पैदा हुने जरायुज कहिन्छ । जम्मा गरेर योनी ८४ लाख छन् । त्यसको संख्या नौलाख जलचर चारलाख मनुष्य दशलाख पंक्षी एघार लाख कीरा तेइस लाख पशु सताईस लाख वृक्ष हुन् ।

ज्ञानका विषय साधन

(७) मान र दम्भहिनता, अहिंसा, क्षमा, सरलता, गुरुसेवा, पवित्रता, अचंचलता, मनःनिरोध ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(८) इन्द्रियका विषयमा वैराग्य तथा अहंकार नहुनु जन्म मरण र बृध्दा, तरुणावस्थालाई बारबार दुःखले भरिएको देख्नु ।

(९) पुत्र, स्त्री, गृह आदि सम्पतिमा ममता र त्यसमा अहंता, नहुनु इष्ट वा अनिष्ट प्राप्तिमा हर्षविषादरहित हुनु ।

(१०) श्री भगवानमा अनन्य भावले भक्ति गर्नु एकान्त स्थानमा निवास, शीलता साधारण जनसमुदायमा बस्न अरुचि ।

(११) केवल आध्यात्म ज्ञाननिष्ठा तत्वज्ञानको सिध्दान्त परिशीलन अर्थात तत्व ज्ञानको खोजी यो ज्ञान शब्दले कहिएको छ । जो यस देखि विपरीत छ त्यो अज्ञान कहिन्छ ।

सरलार्थं

(१) मान नखोज्नु २) देखाउनलाई धर्म र सो धर्मको प्रकाश नगर्नू ३) मनमा कसैको दोष नराख्नू । ४) अर्कोले आफ्नो अपराध गरेतापनि क्षमा गर्नु । ५) बोलचालको मिजास सरल राख्नू जसमा कसैलाई पनि आफ्नूसंग वार्त्तचित र व्यवहारगर्न गाह्रो नहोस् । ६) ज्ञान दिने गुरुको सेवा गर्नू । ७) भित्र छलकपट छाडेर बाहिर शुध्द राख्नू । ८) चंचल प्रकृति त्यागनू । ९) मनलाई विषयबाट रोक्नू । १०) इन्द्रियका विषयमा वैराग्य हुनू । ११) इष्ट अनिष्ट जे परि आएपनि समभाव राख्नु अन्य माथि बताएका सात यिनलाई ज्ञान भन्दछन् यस देखि भिन्न यसको उल्टा सबै अज्ञान कहिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[तात्पर्य] यी लक्षण ज्ञान पथमा अग्रसर हुने सज्जनका हुन् ज्ञान भएपछि यी सब लक्षण स्वभाविकै हुन्छन् तर ज्ञान हुनुभन्दा पहिले यो गुण हुने चेष्टा गर्नु पर्दछ । यी गुणको अभ्यास गर्दागर्दै परिपक्व भएपछि सुध्दान्त कर्णमा क्षेत्रज्ञ आत्माको ज्ञान उदय हुन्छ । अतः यी लक्षण ज्ञानका साधन हुनाले यिनलाई पनि ज्ञानै भन्दछ ।

माथि उल्लेखित ज्ञानद्वारा ज्ञय जान्न योग्य वस्तुको उपदेश हुँछ ।

(१२) जो ज्ञय हो त्यो भन्दछु जसलाई जानेर मोक्ष पाउँदछ । त्यो आदिरहित परमब्रम्ह न सत् न असत् अर्थात त्यो ज्ञय तत्व सत् असत् विलक्षण अनादि परब्रम्ह हो ।

(तात्पर्य) श्रीभगवानको व्यक्त र अव्यक्त दुइ रूप छन् जो ब्रम्ह रूप हो । त्यो अव्यक्त जो व्यक्त हो त्यो यही चराचरको रूपमा देखेको छ । वास्तवमा व्यक्त र अव्यक्त यी दुवै रूप ज्ञय रूप ब्रम्हकै हुन् ।

जो वस्तु उत्पन्न हुँछ त्योसादि हुँछ जसको उत्पति छैन त्यसलाई अनादि भन्दछन् एवं जो वस्तु विधिमुखद्वारा प्रतिपादन हुँछ । त्यो सत जो निषेध मुखाद्वारा प्रतिपादन हुँछ त्यो असत् कहिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संसारका यावत वस्तुहरूलाई व्यक्त गराउने वाचक शब्दहरू ४ कटीमा बाँधिएका छन् जाति बोधक १ गुण बोधक १ क्रिया बोधक १ सम्बन्ध बोधक १ यसको व्यवस्था केवल प्रकृतिको रचनामात्र हो। यो देखि पररहेका परमात्मामा यिनीहरूको गति छैन।

[१३] त्यो ज्ञेय तत्त्व [परमात्मा] सर्वत्र हात खुट्टा आँखा टाउको, मुख, कान भएको छ तथा लोकमा समस्त जगतलाई दशाँ-शले व्याप्त गरेर रहेको छ।

(१४) जो ज्ञेय वस्तु समस्त इन्द्रियका गुण धर्म रूपले देखेर पनि समस्त इन्द्रियदेखि रहित छ सबैदेखि अलग्ग भएर पनि सबैलाई पालन गर्नेवाला छ। तथा निर्गुण भएर पनि गुणहरूको भोक्ता छ।

[१५] त्यो ज्ञेय आत्मा सकल भूत वर्गमा भित्र र बाहिर पनि रहेको छ तथा चराचर जगतको रूपमा पनि प्रकट भएको छ। त्यो शुक्ष्म भएको हुनाले जान्न कठिन छ औं टाढा पनि छ नजिक पनि छ।

[तात्पर्य] त्यो ज्ञेय आत्मा सकल भूत भौतिकमा व्याप्त छ त्यस-देखि भिन्न केही पनि छैन तथा अति शुक्ष्म र सब वस्तुभन्दा महान र रूपादिरहित हुनाले जान्न कठिन छ। आत्म ज्ञान परङ्ग मुखका लागि अनन्त पर छ ज्ञान साधन तत्त्वदर्शीका निम्ति अत्यन्त नजिक आफ्नै बुध्दिरूपी गुहामा विराजमान छ र त्यो ब्रम्ह सूर्य चन्द्रादि रूपहरूमा देखिएको पनि हुँदा स्वयम प्रकाश पनि छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१६) त्यो ज्ञेय वस्तु परमात्मा समस्त भूतमा अभिन्न सर्वगत् छन्तापनि अविवेक दृष्टि देह भेदले भिन्न भिन्न जस्तो देखिएको छ र त्यो भूतहरूलाई सृष्टि स्थिति संहारगर्नेवाला हो ।

(तात्पर्य) त्यो परमात्माको चेतन अंशबाट निमित्त र प्रकृति अंशबाट उपादान भएको छ । त्यो दुवै ज्ञेय वस्तु पनि ब्रम्ह नै हो ।

(१७) त्यो ज्ञेयवस्तु सूर्यादि ज्योतिको पनि प्रकाशक चैतन्य ज्योति तथा अज्ञान अन्धकारदेखि पर ज्ञानरूप ज्ञानद्वारा प्राया प्राप्य सर्वका हृदयमा विराजमान छ ।

(तात्पर्य) जसका प्रकाशले प्रकाशित भएर सूर्यलोकलाई प्रकाश गर्दछन त्यो ज्योतिको पनि ज्योति हो उनै परमात्माका चैतन्य प्रकाशले यी सर्व प्रकाशित छन् ।

(१८) एवं प्रकार क्षेत्र ज्ञान तथा ज्ञेयको रहस्य संक्षेपले तिमीलाई मैले भनें मेरो भक्त यसलाई जानेर मेरो स्वरूपलाई पाउँदछ ।

(तात्पर्य) त्यो तत्व जान्ने अधिकार भगवान भक्तलाइ मात्र हुन्छ त्यो जानेपछि परमेश्वरमा तन्मय हुन सक्छ ।

(१९) प्रकृति र पुरुष दुवैलाई अनादि जान विकार गुणहरू प्रकृतिबाट उत्पन्न भएको जान ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(तात्पर्य) संसारमा जड र चेतन दुइ पदार्थ छन् चेतन भनेको पुरुष हो । जड़ प्रकृति हो । यिनै दुइका सम्बन्धबाट सत्व रज तम् गुणका परिणाम ५ महाभूत ११ इन्द्रिय सोह्र विकार औं सुख दुःखादि उत्पन्न भए । प्रकृतिबाट उत्पन्न स्थूल शुष्प जगत बारम्बार उत्पन्न र नष्ट हुन्छ परन्तु प्रकृति र पुरुष यो दुवै अनादि छन् यिनको उत्पति छैन ।

(२०) शरीर र इन्द्रियलाई उत्पन्नगर्ने विषयमा प्रकृतिकारण कहिन्छ । दुःखहरूको भोगका विषयमा पुरुष कारण भनिन्छ ।

(तात्पर्य) प्रकृति सत्य छ उसको नाश कहिलै पनि हुँदैन प्रलय र सृष्टि विकासमात्र हुन् जस्तै माटोबाट गाग्री बन्दछ गागी फूटेपछि माटै हुन्छ त्यो माटोको नाश हुँदैन । त्यो प्रकृति नै जगतको कार्य-रूपमा प्रकट भै समस्त विश्वको सृष्टि गर्दछ फेरि कार्यको नाश भए-पछि त्यो प्रकृति कारण रूप मैं रहन्छ । चैतन्य कर्ता पनि छैन भोक्ता पनि छैन केवल स्फटिक मणिमा जपा कुसुमको आभास परे झैं प्रकृतिका कर्तृत्व र सुख दुःख मोहादि गुणहरूको चैतन्यमा प्रतिविम्ब पर्दछ र अज्ञानवश कर्ताभोक्तापनाको भाव उदय हुन्छ यसैले प्रकृतिलाई कर्ता पनामा कारण र पुरुषलाई भोक्तापनामा कारण मानिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२१) किनभने प्रकृतिमा रहेको पुरुष प्रकृतिबाट उत्पन्न भएका गुणहरुलाई भोग्दछ पुरुषको उत्तम अधम योनीमा जन्मनलाई गुणको आशक्ति कारण छ।

(तात्पर्य) सो प्रकृतिका गुणलाई भोग्दछ भनेको—म ब्राम्हण हुँ म सुखी छु म दुःखी छु भन्ने इत्यादि भ्रान्ति रुपको अनुभव हुन लाग्दछ तथापि स्वच्छ आत्मामा सो प्रकृतिको आफैले कल्पना गरेका बन्धनले आफै बाँधिन्छ र अज्ञान दशामा परि जीवको जन्म-मरण चक्र घुमिरहन्छ यसैलाई सांसारीक अवस्था भन्दछन् ।

(२२) यस शरीरमा पुरुष शरीरदेखि पर तथा निर्लिप्त भएर समस्त शारीरिक क्रियाहरलाई देख्ने ती कर्ममा आफ्नो राय दिने धारण र प्रकाश गर्ने महेश्वर तथा परमात्मा रुप छ त्यही परमात्मा उत्तम पुरुष कहिन्छ ।

(तात्पर्य) विवेकका सहयोगवाट पुरुषले आफूलाई असङ्ग ठहर्या-इएपछि त्यसको सबै बन्धन काटी त्यो स्वतन्त्र मुक्त छ प्रकृति पनि पुरुषलाई मोक्ष दिइ सकेपछि भोग सकिएकी भएर छुट्दछ यही व्यापक ब्रम्ह प्रकृतिका विकार देह इन्द्रिय आदिमा साक्षी रुपले रहेर भर्ता भोक्ता भएको छ।

[२३] जो एवं प्रकार पुरुष र गुणसहित प्रकृतिलाई जान्दछ त्यसले जस्तोसुकै व्यवहार गरेतापनि फेरि जन्मदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(तात्पर्य) पुरूषलाई परमात्मा क्षत्रज्ञ र प्रकृतिलाई समस्त विकारको कारण मिथ्या क्षेत्र रूपमा जान्नू सो प्रकृत्ति पुरूषको बिवेक हो ।

(२४) कोही साधक आफ्नै बुध्दिमा ध्यानका सहायताले शुध्द अन्तकरणका बृत्तिद्वारा आत्मालाई देख्दछन्, कोही सांख्ययोगको अभ्यासले कोही कर्मयोगद्वारा देख्दछन् ।

(तात्पर्य) साध्य एउटै भएता पनि मनुष्यको प्रकृति भिन्नर भै साधन भिन्न भिन्न भएको तर आफ्नो प्रकृति अनुकूल साधन मिले त्यो साधक साध्यतिर लम्कन सक्तछ नत्र उसलाई साध्य सधैं असाध्यनै हुन्छ । त्यसकारण सो अनुकूल साधन ध्यान सांख्य कर्म जुनसुकै योगबाट पनि साधकलाई परमात्माको ज्ञानद्वारा अन्तमा मुक्ति मिल्दछ । ठूलो सानु भन्ने भाव छैन आफूलाई जुन अनुकूल छ त्यसका निम्ति त्यही ठूलो छ ।

(२५) किन्तु यस्ता रीतले आफै आफ ज्ञान जसलाई हुँदैन तिनीहरूले अरूबाट सुनेर खाली सुनेकाभरले पनि मृत्युलाई टर्दछन् ।

(तात्पर्य) श्रीकृष्ण सर्वजनका निमित्त सरल उपायको उपदेश गर्नु हुन्छ । जो शास्त्र संस्कार सुन्ने अतिमन्द बुध्दि भएका मनुष्यहरू छन् ती पनि ब्रम्हनिष्ठ गुरुद्वारा तिमीले यस्तै प्रकारको साधन या भजन गर भन्ने आफ्नु अधिकारानुसारको उपदेश पाएर त्यसैको श्रध्दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भक्तिद्वारा अनुष्ठान गरेपछि ती पनि भवसागर पार हुन्छन् । एवं प्रकार श्रवण मात्रले आत्म पथमा प्रवृत्त साधकलाई परमात्मा हुन्छन् भने स्वयम् विचारवान पुरुष जो तत्व ज्ञानका सहयोगले पूर्वोक्त योगमा प्रवृत्त भएका छन् त्यस्ता साधकलाई परमात्मा अवश्यै मिल्दछ यसमा संदेह छैन ।

(२६) हे अर्जुन ! तिमी संसारमा जो जति चल अचल सृष्टि देख्दछौ त्यो सब प्रकृति पुरुषका संयोगबाट जान ।

(२७) सम्पूर्ण भूतमा एकनाशले रहेको तथा सबै भूतको नाश हुँदा पनि जसको नाश हुँदैन यस्तो परमेश्वरलाई जसले देख्दछ त्यसले सत्य तत्वलाई देखेको ठहर्छ ।

(तात्पर्य) जगतका समस्त वस्तु क्षण परिणामित छन् परमेश्वर अचल अविनाशी हो भनी जो देख्दछ त्यही सम्यकदर्शी हो यस विपरीत देख्ने भ्रान्तदर्शी हुन् ।

(२८) सर्वत्र सम्भावले रहेको ईश्वरलाई समदृष्टिले देखेपछि आफुले आफूलाई घात गर्दैन अनि परम गति पाउँदछ ।

(तात्पर्य) नत्र दुर्लभ मानव जन्म पाएर पनि परम गतिका निमित्त पुरुसार्थ गर्दैन त्यो आत्म घाती हो पुण्यात्मालाई सुलभ पापात्मालाई दुर्लभ संसार समुद्र टर्नलाई दीर्घ नौका जहाज सत् गुरु नै जस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नौकालाई पार लगाउने माझी छन् । यस्तो मनुष्यरूपी श्रेष्ठ नौका-लाई पाएर जो संसार समुद्र तर्दैन त्यो आत्मा घाती हो । अतः आत्मोद्धारै परम कर्तव्य हो । आफूलाई जान्नु नै सबैभन्दा ठूलो पुण्य हो । नजान्नुनै सबैभन्दा ठूलो पाप हो भनी भागवतमा समेत उल्लेख देखिन्छ ।

(२९) जसले सबै कर्महरु स हैं तरहबाट अर्थात देह इन्द्रियबाट जो जति कर्महरु हुन्छन ती सबै प्रकृतिद्वारानै हुन्छन् । आत्मा अकर्ता छ भन्ने जो जान्दछ त्यसले सत्य तत्वलाई देखेको ठहर्छ ।

(३०) जसवेला समस्त भूतहरूको विभिन्नता एउटै आत्मामा रहेको तथा यही एउटै आत्माबाट सकलभूतहरूको सृष्टि भएको देख्दछ त्यस-वेला त्यस पुरुषले ब्रम्हलाई पाउँदछ ।

(३१) हे अर्जुन ! यो अविनाशी परमात्मा अनादि र निर्गुण हुनाले शरीरमा रहेको छ तापनि केही गर्दैन कुनै कारणद्वारापनि लिप्त हुँदैन ।

(३२) जस्तै आकाश चारैतिर फैलिएर पनि शुष्म हुनाले कहीं पनि लिप्त भएको छैन अर्थात छोएकै छैन । त्यस्तै सम्पूर्ण शरीरमा रहेतापनि आत्मा लिप्त छैन ।

(तात्पर्य) जस्तै आकाश जाती न जाती सबैमा व्याप्त भएर पनि तिनीहरूका गुण दोषले निर्लिप्त छ त्यस्तै परमात्मा पनि सकल विश्वका परमाणुतक व्याप्त भएर पनि लिप्त छैनन् । यही आत्माको असंगता हो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भक्तिद्वारा अनुष्ठान गरेपछि ती पनि भवसागर पार हुन्छन् । एवं प्रकार श्रवण मात्रले आत्म पथमा प्रवृत्त साधकलाई परमात्मा हुन्छन् भने स्वयम् विचारवान पुरूष जो तत्व ज्ञानका सहयोगले पूर्वोक्त योगमा प्रवृत्त भएका छन् त्यस्ता साधकलाई परमात्मा अवश्यै मिल्दछ यसमा संदेह छैन ।

(२६) हे अर्जुन ! तिमी संसारमा जो जति चल अचल सृष्टि देख्दछौ त्यो सब प्रकृति पुरूषका संयोगबाट जान ।

(२७) सम्पूर्ण भूतमा एकनाशले रहेको तथा सबै भूतको नाश हुँदा पनि जसको नाश हुँदैन यस्तो परमेश्वरलाई जसले देख्दछ त्यसले सत्य तत्वलाई देखेको ठहर्छ ।

(तात्पर्य) जगतका समस्त वस्तु क्षण परिणामित छन् परमेश्वर अचल अविनाशी हो भनी जो देख्दछ त्यही सम्यकदर्शी हो यस विपरीत देख्ने भ्रान्तदर्शी हुन् ।

(२८) सर्वत्र सम्भावले रहेको ईश्वरलाई समदृष्टिले देखेपछि आफूले आफूलाई घात गर्दैन अनि परम गति पाउँदछ ।

(तात्पर्य) नत्र दुर्लभ मानव जन्म पाएर पनि परम गतिका निमित्त पुरूषार्थ गर्दैन त्यो आत्म घाती हो पुण्यात्मालाई सुलभ पापात्मालाई दुर्लभ संसार समुद्र टर्नलाई दीर्घ नौका जहाज सत् गुरू नै जस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नौकालाई पार लगाउने माझी छन् । यस्तो मनुष्यरूपी श्रेष्ठ नौका-लाई पाएर जो संसार समुद्र तर्दैन त्यो आत्मा घाती हो । अतः आत्मोद्धारै परम कर्तव्य हो । आफूलाई जान्नु नै सबैभन्दा ठूलो पुण्य हो । नजान्नुनै सबैभन्दा ठूलो पाप हो भनी भागवतमा समेत उल्लेख देखिन्छ ।

(२९) जसले सबै कर्महरु सबै तिरहबाट अर्थात देह इन्द्रियबाट जो जति कर्महरु हुन्छन ती सबै प्रकृतिद्वारानै हुन्छन् । आत्मा अकर्ता छ भन्ने जो जान्दछ त्यसले सत्य तत्वलाई देखेको ठहर्छ ।

(३०) जसबेला समस्त भूतहरूको विभिन्नता एउटै आत्मामा रहेको तथा यही एउटै आत्माबाट सकलभूतहरूको सृष्टि भएको देख्दछ त्यस-बेला त्यस पुरुषले ब्रम्हलाई पाउँदछ ।

(३१) हे अर्जुन ! यो अविनाशी परमात्मा अनादि र निर्गुण हुनाले शरीरमा रहेको छ तापनि केही गर्दैन कुनै कारणद्वारापनि लिप्त हुँदैन ।

(३२) जस्तै आकाश चारैतिर फैलिएर पनि शुक्ष्म हुनाले कहीं पनि लिप्त भएको छैन अर्थात छोएकै छैन । त्यस्तै सम्पूर्ण शरीरमा रहेतापनि आत्मा लिप्त छैन ।

(तात्पर्य) जस्तै आकाश जाती न जाती सबैमा व्याप्त भएर पनि तिनीहरूका गुण दोषले निर्लिप्त छ त्यस्तै परमात्मा पनि सकल विश्वका परमाणुतक व्याप्त भएर पनि लिप्त छैनन् । यही आत्माको असंगता हो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३३) जस्तै एउटै सूर्यले समस्त संसारलाई प्रकाश गर्दछन त्यस्तै क्षत्रज्ञ परमात्माले पनि समस्त क्षत्र शरीरलाई प्रकाश गर्दछन् ।

[तात्पर्य] यसरी प्रकाश गरेर पनि प्रकाष्य जगतका धर्मदेखि सदा असम्बन्धै हुनुहुन्छ ।

[३४] जो ज्ञान रूपी नेत्रले प्रकृति र पुरुषको पूर्वोक्त प्रकारको अन्तर तथा भूतहरूको, दहिको कारण दुधजस्तै उपदान [कारण] अविद्या-बाट छुटने उपायलाई जान्दछन् ती परमपदमा जान्छन् ।

इति क्षेत्र क्षेत्रज्ञ विभाग योगनाम गरेको तेह्रौं अध्याय समाप्त भयो ।

चौधौं अध्याय

[१] श्रीभगवान भन्नुहुन्छ तिमीलाई म फेरि ज्ञान मध्येमा श्रेष्ठ ज्ञान भन्दछु जसलाई जानेर सबै मुनीहरू यहाँबाट मुक्त भए ।

[२] यो ज्ञानको आश्रय लिएर मेरो वास्तविक स्वरूपमा तनमय भएका ज्ञानीहरु सृष्टि कालमा पनि जन्मन्दैनन् प्रलय कालमा पनि मर्दैन ।

(तात्पर्य) सो सृष्टि कालमा प्रकट प्रलयमा प्रकृतिमा लिन भै सृष्ट्रि प्रलयमा घुमिरहनु अज्ञानको फल हो । किन्तु ब्रम्ह ज्ञान भए-पछि ब्रम्है रुप हुने भै त्यस्तालाई सृष्ट्रि प्रलयको कुनै प्रभाव पर्दैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३) हे अर्जुन ! प्रकृति मेरो योनी हो त्यसमा म गर्भलाई राख्दछु । त्यसबाट समस्त भूतको उत्पति हुन्छ अर्थात प्रकृति मेरो गर्भास्थान हो त्यसमा म चित्तसत्तारूपी गर्भाधारण गराउँदछु । त्यस संयोगबाट सम्पूर्ण भूतहरूको उत्पति हुने हो ।

(तात्पर्य) गर्भस्थ पिण्ड जसरी क्रमसंग बढ्दै गएर १० महिनामा सम्पूर्णाङ्ग भएर पैदा हुन्छ त्यस्तै इश्वरको यो इच्छापनि शुष्मबाट स्थूल भएर क्रमशः आकाश वायु, तेज, जल रूपमा परिणित हुन्छ र ब्रम्हा देखि लिएर पिपिलिका पर्यन्तको जीव जगतको सृष्टि हुन्छ यही गीताको विशेषता हो ।

(४) हे अर्जुन ! सम्पूर्ण मनुष्य पशुपंछी क्रिमी किट आदि योनीमा जति शरीरहरू उत्पन्न हुन्छन् ती सबकी आमा कृति बाबु म हूँ ।

(तात्पर्य) ब्रम्हादेखि स्थावर पर्यन्त प्रकृति कै कार्य हुँदा त्यो ब्रम्हदेखि भिन्न कुनै वस्तु पनि प्राकृतिक गुण सम्बन्धबाट छुटेको छैन ।

(५) हे अर्जुन ! प्रकृतिबाट उत्पन्न भएका सत्व रज तम् यी ३ गुणले निर्विकार आत्मालाई देहमा बाँध्दछन् आत्मा या क्षेत्रज्ञ एउटै हो ।

(तात्पर्य) जब साधकलाई आत्माको वास्तविक मुक्तत्तार प्रकृतिका सम्बन्धबाट भएको बन्धनताको अनुभव हुन्छ अनि त्यो स्व–स्व रुपमा स्थित हुन्छ यस्तो अनुभव हुनुभन्दा पहिले आत्मा त्रिगुण बन्धनले बाँधिएको देखिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[६] हे अर्जुन ! सत्व गुण, निर्मल प्रकाश तथा दुःख रहित हो तर सुखको आशक्ति र ज्ञानको अहंकारद्वारा बाँध्दछ ।

[तात्पर्य] सत्व गुण निर्मल छ यसद्वारा परमात्माको आनन्द स्वरूपको आभाश पर्दछ यही आनन्द तथा ज्ञानलाई म सुखी छुँ ज्ञानी छुँ भन्ने अभिमानद्वारा आफूमा ठहऱ्याई यसैले आत्मा बाँधिएको देखिन्छ अर्थात आफु सुख रूप हुनु मुक्ति हो आफूलाई सुखी र ज्ञानी ठान्नु बन्धन हो ।

[७] हे अर्जुन ! तृष्णा र आशक्तिलाई उत्पन्न गर्ने रजो गुण रागात्मक [राग स्वरूप] छ तेसले जीवात्मालाई कर्माशक्तिद्वारा बाँध्दछ ।

(तात्पर्य) त्यो रागले अप्राप्त वस्तुका प्रति तृष्णा प्राप्त वस्तुका प्रति आशक्ति यी २ को उत्पति हुन्छ । त्यो रजो गुण रञ्जनात्मकपनि छ । तेसकारण आफ्नारंगले आत्मालाई समेत रंगाउँदछ र तेही रंगमा रंगीएर म यस्तो कर्म गर्दछु यस्तो फल भोग्दछु इत्यादि अप्राप्त विषयकाप्रति तृष्णा र प्राप्त विषयका प्रति आशक्तिव्दारा बाँधिन्छ यही रजो गुणद्वारा आत्माको बन्धन हो ।

[८] हे अर्जुन ! समस्त देहधारीलाई मोह गराउने तमो गुणलाई अज्ञानव्दारा उत्पन्न भएको जान । त्यसले आत्मालाई प्रमाद, आलस्य, निन्द्राव्दारा बाँध्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(तात्पर्य) तमो गुणमा अज्ञान र मोह र शक्तिछन् जसले गर्दा अविचार आलस्य प्रवृत्तिमा समर्थ भएर पनि निश्चेत रहनु र निन्द्रा-रूपमा बाँधिन्छ यो सत्व र रजो गुणको विरोधी छ । एवं प्रकार ३ गुणका सम्बन्धले आत्मापनि बाँधिए जस्तो देख्न लाग्दछ । यही जीवात्माको बन्ध कहिन्छ ।

(९) हे अर्जुन ! सत्व गुण सुखमा रजो गुण कर्ममा तमो गुण ज्ञानलाई ढाँकेर कर्तव्य मूढतामा आशक्त गराउँदछ ।

(तात्पर्य) यद्यपि प्रत्येक व्यक्तिमा तीनै गुण विद्यमान हुन्छन् तथापि जुनगुणको प्रबलताहुन्छ त्यही गुणको कार्य हुन्छ ।

(१०) रजो गुण र तमोगुणलाई दबाएर सत्व गुण प्रबल हुन्छ सत्व गुण तमो गुणलाई दबाएर रजो गुण प्रबल हुन्छ सत्व गुण र रजो गुणलाई दबाएर तमो गुण प्रबल हुन्छ ।

(तात्पर्य) सबैका भित्र तीन गुण भएतापनि जुनगुणले अरु गुणलाई दबाएको छ त्यसैको उदय जान्नुपर्छ ।

(११) जब यस देह रूपी गेह (घर) का सम्पूर्ण ढोका अर्थात इन्द्रियहरूमा निर्मल ज्ञान प्रकाशित हुन्छ तेसबेला अहिले सत्व गुण बढी रजो र तमो गुणलाई दबाएको छ भन्ने पनि जान्नू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(तात्पर्य) यो सत्व गुण धर्मको प्रकाश ज्ञानको उदय गराउने हो । त्यो स्वभाव रहन्ज्याल त्यो पुरुष प्रफुल्लित भै मुख मलिन पनि हुँदैन ।

(१२) लोभ, कर्ममा प्रवृति कर्मको आरम्भ असन्तोष लालच यी लक्षणहरू रजोगुण बढेमा प्रकट हुन्छ ।

[तात्पर्य] त्यो रजो गुणी पुरुष यो कामबाट यति लाभ होला भन्ने यस्तै कर्म चक्रमा घुमिरहन्छ ।

[१३] हे अर्जुन ! अन्धकार आलस्य केही पनि काम गर्न मन नलाग्नु मूढता कर्तव्य विष्मृति तथा अविवेक तमो गुण बढेमा प्रकट हुन्छ ।

[तात्पर्य] त्यो तमो गुणीका चित्तमा अन्धकारै अन्धकार भरिएको हुँन्छ लौकिक पारमार्थिक कुनै विचार पनि गर्न सक्तिन किन्तु मूढता अविवेक जडता प्रमाद आदिमा फसिरहन्छ । जीवितकाललाई यिनै त्रिगुणमय बन्धन हुन् ।

यदा सत्त्वे प्रवृद्धे तु प्रलयं याति देहभृत् ।
तदोत्तमविदां लोकानमलान्प्रतिपद्यते ॥

(१४) सत्व गुण बढेको बेलामा मऱ्यो भने त्यसले सगुण ब्रह्मोपाशकले पाउने निर्मल ब्रम्ह लोकादिलाई पाउँदछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रजसि प्रलयं गत्वा कर्मसङ्गिषु जायते ।
तथा प्रलीनस्तमसि मूढयोनिषु जायते ॥

(१५) रजो गुण बढ़ेको बेला मऱ्यो भने कर्ममा आशक्त भएका मनुष्यहरूका समाज स्वर्गादिमा जन्मन्छ । तमो गुण बढ़ेका वेलामा मर्ने प्राणी मूढ़, पशु, योनीमा जन्मन्छ ।

(तात्पर्य) अर्थात सत्व गुणको ब्रम्हलोक रजो गुणको मनुष्य लोक तमो गुणको पशु लोक आदिमा जन्मने हो । किनभने मृत्यु–कालिन प्रबल संस्कारका अनुसार जीवलाई आगामी जन्म मिल्दछ ।

(१६) सात्विक कर्मको फल निर्मल प्रकाशमय, राजस कर्मको फल दुःख, तामस कर्मकोफल अज्ञान हुन्छ । अर्थात जसले जस्तो कर्म गर्दछ । त्यसले त्यस्तै फल पाउँदछ ।

(१७) सत्व गुणबाट ज्ञान रजो गुणबाट लोभ तमो गुणबाट खाली मूढता र अविवेक तथा अज्ञान मात्र उत्पन्न हुन्छ ।

(तात्पर्य) सत्व गुण आत्म प्रकाशयुक्त हुनाले ज्ञानमय छ रजो गुण रागात्मक हुनाले प्रकृति कारक छ र विषय भोगादिद्वारा प्रवृति झन झन बढ्दछ । तमो गुणमा प्रमाद मूढता आदि उत्पन्न हुन्छ ।

(१८) सत्व गुणी पुरुष, माथि स्वर्गादि लोक, रजो गुणी माझ मनुष्य लोकमा रहन्छन तामसि अधम मनुष्य तथा नीच पशु आदि योनी वा स्थावर योनीमा जान्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(तात्पर्य) यो आफ्नाः ज्ञान र कर्मका तारतम्यले र आफ्नु गुण स्वभाववाट यो त्रिगुणको स्थिति भएको हो ।

(१९) जब विवेकी पुरुषले प्रकृतिका गुण सिवाय अरूलाई कर्ता देख्दैन तथा आत्मालाई (आफूलाई) गुणदेखि पर जान्दछ त्यसबेला त्यसले मेरो (भगवत भावमा मेरो स्वरूप) लाई पाउँदछ ।

[तात्पर्य] जब सम्पूर्ण कर्म जाल केवल ३ गुणबाट बनेका हुन् म त्यसदेखि पर रहेछु भन्ने आफूलाई ठहऱ्याउँदछ अनि असली स्वरूप (सच्चिदानन्द) मा मिल्दछ यही परमात्मा भाव हो ।

(२०) जीव, देह, उत्पतिका कारण यी ३ गुणहरूलाई नाघे पछि जन्म, मृत्यु, जरा तथा आध्यात्मिकादि तीनै तापबाट छुटेर मुक्त हुन्छ ।

(तात्पर्य) आत्मा प्रकृतिका कुनै गुणद्वारा बध्द छैन, जो बन्धनको अनुभव हुन्छ त्यो अविवेक हो । विवेक उदय हुनासाथ अविवेक नष्ट भै आफूलाई सदा असंग उदासिन नित्ययुक्त ठहऱ्याउँदछ र त्यो पुनः जन्म जरा मृत्युका चक्रमा आउनु पर्दैन ।

[२१] अर्जुन सोध्दछन् हे प्रभु ! यी ३ गुणदेखि अलग्ग भएको कुन चिन्हले युक्त हुन्छ ? त्यसको आचरण कस्तो हुन्छ तथा कसरी यी ३ गुणहरूलाई नाघ्दछ ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[२२] हे अर्जुन ! प्रकाश प्रवृत्ति तथा मोहलाई पनि प्राप्त भएकालाई द्वेश गर्दैन निवृत्त भएकालाई इच्छा गर्दैन ।

[२३] जो उदासीन जस्तै रहेको गुणहरूद्वारा विचलित हुँदैन त्यो गुणहरू आफ्नै व्यवहार गर्दछन् । यस्तो विचारले जो स्थिर रहन्छ त्यो चंचल हुँदैन ।

[२४] सुख दुःख दुवैमा एक रस, आफ्नै स्वरूप स्थित, माटो र सुनमा समान बुद्धि प्रिय अप्रिय दुवैमा एक भाव धैर्यशाली आफ्नु निन्दास्तुतिमा समभाव ।

[२५] मान–अपमानमा बराबर शत्रु–मित्रुमा सम दृष्टि समस्त कर्मारम्भलाई त्यागेको त्यो गुणातित कहिन्छ ।

[तात्पर्य] श्रीभगवान उत्तर दिनु हुन्छ– जो सत्व रज तम गुणद्वारा विचलित हुँदैन त्यो प्रकृतिका गुणलाई आ–आफ्नो काम गरी रहेका छन् भनी स्थिर रहन्छ चंचल हुँदैन सुख– दुःख बराबर छ जो आफैमा स्थित छ माटो र सुनमा समान छ प्रिय– अप्रिय समेतमा एकनाश छ जो सदा धैर्यले युक्त छ शत्रु मित्रुमा एक दृष्टि तथा सम्पूर्ण आरम्भलाई त्यागेको त्यो पुरुष गुणातित कहिन्छ । गुणहरु कहिले आउँछ कहिले जान्छ भन्ने जानेर त्यो गुणको आवागमनद्वारा विचलित हुँदैन यस्तै सर्वत्र सम बुद्धि हुनाले त्यसलाई प्रिय–अप्रिय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्ने कुनै पनि छैन । त्यसले निन्दा स्तुतिमा प्रभाव राख्दैन आफनै सच्चिदानन्द स्वरुप स्थित भै कुनै कर्मको पनि प्रारम्भ गर्दैन दैव गतिले स्वत प्राप्त कर्ममाई निस्काम भावले रहन्छ यस्तै गुणातित मुक्तात्मा पुरुषको यस्तो दिव्य आचार हुन्छ ।

(२६) श्री भगवाट भन्नु हुन्छ, जो मलाई एकान्त एकाग्र भक्ति योगद्वारा सेवा गर्दछ त्यो यी ३ गुणहरूलाई सजिलैसंग नाघेर ब्रम्हरूप हुन्छ ।

(तात्पर्य) जो निरन्तर भगवन चिन्तन गर्नु गुणातित हुने उपाय हो त्यो प्रकृतिदेखि पर निर्गुण ब्रम्हका साथ एक रूपमा रहन्छन् ।

(२७) किनभने म नाशरहित निर्विकार ब्रम्हको तथा नित्य धर्मको औं आत्मतिक सुखको म आश्रय हूँ ।

[तात्पर्य] भगवान श्रीकृष्णको शरीर हाम्रो जस्तो पापपुण्यद्वारा बनेको होइन किन्तु शुध्द तत्व गुण प्रधानमायाद्वारा बनेको हो । वहाँ सच्चिदानन्द ब्रम्ह स्वरूपै हुनुहुन्छ केवल भक्तहरूको भाव भक्तिलाई चरितार्थ गराउनुको निम्ति र जगतको स्थितिका निम्त निर्गुण निराकार ब्रम्हको सगुण साकार रूप भगवान श्रीकृष्ण हुनुहुन्छ । ब्रम्हाले पनि श्रीकृष्णलाई ब्रम्ह भावले स्तुति गर्नु भएको छ ।

स्तुति— तपाई सर्वको एक आत्मा रूप पुरुषोत्तम पुराण सत्य स्वयम् प्रकाश अनादि अनन्त नित्य अविनाशी अखण्ड सुख निरञ्जन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूर्ण अद्वैत नित्ययुक्त उपाधिरहित तथा अमृत स्वरूप हुनुहुन्छ । त्यसकारण भगवान श्रीकृष्णको सेवाभक्ति गर्नु नै परमेश्वर या ब्रम्हको सेवा हो ।

इति त्रिगुणको विभाग नाम चौधौं अध्याय समाप्त भयो ।

पन्ध्रौं अध्याय

विना वैराग्य भगवत चरणमा अनुराग उत्पन्न हुँदैन त्यसैले अर्जुन तथा भक्तको चित्तमा वैराग्य उत्पन्न गराउनाका निम्ति संसारलाई वृक्ष रूपकद्वारा वर्णन गर्नु हुन्छ ।

(१) श्रीभगवान भन्नुहुन्छ माथि जरा तल हाँगा भएको पीपलको रूखलाई नाशरहित भन्दछन् जसका पातहरू वेदहरू छन् जो पुरुष त्यस-लाई जान्दछन् त्यो वेदलाई जान्ने हो ।

(तात्पर्य) उपरोक्त टीकामा आँधीले आधा उखेलिएर जरा माथि हाँगा तल भएर नदीकातिरमा पछाडिएका पीपलको रूखको उपमा राखेर रूप कल्पना गरेको छ । जस्तै वृक्षमा मूल शाखा उपशाखा पत्र पुष्पफल हुन्छन् त्यस्तै संसार वृक्षका पनि तत्व विचारबाट अव्यक्त मूल महतत्व अंकुर अहंकार स्कन्द पञ्चतनमात्रा शाखा ४ वेद पात, धर्म र अधर्म फूल सुख र दुःख फल इत्यादि देखिन्छ सबैभन्दा श्रेष्ठ त्यही ब्रम्हमायाद्वारा जगतको मूल कारणहुनाले संसार वृक्षलाई ऊर्ध्व

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मूल भनेको छ । त्यही ब्रम्ह भंदा निम्न कोटीको हुनाले महतत्व अहंकार पञ्चमहाभूत एकादश र इन्द्रिय एवं स्थूल देह पर्यन्तका कार्य उपाधीहरू अध शब्दले कहिन्छ । देवतादेखि लिएर जड योनी स्थावर वृक्षादि जीव पर्यन्त रूखका हाँगाजस्तै भएर चारैतिर फैलिएका हुनाले शाखा कहिन्छ । त्यो नदी तलमा रहेको वृक्ष भोलिसम्म रहन्छ कि रहन्न के ठेकान छ त्यस्तै यो क्षण भंगुर संसारलाई त्यो वृक्षको साथ तुलना गरेको हो । त्यो स्थूल शरीर नष्ट भएता पनि पूर्व जन्मको कारण कर्म नष्ट हुँदैन । बारम्बार जन्मनु मर्नु भै संसारको व्यावहारिक सृष्टि प्रभाह कहिल्यै पनि छुट्दैन । रूपान्तरमा मात्रै बदलिन्छ ।

(२) यस वृक्षमा ३ गुणका जल सेचनले बढेका विषय रूपी पालुवाहरू छन् तल पशु र स्थावर योनी देखि लिएर माथि सत्य लोकसम्म फैलिएका हाँगाहरू छन् एवं प्रकार मनुष्य लोकमा भावी कर्मारम्भक रागद्वेशादि वासना रूप यसका जराहरू पनि तले र माथि चारैतिर फैलिएका छन् ।

(तात्पर्य) शुभकर्मले सत्यलोक ब्रम्हासम्म र अशुभ कर्मले तल पशु आदि योनी पर्यन्त जीव रूपी शाखाहरू फैलिएका छन् । जल सिंचनले बढेका वृक्षजस्तै संसार वृक्षका जीवहरू त्रिगुणरुपी जल सेचनले बढेका हुन् । विषय वासनानै संसार वृक्षका मूल हुन् । वृक्षका जराले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चारैतिरबाट कसिएको जस्तै संसार पनि विषय वासनाले बाँधिएको छ । यी जराहरूको सम्बन्ध खास गरेर मनुष्यलोक सित छ किनभने तल अथवा माथिका लोकको भोग समाप्त गरेर मनुष्य लोकमा आएका प्राणी-लाई पूर्व भोग वासना अनुसार कर्ममा प्रवृत्ति हुन्छ । कार्य क्षेत्रया कर्म भूमि केवल मनुष्य लोकै हो । अरु भोग भूमि हुन् यहीबाट शुभ या अशुभ कर्म गरेर मनुष्य उर्ध्व या अधोलोकमा जान्छ । त्यसैले जो भावीमा नाना प्रकारका शरीरारम्भक छन् ती सबै कर्महरु गराउ-नको निम्ति जीवलाई मनुष्यलोकमा प्रकट गराउँदछ ।

(३) यहाँ संसार वृक्षको स्वरुप त्यस्तो भेटिन्दैन अन्त, आदि र स्थिति पनि छैन, अति बलियो जरा भएको यस वृक्षलाई बलियो अना-शक्ति रुपी शस्त्रले काटेर ।

(४) त्यसपदलाई खोज्नु जहाँ गएका फेरि फर्कन्दैनन् जसबाट अनादि सृष्टि यो माया सृष्टि, फैलिएको छ तिनै आदि पुरुषको शरणमा प्राप्त हुन्छ ।

[तात्पर्य] त्यो पदलाई खोज्दा म उही आदि पुरुषको शरणमा जान्छु भन्ने भावना राख्नू भगवत शरणनै सो वृक्षबाट छुट्ने साधन हो । एवं प्रकार धीर पुरुष परमेश्वरका भक्तिद्वारा विद्यारुपी बन्चरोले यो संसार वृक्षलाई छेद्न गरि आत्मालाई भेटाएर त्यो परमपदको खोजी गरोस जुन पदमा ज्ञानद्वारा पुगेका मुनीहरु पुनः जन्म कर्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चक्रमा आउँदैनन् । सदाको निम्ति जन्म मरण दुःखबाट मुक्ति हुन्छन् । त्यही हो परमपद भनेको ।

(५) मान र मोहदेखि रहित अध्यात्म तत्व बिचारमा परायन त्यस्को चिन्तामा तत्पर समस्त कामनादेखि रहित विवेकीजन त्यो अव्यय पदलाई पाउँदछन् ।

[तात्पर्य] त्यो पद खोज्ने पथिकले पालन गर्ने नियम ।

(क) जसमा मान अभिमान र यो शरीरलाई लिएर मैहुँ भनेर घमण्ड गर्नु र संसारको वस्तु र कुटुम्ब परिवारलाई मेरै हुँ भन्नु मोहहो त्यो मोह र अविवेक छैन ।

(ख) विषय भोगाशक्ति रहन् जेल ज्ञान र त्यो विना मुक्ति नहुनेभै त्यो असुद्धिबाट सफाभै त्यसलाई जित्नु पर्छ ।

(ग) अध्यात्म चिन्तन श्रवण मनन बराबर नभै तत्व ज्ञान हुनु दुर्लभ छ त्यो हुनु ज्ञानको साधन हो ।

(घ) सुख–दुःख आदि द्वन्द्व भाव रहनजेल परम पदको मार्ग नपाउनेभै त्यो द्वन्दभावलाई जित्नु पर्छ । साधक यी सबै साधनले सम्पन्न भएपछि विवेक, वैराग्य, समाधि षत् सम्पति, मुमुक्षुत्वले, पूर्ण हुन्छ अनि उसलाई परमपदको साधन (ज्ञान) उत्पन्न भै सो पदमा पुग्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(६) जुन पदलाई सूर्य चन्द्र अग्निले प्रकाशित गर्न सक्तैन त्यो पाएर फेरि फर्कनु पर्दैन त्यो मेरो परमधाम हो ।

(तात्पर्य) यस विश्वलाई प्रकाशित गरेका सूर्य चन्द्र अग्निको भौतिक ज्योति त्यो परमधाममा पुग्न सक्तैन, त्यसको आवश्यकता पनि छैन, एकपटक ज्ञानद्वारा अज्ञान नष्ट भएपछि फेरि अज्ञान उत्पन्न पनि हुँदैन । जगतमा वृद्धिको अन्तमा क्षय उत्थानको अन्तमा पतन संयोगको अन्तमा वियोग जीवको अन्तमा मरण यस नियमले जो जान्छ त्यो अवश्यै फर्कन्छ, जो जान्दैन त्यो फर्कन्दैन, किन कि जगत चल अनित्य छ यस भित्रका वस्तुहरूपनि चल र अनित्य छ । यही शंका बीजलाई लिएर श्रीभगवान जीव र ईश्वरको अंशांसी मात्र वर्णन गर्नु हुन्छ ।

[७] मेरै सनातन अंश संसारमा जीव रूप भएर पूर्व शरीरमा रहेका मन सहित छ इन्द्रियहरूलाई तान्दछ ।

[८] देहको स्वामी जीवले जुन शरीरलाई खिन्छ औं जुन शरीरलाई छोड्दछ त्यसबेला छोड्ने शरीरमा रहेका मन सहित छ इन्द्रियहरूलाई वायुले फूलहरूबाट सुगन्धलाई उडाए झैं भावी शरीरमा लैजान्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(तात्पर्य) वास्तवमा जीव नै ब्रम्ह, ब्रम्ह नै जीव हो । अज्ञानले गर्दा मात्र परमात्मालाई जीव देखेका छ । जब जीवलाई विवेकद्वारा म ब्रम्ह हूँ भनी बोध हुन्छ अनि आफ्नू असली स्वरुप ब्रम्हमा पुग्दछ । ज्ञानीका प्राणहरू निक्लेर कहीं जान्दैन किन्तु यही आफ्ना तत्वमा विलिन भै ब्रम्ह मैं मिल्दछ यही अंशासी भात्र र मिथ्या बन्धनद्वारा बध्द भएको जीवात्मा प्राण, प्रयाण कालमा मन र ५ ज्ञानेन्द्रियलाई पूर्व शरीरबाट भावी शरीरमा लैजानाका निमित्त तान्दछ जस्तै परदेशीले धर्मशाला छोड्दा आफ्नु मालमत्ता सबै लिएर निक्लन्छन् त्यस्तै जीवात्मापनि वर्तमान शरीरलाई त्यागेर भावी शरीरमा प्रस्थानगर्दा त्यो ज्ञानेन्द्रियलाईसाथमा लिएर निक्लन्द छ, पुरानो शरीरलाई त्यागेर कर्म फल भोग्नको निम्ति पूर्व संचित वासनानुसार नवीन शरीर लिन्छ ।

श्रोत्रं चक्षुः स्पर्शनं च रसनं घ्राणमेव च ।
अधिष्ठाय मनश्चायं विषयानुपसेवते ॥

(९) कान आँखा छाला जीब्रो नाक तथा मन यी ६ इन्द्रिय हुन् यिनको आश्रय लिएर मात्र जीवले विषयहरूलाई भोग्दछ ।

[तात्पर्य] सिकर्मीका बसिला आदि सामग्री जस्तै यो इन्द्रिय रुपी सामग्री जीवको विषय भोग्ने साधन हुन् जहाँ गएपनि यिनीलाई साथै लिएर जान्छ । यिनैका सहायताले विषयमा मुग्ध हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१०) आत्मालाई सुख—दुःख मोहादि गुणले युक्त भएको विषय भोगी रहेको मूढ़जनले देख्दैन । ज्ञानीहरू ज्ञान दृष्टिबाट देख्दछन् ।

(११) यत्नशील योगीहरू मात्रै यस आत्मालाई आफ्नै हृदयमा रहेको देख्दछन् अविवेकीहरू यत्नगरेर पनि देख्न सक्तैन ।

(तात्पर्य) विषयमा लुप्त मनुष्य दर्शन योग्य स्थूल आकार भगवानलाई त देख्दैन भने शुक्ष्म जीवात्मालाई कसरी देख्न सक्ला तसर्थ योग ध्यानद्वारा विज्ञान नेत्र नखुली आत्माको, दर्शन हुँदैन, त्यसैले समस्त व्यवहारको आश्रय देखाउनाका निमित्त आफ्नु विभूति वर्णन गर्नु हुन्छ ।

(१२) सूर्यमा रहेको जो तेज सम्पूर्ण जगतलाई प्रकाश गर्दछ जो तेज चन्द्रमा र अग्निमा छ त्यो तेजसत्रै मेरो जान ।

[तात्पर्य] परमात्माको चैतन्य ज्योतिरूपको प्रकाश सर्वत्र व्याप्त हुँदा सूर्य चन्द्र अग्निमा रहेको तेज परब्रम्ह चित्तसत्ता हुन् पात्रको स्वच्छताको तारतम्यले प्रतिबिम्ब परेको हो ।

(१३) म पृथ्वीमा पसेर आफ्ना बलले चराचर जीवलाई धान्दछु तथा रस रूप चन्द्रमा भएर सम्पूर्ण औषधिहरूलाई पुष्ट पनि पार्दछु ।

(तात्पर्य) यो पृथ्वी परमात्माकै चैतन्य सत्तामा अड़िएको छ । संसारमा जति अन्न फल मूल वनौषधिमा रस उत्पन्न हुन्छ ती सबैको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मूल चन्द्रमा हुन् । चन्द्रमा आफ्ना जलमय किरणद्वारा सबै रसलाई पूर्ण गराउँदछन् र परमेश्वरै चन्द्रमा हुन्, चन्द्रमाको रूपमा यो सम्पूर्ण रसस्वादलाई परमेश्वरले नै पुष्ट गर्नु भएको छ । अतः पृथ्वीमा समस्त चराचरलाई धान्ने शक्ति पनि परमेश्वरकै हो । यो पृथ्वी चन्द्र सूर्य लगायत विश्वम्भर परमेश्वरकै विभूति हुन् ।

(१४) म–जठराग्नी भएर जीवहरूको देहमा रहेर प्राण र अपाणले युक्त भएर ४ प्रकारका अन्नलाई पचाउँदछु अर्थात त्यो पाचक शक्ति परमात्मै कै हुन् ।

(१५) म सम्पूर्ण प्राणीका हृदयमा चैतन्य रूपले बसेको छु म बाटै स्मृति र अनुभव ज्ञान तथा ती दुवैको नाश पनि हुन्छ । सम्पूर्ण वेदहरूद्वारा केवल मै जान्न योग्य छु । वेदान्तको कर्ता र वेदको परिज्ञाता पनि मैं हूँ ।

(तात्पर्य) विषयको स्मृति र विषय इन्द्रिय संयोगजन्य वर्तमान कालिक अनुभव र काम क्रोधले व्याकुल अवस्थामा स्मृतिको विस्मृति र ज्ञान र अज्ञान यी सबै परमात्माकै चैतन्य शक्तिद्वारा प्रकट हुने हुन् ।

(१६) लोकमा क्षर र, अक्षर, यी दुई पुरुष छन् सम्पूर्ण भूत क्षर औ प्रकृति अक्षर कहिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(तात्पर्य) समस्त नाशवान वस्तु क्षर श्रीभगवानको मायाशक्ति मूल प्रकृति अक्षर कहिन्छ ।

[१७] किन्तु जसलाई परमात्मा भन्दछन् त्यो उत्तम पुरुष त अर्कै छ, जो अविनाशी ईश्वर तीनैलोकमा भित्र पसेर सबैलाई पालन गरेको छ।

[तात्पर्य] क्षर, अक्षर, उत्तम जम्मा ३ पुरुषमा क्षर र अक्षर दुई पुरुष जड़ हुन् यी २ देखि भिन्न अत्यन्त विलक्षण उत्ताम पुरुष चेतन हो, उसैलाई र सबैभन्दा पर प्रकृति, प्रकृतिभन्दा पनि पर जो हो त्यसैलाई परमात्मा कहिन्छ । सबैलाई भरण पोषण गर्ने हुनाले विश्वम्भर पनि यसैको नाम हो।

[१८] किनभने म क्षर देखि फरक अक्षरदेखि पनि उत्तम छु यसैले लोकमा वेदमा पनि पुरुषोत्ताम प्रख्यात छ ।

(१९) हे अर्जुन! एवं प्रकार जो विवेकीजन मलाई पुरुषोत्तम जान्दछ त्यसले मलाई सबै भाववाट भज्दछ ।

(तात्पर्य) श्रीभगवानलाई ब्रम्हरूपले चिन्हिने त्यो ज्ञानीभक्तले जान्नु पर्ने अरू बाँकी रहन्दैन । त्यसले चराचर दैव आसुर मानुस सबैमा एउटै परमात्मा देखेर ब्रम्हा, विष्णु, महेश्वर, इन्द्रादि समस्तभाववाट परमात्माकै भजन गर्दछ यही संसार वृक्ष छेदन गर्नाका अन्तिम फल हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२०) हे अर्जुन ! यसरी अति गोप्य यो शास्त्र मैले तिमीलाई भने यसलाई जानेपछि मनुष्य ज्ञानी र कृत कृत्यपनि हुन्छ ।

(तात्पर्य) ब्रम्ह तत्वको ज्ञान सब साधनका पराकाष्ठा हुनाले ज्ञानी पुरुषका आफ्ना निम्ति कर्तव्यहरु केही पनि बांकी रहन्दैन ।

इति पुरुषोत्तम योग नाम गरेको पन्ध्रौं अध्याय समाप्त भयो ।

सोह्रौ अध्याय

(१) श्रीभगवान भन्नुहुन्छ निर्भय अन्तकरणको शुध्दि ज्ञान र योगमा निष्ठा, दान, इन्द्रिय संयम यज्ञ शास्त्रको अभ्यास तपस्या सरलता ।

(२) अहिंसा, सत्य, अक्रोध, त्याग, तृष्णा नहुनु कोमलता शान्ति चुक्ली नगर्नू प्राणीहरुमा दया लाज अचंचलता ।

(३) आत्मवल, क्षमा, धैर्य, पवित्रता, द्रोह नगर्नू, ज्यादा मान नखोज्नू यी गुणहरु दैवी सम्पदमा उत्पन्न भएको मनुष्यको हुन्छन् ।

[तात्पर्य] सत्व गुणको दैवी, रजो गुणको आसुरी, तमो गुणको राक्षसी सम्पदा जगत्मा हुन्छन् ।

(४) हे अर्जुन ! दम्भ, दर्प, अभिमान, क्रोध, अविवेक यी गुण आसुरी सम्पदामा उत्पन्न भएका मनुष्यको हुन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(तात्पर्य) समस्त नाशवान वस्तु क्षर श्रीभगवानको मायाशक्ति मूल प्रकृति अक्षर कहिन्छ ।

[१७] किन्तु जसलाई परमात्मा भन्दछन् त्यो उत्तम पुरुष त अर्कै छ, जो अविनाशी ईश्वर तीनैलोकमा भित्र पसेर सबैलाई पालन गरेको छ।

[तात्पर्य] क्षर, अक्षर, उत्तम जम्मा ३ पुरुषमा क्षर र अक्षर दुई पुरुष जड़ हुन् यी २ देखि भिन्न अत्यन्त विलक्षण उत्ताम पुरुष चेतन् हो, उसैलाई र सबैभन्दा पर प्रकृति, प्रकृतिभन्दा पनि पर जो हो त्यसैलाई परमात्मा कहिन्छ । सबैलाई भरण पोषण गर्ने हुनाले विश्वम्भर पनि यसैको नाम हो ।

[१८] किनभने म क्षर देखि फरक अक्षरदेखि पनि उत्तम छु यसैले लोकमा वेदमा पनि पुरूषोत्तम प्रख्यात छ ।

(१९) हे अर्जुन ! एवं प्रकार जो विवेकीजन मलाई पुरूषोत्तम जान्दछ त्यसले मलाई सबै भावबाट भज्दछ ।

(तात्पर्य) श्रीभगवानलाई ब्रम्हरूपले चिन्हिने त्यो ज्ञानीभक्तले जान्नु पर्ने अरू बाँकी रहन्दैन । त्यसले चराचर दैव आसुर मानुस सबैमा एउटै परमात्मा देखेर ब्रम्हा, विष्णु, महेश्वर, इन्द्रादि समस्तभाववाट परमात्माकै भजन गर्दछ यही संसार वृक्ष छेदन गर्नाका अन्तिम फल हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२०) हे अर्जुन ! यसरी अति गोप्य यो शास्त्र मैले तिमी-लाई भने यसलाई जानेपछि मनुष्य ज्ञानी र कृत कृत्यपनि हुन्छ ।

(तात्पर्य) ब्रम्ह तत्वको ज्ञान सब साधनका पराकाष्ठा हुनाले ज्ञानी पुरुषका आफ्ना निम्ति कर्तव्यहरू केही पनि बांकी रहन्दैन ।

इति पुरूषोत्तम योग नाम गरेको पन्ध्रौं अध्याय समाप्त भयो ।

सोह्रौं अध्याय

(१) श्रीभगवान भन्नुहुन्छ निर्भय अन्तकरणको शुध्दि ज्ञान र योगमा निष्ठा, दान, इन्द्रिय संयम यज्ञ शास्त्रको अभ्यास तपस्या सरलता ।

(२) अहिंसा, सत्य, अक्रोध, त्याग, तृष्णा नहुनु कोमलता शान्ति चुक्ली नगर्नू प्राणीहरूमा दया लाज अचंचलता ।

(३) आत्मबल, क्षमा, धैर्य, पवित्रता, द्रोह नगर्नू, ज्यादा मान नखोज्नू यी गुणहरू दैवी सम्पदमा उत्पन्न भएको मनुष्यको हुन्छन् ।

[तात्पर्य] सत्व गुणको दैवी, रजो गुणको आसुरी, तमो गुणको राक्षसी सम्पदा जगत्मा हुन्छन् ।

(४) हे अर्जुन ! दम्भ, दर्प, अभिमान, क्रोध, अविवेक यी गुण आसुरी सम्पदामा उत्पन्न भएका मनुष्यको हुन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(तात्पर्य) प्राचीन युगमा प्रजापतिका देवता र असुर २ प्रकारका सन्तान थिए। वर्तमान युगमा त्यो देखिन्दैन किन्तु तिनको गुण स्वभाव आचारमा मिल्ने मनुष्यहरु नै २ थरीका होला यिनैलाई यहाँ दैवी सम्पदा र आसुरी सम्पदा भनिन्छ।

दैवी सम्पदामा समस्त विश्वको मूलमा सत्य आधार रूप चेतन तत्व मानिएको छ। आसुरी सम्पदामा स्थायी तत्व केही पनि मानिएको छैन। संसारका वस्तुहरूको उपयोग केवल मनुष्यको काम बासना तृप्तीको लागि मान्नु यी सिध्दान्त आसुरी सम्पदाका हुन्।

दम्भ—परोपकार, दया, कर्तव्यपालन भातृभाव आदि केवल अरूलाई आफूमा विश्वास पार्नलाई मात्र बाहिरी देखाउ रूपमा गर्नू।

दर्प—देह, धन, जाती, बल, विद्या, रुप आदिलाई लिएर म जस्तो कोही छैन भनेर सेखी गर्नू।

अभिमान– उपर्युक्त कुरालाई लिएर मैं हूँ भनेर घमण्ड गर्नू।

क्रोध– ज्यादा रिसाउनु।

पारूश्य– अरूको चित्त दुःखने कठोर वचन बोल्नू।

अज्ञान– कर्तव्याकर्तव्यको विवेक नहुनू इत्यादि लक्षणबाट बाहिरी हेर्दा सुन्दर मानवको आकारमा भएपनि विचारवानले उसलाई गुप्त दानवको रूपमा देख्दछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५) दैवी सम्पदा मोक्षका निम्ति, आसुरी सम्पदा बन्धनका निम्ति मानिएका छन । हे अर्जुन ! तिमी दैवी सम्पदामा उत्पन्न भएका छौं त्यसकारण शोक नगर ।

(६) हे अर्जुन ! यस लोकमा दुई कोटीका प्राणीहरू उत्पन्न हुन्छन् एउटा दैव अर्को आसुर त्यो आसुर कोटीको वर्णन सुन ।

(७) आसुरीजनहरूलाई के गर्नु हुन्छ के गर्नु हुँदैन यो केही विवेक हुँदैन तिनीहरूमा पवित्रता, आचार, सत्यता पनि हुँदैन ।

(८) ती आसुरीजनहरु जगतलाई असत्य अर्थात् स्त्री पुरुषको संसर्गबाट उत्पन्न हुँदा काम नै जगतको कारण हो । अरु ईश्वर आदि केही पनि छैन यस्तो भन्दछन् ।

[९] यस्तो विचार लिइ आत्म कल्याणको साधन भ्रष्ट भएका उग्रकर्म गर्ने दुष्टहरु जगतलाई नाश गराउन जन्म लिन्छन् । यस्तो जन सरेम पनि प्राणी हिंसाक, व्याघ्र, सर्पादिमा जगत शत्रु नै भएर पैदा हुन्छन् ।

[१०] कहिले पूर्ण नहुने विषय तृष्णालाई लिएर दम्भ, मान, मदले युक्त भै विषयलाई पुरुसार्थ मान्ने आसुरीजन अविवेकले खराब विचारलाई लिएर अशुध्द नियमपट्टि पनि लाग्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[तात्पर्य] त्यस्ताको धर्म पनि खाली ढ्वाङ्गमात्र हुन्छ र शान्ति पनि मिल्दैन, ती सदा अहंकार र मोहमा चुर भै रहने भै जति उपदेश गरेपनि आफ्नो हठ छोड्दैन र विषय भोग्नु नै उनीको विधान हुन्छ ।

(११) मरणपर्यन्त अनन्त चिन्तालाई लिएर केवल काम भोगलाई सर्वपरी मानेका त्यसले यहाँदेखि अर्को पुरुसार्थ छैन भन्ने निश्चय गरेका हुन्छन् ।

(तात्पर्य) यिनीहरूले न स्वर्ग, न मोक्ष छ, न आत्मा छ र कुनै क्रियापनि पारलौकिक फल दिनेवाला छैन भन्ने विचारपनि गर्छ ।

(१२) यस्तो असुरजनहरू विषय भोगका निमित्त अन्यायबाट धन बटुल्न चाहन्छन् ।

(तात्पर्य) जतिजति भोग मिल्दछ उति उति आगोमा घ्यू राखे झैं काममाथि कामै बढी अनि क्रोध पनि बढ्दछ किन कि क्रोध कामको परिणाम हो ।

(१३) अहिले मैले यो पाए । यो मनोरथ पछि पूर्ण हुनेछ अहिले यो धन छ फेरि यो धन पनि मेरो हुनेछ यस्तै मनोराज्यले असुर जीवहरूको हृदय सदा व्याकुल भै रहन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१४) त्यो शत्रु मैंले मारे दोश्रो शत्रु पनि मारुँला म ऐश्वर्य भोग्ने इश्वर हूँ मै भोगी, वलवान, सुखी हूं इत्यादि यस्तै कल्पनाले फूलिरहेका हुन्छन् ।

(१५) म धनी तथा कुलीन हूँ म जस्तो अर्को को छ यज्ञ गरुँला दान गरुँला मज्जा गरुँला यस्ता किसिमका अज्ञानले मोहित भएका हुन्छन् ।

[तात्पर्य] असुरजनहरुलाई मित्र विश्वास केही हुँदैन केवल धर्मको ध्वजा फहराउन यज्ञहरू गर्दछन् ।

(१६) अनेकौ दुष्ट संकल्पले भ्रान्त विचार भै मोह जालले ढाँकिएका काम भोगमा लम्पट असुरजनहरू महान् अपवित्र नर्कमा खस्दछन् ।

(१७) आत्म प्रशंसागर्ने ठर्रा धन र मानका मदले चुर भएका ती असुर जीवहरू शास्त्र विधिरहित नामका लागी खाली नामका निमित्त देखावटी यज्ञ गर्दछन् ।

(तात्पर्य) यज्ञमा विधि र श्रध्दाभक्ति समेत हुनु पर्दछ । श्रध्दा-हीन यज्ञ तामसी भै दुवै लोकमा कल्याण छैन ।

(१८,१९) अहंकार र काम क्रोधले युक्त भै अरुको निन्दा गर्ने पुरुष आफ्नो र अरुका शरीरमा रहने म अन्तर्यामी कै दोष गर्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन् त्यस्ता निन्दक पापाचारि अधमलाई म वारं बार आसुरी योनीमा मात्र खसाल्दछु ।

[तात्पर्य] परमेश्वर दयालु मात्र नभै न्यायकारी पनि हुँदा धर्मात्मा र भक्तलाई उद्धार पापात्मालाई सजांय दिनु हुन्छ त्यो पुण्यात्मा हुनु र पापी हुनु आफैले गरेको हो । भगवानलाई दोष छैन ।

(२०) हे अर्जुन ! जन्मजन्मान्तरणमा आसुरी योनीमा प्राप्त भएका मुढजनहरू मलाई नपाएर नै त्यसभंदा पनि अधम गतिमा जान्छन् ।

(तात्पर्य) त्यसकारण यो मानवको वेला प्रकृति बन्धनबाट मुक्त हुंन सत्संगत गरेर दैवी सम्पतिको अनुसरण लिनु पर्छ ।

(२१) काम, क्रोध, लोभ, मोह यो आत्माको नाश गराउने नर्कको ढोका हो यसलाई त्यागी त्यो देखि फरक हुनु ।

(तात्पर्य) त्यो काम क्रोधहरू कै भित्र समस्त आसुरी सम्पदा छ त्यसैको उदयले आसुरी जीवको ज्ञानको साधन सबै भ्रष्ट हुन्छन् ।

[२२] हे अर्जुन ! यो नर्कका ढोकाबाट छुटेपछि मनुष्यले आफ्नो कल्याण गर्दछ र अनि परमगति पाउँदछन् ।

[२३] जो मनुष्य शास्त्र विधिलाई छोडेर मनमानी चल्दछ त्यसले सिद्धि सुख परमगति केही पनि पाउँदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[२४] त्यसकारण तिमीलाई कुन कर्तव्य कुन अकर्तव्य हो यसको निर्णयलाई शास्त्र प्रमाण छ । शास्त्रमा जे बताएको छ त्यसलाई जानेर यस लोकमा कर्म गर्न तिमीलें मनासिब छ ।

(तात्पर्य) परम शान्ति पदको प्रथम दर्शन शास्त्रै हो । त्यसै-द्वारा कुन गर्ने कुन नगर्ने निर्णय गरेर मात्र कार्यमा प्रवृत हुनु पर्दछ ।

इति देवासुर सम्पद विभागनाम सोह्रौं अध्याय समाप्त ।

सत्रौं अध्याय

[१] हे कृष्ण ! जो श्रध्दालेयुक्त भएका तर शास्त्रविधिलाई त्यागेर पूजा गर्दछन् तिनीहरुको स्थिति के सात्विक, राजस, तामस के हो ?

[२] श्रीभगवान भन्नुहुन्छ प्राणीहरूको स्वाभाविक श्रध्दा सात्विक, राजस, तामस तीन प्रकारको हुन्छ ।

(३) सबैको श्रध्दा र आफ्नो अन्तकरण अनुसारको हुन्छ । मनुष्य श्रध्दामय छ जसको जस्तो श्रध्दा हुन्छ त्यो त्यस्तै हुन्छ ।

(तात्पर्य) मनुष्यहरूका अन्तकरणमा प्रायः तीनै गुण मिश्रित हुने भै सत संगत शास्त्रिय संस्कार र सात्विक आहार विहारद्वारा रज, तम, दवेर सत्व प्रधान रहन्छन् । जो जस्तो श्रध्दा गर्दछ त्यो त्यस्तै हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४) सात्विक मनुष्यहरू देवतालाई, राजसीहरु यक्ष राक्षशहरुलाई तामसी प्रेत र भूतगणहरुलाई पूजा गर्दछन् ।

(५,६) जो अज्ञानी मनुष्यहरु डम्भ र अहंकारलेयुक्त भएर विषयाशक्तिका वलले शरीरमा रहेका पृथ्वी आदि पन्च तत्वलाई तथा शरीर भित्र अन्तर्यामी रुपले रहेको मलाई पनि कष्ट दिन्दै अशास्त्रीय घोर तपस्या गर्दछन् ती आसुरी बुध्दि भएका जान ।

(तात्पर्य) पूर्वजन्मका संस्कारानुसार राजस, तामसमा प्राप्तभएकाहरु पनि फेरि सत्संगद्वारा शास्त्रीय पथमा आयो भने आत्म सुधार गर्न सक्तछन् ।

(७) आहारापनि सवैलाई तीन प्रकारको प्रिय हुन्छ । यज्ञ, तप, दान पनि तीनै प्रकारको छ तिनीहरुको भेद सुन ।

(८) आयु, बुध्दि वल आरोग्य सुख र प्रीतिलाई वढाउने रसिला स्वाभाविक स्नेहले युक्त स्थिर मनलाई आनन्द दिने आहारा सात्विक मनुष्यलाई प्रिय हुन्छन् ।

(९) ज्यादा पिरो, अमिलो, नूनिलो, तातो, रुखो, तेजिलो, डाहाकारक दुःख शोक रोगलाई उत्पन्नगर्ने खाद्यवस्तुहरु राजस पुरुषका प्रिय हुन्छन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१०) जो भोजन पकाएर ३ घण्टा नाघेका रस नभएको गन्हाउने वासी जुठो र अपवित्र पनि छ त्यो भाजन तामसीजनलाई प्रिय हुन्छन्।

[तात्पर्य] मनुष्य जस्तो जस्तो आहारा सेवनगर्दै जान्छ तदनुसार त्यसको आचार विचारमा पनि त्यस्तै त्यस्तै प्रभाव पर्दै जान्छ। जस्तै दही मथन गर्दा सूक्ष्म अंश घ्यू, माथि उत्रेर आए झैं हामीले भोजन गरेका अन्नको सूक्ष्म अंश पनि माथि हृदयमा आएर मनलाई पुष्ट गर्दछ। हामीले सेवन गरेका आहाराको पनि तीन परिणाम हुन्छ। शुक्ष्म, मध्य, स्थूल, पहिले अन्नादि स्थुल पदार्थ घाँटीबाट क्रमश ग्रहणी-स्थानमा गएर परिपाक हुन्छ। यही परिपाक मथन क्रिया हो, यसको शूक्ष्म परिणाम र मध्यम परिणाम दुवै रस रूपले हृदयमा आउँदछन् जो शूक्ष्म अंश हो त्यसले मन पुष्ट भएर मानसिक शक्ति उत्पन्न हुन्छ मध्यम अंशले रस रक्तादिद्वारा धातुहरू पुष्ट भएर शारीरिक शक्ति उत्पन्न हुन्छ। स्थूल अंश मल मुत्ररूपमा बाहिर निस्कन्छ यही सात्विक आहाराले मनुष्यको अन्तकरण सात्विक, राजस, तामस आहाराले राजस तामस अवश्यै हुन्छ। अन्याय धनद्वाराको खाद्यवस्तुले र दुराचारीहरूको अन्नखानाले पनि राजस तामस गुणहरूले आक्रमण गर्ने हुँदा शुध्द चित्तको लागि शुध्द आहारा सात्विक सेवन गर्नू साधकको परम कर्तव्य हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(११) फलाकांक्षा त्यागेर यज्ञ गर्नू मेरो कर्तव्य भन्ने बिचारले मनलाई एकाग्र गरेर शास्त्र विधि अनुसार गरेको यज्ञ सात्विक कहिन्छ ।

(१२) जो यज्ञ केवल डम्भका निमित्त वा फलको उद्देश्यले गरिन्छ त्यो राजस कहिन्छ।

(१३) जुन यज्ञमा शास्त्र विधि छैन अन्नदान गरिन्दैन । स्वर, वर्ण, भष्ट्र वैदिक मन्त्रको उच्चारण हुन्छ । दक्षिणा हुँदैन तथा गर्ने वालाको श्रध्दा छैन त्यो यज्ञ तामस कहिन्छ ।

(१४) देवता, ब्राम्हण, गुरू औं विद्वानको, सत्कार शौच पवित्रता सरलता ब्रम्हचर्य तथा अहिंसा यी शरीर सम्बन्धी कायिक तप, कहिन्छ ।

(१५) कसैको चित्त नदुखाउने साँचो प्रिय हित वचन तथा स्वाध्याय आफ्ना धर्म ग्रन्थहरूको अध्ययनलाई वाचाणिक तप भन्दछन् ।

मनः प्रसादः सौम्यत्वं मौनमात्मविनिग्रहः ।
भावसंशुध्दिरित्येतत्तपो मानसमुच्यते ॥

(१६) मनलाई प्रसन्न राख्नु शान्त भावले रहनु मुनिको जस्तो वृत्ति लिनू । मनलाई चंचल नगराउनु तथा शुध्द भावना राख्नु यिनलाई मानसिक तप भन्दछन् ।

[१७] कायिक वाचिक मानसिक यी ३ प्रकारका तपस्याहरूमा फल कामना त्यागेर अत्यन्त श्रध्दापूर्वक गरिन्छ त्यो सात्त्विक कहिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[१८] जुन तपस्या आफ्नो सत्कार मान पूजाका निमित्त अथवा देखाउनका निमित्त गरिन्छ त्यसलाई राजस तपस्या भनेको छ ।

[१९] जुन तपस्या मुढ हथले आफूलाई दुःख दिएर अथवा अर्कालाई दुःख दिनको निमित्त गरिन्छ त्यो तामस कहिन्छ ।

दातव्यमिति यद्दानं दीयतेऽनुपकारिणे ।
देशे काले च पात्रे च तद्दानं सात्विकं स्मृतम् ॥

[२०] दानगर्नु कर्तव्य हो भन्ने विचारले ठाउँ समय तथा पात्रको विचार गरेर उपकारको बदला नचुकाउने मनुष्यलाई जो दान दिन्छ त्यो दान सात्विक कहिन्छ ।

[२१] चित्त दुखाएर तथा आफूलाई प्रत्युपकार गराउनको निमित्त अथवा फलको उद्देश्य राखेर दिन्छ त्यो दान राजस कहिन्छ ।

[२२] ठाउँ अवस्था नहेरी पात्रको विचार नगरी विना सत्कार तृरस्कारपूर्वक दिन्छ त्यो दान तामस कहिन्छ ।

(तात्पर्य) आफ्नु वस्तु अरुलाई दिनु दान हो त्या दानले मनुष्यमा त्याग वृत्ति उत्पन्न र हृदयमा सदा लोकोपकारक उदार भावनाहरु जागृत रहन्छन् । दान एकै प्रकार भएनापनि दानकर्ताको भावना भेदले सात्विक, राजस, तामस, ३ प्रकारको भएको छ । देश, काल, पात्रको विचार गरेर शुध्द मनले दिएको दान परलोकमा अनन्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फलदायक हुन्छ । सुपात्र र कुपात्र भनेका जस्तै गाईलाई दान गरेको तृणा पनि दुध, सर्पलाई दान गरेको दुधपनि जहररूपमा परिर्णात हुन्छ । अतः पुण्य क्षेत्र या अनिकाल परेका देश दानको उचित देश हो । ग्रहण आदि काल या भोकले मरिरहेको समय दानको उचित काल हो । तपस्वी ज्ञानी, विद्वान, ब्राम्हण, निर्धन, भिखारीहरू, यज्ञ पात्र हुन यही विचारले दिएको दान सात्विक, यसले पछि उपकार गर्छ भन्ने अभिलाषा या फलकामना औं भित्रबाट दानगर्ने इच्छा छैन कुनै कारणले बाध्य भै चित्त दुखाएर जो दान दिइन्छ त्यो राजस दान हो । देशकाल पात्र केही पनि विचार नगरी अथवा अपमानपूर्वक वा श्रध्दारहित भएर गरेको दान तामस कहिन्छ तर भोकालाई अन्न नांगालाई वस्त्र दिन कुनै देश काल पात्रको विचार आवश्यक छैन । सात्विक कार्यमा पनि अनुष्ठान कर्ताका प्रमादले कुनै अंगहरू हिन वा त्रुत्रिट हुन जान सकिन्छ । त्यस्तो समस्त कर्म तथा उपासनाको प्रायश्चित ॐ तत्सत् यो भगवन्नामोचारणद्वारा हुन्छ भन्ने देखाउन यसको रहस्य वर्णन गनुहुँन्छ ।

(२३) ॐ तत्सत् यी ३ पदलेयुक्त भएको वाक्य परमात्माको वाचक (नाम) हो । यसबाट अघि ब्राम्हण, वेद, तथा यज्ञहरू प्रकट भए ।

(२४) त्यसकारण ॐ यस्तो उच्चारण गरेर ब्रम्ह वा दिहरूका शास्त्रले विधान गरेका यज्ञ दान तप रूप कर्महरु निरन्तर चल्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२५) तत्, यस्तो उच्चारण गरेर अर्थात तत् शब्द वाच्य परमेश्वरको उद्देश्यले फलकामना त्यागेर मुक्तिको इच्छा भएका पुरुषहरू यज्ञ तप रूप कर्म र दान रूप कर्म गर्दछन् ।

(२६) अस्तित्वमा औं असल अर्थमा सत् यस्तो यो शब्द प्रयोग गरिन्छ हे अर्जुन ! त्यस्तै प्रकारले असल काममा पनि सत् शब्द प्रयुक्त हुन्छ ।

(२७) यज्ञ तप दानमा स्थिर भावना त्यसका निमित्त गरिएको कर्म त्यो यज्ञ, तप, दान र त्यसमा जो स्थिति छ त्यो र भगवत प्रीत्यर्थ जो कर्म गरिन्छ ती सबै सत् हो फेरि ॐ तत्सत् यो मन्त्र परमात्माको नाम हो । त्यसकारण उहाँको यो नाम उच्चारण मात्रले पनि समस्त कर्महरू साङ्ग तथा सम्पूर्ण हुन्छन् यसमा केही सन्देह छैन । कार्यकर्ताका यज्ञ आदिमा जो कर्म च्युत–भ्रष्ट हुन्छ त्यो परमात्माको स्मरण मात्रले सम्पूर्ण हुन्छ । त्यसकारण त्यो कार्यमा ॐ तथा तत्सत् यस अक्षरलाई आदि र अन्त्यमा उच्चारण गर्नु शास्त्रीय विधिलाई त्यागेर केवल कुल परम्परा प्राप्त आचारानुसार श्रध्दापूर्वक गरिएका यज्ञ तप दानादि आदि कर्ममा पनि ॐ तत्सत् यो महामन्त्र भगवन्नामको आदि अन्त्यमा उच्चारण गर्नाले सबै दुगुण शान्त भएर साङ्ग तथा सम्पूर्ण हुन्छ । यो मन्त्रमा अपरिमित शक्ति हुनाले आसुरी यज्ञलाई पनि यसको उच्चारणले सात्विक बनाउन सकिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२८) अश्रद्धाले गरेको हवन, दान, तपस्या तथा अरूपनि जे जे गरिएको छ त्यो सबै न यसलोकमा न परलोकमा मिल्दछ।

[तात्पर्य] त्यसकारण श्रद्धायुक्त भै ॐ तत्सत् उच्चारण गरी गरिएका राजस तामस यज्ञादिको विगुण पनि सात्विक तथा सगुण हुन्छ।

इति श्रद्धात्रेयो विभाग योगनाम सत्रौं अध्याय समाप्त।

अठारौं अध्याय

अब यस अन्तिम अध्यायमा समस्त गीता शास्त्रको कर्म, उपासना, ज्ञान, सम्बन्धी सिद्धान्त एउटै रहस्यमय सुत्रमा उनेर वर्णन गरिएको छ।

(१) हे केसी दैत्यलाई मार्ने आजानु बाहु ऋषिकेश म संन्यास र त्यागको यथार्थ स्वरूपलाई भिन्न२ रीतबाट जान्न चाहन्छु।

(तात्पर्य) प्रश्नको तात्पर्य के भने संन्यासको पनि सात्विक, राजस, तामस, भेद हुनुपर्ने भन्ने र सन्यास र त्याग भनेको शब्दको मात्र भेद हो कि अर्थको पनि भेद छ शब्द मात्रको भेद हो भने त्यसको अवान्तर भेद कति छ ? अर्थको पनि भेद छ भने संन्यास र त्यागको तत्व पृथक२ जान्न चाहन्छु भन्ने अर्जुनको प्रश्न हुन्। केसी नाम घोड़ाको आकार भएको दैत्यलाई त्यसको मुखमा आफ्नो बाहु प्रवेश गराएर मार्नुभयो। यसैले श्रीकृष्णको नाम केसीनिसुदन तथा महाबाहु रहेको हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२) श्रीभगवान भन्नु हुन्छ ज्ञानीहरु समस्त कर्महरूको त्यागलाई त्याग मान्दछन् बुध्दिमानजन समस्त कर्मको फलत्यागलाई त्याग भन्दछन् ।

(तात्पर्य) त्याग र संन्यास दुवैको अर्थ छोड्नु नै हो । मोटामोटी १०० वर्ष आयुको कल्पनाले २५ वर्षसम्म ब्रम्हचर्य ५० वर्षसम्म गृहस्थ ७५ वर्षसम्म वाणप्रस्थ शेष जीवन संन्यासको निमित्त मानिएको छ । पहिलेको युगमा यस किसिमसंग संन्यासी हुनु ब्राम्हणको निमित्त अनिवार्य थियो । विरक्त र त्यागीको निमित्त जुनसुकै आश्रमबाट पनि संन्यासी हुनु अधिकार थियो । संन्यासीको कर्तव्य हो कि समस्त कर्म र घर धन कुटुम्वलाई समेत त्यागेर ओडार या रुखमनि गएर वस्नू शरीर निर्वाहको निमित्त भिक्षा माग्नु वांकी समयमा आत्मानात्म विवेचन गर्नू या सर्वत्र ब्रम्हदृष्टि गरेर संसारवाट उपराय हुनु सो संन्यासको मुख्य तत्व कर्म त्याग र तृष्णा त्याग यी २ हुन् । गेरु वस्त्र आदि गौण तत्वले हुने होइन । कर्म योगीले संन्यासका भ्रै भेष बदलेर ओडार रुख मुनी बसेर सवै कर्म त्याग्न पर्दैन । सन्यासीको तत्वलाई मात्र पालन गर्नु पर्छ । त्यसकारण संन्यासी र कर्म योगीमा केही फरक छैन । समाज हितका दृष्टिले कर्म योगी नै विशेष मानेकोले गृहस्थ भएर पनि संन्यासी र सन्यासी भएर पनि योगी दुवै हुन सक्छ अतः संन्यासीको पनि कर्तव्य हो कि युगानुसार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लोक संग्रह कर्म गरून् जस्तै गृह त्यागी सन्यासी नारद सुक सनकादिहरूले विश्वलाई ज्ञानको ज्योति देखाएकै छ।

(३) कोही विद्वानहरू दोषयुक्त हुनाले कर्महरू त्याज्यछन् भन्दछन् कोही विद्वानहरू यज्ञ, दान, तप, रूप, कर्म त्याग्न उचित छैन भन्दछन्।

(४) हे अर्जुन ! त्यस त्यागका विषयमा मेरो निश्चय (सिध्दान्त) सुन– त्याग ३ प्रकारको कहिएको छ।

(५) यज्ञ, दान, तथा तप रूप कर्मलाई त्याग्नु उचित छैन। यीनलाई गर्नै पर्दछ त्यो कर्महरू बुध्दिमान पुरूषलाई पनि चित्त शुध्दि कारकं छ।

(तात्पर्य) यज्ञ, दान, तप, रूप धर्मको अंग हुँदा सो कर्म चित्त शुध्दिद्वारा जब तक आत्मा जिज्ञासा उत्पन्न हुँदैन तबतक निष्काम बुध्दिले गर्नु सो कर्म कस्तो भावनाले गर्नु यसको उत्तर।

(६) हे अर्जुन ! यी कर्महरूलाई पनि आशक्ति र फललाई त्यागेर गर्नु पर्दछ यस्तो मेरो निश्चित तथा श्रेष्ठ सिध्दान्त छ।

(७) तोकिएको कर्मको त्याग हुन सक्दैन अविवेकबाट भएको त्याग तामस त्याग कहेको छ।

[तात्पर्य] प्रकृति अनुसार शास्त्रले विधान गरेको वा देश काल तथा व्यक्तिका अधिकारानुसार गरिने प्राप्त कर्तव्य नियत कर्म कहिन्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसैलाई स्वधर्म पनि भनिन्छ । जसको अर्थ हो नगरि नहुने या गर्नै पर्ने काम जस्तै पुरूसार्थीले आफ्नु आवश्यकीय कर्तव्य त्याग्नु उचित छैन । जो अविवेकले यसलाई अपुरूसार्थं ठानेर त्याग्दछ त्यो त्याग तामस त्याग कहिन्छ ।

(८) कर्म गर्न दुःख छ भन्ने ठानेर शरीरलाई कष्ट हुन्छ भन्ने डरले जो कर्मलाई त्याग्दछ त्यो त्याग राजस कहिन्छ त्यो त्याग गरेर पनि त्यागिले त्यागको फल पाउँदैन ।

(तात्पर्य) शास्त्रीय नियममा रहेर स्नान सन्ध्या बन्धना गर्दा र अरूको उपकार गर्दा शरीरको स्वतन्त्रता नष्ट होला भन्ने डरले नित्य कर्महरूमा प्रवृत्त हुँदैन यस्तो त्यागलाई राजसी भनेको हो । त्यो त्याग-द्वारा चित्त शुध्दि र ज्ञाननिष्ठा कदापी हुन्दैन ।

कार्यमित्येव यत्कर्म नियतं क्रियतेऽर्जुन ।
सङ्गं त्यक्त्वा फलं चैव स त्यागः सात्त्विको मतः ॥

(९) हे अर्जुन कर्म गर्नै पर्दछ भन्ने यस्तो कर्तव्य बुध्दिले त्यो कर्मलाई आफ्नै कर्तव्य मानेर आशक्ति फललाई त्यागेर जो नियत कर्म गरिन्छ त्यो सात्विक त्याग कहिन्छ त्यो त्याग नै सन्यास हो ।

(१०) सात्विक ज्ञान वाण संसयरहित त्यागिपुरूष अकुशल कर्म [अकल्याण कारक अहितकारी कर्म] लाई द्व गर्दैन । कुशल कर्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[कल्याण कारक हितकारी कर्म] मा आशक्त हुँदैन । त्यागीले यी दुवै-लाई सम देख्दछ । यस्तो सम बुध्दि भएको नै साँचो सन्यासी हो ।

(११) देहधारी प्राणीले समस्त कर्मलाई त्याग्न मुस्किल छ । किन्तु जसले कर्मफललाई त्याग्दछ त्यही असली त्यागी कहिन्छ_अतः नियत कर्ममा परायण भएर त्यसको फललाई मात्र त्याग्नु भनेको हो ।

[१२] शुभ-अशुभ औ शुभा-शुभ यी ३ प्रकारका कर्म फल अत्यागीहरूलाई मरे पछि मिल्दछ । सन्यासी र त्यागीलाई कहिले पनि मिल्दैन ।

(तात्पर्य) मनुष्यले मरण पर्यन्त जे जति कर्म गरिन्छ ती सबै कर्मको परिणाम स्वर्ग-नर्क मनुष्यलोक यी ३ श्रेणी तयार हुन्छ । पुण्य कर्म बढता भए स्वर्ग लोक पाप बढ्ता भए नर्क या तिर्यक [पशु] योनी पाप-पुण्य वरावर भए नरलोक प्राप्ति हुन्छ । यो फल केवल कर्म त्यागि र सकाम कर्मीलाई मात्र हो । संन्यासीलाई यो कुनै कर्म फल पनि वन्धक कारक हुँदैन । त्यसकारण फलाफल परमेश्वर अर्पण गरेर चित्तशुध्दिका निमित्त नित्य नैमितिक कर्म गर्दागर्दै ब्रम्ह-ज्ञान भएपछि मात्र पुरा सन्यासी हुन्छ र अनि मात्र माथि लेखिएका तीनै प्रकारका कर्मफलहरु उसलाई हुँदैन ।

अब कर्म उत्पतिका ५ कारण बताउनु हुन्छ ।

(१३) हे अर्जुन ! साङख्य सिध्दान्तमा समस्त कर्मको सिध्दिका निम्ति कहिएका यी ५ कारणहरु मबाट जान ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[१४] शरीर तथा अहंकार विभिन्न प्रकारका इन्द्रिय अनेक प्रकारका चेष्टाहरु औ यी ४ मध्येमा पाचौं दव नै हो अर्थात् शरीर मन इन्द्रिय प्राणादी ५ वायु यी ४ तथा पाचौं दैव यी ५ कर्मका कारण हुन ।

[१५] मनुष्यले मन वाणी शरीरद्वारा उचित अनुचित जो कर्म आरम्भ गर्दछ त्यसका यी पाँच कारण हुन्छन् ।

[तात्पर्य] १, शरीर २, अहंभाव ३, इन्द्रिय ४, प्राण–अपाण, समान, उदान व्यान यी ५ वायुका भिन्न भिन्न क्रिया–५ इन्द्रियका अदिस्थाता सूर्यादि देवता जसको सहायता नभै इन्द्रियहरु आफ्नु २ काम गर्न सक्तैनन् यिनै ५ द्वारा मनुष्यका समस्त कायिक, वाचिक, मानसिक, शुभा-शुभ कर्महरु हुन्छन् । यी देखि वाहेक कर्मकर्ता अरु कोही पनि छैन । पूर्वजन्ममा गरेको पाप पुण्य नै यस जन्ममा दैव (कर्म) कहिन्छन् ।

(१६) परन्तु वास्तविक स्थिति यस्तो भएतापनि त्यस विषयमा असंस्कृत वुध्दि हुनाले जो मनुष्य केवल आफूलाई कर्ता देख्दछ त्यो अज्ञानी शास्त्र तथा सत्संगत देखि वञ्चितः पामरले यो रहस्य वुझ्दैन ।

(१७) जसको म कर्ता हूँ भन्ने भावना अहंकार छैन जसको वुध्दि शुभाशुभ कर्ममा लिप्त हुँदैन त्यो पुरुष यी लोकहरुलाई मारेर पनि मर्दैन–वद्ध पनि हुन्दैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(तात्पर्य) मनुष्यको बन्धननै अहंकार हो त्यो नष्ट भएपछि उ आफ्नो आत्मालाई अकर्ता असंग तथा निर्विकार देख्दछ त्यसकारण न वास्तवमा मारेको हो न त्यसलाई पापले नै छुन सक्तछ त्यस्तो व्यक्ति किन मार्दथ्यो तर पनि यो स्थिति दर्शाएको हो । अज्ञानीको अहंकार नष्ट भएको हुँदैन यसैले म गर्नेवाला हूँ भन्ने ठान्दछ । ज्ञानीको विचार कुनैमा पनि आशक्त तथा स्वार्थ न हुँदा उसले जे जे काम गर्दा केवल लोक हित कै दृष्टिले गर्दछ ।

(१८) ज्ञान, ज्ञय, ज्ञाता, यी ३ कर्मका प्रेरक हुन् करण, कर्म, कर्ता यी ३ कर्मका आश्रय हुन् ।

(तात्पर्य) कुनै काम गर्नु भन्दा पहिले गर्नेलाई गरिने वस्तुको विषयमा विचार उत्पन्न हुन्छ । त्यस्को नाम ज्ञान जुन विषयमा विचार भयो त्यो ज्ञय विचार गर्नेलाई ज्ञाता भनिन्छ यिनै ३ ले कर्म गर्ने इच्छा उत्पन्न हुन्छ यही आन्तरिक प्रेरणाको नाम कर्म हो एवं प्रकार कर्म प्रवृत्ति भए पछि जुन साधन सामग्रीद्वारा कर्म हुन्छ त्यो कारण, यी साधनलाई काममा लगाउने कर्ता जे गरिन्छ त्यो कर्म यी ३ कर्म संग्रह अर्थात क्रियाका आश्रय कहिन्छ । पहिले कर्म अनि कर्म संग्रह हुन्छ ।

(१९) साङ्ख्य शास्त्रमा ज्ञान, कर्म, कर्ता यी ३ गुणका भेदले तीनै प्रकारका कहिएका छन् । तिनीहरूलाई पनि जस्तो त्यहाँ बताइएको छ त्यस्तै सुन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अब त्रिगुणानुसार ज्ञान, कर्म र बुद्धि तथा
धारण, शक्ति, औ सुखको तीन भेद वर्णन हुन्छ ।

(२०) मनुष्य जुनद्वारा विभिन्न भूतवर्गमा अभिन्न एउटै अविनाशी भावलाई देख्दछ त्यो ज्ञान सात्विक जान ।

(२१) किन्तु जो ज्ञानले समस्त भूत वर्गमा भिन्नभिन्न प्रकारका अनेक भावहरूलाई पृथक पृथक रूपले जान्दछ त्यो ज्ञान राजस जान ।

[तात्पर्य] समस्त भूतमा भिन्न भिन्न भाव यसद्वारा स्त्री पुरुष पंछी आदिमा र आत्मामा पनि भिन्दै भिन्दै भएको देखिने यो भेद दृष्टि रहेको ज्ञान हो । त्यो रहन्ज्याल जन्म-मरण दुःखको प्रवाह चलि नै रहन्छ ।

(२२) किन्तु जुन ज्ञानको आधारमा बिनाकारण असली मर्मलाई नजानी एउटै कुरामा यही हो भनेर हठ गर्दछ त्यो ज्ञान तामस कहिन्छ ।

[तात्पर्य] आफ्नु धन कुटम्बमा जति माया छ अरूकोमा पनि त्यस्तै हुन्छ भनी समभाव नराखी आफ्नु भलाई भए अरूको जे सुकै होस् भनी देख्नु तामस ज्ञान हो ।

(२३) नित्य अभिमानरहित रागद्वेष शुन्य भएर फलकामना नभएका व्यक्तिले गरेको जो कर्म हो त्यो सात्विक कहिन्छ ।

(२४) परन्तु फल कामना भएका व्यक्तिले अहंकारले सहित धेरै परिश्रमपूर्वक जो कर्म गरिन्छ त्यो राजस कहिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२५) म जो कर्म गर्दछु त्यसको भावी परिणाम के होला यसमा आफ्नो शक्तिको नाश तथा जीव हिंसा हुन्छ कि हुँन्दैन यस कामलाई पार लगाउने शक्ति ममा छ कि छैन इत्यादि कुराको विचारै नगरी अविवेकले साहासा प्रारम्भ गरेको कर्म तामस कहिन्छ ।

(२६) फल कामना त्यागेको अहंकाररहित धैर्य र उत्साहलेयुक्त तथा सिध्दि र असिध्दिमा समभाव भएको कर्ता सात्विक कहिन्छ ।

(तात्पर्य) फलासा नराखी जति विध्न परेपनि यो काम पार लगाउँछु भन्ने उत्साह लिई बराबर कर्तव्यगरी कार्यसिध्दि र हानी भए पनि मुख मलीन नपारी कर्म गर्ने व्यक्ति सात्विक कर्ता कहिन्छ । यस्ताले ठूलठूला कार्य गरेर पनि यस्तो गरे भन्न लज्जाउँदछन् फेरि नियत कर्म भनेको यसले यो गर्नु भनी तोकेको जो हो सोही हो । त्यो कर्म पनि लालचा फलाशक्ति पक्षपातलाई त्यागिगर्नु पर्छ ।

(२७) विषयमा आशक्त कर्मफलको इच्छाभएको लोभि हिंसक स्वभाव भएको शास्त्रोक्त शौचरहित तथा कार्य सिध्दिमा हर्ष र असिध्दिमा शोक गर्ने राजस कर्ता कहिन्छ ।

(२८) चंचलचित्त, गम्वार बुध्दि, थर्रो स्वभाव, स्वाँठपना भएको अर्काको वृत्ति छेदन गर्ने र अल्सी खिन्न चित्त एवं ढिलो काम गर्ने कर्ता तामस कहिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२९) हे अर्जुन ! विस्तार रूपले भिन्न भिन्न प्रकारबाट बताइएका गुणद्वारा भएको ३ प्रकारको बुध्दि र धैर्यको भेद सुन ।

प्रवृत्तिं च निवृत्तिं च कार्याकार्ये भयाभये ।
बन्धं मोक्षं च या वेत्ति बुध्दिः सा पार्थ सात्त्विकी ॥

(३०) हे अर्जुन ! असल काममा प्रवृत्ति, खराब काममा निवृत्ति तथा कर्तव्य अकर्तव्य र भय अभय बन्धन र मोक्ष यिनलाई ठीक ठीक जुन बुध्दिले जान्दछ त्यो बुध्दि सात्विक हो ।

(तात्पर्य) जसको सात्विक बुध्दि छ ती कुन काममा अगाडि बढ्ने कुनमा पछाडि हट्ने यो आफ्नै बुध्दिद्वारा जान्दछ । मलिन बुध्दि वालाको जस्तो अगि सर्नु पर्नेमा पछि हट्नें । पछि हट्नु पर्नेमा अगि सर्ने यस्तो बुध्दि हुँदैन, त्यसले आफ्नो भावी परिणामलाई यथार्थ जान्दछ तदनुसार उनको प्रवृत्ति निवृत्ति भै कुन गर्नु उचित छ कुन छैन कुन कुराबाट डराउनु पर्छ कुनबाट डराउनु पर्दैन बन्धन भनेको के हो मुक्ति भनेको के हो—कसबाट हुन्छ भन्ने यी सबै कुराको रहस्यलाई जस्ताको त्यस्तो जान्दछन् यही सबैभन्दा श्रेष्ठ सात्विक बुध्दि हो ।

[३१] हे अर्जुन ! जुन बुध्दिद्वारा धर्म अधर्म तथा कर्तव्य अकर्तव्यलाई असली तत्वको निर्णयगरी यथार्थ रूपले छुट्याउन सक्तैन त्यो राजस बुध्दि हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[तात्पर्य] त्यसको बुद्धि सदाकामादि दोषले विक्षिप्त चंचल रहन्छ। त्यसैले असली तत्वको निर्णय गर्न सक्तैन।

[३२] हे अर्जुन! तमोमय अन्धकारले छोपिएको जुन बुद्धिले अधर्मलाई धर्म, धर्मलाई अधर्म तथा सबैकुराहरु उल्टा देख्दछ त्यो बुद्धि तामसी हो।

[३३] हे अर्जुन अखण्ड योगयुक्त जुन धारणाले मन प्राण तथा इन्द्रियका उच्छृं खल प्रकृतिहरु रोकिन्छ त्यो धारणा सात्विकी हो।

(तात्पर्य) धारणा गर्ने या धान्ने शक्तिको नाम हो। धृति जसको सहायताले मनुष्य एक न एक अभिष्ट भावनालाई समाती रहन्छन् छोड्दैन। यसयोग सुत्रानुसार चित्तको एकाग्रतारूपी योगद्वारा मनका असत् संकल्प र प्राण तथा इन्द्रियका चंचलहरु रोके पछि हर्ष शोकादि विकारका कारण विषय सम्मुख हुँदा पनि चित्तमा विकार उत्पन्न हुँदैन, यस्तो सात्विक धृत्रिको लक्षण हुन्छ।

(३४) जुन धारणद्वारा अर्थात अत्यन्त आशक्तिले धर्म अर्थ तथा कामलाई धारण गर्दछ औ यीनैको निम्ति फलको अभिलाषा पनि गर्दछ त्यो धारणा राजसी कहिन्छ।

[तात्पर्य] यी राजसी धृत्रीले चार पुरुसार्थका मध्येमा मोक्षलाई छोडेर केवल धर्म, अर्थ, कामलाई मात्र धारणा गर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३५) जुन धृत्रीद्वारा मन्दमत्ति पुरुष निन्दा, भय, शोक विशाद तथा दुर्वेशनलाई कदापी त्याग्दैन त्यो धृती तामसी हो ।

(तात्पर्य) व्यवहारिक अनेकौं धन्दामा फसी आयु घट्‌दै गएको र अरू बुढो र मृत्यु भएको देखि मेरो उपर पनि यो लागु हुन्छ भन्ने थाहा पाएर पनि त्यो सम्झना गर्दैन किन कि यो समस्त जगतको मदिरा पिएर उन्मन्त भएको छ ।

(३६) हे अर्जुन ! सुखपनि ३ प्रकारको मबाट सुन । जुन सुखमा अभ्यासद्वारा रमे पछि दुःखको अन्त हुन्छ ।

[तात्पर्य] यो सुख विषय सुखो झैं क्षणिक होइन, जति जति अभ्यास वैराग्य बढ्‌दै जान्छ उत्ति उत्ति आत्मोत्त सुखको मात्रा पनि बढ्‌दै जान्छ । यसको नाम ब्रम्ह सुख हो ।

(३७) जो सुख पहिले साधन अवस्थामा परिश्रम गर्नु पर्नें हुनाले विषयमा जस्तै साधन परिपक्क भएपछि परिणाममा अमृत जस्तै छ तथा जो आत्मोत्तसुख (आत्मातिर) फर्केको बुध्दिका प्रशन्नताबाट उत्पन्न छ त्यो सुख सात्विक कहिन्छ ।

(तात्पर्य) त्यो पहिले साधनावस्थामा विवेक वैराग्य ध्यान, समाधी एवं मिताहारहरूको साधनबाट परिपक्क भएपछि अमृत तुल्य सुख रूप आत्माको आभास पर्दछ । त्यही आत्मा बुध्दि सुख सात्विक सुख कहिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३८) जो सुख विषय र इन्द्रियका सम्बन्धबाट उत्पन्न हुन्छ तथा पहिले अमृत जस्तै भएर पछि विष जस्तै हुन्छ त्यो सुख राजस कहिन्छ।

(३९) जो सुख अगाडि पनि पछाडि पनि आत्मालाई मोह गराउने तथा निन्द्रा, आलस्य, एवं प्रमादद्वारा उत्पन्न भएको छ त्यो सुख तामस कहिन्छ।

(तात्पर्य) सात्विक सुख नित्य छ राजस सुख क्षण भंगुर छ तामस सुख जढ़ छ त्यसकारण राजस, तामस, सुखलाई त्यागी सात्विक सुखको सम्पादन गर्नें हो।

(४०) जो यावत वस्तु प्रकृतिका सत्व, रज, तम गुणदेखिरहित भएको होला त्यो वस्तु पृथ्वी स्वर्ग या देवताहरूमा र कुनै संसारमा पनि हुँदैन।

(तात्पर्य) प्रकृतिदेखि पर परमात्मा र परमात्मादेखि अभिन्न मुक्तात्मा मात्रै त्रिगुणदेखि फरक छन् अरु सबै त्रिगुणकै घेराभित्र छन्।

(४१) ब्राम्हण, क्षत्रीय, वैश्य शुद्रका स्वभाव जन्य गुणहरुद्वारा कर्महरू विभक्त भएका छन्।

(४२) जस्तै सम (मनको संयम) दम (इन्द्रियको निरोध) तप (तपस्या) शौच (सुद्धि) क्षमा सरलता ज्ञान र विज्ञान (अनुभव) तथा आस्तिक भाव यी ९ ब्राम्हणका कर्महरू स्वाभाविक प्रकृतिबाट उत्पन्न भएका छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४३) सूरता, तेज, धैर्य, कर्म कुशलता, युद्धमा पराङ्मुख नहुनु दान तथा ईश्वर भाव प्रजामाथि आफ्नो प्रभुता सदास्थायी राख्नू यी ७ कर्म क्षत्रियका स्वाभाविक कर्म हुन् ।

(४४) खेती, पशुपालन, व्यापार, यी ३ कर्म वैश्यका र सबैको सेवारूप कर्म शुद्रको स्वाभाविक कर्म हो ।

(तात्पर्य) श्रीब्रम्हाजीले सम्पूर्ण सृष्टिको रक्षाका निमित्त यी चार वर्णको भिन्न२ कर्महरु बनाएको यो रीवाज हिन्दूहरुमा तर शिक्षा, रक्षा, बाणिज्य दोकानदारी यी चार वर्ग जुनसुकै देश या समाजमा पनि पाइन्छ ।

[४५] आ–आफ्नो कर्ममा तत्पर भएकोले राम्रो सिध्दिलाई पाउँदछ यस्तो मनुष्यले कसरी सिध्दि पाउँदछ त्यो कुरा सुन ।

[४६] जसद्वारा समस्त जगतको सृष्टि भएको छ तथा जो सम्पूर्ण विश्वमा व्याप्त छ उसलाई आफ्नो स्वभावजन्य कर्मले पूजागरेपछि मनुष्यले सिध्दि पाउँदछ ।

[तात्पर्य] बिना इश्वरको कृपा मानवलाई सिध्दि प्राप्त हुँदैन ईश्वर खुशी नभै उहाँको कृपा हुँदैन सो खुशी गराउने मुख्य उपाय आफ्नो कर्तव्य पालन हो । सो पालनगर्नु नै ईश्वरको आज्ञा मान्नु हो । त्यसकारण अकर्तव्यलाई त्यागेर आफ्नो कर्तव्य पालन गरेपछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

समग्र सिद्धिहरु अनायासै प्राप्त हुन्छन् । आफ्नो वर्ण र आश्रमका धर्मले तथा तपस्याद्वारा ईश्वरलाई खुशी गराएपछि बैराग्यादि चार साधनहरू प्रकट हुन्छ । उसद्वारा मुक्तिरुपी सिद्धिलाई पाउँदछ ।

(४७) जति सुकै सरल र निर्दोष तथा राम्ररी अङ्ग पुऱ्याएर गरिएको किन नहोस् पर धर्म भन्दा गुणहीन र सदोष भएपनि स्वधर्म नै कल्याणकारी हुन्छ किनभने प्रकृति सिद्ध कर्म पथमा यात्रागर्ने मनुष्य पापको भागी हुँदैन ।

(४८) हे अर्जुन ! प्रकृति सिध्दकर्म स्वभावजन्यकर्म दोष युक्त भएपनि नत्यागास्, किनभने समस्तकर्महरु धुँवाले आगो झैं दोषले ढाँकिएका छन् ।

[तात्पर्य] आफ्नो गुण कर्म या प्रकृति अनुसार प्राप्त व्यवसायहरुमा कुनै असल कुनै कम्सल छैनन् एउटा गुण र एउटा अवगुण सबैमा छ । त्यसकारण आफ्नो व्यवसायलाई कमसल अर्काको व्यवसयलाई असल जस्तै वैश्य शुद्रले ब्राम्हण क्षेत्रीको कर्मलाई असल ब्राम्हण क्षेत्रीयले वैश्य शुद्रको कर्मलाई कमसल ठहऱ्याउनु भूल हो । आफ्नो स्वभावजन्य व्यवसायगर्दा कुनै दोष वा [illegible] हुन गएतापनि तिनको गणना हुँदैन किन कि उसको त्यो धर्म आगोको पोल्ने र बाघको हिंसा गर्ने त्यसकारण त्यो स्वभाव नियत कर्म गर्दै जाँदा अन्तमा साधक नैष्कर्म स्थितिमा पुग्दछ ।

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४९) समस्त वस्तु या कर्मफलमा जसको आशक्त छैन तथा जसले मनलाई जितेका छ जो तृष्णादेखि रहित छ त्यस्तो योगी कर्म-फलको त्यागरूप सन्यासद्वारा परम नैशकर्म सिध्दिलाई पाउँदछ ।

(५०) हे अर्जुन ! पूर्वोक्त नैशकर्म सिध्दिलाई पाएकोले जसरी ब्रम्हभावलाई पाउँदछ त्यो सुन– जो ज्ञानको सर्वश्रेष्ठ अवस्था हो ।

(५१,५२,५३) कर्मयोगको अनुष्ठानले निर्मल बुध्दिले युक्त भएर धैर्यले अन्तकरणलाई संयम गरेर शब्द आदि विषयहरूलाई त्यागेर राग र द्वेशलाई पनि हटाएर एकान्तमा बसी मिताहारी गरी मन वाणी शरीरलाई संयम गरेको निरन्तर ध्यान योगमा परायण वैराग्यलाई आश्रय गरेको अहंकार, हठ, घमण्ड, काम, क्रोध र परिग्रहलाई त्यागेर ममता-रहित भएको शान्त योगी ब्रम्ह हुनलाई समर्थ हुन्छ ।

(तात्पर्य) तत्व साक्षात्कारको प्रथम भूमि निष्काम कर्म नै हो त्यो द्वारा बुध्दि शुध्द भएपछि मात्र निर्मल बुध्दिमा विवेक वैराग्यादि साधनहरूको उदय हुन्छ यसका पछि क्रमशः श्रवण, र निधिध्यासन यी ज्ञानका साधनहरू हुन्छ । यी ३ मा पनि निधिध्यासन (ध्यान योग) तत्व ज्ञानको मुख्य साधन हो, तर श्रवण नभै मनन हुँदैन मनन नभै ध्यान योग हुँदैन, तसर्थ वेदान्त वाक्यलाई तात्पर्यपूर्वक सुन्नु सुनेको अर्थलाई युक्तिद्वारा विचार मनन गर्नु, यी २ बाट दृढ भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषयलाई एकाग्र वृत्तिले चिन्तन गर्नु निदिध्यासन कहिन्छ । एवं रीत श्रवणले संशय मननले असंभावना निदिध्यासनले विपरीत भावनाको निवृत्ति भएपछि कुहिरो फाटेर सूर्यको प्रकाश भए झैं तत्वज्ञानको उदय हुन्छ । ब्रम्हरूप हुन्छ । त्यो ब्रम्ह पहिले नभएको पछि साधनद्वारा भएको होइन, किन्तु पहिलेदेखि नै ब्रम्हरूप भएको आफूलाई अज्ञानले नचिन्हेर अरू नै ठहऱ्याइ राखेका हुँदा तत्व ज्ञानका सहायताले आफूलाई म ब्रम्है रहेछु भनेर यथार्थ जान्नु पर्छ ।

(५४) ब्रम्हरूप भएको प्रसन्नचित्त योगी सोक र इच्छा गर्दैन सम्पूर्ण भूतहरूमा समदृष्टि भएर मेरो पराभक्तिलाई पाउँदछ ।

(५५) सो मेरो भक्तले भक्तिद्वारा म जस्तो किसिमको छु उस्तै मलाई यथार्थ रूपले जान्दछ । औ मलाई वास्तविक रूपले जानेपछि अन्तमा मँमा आएर मिल्दछ ।

(तात्पर्य) यसरी ब्रम्हात्म तत्वको बोध भएपछि त्यो योगीले समस्त विश्वमा आफ्नो आत्मा र परमात्मालाई अभिन्न रूपले देख्न लाग्दछ । यस अवस्थामा भक्तिपनि आरत जिज्ञासु अर्थार्थी यिनै ३ कोटीलाई नाघेर चतुर्थ कोटी (ज्ञानी) मा पुग्दछ, तब त्यसको अनेक जन्मको पूजाहरू सबै सफल भै दर्शन लालसापूर्ण हुन्छ । अन्तमा भगवानको स्वरूपमा मिलेर कृतकृत्य हुन्छ । तसर्थ तत्व ज्ञान नै सबैको अन्तिम स्थान हो । यो परम सिध्दावस्था भक्तिमार्गबाट पराभक्ति ज्ञान मार्ग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाट ब्रह्मज्ञान कर्म मार्गबाट नैश कर्म्य सिध्दि कहिन्छ । यो नाममात्र भिन्न भिन्न हो वास्तवमा यो स्वरूपमा भेद छैन ।

(५६) समस्त कर्महरूलाई संधै गरी रहेका छन्तापनि मेरो आश्रयमा रहेको कर्मयोगी भक्त मेरो कृपाबाट शास्वत अव्यय पदलाई पाउँदछ ।

(५७) त्यसकारण समस्तकर्महरूलाई मनैले ममा अर्पण गरेर ममा परायण भएर समत्व बुध्दि योगको आश्रय लिएर निरन्तर मैमा चित्त लगाएको होऊ ।

(तात्पर्य) धर्म त्यही हो जो समाजको धारण पोषण गराएर अन्तमा आचरण कर्ताको आत्मालाई चिरशान्ति देओस् । समस्त कर्मको फललाई त्यागेर सुख–दुःख लाभ–हानी जय–पराजय आदिमा सम बुध्दि राखेर नियत कर्मलाई गर्दै रहनु बुध्दि योग हो । कर्तव्यको अन्तिम सारांश यो हो कि मनुष्यले समत्व बुध्दि भएर कर्तव्य कर्महरूलाई परमेश्वर प्रीत्यर्थ जीवन पर्यन्त गर्दै रहनु पर्दछ । स्वभाव नियत कर्महरूलाई त्याग्न उचित छैन । किन्तु परमेश्वरमा युक्त चित्त भएर गर्नै उचित छ ।

(५८) ममा चित्त लगाएको तिमी मेरो अनुग्रहले सम्पूर्ण विपत्तिबाट पार हुनेछौ परन्तु यदि अहंकारले मेरो कुरा सुनेनौ भने तिम्रो नाश हुनेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[५९] जो अहंकारलाई लिएर म युध्द गर्दिन भन्ने ठान्दछौ भने तिम्रो यो निश्चय झूठो छ, किन कि तिम्रो राजसी प्रकृतिले तिमीलाई अवश्य पनि युध्दैमा लगाउने छ ।

[६०] हे अर्जुन ! तिमी जुन कुरा अज्ञानले गर्न चाहँदैनौं त्यही कुरा क्षत्रीय प्रकृतिबाट उत्पन्न आफ्ना राजसी कर्मले बाँधिएर परवश भएर गर्नेछौ ।

[तात्पर्य] अतः परमेश्वरमा चित्त लगाएर सम बुद्धिले प्रकृत्ति सिद्ध कर्महरुलाई गर्दै रहनु यही कर्मको अन्तिम सिद्धान्त अर्जुनलाई निमित्त बनाएर भगवानले जगतकाप्रति उपदेश गर्नु भएको छ । जगत केवल प्रकृतिको मात्र अधीनमा छैन, किन्तु प्रकृतिको संचालक ईश्वरको अधीनमा पनि छ ।

[६१] हे अर्जुन ! ईश्वर देहरुपी यन्त्रमा रहेका सम्पूर्ण भूतलाई एक शुत्रधारले कठपुतली नचाएझैं मायाव्दारा नचाउँदै समस्त प्राणीका हृदयमा हुनुहु छ ।

(६२) हे अर्जुन ! सबै भावले तिमी उनै ईश्वर अन्तर्यामीका शरणमा जाउ उनैका कृपाबाट परम शान्ति तथा नित्यस्थान ब्रम्हपदलाई पाउने छौं !

[तात्पर्य] अधि दैव अधि भूत र अध्यात्म रुप समस्त जगत भित्र आत्मरुपले रहेर समस्त चर अचरका अण्ड अण्डमा व्याप्त भएको जुन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हो त्यही अन्तर्यामी हो तथापि समस्तका अन्तकरणमा प्रतिविम्बित चिदाभासका विशेषताले यहाँ समस्त प्राणीका हृदयमा देखाएको । छ वस्तुतः प्रेरणाहरुपनि प्रथम हृदयबाटै उठेर पछिमात्र क्रियात्मक रुप लिन्छन् । देहादी पञ्जर (पिजंडा) यन्त्र हो । यसमा अभिमान गर्नु यन्त्रमा सवार हुनु हो । कर्तव्य र अकर्तव्यमा प्रवृति हुनु भ्रमण हो । यही शासक ईश्वर त्यस व्यक्तिबाट शुभ अशुभ कर्म गराउँदछ किन कि दुर्योधनलाई धर्म अधर्म सबै थाहा छ तैपनि यो घोर संग्राम गरायो । उक्त दृष्टिबाट पनि शुभ र अशुभ कर्म गर्नलाई पनि मनुष्य स्वतन्त्र छैन । ईश्वरको अधीनमा छ, विना ईश्वरको इच्छा कसैले पनि आफ्नु हित अहित केही पनि गर्न सक्तैन संसारमा जो जति–काम हुन्छन् ती सबै ईश्वरका प्रेरणाबाट हुन्छ । ईश्वरको इच्छा विरुद्ध एउटा तृण पनि कसैले तोड्न सक्तैन भन्ने सिद्ध हुन्छ । अब यस दशामा मनुष्यको कर्तव्य केवल यतिकै बाँकी रहन्छन् कि गर्ने गराउने सबै ईश्वरलाई नै मानेर अहंकार त्यागेर आफ्नो जीवनको बाग्डोर समेत उहाँलाई नै सुम्पेर सर्वत्र उहाँकै शरणागत हुनू यस्तो भएको भक्त–द्वारा ईश्वर जो कार्य गराउनु होला, त्यसबाट जगतको हित भएर अन्तमा कार्यकर्ताको समेत आत्म कल्याण हुनेछ ।

गीता शास्त्रको उपसंहार

(६३) मैले यसरी अत्यन्त रहस्यमय ज्ञान तिमीलाई भने यसलाई राम्रो बिचार गरेर जस्तो इच्छा हुन्छ त्यस्तै गर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

[तात्पर्य] अर्जुनले पनि यो सबै भगवानको वचनलाई विचार गरेर जो कार्य गर्ला त्यो अवश्य पनि अनुचित हुने छैन । पामर मनुष्य-लाई मात्र पशुलाई झैं कार्यमा नियुक्त गराउनु पर्छ । विचारवानलाई केवल सुन्नाकासाथ त्यसको रहस्य बुझेर आफ्नो हिताहित गर्न स्वयम सक्तछन् किन कि ज्ञान वा भक्तिको सहयोगले जव बुद्धिमा समत्व भावको उदय हुन्छ त्यस दशामा अनुचित विचारहरू उत्पन्नै हुँदैन ।

(६४) गोप्य भन्दा पनि अति गोप्य मेरो मुख्य कुरा फेरि सुन तिमी मेरा अत्यन्तै प्रिय छौ, त्यसकारण तिमीलाई म हित कुरा भन्दछु ।

मन्मना भव मद्भक्तो मद्याजी मां नमस्कुरु ।
मामेवैष्यसि सत्यंते प्रतिजाने प्रियोऽसि मे ॥

(६५) म मा मन लगाउ, मेरो भजन पूजा औ मलाई नमस्कार गर, म तिमीसंग सत्य प्रतिज्ञा गर्दछु कि, यसबाट तिमी अन्तमा मैमा आएर मिल्नेछौ किन कि तिमी मेरो प्रिय भक्त छौ ।

(६६) सम्पूर्ण धर्मलाई छोड़ेर केवल एक मेरो शरणमा आउ । म तिमीलाई समस्त भेदभाव (पापबाट) छुटाइदिनेछु । यसमा तिमो शोक नगर ।

(तात्पर्य) सबै धर्ममा एउटै तत्व छ, भन्ने विचारले अरू धर्मका साथ विरोधपनि नगरी मन, कर्म, वचन सब प्रकारबाट भगवानको शरणा-गत हुनु भनेको हो, त्यो शरणागत पनि ३ प्रकारको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवानकै म हुँ १, मेरो भगवान हुँ २, भगवान नै मैं हुँ ३, यस्तो भगवत शरणागति साधन र अभ्यासको परिपाकबाट त्यो उत्पन्न हुन्छ । पहिलो शरणागतिको उदाहरण म, तपाईंको हूँ तपाई मेरो हुनुहुन्न जस्तै समुद्रको तरङ्ग हुन्छ तरङ्गको समुद्र हुँदैन ।

दोश्रो भक्त सुरदास इनारमा खस्न लाग्दा भगवानले हात समाती बचाउनु भयो । सुरदासले भगवान चिन्ही मेरो भगवान हुन् भनि छोडेन भगवानले हात फुत्काई जानु भयो, अनि सुरदासले भागे पनि मेरो हृदयमा ध्यान छँदैछ, त्यसबाट पनि भाग्न सके अनी तिमी बलवान ठान्दछौं । तेश्रो त्यो भगवान जगत र म बाशुदेव देखिभिन्न छैन उनी भगवान एक अद्वैत हुनुहुन्छ भन्ने यस्तो अवस्थामा पुगेका योगीले जगतलाई आत्मारूपमा देख्न लाग्दछ, यस्तो अद्वैत आत्मा नै सम्पूर्ण धर्मको मूल तथा त्यो आत्माको दर्शन नै परम धर्महो यस्तो देखि-सकेपछि त्यसले धर्मका विषय सुन्नु पर्ने केही बाँकी रहन्दैन । जो आफ्नं आत्मा र अरूको आत्मालाई भिन्न दृष्टिले व्यवहार गर्दछ त्यो धर्मात्मा होइन यसैले श्रीकृष्णले अर्जुनद्वारा विश्वमा यो अन्तिम घोषणा दिनु भएको छ, सबै धर्मलाई छोडेर मेरो शरणमा आउ भिन्न भिन्न धार्मिक समाजमा नअलमलि आत्मौपम्य बुध्दि रूप मुख्य धर्म कै आश्रय लेउ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अब यसलाई परम्परा प्रचार गराउन शास्त्र सम्प्रदाय विधि सुनाउनु हुन्छ ।

(६७) यो मैले सुनाएको ज्ञान तपस्या नगरेको अभक्त तथा श्रवण गर्नै रूचि नभएको मनुष्यलाई कदापि नभन्नू औं मेरो निन्दा गर्ने-लाई पनि नभन्नू ।

(६८) जसले यो अत्यन्त रहस्यमय गीता शास्त्रलाई मेरो भक्त-हरूमा गएर सुनाउनेछ त्यसले मेरो उपर परमभक्ति गरेर निसन्देह मैमा प्राप्त हुनेछ ।

(६९) गीता शास्त्रको प्रचारगर्नै त्यो भन्दा मेरो अत्यन्त प्रिय अर्कों पृथ्वीमा हुने छैन ।

(७०) जसले हामी दुइको यो धर्मयुक्त सम्वाद र गीता शास्त्र-लाई अध्ययन गर्ला त्यसले मलाई ज्ञान यज्ञले पूजा गरेको मान्नेछु ।

श्रद्धावाननसूयश्च शृणुयादपि यो नर ।
सोऽपि मुक्तः शुभाँल्लोकान्प्राप्नुयात्पुण्यकर्मणाम् ॥

(७१) जो मनुष्यले यो गीता शास्त्रलाई श्रद्धापूर्वक दोष बुद्धि-लाई त्यागेर केवल सुन्दछ मात्र भने पनि त्यसले पनि समस्त पापबाट छुटेर पुण्यात्माले पाउने श्रेष्ठ लोक प्राप्त गर्नेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(७२) हे पार्थ ! के ? मैंले भनेको कुरा यो गीता शास्त्र तिमीले एकाग्र भै सुन्यौं के तिम्रो अज्ञानद्वारा प्रकट भएको यो मेरो हूँ म मार्दछु भन्ने सन्मोह नष्ट भयो ?

(७३) हे अच्युत हजुरको असीम कृपाले मेरो अपार मोह नष्ट भयो मलाई स्मृति प्राप्त भै रहेछ । अब म सन्देह नभएको भए हे माधव ! अब हजुरको आज्ञा पालन गर्दछु ।

(तात्पर्य) गीता शास्त्र श्रवण मनन गर्ने व्यक्तिलाई पनि कर्तव्य धर्मको ज्ञान भै शान्ति मिल्दछ भन्ने कुरापनि सूचित हुन्छ ।

(७४) संजय भन्नुहुन्छ यसरी मैंले बासुदेव एवं महात्मा अर्जुनको यो अद्‌भूत रहस्ययुक्त रोमान्चकारी सम्वाद सुने ।

(७५) श्रीव्यासजीको प्रसादवाट मैंले यो परम गुह्य योगलाई साक्षात भन्नलागेका स्वयं योगेश्वर श्रीकृष्णबाट सुनेको हो ।

[तात्पर्य] संजयलाई व्यासले दिएको दीव्य दृष्टिद्वारा यो देखे, सुनेको हो । दिव्य-दृष्टिको अर्थ नेत्र ज्ञानको मात्र होइन ज्ञानेन्द्रियका सबै विषयको ज्ञान हो ।

(७६) हे राजन नरनारायणको यो पवित्र तथा अद्‌भूत सम्वादलाई बारम्बार स्मरण गरेर म साह्रै हर्षित हुन्छु ।

[तात्पर्य] यस्तो हर्षितमा मनुष्यका आँखाबाट अश्रुपूर्ण वाणी गद्‌गद्‌ शरीर रोमान्चित हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(७७) श्रीहरिको त्यो अति अद्‌भूत विराटस्वरूपलाई पनि बारम्बार सम्झि मलाई महान आश्चर्य लाग्दछ र म बारम्बार हर्षित हुन्छु।

अब संजय धृष्टराष्ट्रको अन्तर दुराशा
बुझेर आफ्नु विचार व्यक्त गर्दछन्।

(७८) मेरो विचारमा जता योगेश्वर श्रीकृष्ण हुनुहुन्छ जहाँ धनुर्धारी अर्जुन छन् त्यही श्री विजय विभूति एवं अचल नीति अवश्यभावि छन्।

[तात्पर्य] यस वचनानुसार सत्य कै विजय हुन्छ झूट्‌ठाको हुँदैन। प्रथम त पाण्डवहरू स्व–धर्मको रेखा नाघ्नु हुन्न त्यसमा पनि सर्व धर्मको मूल कृष्णका सहयोगले त्यो पक्ष झन धर्मसंगत भएको छ। तसर्थ जता धर्म उतै कृष्ण जता कृष्ण उतै विजय जहाँ वीर अर्जुन र कृष्ण हुँदा हुँदै कौरवले विजय पाउन असंभव छ त्यसकारण सन्धि-गर्नु नै उचित थियो।

यस्ता प्रकारले श्रीमद्‌ भगवत गीता रूपी उपनिषद्‌मा ब्रम्ह विद्याका अन्तर्गत योग शास्त्रमा श्रीकृष्ण र अर्जुनको सम्वाद मध्ये मोक्ष सन्यास योग नाम गरेको अठारौं अध्याय समाप्त भयो।

इति शुभम् ... ...

हरि ॐ तत्सत् ! हरि ॐ तत्सत् !! हरि ॐ तत्सत् !!!

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ सप्त श्लोकी गीता

श्री भगवानुवाच–

ओमित्येकाक्षरं ब्रम्ह व्याहरन्मामनुस्मरम् ।

यः प्रयाति त्यजन्देहं सयाति परमांगतिम् ॥ अ. ८ श्लोक १३ टीका,

स्थाने हृषीकेश तव प्रकोषत्यां,

जगत्प्रहृष्यत्यनुरज्यते च ।

रक्षांसि भीतानि दिशो द्रवन्ति,

सर्वे नमस्यन्ति च सिध्दसंघाः ॥ अ. ११ श्लोक ३६ टीका,

सर्वतः पाणिपादं तत्सर्वतोऽक्षिशिरो मुखम् ।

सर्वतः श्रुतिमल्लोके सर्वमावृत्य तिष्ठति ॥ अ. १३ श्लोक १३ टीका,

कविं पुराण मनुशासितार,

मणोरणीयां समनुस्मरेद्यः ।

सर्वस्य धातारमचिन्त्यरूप,

मादित्य वर्णः तमस परस्तात् ॥ अ. ८ श्लोक ९ टीका,

उर्ध्व मुल मधः शाखम श्वत्थं प्राहु रव्ययम् ।

छन्दांसि यस्य पर्णानि यस्तं वेद सवेदवित् ॥ अ. १५ श्लोक १ टीका,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वस्व चाहं हृदि सन्नि विष्टो,
मत्त स्मृति ज्ञीन भयो हनंच ।
बेदैश्च सर्वै रहमेव वेद्यो,
वेदान्त कृद्द्वेदविदेव चाहम् ॥ अ. १५, श्लोक १५ टीका

मन्मना भव मद् भक्तो मद्याजी मां नमस्कुरू ।
मामे वैष्यसि सत्यंते प्रति जाने प्रियोऽसिमे ॥ अ. १८, श्लोक ६५ टीका

गीता प्रार्थना

गीते ! तिमी भारतमा उदाई, कर्तव्यमा चञ्चल पार्थलाई ॥
आज्ञा भयो भारत ! के गरेको ? ठोक्रा-धनु, यो किन फ्याँकिएको ॥१॥

आत्मा सदा नित्य छ यो नमर्ने, देहादि छन् यी क्षणमा बदल्ने ॥
के निम्ति यो शोक गरिरहन्छौं ? कर्तव्यलाई किन त्यागिदिन्छौं ॥२॥

कर्तव्यको ख्याल गरेर पार्थ ! यज्ञार्थ जो हुन्छ विवेक साथ ॥
त्यो कर्म गर्दा गरने समस्त, पापै भए तापनि छैन लिप्त ॥३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पर्दैन सन्यास लिएर जान, साथै बसी त्याग समस्त काम ।
इत्यादि सम्बोधन पाई पार्थ, जागे उनीलाई भयो यथार्थ ॥४॥

मातेश्वरी ! आज समस्त विश्व, कामी रहेको छ भएर त्रस्त ;
यो आसुरी कर्म जति हटाउ, सारामहाँ मानवता फिनाउ ॥५॥

ज्ञानी बनौं शिक्षित धैर्यशाली, त्यागी बनौं स्वार्थ सबै निकाली
चुत्था नहौं वीर बनौं महान, कर्तव्यमा अर्जुनकै समान ॥६॥

हामी सबै आपसमा मिलेर, सद्‌भावना मानवता लिएर ।
सन्देश यो विश्वभरी सुनाऔँ, हामी सबै दाजु र भाई--बहिनी ॥७॥

हामी सबैको दुई हात जोरी, गर्दै नमस्ते शिर यो झुकाई ।
यो प्रार्थना अन्तमहा छ मातर, आत्मा सबैमा सम एक देखौं ॥८॥

आरती

जय भगवद्‌ गीते जय भगवद्‌ गीते ।
हरि–हिय–कमल–विहारिणि सुन्दर सुपुनीते ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्म–सुमर्म प्रकाशिनि कामासक्तिहरा ।
तत्वज्ञान–विकाशिनि विद्या ब्रम्ह परा । जय

निश्चल–भक्ति–विधायीनि निर्मल मलहारी ।
शरण--रहस्य--प्रदायीनि सब बिधि सुखकारी । जय ।

राग–द्वेष--विदारीणि कारिणि मोद सदा ।
भव--भय--हारीणि तारीणि परमानन्दप्रदा । जय ।

आसुर--भाव--विनाशीनि नाशिनि तम--रजनी ।
दैवी सद् गुण दायीनो हरि--रसिका सजनी । जय ।

समता, त्याग सिखावनी, हरि–मुखकी बानी ।
सकल शास्त्रकी स्वामीनि, श्रुतियोंकी रानी । जय ।

दया--सुधा बरसावनी मातु ! कृपा की जै ।
हरिपद–प्रेम दान कर अपनो कर ली जै । जय ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीमद्भागवत् महापुराण सम्पूर्ण स्कन्दको र महात्म्य सहितको संक्षिप्त वर्णन

ॐ नमो भगवते वासुदेवाय

शनकादि ८८ हजार ऋषिहरूले सुतजीसंग सबैभन्दा उत्तम कथा कुन हो ? कलि युगमा दु:ख प्राप्त हुन्छ, त्यसबाट छुट्न के गर्नुपर्छ भगवान्ले २४ अवतार लिनु भई के के गर्नुभयो ? कृष्ण वैकुण्ठमा जानु भएपछि धर्म कसको शरणमा रह्यो ? श्री·कृष्ण अवतार लिनु भएपछि के के गर्नुभयो ? कृष्ण प्राप्त गर्नलाई के साधन छ, भन्ने यस्तै कुराहरू सोध्नु भई उहाँले हे हरिभक्त रक्षक हजूरलाई बारम्बार नमस्कार छ ! भनी श्री कृष्णलाई नमस्कार गर्नु भै सबै ऋषिहरूको पाउमा शिर राखी कलियुगी जन मन्द भागि लाखौं विघ्न बाधाबाट घेरी मोक्ष्य मार्गतिर रूची नभई भ्रान्त मात्र भई रहन्छ, उनको निम्ति यो भागवत् रूपी सूर्य प्रकट भएको छ । यो पृथ्वीमा मात्र शुलभ छ, अन्त पाइँदैन, त्यसैले सबैभन्दा उत्तम कथा यो भागवत् नै हो । शुकदेवले व्यासजीसंग पढी परिक्षितलाई सुनाउनु भएको बेला मैले पनि सुन्न पाएको थिएँ, त्यही भागवत् तपाइँहरूलाई सुनाउँदछु ! भनी नैभिशारण्य क्षेत्रमा शनकादीहरूलाई सुतजीले यो भागवत् सुनाउनु भयो ।

भागवत् महात्म्य

यो भागवत् सप्ताहा एक चित्त गरी जसले सुन्ला त्यसको हातमा मुक्ति रहन्छ । यो सनातम धर्म संपूर्ण प्राणीले सुन्न योग्य श्री भगवानको अद्भूत चरित्र सबै पापलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ध्वंश गर्ने श्री हृषिकेश भगवान् नारायणको महीमा वर्णन र जगत्को उत्पत्ति पालन संहार यस्तो परम गुह्य र ज्ञान विज्ञानको साधन भक्ति योग र त्यसवाट प्रकट बैराग्य सहित यसले बताएको छ ।

नारदजी बद्रिकाश्रम जाँदा एउटी तरूणी स्त्री र उसको छोरा ज्ञान र वैराग्य अति वृद्ध वेहोश् भई लडिरहेको देखि सोध्दा–मेरो नाम भक्ति हो, यी दुई मेरा छोरा बृद्ध भई लडि दु:ख पाई रहेछु भन्यो– अनि नारदले सत्य, त्रेता र द्वापर तीनै कालमा मुक्ति दिने ज्ञान वैराग्य हो यो कलिमा मुक्ति दिने भक्ति नै हो,र यसैले तिमीलाई भगवान्-ले चैतन्य दिनुभयो । मुक्ति, ज्ञान, वैराग्य सहित तिम्रो भक्तिलाई पृथ्वीमा भगवान्ले छाडि जानुभएको हो ।

द्वापरको अन्तसम्म मुक्ति थियो, अहिले कलिमा यो मुक्ति वैकुण्ठमा छ । कलिले गर्दा ती दुई छोरा बुढा भए । अब तिनीहरूको उद्धार हुने गर्छु भनी त्यो ज्ञान वैराग्यलाई उठाई गीता वेद पाठ सुनाउँदा पनि नउठी भगवान्लाई सम्झे । सतकर्म गर, दु:ख हट्छ भन्ने आकाशवाणी सुने त्यसको रहस्य बुझन अनेक तीर्थ घुमे कसैले बताउन सकेन र सनतकुमारादि भेट भै यो कुरा भन्दा श्रीमद्भागवत सम्झन नसकि त्यसो भएको हो, त्यो सुनेपछि मात्र ज्ञान वैराग्यको दु:ख हट्ने छ, तपाइँले गीता वेद सुनाए पनि त्यसमा भग-वान्को भजनबाट भएको रस नबुझेकोले उपाय नलागेको हो । तपाइँले त्यही भागवतको सार चतुश्लोकीका उपदेश दिदा व्यासजीको मनको बाधा हराएको थियो भन्यो– र नारदले उसो भए त्यो भक्ति ज्ञान वैराग्यलाई स्थापना गर्न त्यो सत कर्म श्रीमद्भागवत सुनाई दिनु होस् भनी हरिद्वारमा सो कथाको आरम्भ भयो ।

श्री कृष्ण स्वधाम हुने अवस्थामा उसपोलले आफ्नो तेजश्कि यो भागवतमा राखी दिनु भएको यो ज्ञान यज्ञ पनि हो भनी सो भागवतमा बताउँदै थियो र त्यस पुराण मण्डपमा त्यो ज्ञान वैराग्य तरूणावस्था भै आफ्नो छोराहरूलाई समेत साथ लिई त्यो भक्ति प्रकट भई आउनु भयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भक्तिः सुतौतौ तरूणौ गृहित्वा । प्रेमैक रूपा सहसा ऽ ऽ विराशिट ॥
श्री कृष्ण गोविन्द हरे मुरारे । नार्थेतिनामानिमुहुर्वदन्ती ॥
श्री कृष्ण गोविन्द हरे मुरारे । हे नाथ नारारण बासुदेव ॥
कृष्णाय वासुदेवाय, हरष्य परमात्मणे । प्राणत क्लेश नाशाय गोविन्दाम् नमोनमः ॥

अनि त्यो भक्तिले सनतकुमारादिलाई नमस्कार गरी कलिले गर्दा नष्ट भएका थियौ यो कथाले हृष्टपुष्ट भए । अब हामीलाई बस्ने ठाउँ देउभन्दा श्री विष्णुको भक्तको चित्तमा गई बस, कलिको दोषले हेर्न सक्ने छैन भन्नुभयो– सोही मुताविक विष्णुको भक्तको हृदयमा गई बस्नुभयो । त्यो मण्डपमा श्री विष्णु र अर्जुनको साथ लिई, श्री कृष्ण, शिव पार्वती औ ब्रह्मा इन्द्रादी अरू देव–देवताहरू गंगा–यमुना उद्धवादी र भक्त प्रह्लाद समेत घेरै पाल्नुभएको थियो र श्री कुमारजीले यो कथा श्रवणको प्रभावले एउटा पापिष्ट धुन्धकारी प्रेत भइरहेको गोकर्णले यो भागवत् सप्ताहा लगाई दिएपछि त्यो प्रेतले मनन गरि भक्ति पूर्वक सुनी त्यो वैकुण्ठधाम गयो । गोकर्ण सो धाममा जान नपाई फेरि श्रद्धा र भक्ति पूर्वक सप्ताह लगाई आफू गोलोकमा र अरू श्रोताहरू वैकुण्ठ जानु भयो । यो भागवत् यस्तो महत्वको ठूलो ग्रन्थ हो, यसको श्रवण मननबाट जान वैराग्य भक्तिले बास गरि मुक्ति समेत पाउँदछ भनी सप्ताहाको सबै क्रिया पनि नारदजीलाई बताउनु भयो । त्यस बेला श्री शुकदेव स्वामी पनि त्यहाँ पुग्नु भयो ।

निगम कल्प तरोर्गलितं फलं । शुक मुखाद् मृत द्रवसंयुतम्
पिवत भागवतं रसमालयं । मुहुर होरसिका भुवि भावुका ॥

उहाँले यो भागवत् वेदरूप कल्पवृक्षको फल हो, यो परमानन्द अमृतले परिपूर्ण छ, जबतक चेतना रहन्छ तबतक यसको निरन्तर सबैले पान गर्नुहोस् । यस अमृतरूपी भागवत् पृथ्वीमा प्राप्त भएकोले हामीहरू भाग्यवान भई सबैको शुलभ छ भनी सबै मिली कुमार किर्तन, अर्जुन राग, नारद विणा ज्ञान वैराग्य भक्ति नाच्ने, इन्द्र मृदंग, प्रह्लाद करताल, उद्धव क्याली, शुकदेव अङ्ग भङ्ग गरि भाव बनाउने, यस्तै गरि भगवानको किर्तन भजन गर्न पनि लागे अनि भगवान् खुशी हुनु भई यो सप्ताह भागवत् भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ठाउँमा श्रवण मनन गर्ने भक्तहरूको मनोरथ पूर्ण होस् भनी बरदान दिई अन्तर्ध्यान हुनुभयो र श्री शुकदेव स्वामीले भक्ति ज्ञान वैराग्य यस भागवत्मा स्थापना गर्नुभयो भन्ने इत्यादि यो श्री भागवत् महात्म्य पद्मपुराण सारांश समाप्त भयो ।

अथ कथा प्रारम्भ

प्रथम स्कन्द

शौनकादी ऋषिहरूलाई सुतजी भन्नुहुन्छ—यो भागवत् वेदको सार आध्यात्मिक तत्वको प्रकाश गर्ने अद्धितीय दिपक हो । भगवानले महतत्वादिका साथमा पुरुषावतार लिनुभयो । उनै प्रभुबाट शनक, शनन्दन, शनातन, शनतकुमार पहिलो अवतार लिनु भई अखण्ड ब्रह्मचर्यको पालन, दोस्रो यज्ञ शुक र वराह अवतार लिनु भई पृथ्वी उद्धार, तेस्रो नारद भै निष्काम धर्म प्रचार, चौथो नरनारायण भई ईन्द्रिय शंयम्, पाचौं कपिल भई साख्ययोग, छैठौं दतात्रय भै प्रह्लादलाई ब्रह्मज्ञान, सातौं यज्ञ भई स्वायम्भुव मन्वन्तरको रक्षा, आठौं ऋषभ भई परम् हंशको पथ देखाउनु, नवौं पृथु भई समस्त औषधी दुहुनु, दशौंमा माछा भई वैवश्वतको रक्षा, एघारौंमा कच्छप भई मन्दर धारण, बाह्रौंमा धन्वन्तरी भै आयुर्वेदको प्रचार, तेह्रौंमा मोहीनी भई देवतालाई अमृत, दानवलाई मदिरा पान, चौधौंमा नरसिंह भै भक्तप्रह्लादको रक्षा, कसिपुको बध, पन्ध्रौंमा वामन भई तिनपाउ पृथ्वी मांग, सोह्रौंमा परशुराम भई ब्रह्मद्रोहीलाई सुण्ये, सत्रौंमा व्यास भई वेदको विभाग, अठारौंमा राम, उन्नाइसौं, वीसौंमा कृष्ण—वलराम भइ भारउतार कलियुगमा मगध देशमा एक्काइसौंमा बुद्धावतार, अनि कलंकी अवतार हुनेछ र हंश ह्यगृभ समेत २४ अवतार हुन् । यो प्रभुको जो विभूति वर्णन गरे यही भागवत हो । द्वापरको अन्त्यमा परासर ऋषिको मत्स्य गंधाबाट व्यासजी पैदा हुनुभयो । निज व्यासजीले चार भाग गरी वेद र जो वेद श्रवणको अधिकार छैन ती स्त्री शुद्र पतित द्विजाबीका निमित्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महाभारत पनि वनाए, तर मनमा शान्ति नभै दिक्दारी भई रहनु भएको वखत नारदजी पुग्नुभयो र उहाँले श्री व्यासजीलाई वेदको अनुसार धर्माऽचरण गर्नुपर्छ, धर्मको प्रचार गर्नुहोस्, जुन धर्म नै परमहंशलाई मात्र होइन प्रभुलाई प्रिय लाग्ने हो, तपाइँले महाभारतादी पुराणहरू बनाउनुभयो, तर भगवान्को गुणानुवादको कुनै निरोपण गर्नु भएन, त्यसैले तपाइँको मन शान्त देखिएन, भगवान्को जन्म गुणानुवर्णनको पुस्तक लेख्नुहोस्, उहाँको भक्त हुनुपर्छ, तप वेदाध्यायन, ज्ञान, दान यी सबैको एक मात्र प्रयोजन यही हो कि श्री कृष्णको लीला वर्णन गर्नु । निर्गुण स्वरूपमा स्थित मुनीहरू त प्रभुको गुणगान नगरि रहन सक्तैन, कथा किर्तनले जति शान्तियम नियमादि योगमार्गले लिन सक्तैन, किर्तनले आफूलाई मात्र मग्न होइन जगत्लाई समेत आनन्द दिन्छ । म पनि पहिलेको जन्ममा दाशी पुत्र थिएँ, सत्संगले गर्दा भगवान्को भक्तिमा अति श्रद्धा भई सो भक्तिद्वारा नै ज्ञानी भएँ, उहाँको किर्तन नै मेरो जीवनको व्रत छ, भनी आफ्नु पूर्वजन्मको सवै वताई तपाई पनि उहाँको लीलाको वर्णन गर्नुहोस्, दुःख शान्ति हुन्छ भनी चतुश्लोकी भागवत् वताई दिएपछि श्री व्यासजीले यो भागवत् संहिताको निर्माण गरी आफ्नू पुत्र शुकदेवलाई पढाउनु भयो । अब राज ऋषि परिक्षितको जन्म मरण पाण्डवको उत्तरापन्थ गमण सुन्नुहोस्– कुरूक्षेत्रको संग्राममा विजय प्राप्त गरी युधिष्ठिरले धृतराष्ट्र गांधारीबाट वचन लिई हस्तीनापुरमा राज्य गर्नुभयो र भगवान् कृष्णले मैले गर्नुपर्ने सवै काम सिद्धियो भनी द्वारीका सवारी हुन लागेको बेला अभिमन्युको स्त्री उत्तराले मलाई आगोले जलाइयोस्।तर, मेरो गर्भलाई नष्ट नहोस्, प्रभु भनी विन्ति गरे, अनि कृष्णले विचार गर्दा अस्वस्थामाले पेटको बालक मार्न ब्रह्मास्त्र छोडेको ठहरी कृष्णले सुदर्शन चक्र छोडि गर्भको बालक वचाउनु भयो । अनि परिक्षित भन्ने नामको पुत्र पैदा भइन् । कृष्णलाई पुऱ्याउन अर्जुन साथै गई फर्की आउँदा कृष्ण स्वधाम् पाल्नु भएको र यदुबंशी नाश भएको सबै समाचार सुनाउँदा राजा युधिष्ठिरले परिक्षितलाई राज्य सुम्पी दिई आफू संन्यासको रूप लिई उत्तरतर्फ जानुभयो । भाइहरू पनि संगै लागिन्, द्रौपती श्री कृष्ण चिन्तन गरि उनैमा प्राप्त भइन् । राजा परिक्षितले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रजालाई आनन्द गरि राज्य चलाउनुभयो सो राज्यमा कलिले प्रवेश गरी उहाँलाई जुवा र रण्डी, हिंसा, मदीरापान र सुवर्णमा स्थान दिनुभयो । उहाँलाई तक्षकबाट मृत्युको श्राप भै आफ्नु छोरा जन्मयजयलाई राज्य दिई भागीरथी गंगा किनारामा अनशन व्रत धारणगरी श्री शुकदेवजीसंग, हे प्रभु मरण कालमा के गर्नुपर्छ ? कसको श्रवण भजन गर्ने हो, भन्ने—यस्तै आफ्नु उद्धारको विनय गरि सोध्नु हुँदा श्रीं शुकदेवजीले भागवत् व्याख्या-द्वारा जवाफ दिन लाग्नु भयो भन्ने इत्यादि ।

द्वितीय स्कन्ध

श्री शुकदेवजीले– हे राजा परिक्षित ! मेरो निर्गुण प्रभुमै निस्था थियो । द्वापरको अन्तमा पिताजीले भागवत् पढाइदिनु भएपछि मलाई पनि श्रीकृष्ण चन्द्रको लीलाले आकर्षित गरेको छ, त्यही भागवत् सुनाउँदछु– आत्म समर्पण विनाको लामो आयुभन्दा स्मृतिले गएको २ घडी लाभकारी छ, शरीर र त्यो संग सम्बन्ध राख्ने धन, परिवार कुनै पनि आफ्नो होइन, त्यो प्रति रहेको ममतालाई वैराग्य रूपी शस्त्रद्वारा काटी पवित्र वातावरणको आश्रय लिई हरिको स्मरण कृतनमै तनमय गर्नु मृत्युको समय भगवान्कै मात्र स्मरण गर्नु भनी भगवानको विराट स्वरूपको वर्णन गर्नु भै उहाँको स्वरूप देखि भिन्न कुनै नहुनाले उनै परमातमा भगवान्कै ध्यानमा मन स्थिरगर्नु । जवतब धारणाले मन स्थिर हुँदैन तवतक चिन्तन स्वरूप भगवान्लाई हेरिरहने चेष्टागरि चरणदेखि मुख पर्यन्तमा जव एक अङ्गको ध्यान ठीक हुन्छ, तव दोस्रो अङ्गको एवं प्रकार चरणदेखि शिरसम्म सगुण रूप आफ्ना हृदयमा विराजमान शंङ्ख । चक्र,गद्दा र पद्म धारण भगवान् नारायण श्रीविष्णुकै ध्यानगर्नु, संसार चक्रमा पिसीएका मनुष्यको श्रीकृष्णको अनन्य प्रेम वेगर अर्को कल्याण छैन । यो कुरा श्री ब्रह्माजीले वेदको अनुशील गर्नुहुँदा निर्णय गर्नु भएको छ भनी बताई, अनि परिक्षितले संसार सृष्टि प्रलय र भगवान्को चरित्र बताउनु होस् भन्दा त्यो कुरा सत्यलोकमा नारदजीले ब्रह्माजीसंग सोध्नु हुँदा उहाँले बताउनु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएको नारदजी सत्य लोकमा जानु भई हे पिता ! आत्म तत्वको ज्ञान दिनु होस्, यो संसारको निर्माण कसले ? कसरी गऱ्यो, तपाई विना अरूबाट भएको म देख्दिन । यस्तो ईश्वर भएर पनि तपाई कसको आराधना गर्नुहुन्छ, भन्ने यस्तै कुरा सोध्नु हुँदा ब्रह्माजीले म भन्दा माथिको परमात्मा भगवान् अलगै हुनुहुन्छ । त्यो तिमीलाई थाहा नै रहेन छ उनै प्रभुले पहिले महतत्वादिका साथ पुरुषावतार लिनु भै जलमा शयन गरिरहनु भएको भगवान् नारायणको नाभी कमलबाट म पैदा भई स्वयं प्रभुको चिन्मय प्रकाशद्वारा प्रकाशित भएर म संसारलाई प्रकाशित पारिरहेको छु । मेरा ईष्ट देवता उहाँ नै हुनुहुन्छ । यो जगत् रचना गर्ने भगवान् नै हो उहाँकै ईच्छानुसार म सृष्टि रचना, रूद्र संहार स्वयं भगवान् विष्णु पालना गर्नुहुन्छ । जुन प्रभुबाट यो ब्रह्माण्ड रूप अण्ड पानीबाट निकाली उसलाई जिवित गराई त्यो अण्ड फोरी विराटपुरुष प्रकट भै काल, कर्म, मन, पंच महाभूत्, अहंकार, त्रिगुण र ईन्द्रिय स्थावर जंगम् जीव, तिमी र हामी लगायत यो ब्रह्माण्ड संसार त्यो विराट रूप भगवान्‌कै भित्र छ । त्यसवाट भिन्न कुनै छैन, त्यो भगवान् मायाको गुणवाट रहित भै अनन्त हुनुहुन्छ । सृष्टि स्थिति प्रलयको निमित्त त्यो आफ्नु मायाद्वारा मलाई यो संसार रचना गराउनु हुन्छ, यो संसारी धर्म, यो माया–मोह जालले जसलाई स्पर्श गर्न सक्तैन र उनै प्रभुको लीलामा अनन्य भाव छ, त्यसैलाई आत्म तत्वको ज्ञान आफै चढेर आउँछ । आदि सृष्टिमा भगवान्‌ले मलाई आफ्नो लीलाको प्रकाश परमज्ञान भनेको थिए, जसलाई भागवत् भन्दछन् भनी श्री भगवान्‌बाट आफू ब्रह्मालाई चतुश्लोकी भागवत्‌बाट वोध गर्नु भएको इत्यादि बताउनु भै यसलाई तिमीले सर्वत्र प्रचार गर भनी ब्रह्माले नारदलाई यो भागवत प्रदान गरी त्यो भगवानलाई मैले पनि जान्न सकेको छैन, तर उहाँको पदवीको अन्त लिन परेको पनि के छ र, उहाँकै चरण कमलको ध्यान उहाँकै लीला र नाम भजेर उहाँकै भक्तिमा हामी कृतार्थ हुने हो भन्ने ब्रह्मा नारदको सम्वाद र विराट-पुरुषको उत्पत्ति भगवान्‌को स्थूल शरीरको वर्णन जुन वर्णनमा यसलाई पृथ्वी, जल, अग्नि, वायु, आकाश, अहङ्कार महतत्व प्रकृतिले घेरी राखिएको छ । यो भगवान्‌को मायाले नै रचना गरेको हो यसभन्दा पर भगवान्‌को

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अत्यन्तसुक्ष्मरूप अलगै छ, त्यो आदि मध्य अन्त रहित नित्य छ। फेरि परिक्षितको अध्यात्म यो गादीमा प्रश्न भई यो पुराणमा दश विषयले अध्यात्म प्रकटको बर्णन छ भनी सो वर्णनमा ईश्वरको प्रेरणाबाट आकाशादी पंचभूत्, इन्द्रिय तथा अहंकार आदिको उत्पत्ति हुनु नै सृष्टि हो भन्ने इत्यादि र त्यो भगवान्को माया, ब्रह्मा, शंकर नारदादी भक्तहरू मात्र जान्छन् भन्ने समेत इत्यादि।

तृतीय स्कन्ध

विदूरजीलाई मैत्रयजीले भागवत् भन्ने छ भनी उद्धवजीले भन्नु भई हरिद्वारमा वेदव्यासको शखा मैत्रयजी कहाँ पुगी उहाँले हे विदूर! तिमी पहिले यमराज थियौ, माण्डव ऋषिको श्रापले विचित्र बीर्यको दासीबाट व्यासको बीर्य परी अहिले जन्मेका हौ, भगवान्को भक्त छौ, श्री कृष्ण परमधाम जान तिमीलाई ज्ञान उपदेश दिनु भनी आज्ञा भएकोले भगवान्को लीला भन्दछु सुन– सृष्टिको अगाडि समस्त आत्माको आत्मा एउटै परमात्मा मात्र थियो। सृष्टि भएपछि मात्र अनेक देखिएको त्यो पनि उही परमात्मा हो भनी विराट पुरुषको वर्णन, सोही परमात्माले चित्त सहित हृदयमा प्रवेश गरी जलमा रहनु भएको विराट पुरुषलाई जगाई प्रकाश गर्नु भयो र सो विराटमा प्रवेश देवता र उहांको स्थान यसप्रकारको छः–

विराटको स्थान– अध्यात्म, मुखमा, प्रवेश देवता, अग्नि–विषय भोगमा वाक्य– यस्तै जिभ्रो, वरूण रस स्वाद इन्द्र, सबै काम, पेट, समुन्द्र, भोक र प्यास–पाउ, विष्णुहिड्ने– लिङ्ग प्रजापति (वीर्य) जल गुदद्वार, मृत्यु (नरक) मलत्याग– कान, दिकपाल (दिशा) सुन्ने शक्ति– छाला, वायु, छोयको थाहापाउने– नाडी, नदी, रक्त– आँखा, सूर्य, देख्ने (चक्षु) नाक अश्विनी कुमार, गन्ध थाहापांउने– हृदय, चन्द्रमा, मन– अहंकार, रूद्र, आफ्नो कर्तव्य स्वीकार– बुद्धि ब्रह्मा, ज्ञान विषयमा थाहा– चित्त,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मा, विज्ञान, चेतना उपलब्ध– यही विराट देहको शिर– स्वर्गलोक–मस्तक, सत्यलोक-माया– 'उहांको मुस्वयान नाभी– आकाश पाउ– पृथ्वी रौं– अन्न जडिवुटी केश– मेघ– छाति, स्वर्ग–वायु, स्वाश–उहांको हृदय, मूल प्रकृति–चित्त, महतत्व– उहांको भृकुटीको, कुटिलपना, भयङ्कर काल–वाणी, वेद दाह्रा– यमराज–चेष्टा, सृष्टि, स्थिती, प्रलय–जो यज्ञ गरिन्छ, त्यो उहाँको कर्म हो–उहाँको मुखवाट, ब्राह्मण–हातबाट, क्षत्री, उरूवाट– वैश्य पाउबाट–शुद्रभय–अगलाई आफ्नैं हातले सात वित्ता पनि भनेको छ ।

अब भागवत् सुन– पहिले मायाको गुणले ठूलठूला तत्व आदि गरिएका सात प्रकारको सृष्टि रची, यस ब्रह्माण्डको उत्पत्ति र कालको विवरण, जो भन्दा सानु केही नभएको त्यो परमाणु हो, जो अत्यन्त महान् ठूलो छ, त्यसको पनि विशेषण छैन । काल यस्तो छ– जो कि त्यो काल समयको हकमा त्यो परमाणुदेखि लिएर चुत्की वजाउँदाको समय त्यो देखि लिएर निमेष, त्यो निमेष ३ को एक क्षण, ५ क्षणको १ काष्टा, १५ काष्टाको १ लघु १५ लघुको १ नाडी रात–दिनको घटीवढिले छ वा ७ नाडीको १ प्रहर ४।४ प्रहरको दिन रात एवं रित ३६० दिनको १ वर्ष ४,३२,००० वर्षको कलियुग हुन् भनी ब्रह्माको आयुसम्म यस्तै कालको ब्याख्या र श्री भगवान्को नाभी कमलवाट ब्रह्माजी उत्पत्ति भै श्री भगवान्को दर्शन पाई सृष्टिको रचना गर शक्ति मैले दिएको छु भनी अन्तरध्यान हुनु भयो र शनकादीहरू भगवान्को दर्शन गर्न वैकुण्ठ जानु हुँदा द्वार-पाल, जय विजयले रोकेकोले ३ जन्म राक्षस भैं मात्र आफ्नु स्थानमा आउन पाउने शन-कादीको श्राप हिरन्याक्षको वध इत्यादि वताउनु भै अब ब्रह्माको सृष्टि सुन– उहाँले पहिले, तम, मोह, राग, द्वेशहरू रचना गर्नु भई यो पाप हो भनी आफ्नु मनवाट शनक शनातन समेत ४ ऋषि उत्पन्न गरे, उहाँहरू सृष्टितिर नलागि मोक्ष धर्ममा लागे तब ब्रह्मा रिसाउनु भयो र उहांको भृकुटीबाट रूद्र पैदा भई उहाँले भूतप्रेतादिहरू रचेवाट उहांलाई सृष्टि रोकी उहांको मुखवाट सरस्वती र ४ वेद प्रकट गरि आफ्नु शरीर आधा अङ्गवाट स्वायम्भू मनु पुरूष. आधा अङ्गवाट सत्‌रूपा स्त्री भई मैथुन धर्मद्वारा जन्मेका छोरी प्रसुती दक्षलाई विवाह गरिदिनु भई उसैवाट मनुष्य, पशुपन्छी आदिको सृष्टि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भयो । यी प्रजालाई राख्न ब्रह्माको नाकवाट भगवान् बराहको अवतार भै उहाँले महा-प्रलयमा जलमग्न भएको पृथ्वीलाई रसातालवाट जलको वाहिर ल्याई डुंगा जस्तो अचल गरि राख्नु भयो । अर्को छोरी देवहुती कर्दम जीलाई दिनु भई श्री भगवान् कपिल देव मुनीको अवतार प्रकट भई– आत्मा दर्शनमा उपयोगी तत्व संख्या निमित्त जन्म लिएको हुँ । मेरो भजन गर ब्रह्मा विद्याको उपदेश गर्नेछु । त्यसवाट संसार बन्धनवाट छुट्ने छ, भनेपछि कर्दम प्रजपति वनमा गई भक्तिमा लग्न भै भगवान्मा प्राप्त भइन, अनी देवहुतीको प्रार्थना सुनी हे माता ! मानिसको कल्याणार्थ ब्रह्मा विद्या नै हो, त्यो ज्ञान भन्दछु सुन्नुहोस् भनी– त्यो ज्ञानहरू यस प्रकारवाट वर्णन गर्नुभयो– विषयमै आसक्त भयो भने बन्धन मै परि जन्म–मरण मै घुमीरहनु पर्छ, त्यस कारण आफूमा ब्रह्मालाई चिन्ही मुक्ति हुन ब्रह्मा विद्याकै आश्रय लिई ईश्वरमा दृढ प्रेम गरि सबै कुरामा शहनशील हुनु, जीव मात्रमा सम्भाव गरि सबैको घटघटमा भगवान् विराजमान छ भनी जानी त्यो जीवमात्र-लाई आदर सनमानले प्रणाम गर्नु । कसैलाई शत्रु नसम्झनु , शान्त रहनु, परकार्यमा सहायक हुनु, आफ्ना बन्धुहरूसंग स्नेह छोड्दै ल्याउनु, मेरो कथा सुन्ने भन्ने गर्नु, महात्मा तथा शतपुरुषको संगत गर्नु त्यो संगत नै मुक्तिको द्वार हो, सवै कर्मफल मलाई अर्पण गर्नु, यो संसार स्वप्न वरावर हो भनी सम्झनु, आफ्नु धर्ममा रही निस्काम भावले स्वधर्मको पालन गर्नु, भाग्यले जति पाए त्यसैमा सन्तुष्ट हुनु, सत्य बोल्नु मनलाई जिती आत्मा-कार गर्नु नित्य नैमित्यक पालन गरि हिंसा रहीत उत्तम क्रिया गर्नु, दीन दुःखी उपर दया राख्नु धैर्य औ वैराग्य हुनु, शास्त्रको श्रवण गर्नु, अहंकारलाई त्याग्नु, सुख दुःख सबैमा समभाव राख्नु, भागवत् धर्मका अनुस्थान गर्नु, मेरो नामको उच्च स्वरले कृतन गर्नु, पर-मीत शुद्ध भोजन गर्नु. यस्तो ज्ञानी भक्तको चित्त शुद्ध भै ममा लाग्दछ, त्यस्तालाई यो माया (प्रकृति) ले बिगार्न सक्दैन त्यस्ताले आफ्नु ब्रह्मालाई देख्न पाउँछ । यो आत्म-दर्शन रूप ज्ञाननै मोक्षको कारण हो, म पुरुषोत्तममा अनन्य प्रेम हुनुनै निर्गुण भक्तियो-गको लक्ष्य हो, यस्तो भक्त मेरो सेवा छाडि मोक्ष दिए पनि लिंदैन । त्यस कारण हे आमा भक्ति ! वैराग्य चित्तको एकाग्रवाट प्रकट भएको ज्ञानद्वारा त्यो अन्तरात्मा आफ्नु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हृदयकमलमा आसन गरि शङ्ख, चक्र, गदा, पद्म धारण गरेको भगवान्को अङ्गको आफ्नु नाकको टुप्पानिर मात्र दृष्टि पठाई त्यो भगवान्को ध्यान गरि जहाँसम्म त्यो मूर्तिमा मन लय हुँदैन, त्यहाँसम्म ध्यान गर्नु, त्यसो गर्दा गर्दै त्यसैमा आनन्द मानी सुख दुःख भनेको अहंकारमा मात्र रहेछ, ममा छैन, भन्ने देख्दछ र अनि आफ्ना शरीरको समेत ज्ञान हुँदैन र आफ्नु वास्तविक स्वरूप ब्रह्मामा स्थित हुन्छ ।

हे आमा ! मेरो भयले वायु, सूर्य, इन्द्र, अग्नि र मृत्युहरू सबैले आ–आफ्ना काम गर्दछन् यो जगत् जसबाट व्याप्त भै प्रकाशित हुन्छ, त्यो आत्मा नै पुरुष हो अज्ञान-बाट आफ्नु स्वरूप त्यो पुरुषलाई भुलेको छ ।

१० इन्द्रीय लगायत २४ तत्व र काल तत्व समेत २५ तत्व समूहलाई प्रकृति भन्द-छन्, त्यो आत्मा पुरुषले त्यो आफ्नु माया प्रकृतिलाई वीर्य स्थापना गर्नु भयो र त्यसबाट तेजोमय महतत्व उत्पन्न भयो । महतत्वले आफूमा स्थिति विश्व प्रकट गर्ने प्रलय अंधका-रलाई आफ्नु तेजमा मिलाउनु भयो । महतत्व र चित्त उही हो, त्यसैले वासुदेव भन्दछन् । त्यो महतत्वबाट अहंकार उत्पन्न भै त्यसैबाट इन्द्रिय, त्यसको अधिष्ठाता देवता शब्द, आकाश स्पर्श, वायु, तेज,जल, पृथ्वी र फेरि काल शक्ति स्वीकार गरि पञ्चभूत मन सहित २३ तत्वमा प्रविष्ट हुनुभयो । अनि ती निदायको विराट जीव जाग्रत भयो, यो तत्व नै विराट पुरुष हो । हे आमा ! अचेतन जीव वृक्षादीभन्दा स्वाश फेर्ने पशुपंक्षीहरूको श्रेष्ठ छ, त्यो सबै जीवभन्दा मनुष्यको जीव श्रेष्ठ, मनुष्यमा पनि ब्राह्मण, ब्राह्मणमा पनि वेद पाठी, त्यसमा पनि समदर्शि महात्मा श्रेष्ठछ, त्यो भन्दा श्रेष्ठ अरू छैन ।

तात्पर्य– त्यो पशुपन्छीहरूमा आहारा, निद्रा, भय, मैथुन चार ज्ञान मात्र छ । मनुष्यमा आफूमोक्ष हुने ज्ञान तथा भगवान् भज्ने एउटा बढ्ता ज्ञान छ ।

हे आमा ! अब कालको वर्णन सुन– त्यो काललाई प्यारो र शत्रु भनेको कुनै छैन । वर्षाद हुनु, तारागणले प्रकाश गर्नु वनस्पतिले फलफूल उत्पन्न गर्नु ईत्यादि कालको प्रभाव हो । त्यो अनादि छ, त्यसैले यमराज पनि अन्त गरिदिन्छ । सो काल भनेको यही

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिन रात हो, त्यसैले गर्दा गर्दै मानिसको आयु १०० बर्षसम्मको काल हो। मनुष्य अनेक दु:ख गरि सम्पत्तिको संग्रह गर्छ, काल भगवान्‌ले एकदिन नाश गरि हाल्नु हुन्छ। तैपनि त्यो नाशवान देह र परिवार धन सम्पत्तिलाई स्थिर मानी जस्तै निचा योनी जीवले पनि त्यहीं जुनीमा आनन्द मान्छ परिवार निमित्त शरीर जलाई गलाई रहन्छ। जब बुढा हुन्छ र रोगले पनि सताई ल्याउँछ, अनि परिवारले पनि त्याग गरि अपमान समेत हुँदै आउँछ, अनि त्यो निरास भै दु:ख मान्न थाल्छ, तापनि त्यो पामरलाई ज्ञान वैराग्य र भगवानमा स्मरण आउँदैन। अनि मृत्यु भई यमराजको दण्डामा परि अनेकौं नरकको भोग्नु पर्नेछ।

हे आमा ? यो संसारमा पनि स्वर्ग नरक देखिन्छ, गर्भमा अनेक दु:ख कष्ट भोगी रहन्छ, त्यस बखत पूर्व जूनीको कर्महरू याद आउनाले झन् दु:ख कष्ट हुन्छ र त्यो जीवले साह्रै कष्ट पाएर ईश्वरको प्रार्थना गरि अब प्रभुको भजन गर्छु, यो गर्भको दु:ख-बाट छुट्कारा देउ भन्दछ। जब गर्भबाट बाहिर आउँछ अनि त्यो सबै कुरा बिर्सि पुन: त्यही माया ममता पापाचारीमा लागि परिवारको सुखलाई नै म सुखी हुँ भन्दछ। आफू त्यो कालको प्रभाव मृत्युको भयलाई सम्झिदैन। हे आमा ! यस संसारमा अज्ञानी जन– नरको यातना गर्भ–जन्म–मृत्यु यस्तो छ, त्यसैले तपाईंले त्यही मृत्युको भय सम्झी यो संसारको माया ममतालाई त्यागि आनन्नसंग साधु सन्त तथा कथा पुराण कृतनहरूमा घुम्नु, भगवान्‌को भजन गर्नु। यो भक्ति योगले–चाँडै ब्रह्म दर्शन गर्न पाउँछ। यो मैले भनेको बाटोमा लागे मुक्त हुन सक्तछ, यसमा जो, विमुख हुन्छ, त्यो सँधै यो जन्म–मरणको दु:खमा परिनै रहन्छ, भनी माता देवहुतीसंग अब म जान्छु भनी बिदा लिई श्री भगवान् कपिल देवमुनी ईशान कोण समुन्द्रमा जानु भै समाधिमा स्थित हुनु भयो। देवहुती पनि भगवान्‌मा ध्यानगरि–भगवान्‌मा प्राप्त भइन् भन्ने समेत यो संवाद सुनाउने र सुन्नेलाई भगवान्‌को चरणार बिन्दु प्राप्त हुन्छ भनी मैत्रयजीले विदुर-जीलाई भन्नु भयो भन्ने समेत इत्यादी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चतुर्थ स्कन्ध

हे विदूरजी ! अब नव ब्रह्माणको सन्तानोत्पन्न सुन– कर्दमजीको नौ पुत्री मरिची, अत्रिमुनी, अङ्गीरा, पुलस्त्य, पुलह, कर्तु वसिष्ठ, अथर्वामुनी र भृगु यी नव ब्राह्माणसंग विवाह भई मरिची पत्नी कलावाट कश्यप । अत्रिपत्नी अनुसुयाबाट विष्णु अंश दत्रात्रय, शंकर अंश दुर्वाशा, ब्रह्मा अंश चन्द्रमा । अंगिरा पत्नी श्रद्धाबाट भगवान् वृहस्पती पुलस्त्य पत्नी हवीर्भुबाट अगस्त्य र विश्रवा, विश्रवापत्नी ईदविदाबाट कुवेर अर्को पत्नी केशिनीबाट रावण, कुम्भकर्ण विभिषण अर्थवा पत्नी चीतीबाट दधिचिऋषी भृगु पुत्र कविबाट शुक्राचार्य । भृगुनाती मुकुन्दबाट मार्कण्डेयको जन्म भयो । यी नौ ब्रह्माणहरूबाट अरू पुत्रपुत्रीहरू पनि धेरै नै जन्मेका थिए । अब दक्षप्रजापतिकी पुत्री महादेवको पत्नी सतीदेवीले प्राण त्याग गरेको कारण सुन– प्रजापतिले यज्ञ गरेको मण्डपमा दक्षप्रजापति पनि जाँदा सबैले उठी सम्मान गरे, तर महादेवले सम्मान नगरेको हुँदा यसलाई यज्ञ भाग कसैले नदिनु भनी श्रापेपछि नन्दिकेश्वरले पनि तिम्रो शीर बोका भै जावोस् भनी श्राप दिएको थियो । एक दिन दक्षप्रजापतिले यज्ञ गर्दा महादेव र सतीदेवीलाई निमन्त्रण नपठाए पनि पिता कहाँ जाननिमन्त्रण नदिए पनि हुन्छ भनी, महादेवले अनेक तरहले सम्झाउँदा पनि हठ गरेर जानु भयौ र दक्षप्रजापतिले अनेकौं तरहले महादेवको निन्दा गरि अपमान गरेको असैह्य भई समाधिबाट योगाग्निमा जली मुक्त हुनु भएको हो । त्यसपछि त्यो मण्डपमा घोर संग्राम भई यज्ञ विध्वंश र दक्ष समेत मारिए, अनि ब्रह्माले महादेवलाई स्तुती प्रार्थना गरि त्यस यज्ञमा ल्याई बोकाको टाउको जोडी दक्षलाई जीवित गराई दियो । श्री भगवान् ऋषिकेशजीले दक्षलाई हामी ब्रह्मा, विष्णु, महेश्वर तिनै एक हुन यसमा भेद नदेखेपछि मात्र शान्ति मिल्छ भन्नु भयो– र दक्षले महादेवलाई स्तुती गरी यज्ञ भागले यजन गरी यज्ञ समाप्त गरे । सतीदेवी पार्वती भई जन्मी शिवजीलाई नै वरण गर्नुभयो । दक्षप्रजापतिको अर्को कन्या धर्मकी पत्नी मूर्तिबाट नरनारायणको जन्म भयो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्ने यो दक्षको सन्तानको वर्णन गर्नु भै उनै नरनारायण श्री कृष्ण अर्जुनको रूपले प्रकट हुनुभएको हो पनि भनिन्छ।

हे विदूर ! अधर्म पनि ब्रह्माकै छोरा हो, उसवाट दम्भ छोरा र माया छोरी जन्मी उनीहरुवाट लोभ, मुर्खता र उसवाट क्रोध, हिंसा जन्मे र उसबाट पनि कलि (कलह) को जन्म भएको हो।

अब ध्रुव चरित्र सुन– स्वायम्भूव मनुको पुत्र उत्तानपादको छोरा ध्रुव हुन् सौतेनी आमाले राजसिंहशनमा वस्ने तिम्रो अधिकार छैन भन्नु भएको वचन सहन नसकि ५ वर्षको ध्रुव तपस्या गर्न मधुवनमा गई नारदजीका आज्ञानुसार ॐ नमो भगवते वासुदेवाय। यो द्वादशा क्षरमन्त्रको जप गरि भगवान्मा ध्यान गरि तपस्या गर्न लागे अनि भगवान् प्रत्यक्ष भई तिम्रो पिताले तिमीलाई राज्य दिई तपस्या गर्न जानेछ ३६ हज्जार वर्षसम्म राज्य भोग गरि अन्तमा मेरो ध्रुवधाम पाउने छौ भनी वरदान दिनु भयो र सोही मुताविक राज्य गरि अन्तमा ध्रुवधाम जानु भयो। उसैको वंश वेन राजाको दुष्टताले मुनीहरूले श्राप दिई त्यो राजा मरी उसको सन्तान नहुँदा उसैको हातमथि पृथु प्रकट भै उहाँलाई राज्य दिए। उसको राज्यमा पहिले अधर्मि राजा भएकोले अन्नाडि पृथ्वीको अन्तभा लुकाई अनिकाल थियो र पृथु राजाले क्रोध गरि पृथ्वीलाई मार्न खोज्दा अव म चिताएको वस्तु दिनेछु। हजुर भगवान्को अंश होइवक्सिन्छ भनी गाई रूप पृथ्वीले विनय गरि सोही मुताबिक पृथ्वी दुही अन्नाडिहरू प्रकट गरि प्रजालाई आनन्दसंग पालन गरि छोरालाई राज्य दिई तपस्या गर्न जानु भयो।

अब उनै पृथुका वंश राजा प्राचीन वरहीको चरित्र सुन एक दिन नारदले हे राजा ! तिमीले निर्दय पूर्वक हजारौं पशु यज्ञमा वध गरे आकाशमा हेर ती पशुहरू तिमीलाई वदला लिन तैयार भै रहेछ कर्मकाण्डवाट कल्याण हुने छैन संसार स्वप्ना जस्तै हो जस्तै स्वप्नमा अनर्थलाई पनि सत्य भान परे जस्तै संसारी वस्तु अशतलाई पनि सतमानी मेरो शरीर मेरो सम्पत्ति भनी अभिमान गरि अनेक कर्म गर्छ, जवतक परमात्मा स्वरूप भगवान्लाई जान्दैन तवतक जन्म मरणवाट छुट्दैन भनी यस्तै पुरञ्जन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजाहरूको कथाहरू पनि सुनाई आत्मज्ञान वताउनु भयो र अनि छोराहरूलाई राज्य दिई तपस्या गर्न गए । उहाँहरूको छोरा प्रचेताहरूले पनि रूद्र गीत गाई स्तुती गर्दा भगवानले दश लाख वर्ष राज्य गर्ने वरदान पाई सोही मुताविक राज्यभोग सकिएपछि तपस्या गर्न जाँदा नारदजी आउनु भै सूर्यको प्रभा सूर्यमा भिन्न छैन, त्यस्तै यो जगत् भगवानमा भिन्न छैन । यो जगत भगवानबाट उत्पन्न भै आखिर त्यसैमा लीन हुने हो । त्यसैले भगवान आफूमा अभिन्न मानि भज । ईन्द्रियलाई विषयवाट निवृत्त गर भन्ने, त्यस्तै आत्मज्ञान दिनुभयो र सोही मुताविक भगवानमा चिन्तन गरी भगवत् धाम प्राप्त गरे । मैत्रेयवाट यो भगवानको गुणानुवाद सुनी विदूरजी प्रेम मुग्ध भई उहाँको पाउ परी विदा लिई हस्तीनापुर जानुभयो । श्री शुकदेवजी भन्नुहुन्छ– हे राजा परिक्षित अव प्रियव्रतको वंशको वर्णन सुन भन्ने समेत ईत्यादि ।

पंचम स्कन्ध

पिता स्वायम्भू मनुले छोरा प्रियव्रतलाई राज्य दिन लाग्दा मञ्जूर गरेन र आत्मामा ब्रह्माजीले म र महादेव लगायत् साराले भगवानको आज्ञा पालन गर्नु पर्छ । आत्मामा रमाई सकेकालाई गृहस्थाश्रमबाट विगार्न सक्तैन पहिले भगवानले दिएको भोगता भोग गर, त्यसपछि आत्मा स्वरूपमा स्थीत हुनु भनेपछि राज्यभार उठाए। उहाँले सूर्यले आधा प्रकाश गरी आधा रात हुने भएको पनि दिनैगर्छु भनी ज्योतिर्मय रथमा चढी सूर्यको पछि लागि सात फेरा परिक्रमा गरेको पहियाको डोराले सात समुद्र वनेर त्यसबाट जम्बुद्विप समेत सात द्विप भए ७ छोरालाई बाँडि प्रियव्रत वैराग्य भई गए, जम्बुद्विपको राजा आग्निध्रले सो द्वीपलाई नौ भाग गरि छोराहरूलाई बाँडि दिए । उहाँको छोरा नाभीको पत्नीबाट भगवान् ऋषभदेवको प्रकट भयो र ऋषभदेवलाई राज्य दिई नाभी राजा वदरीकाश्रममा तपस्या गर्न गए । ऋषभदेवले प्रजाका सामुन्ने सबै छोरालाई यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मनुष्य शरीर विषय भोगलाई होइन यो शरीरले तप र भगवान्को भक्ति गर्नु पर्छ भन्ने यस्तै शिक्षा दिई जेठा छोरा भरतलाई राज्य दिई आफू विरक्त भै जानु भयो । यसैले यो खण्डलाई भारत वर्ष भन्छ । भरतले पनि छोराहरूलाई राज्य बाँडि हरिहर क्षेत्रमा गई भगवान्को स्मरणमा रहे । एक दिन गर्भिणी मृगीणीको योनिबाट बच्चा निकली नदी-बाट वगेको देखि माया लागि आफ्नु आश्रममा ल्याई पालिई त्यसैको तहलमायामाँ लागि रहेकोले त्यो राजा मरि मृग नै भई जन्मे, तर पहिले जुनी थाहा थियो र मृगको मायाले गर्दा मृगनै भै जन्मेछु भनी त्यो देहलाई त्यागी ब्रह्माणको कूलमा जदभरत नामले जन्म्यो । पूर्वजन्मको कुरा थाहा भएकोले त्यो जुनीमा पनि भगवान्कै ध्यानमा रत भै विरक्त भई हिड्डुल गर्दथ्यो । उहाँले राजा रहुगणलाई परिश्रमले कमाएको धन, धर्म मार्गमा लगाउनु पर्छ यो संसारमा जन्मनु मर्नु । अनेक दुःख भोग मात्र हो भनी आत्म-तत्वकोज्ञान वताउनु भएको पनि थियो । यो जम्बुद्वीप सात द्वीपको माँझमा छ । एक लाख योजनको कमल पत्र समान गोलाकार छ । यसमा नौ खण्ड छ, यस विचमा ईला वृतनामको दशौं खण्ड छ । भारतवर्ष यसैमा छ भन्नेसमेत इत्यादि भुवनकोषको र भर्यास्व आदी वर्षमा भगवान् हयगृव नरसिह, मत्स्य, कच्छप, वराह रामको अवतार भएको वर्णन र राजा वलिको त्रिपाद दानमा भगवान्को पादुका औलाको नङ्गबाट ब्रह्माण्डको भाग फाँटींदा त्यस छिद्रबाट ब्रह्माण्ड बाहिरको जलको धारा आई त्यो गंगा, ब्रह्मपुरीमा गीरी, अलकनन्दा समेत ४ धारा भई भारत वर्षमा समुन्द्रमा मिल्न गएको छ । हामीले कठोर तप दानहरू गरि स्वर्ग प्राप्त भएको छ, तर भोग सकिएपछि यो मर्त्य मण्डलमै आउनु पर्ने भई यो मर्त्यमण्डल भारतमा गरेको कर्म भगवान्मा अर्पण गरि आत्मतत्वको ज्ञानमा स्थित हुनसके, अभय प्राप्त गर्न सक्ने भै यो मर्त्यमण्डलको जन्म वेश छ, भनी स्वर्ग भोगीहरुले पनि आशा गर्दछ भनी अरूद्वीपहरूको वर्णन गरि सो द्वीपका मनुष्यले, कोहीले सबै वनस्पतीको उब्जाउ गराई हामीलाई पालन गर्ने चन्द्रमा नै हो भनी उहाँलाई नै भग-वान् सम्झी मान्ने यस्तै प्रकार आफ्नु भाव अनुसार कोहीले अग्नि– कोहीले जल कोहीले वायु कोहीले ब्रह्ममूर्ति भगवान्को भावना भजन गर्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो समस्त भूगोल पचास करोड योजनको छ। यसको चौतर्फ चारैवटा गजराज छन्– सूर्यको रथ एक मुहुर्तमा चौतिस लाख आठशय योजनको हिसावले घुम्दछ। यो रथको सारथी अरूण घोडा सात छ, पृथ्वी र देवलोकको माझ आकाश मण्डलको भित्र रहेका सूर्यले चक्कर लगाई प्रकाश गर्नुहुन्छ, सूर्यको किरण भन्दा एकलाख योजन माथि चन्द्रमा छन्। चन्द्रमा माथि नक्षत्रहरू छन् र यस भन्दा माथि शुक्र देखिन्छ। त्योदेखि माथि मंगल ग्रह एवंरीत वृहस्पति शनिश्चर सप्त ऋषी, यसभन्दा माथि श्री विष्णु परम् पदमा ध्रुव बसेको ध्रुवलोक छन्। ग्रह नक्षत्र यसैको आधारमा छ। योगमायाको आधार ज्योतिचक्र पनि भन्दछन्। जहाँसम्म वायुको गति छ, वादल देखिन्छ त्यहाँ अन्तरिक्ष लोक हो। त्यसमा यक्ष, राक्षस, भूत र प्रेतको विहार स्थल हो। त्यसको सय योजन तल पृथ्वी छ, यसदेखि तल पातालसम्म ७ तला छन्, राजा वलीले भोग गरेका छन्। पाताललोकदेखि तल एक हजार मस्तकको शेष भगवान् छन्, प्रलयको समयमा सङ्कर्षण नाम महादेव प्रकट हुन्छ। नरक तिनलोकभित्रै दक्षिणतिर पृथ्वीको तल जलमा रहेको छ। त्यहाँका पितृहरू आफ्ना वंशको मङ्गल कामना गरिरहन्छ। त्यहाँ यमराजले मृतकलाई पापको दण्ड दिनुहुन्छ, त्यहाँ सयकडौं हजार नरक छन्। अधर्मको क्रमानुसार नरकमा पालोपालो गरी पठाउँछ, यसै गरी धर्मात्मा स्वर्ग जान्छन्। त्यो पाप पूण्य क्षीण भएपछि बाँकी बचेको पाप पूण्य कर्मलि फेरि यस लोकमा जन्मन्छन् भन्ने समेत ईत्यादि।

षष्टम स्कन्ध

श्री शुकदेवजी भन्नुहुन्छ– हे राजा परिक्षित ! मनुष्य मनवाणी शरीरले पाप गर्छ त्यसको यसै जन्ममा प्रायश्चित नगरे नरकमा जानुपर्छ, प्रायश्चित गरिकन पनि फेरि पाप गर्दैरहे पापको वासना छुट्न सक्तैन। सच्चा प्रायश्चित ता तत्व ज्ञान नै हो र भक्तिपूर्वक श्री कृष्ण स्मरण गर्छन् भने पनि प्रायश्चित भयो। एक कथा सुन– अजामील

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्राह्मण दासी संगर्गले सदाचार नष्ट भयो र निन्दित कर्मले धन जम्मा गरी परिवार पालन गर्दथ्यो, त्यो मर्ने अवस्था भई भयानक यमदूत आई त्यसको स्थूल शरीरबाट शुक्ष्म शरीर खिच्न लागेको वखत डरले आफ्नु छोराको नाम नारायण भनी बोलायो तब भगवान्को पार्शदहरू आई मर्ने बेलामा नारायणको नाम लिएकोले यसलाई यमराज कहाँ लान पाउँदैन भनी रोक्दा यमदूमले जीव शरीरले जो कर्म गर्छ त्यसको साक्षी सूर्य, अग्नि आकाश, वायु, ईन्द्रिय, चन्द्रमा, संध्या, रातदिन, दिशा जल, पृथ्वी, काल, कर्मद्वारा अधर्म थाहा हुन्छ। यो लोकमा पाप पुण्य गरेको परलोकमा त्यसको फल पाउँछ, त्यो पापी हुँदा यमराज कहाँ लान्छु भन्यो। अनि यसले जति पाप गरे पनि आखिरमा नारायणको नाम लिएकोले पापको प्रायश्चित भयो, यसले यम यातना भोग्नुपर्दैन भनी पापर्डहरूले अजामीललाई छुटाई अन्तर्ध्यान भए। यो कुरा सुनी अजामीलले पश्चाताप गरी हरिद्वारमा गई आत्म चिन्तन गरी वैकुण्ठ गए। प्राचीन वरहीको प्रचेता नाम छोराबाट दक्षको जन्म भै उसबाट धेरै छोराहरू जन्मे तर नारदले त्यो छोराहरूलाई शिक्षा दिई उहाँको वहकावटबाट मोक्ष पदको बाटो लागि गएबाट दक्ष रिसाई तिमी लोक लोकान्तरमा भड्कदै रहनु, तिमीले बस्ने ठाउँ पाउने छैन भनी श्राप दिए। त्यो दक्षले साठी कन्या उत्पन्न गरी धर्म, कश्यप, चक्रमा भूत, अङ्गीरा–कृषाश्व–ताक्षहरूलाई विवाह गरी दिई त्यसैबाट वामन भगवान्, श्राद्धदेव, हयग्रीब, हिरण्यकश्यपु, हिरण्याक्ष, रुद्रगण, पितृगण, गरूड, अरूण, नाग, जलचर, पशुपंछी, गन्धर्व, अप्सरा, राक्षस, शनिश्चर, वनस्पतीहरू र अदितीको छोरा चर्षणीद्वारा ब्रह्माले मनुष्य जाती सृष्टि गराउनुभयो। यिनीहरूको वंश तीन लोकमा फैलिएको छ। अर्को छोरा त्वष्टाबाट विश्वरूप जसको– सोमरस, सुरा, अन्न खाने तीन शीर छन्। यसले यज्ञ गर्दा लुकीकन दैत्यलाई पनि आहुती दिएको ईन्द्रले थाहापाई उहाँको तीनै शीर काटी दिए। ईन्द्रलाई ब्रह्महत्या लागि त्यो हत्या– पृथ्वी, जल, वृक्ष र स्त्रीमा बाँडिदिए। त्यो हत्या पृथ्वीमा खाडल–वृक्षको हिस्सा काटे पनि फेरि पलाउने र जलको फिज–स्त्रीको रजस्वला हो। यो कुरा विश्व रूपको बाबुले सहन नसकी यज्ञबाट वृताशूर दैत्य उत्पन्न गरी त्यसले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सारा ईन्द्रादी देवतालाई दु:ख दिन लागेकोले भगवान्को शरणमा गई उहाँले वरदान दिनुभए मुताबित दधीची ऋषिको हाड माग्दा उपकारको काममा दिन्छु भनी भगवानमा लिन भई शरीर छुटेको थाहा नपाउने गरी दिए र त्यो हाडबाट वज्र बनाई वृतासुरलाई मारे। विश्वरूपलाई मारेको ब्रह्महत्या त पृथ्वी आदिलाई बाँधी दिए। यो पाप कसरी कटाउँ भनी ईन्द्र अपसोचमा परी मानसरोवर तलाउको कमल नालमा एक हजार वर्ष-सम्म लुकी रहे। त्यहाँसम्म स्वर्गको ईन्द्राशन नहुष राजाले भोग गरी ईन्द्रकी पत्नीसंग व्यभिचार गर्न जाँदा ऋषिको श्रापले साँप भए। त्यसपछि ईन्द्र स्वर्गमा गई अश्वमेध यज्ञ गरी पाप नष्ट गरे।

भगवान्ले ईन्द्रको पक्ष लिई हिरण्याक्ष, हिरण्यकश्यपु मारेपछि उनीहरूको माता दितीले आफ्नु पति कश्यपलाई रिझाई ईन्द्र मार्ने छोरा पाउँ भनी माग्दा पुंशवन व्रत गर्ने उपदेश दिए मुताविक व्रतगरे तर त्यो व्रतमा त्रुटी भएको ईन्द्रले मौका पारी गर्भको बालकलाई वज्रले उनन्चास टुक्रा पारी देवता बनाई आफू समेत ५० भाई स्वर्ग गए भन्ने समेत ईत्यादि।

सप्तम स्कन्ध

राजा परिक्षित सोध्नुहुन्छ– भगवान् पक्षपात रहीत छ भने ईन्द्रको निमित्त किन दैत्यहरूलाई मारे भन्दा शुकदेवजी भन्नुहुन्छ– भगवान् माया भन्दा पर हो तापनि आफ्नू मायालाई स्वीकार गरी सत्वगुण वढेमा देवता र ऋषि-रजगुण वढेमा दैत्य,तमोमा यक्षराक्षसको वल भगवान्बाट वधाई दिनुहुन्छ, तिम्रो बाजे युधिष्ठीरले राजशू यज्ञ गरेका वखत श्री कृष्णलाई तेस्तो निन्दा गर्ने राजा शीशुपाल भगवान् श्री कृष्णमा लीन हुँदा आश्चर्य भै युधिष्ठीरले नारदजीसंग सोध्दा निन्दा स्तुतीहरू शरीरको मात्र हो, आत्माको होइन, भगवान्मा यो कुनै भाव छैन, वैरभाव या निन्दा, भक्ति, स्नेह, जुन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भावबाट पनि भगवान्मा मन लगाउनुपर्छ, जस्तै– गोपीनीहरू प्रेमले, कंश भयले, शीशुपाल दन्तवक्र द्वेषले, हामीहरू भक्तिले भगवान्मा मन लगाएका छौ, यी शीशुपाल दन्तवक्र भगवान्को पार्षद हुन्, शनकादीहरू वैकुण्ठमा भगवान्को दर्शन गर्न जाँदा द्वारपाल ईपार्षद जय बिजयले रोकेकोले तिमीहरू अशुरमा जन्म लिन जाउ तीन जन्ममा फेरि वैकुण्ठमा आफ्नू स्थानमा आउन पाउने छ भनी श्राप दिएकाले पहिलो जन्म हिरण्यकश्यपु र हिरण्याक्ष, दोस्रो जन्म रावण–कुम्भकर्ण, तेस्रो जन्म शीशुपाल दन्तवक्र भई श्री कृष्णको चक्रबाट मारी श्राप मुक्त गराउनु भएको हो। हिरण्यकश्यपुको छोरा प्रह्लाद हुन्, ती असुर भएपनि त्यसको लेश पनि थिएन। उहाँले म गर्भमा छँदै नारदले भागवत् धर्म सुनाएको, त्यो मलाई याद छ। हे दैत्य बालक हो! भगवान्लाई प्रसन्न गर्न समस्त प्राणीलाई आफू समान सम्झी भगवान्को भक्ति गर्नुपर्छ भन्ने यस्तै ज्ञानको कुरा सुनाई सबै राक्षस पुत्रलाई समेत बहकाएकाले त्यो प्रह्लादलाई मार्न हरेक यत्न गरे तर केही सीप लागेन आखीर नरसिंह भगवान् प्रकट भई त्यो हिरण्कश्यपुलाई मारी प्रह्लादलाई एक मन्वन्तर तक दैत्याधिपतीको समस्त भोग गर भनी वरदान दिनुभयो। फेरि नारदजीले मानिसको धर्म बताउनु हुन्छ– दान लिनु र दिनु, यज्ञ गर्नु र गराउनु ब्राह्मणको हो, प्रजाको रक्षा गर्नु ब्राह्मण बाहेक अरूसंग कर आदि लिनु क्षत्रीयको हो, गोरक्षाकृषि व्यापारद्वारा जीविका चलाउनु वैष्यको हो, यी जातीको सेवा गर्नु सुद्रको हो, कूल परम्परा चलिआएको पालन गर्नु चाण्डालको हो, पतीलाई भगवान् सम्झी सेवा गरी उनको अनुकूलमा रहनु, प्रिय बचन बोल्नु स्त्रीको हो। दत्रातयले प्रह्लादलाई भनेको सुन– तृष्णा भनेको ईच्छानुसार भोग गर्ने प्राप्त भएपछि पनि पूरा हुँदैन, यसैले जन्म मृत्युमा भट्कनु पर्छ भनी धनीहरूलाई चोरहरू र कालको समेत धेरै डर हुन्छ, त्यसैले धन तथा विषय भोगको आशा त्याग्नु पर्छ। म निस्तेज भई बसी दैववश जो पाएकोमा सन्तुष्ट हुन्छु भन्ने यस्तै आत्म कथा सुनाएको थियो भन्नुभयो र अनि राजा युधिष्ठिरले म जस्ता गृहस्थले बिना परिश्रमले यस पदमा कुन साधनले पाउँछ भनी सोद्धा आ-आफ्नु धर्ममा स्थीर हुनुनै परम् पदको बाटो हो। सो गृहस्था श्रमले सन्त माहात्माको सेवा गर्नु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विरक्त पुरुषको सँग गर्नु भगवान्को लिला कथा सुन्नु शरीर स्त्री–पुत्र–धन आदिको आशक्ति छाड्दै जानु आवश्यक अनुसार मात्र घर शरीरको सेवा गर्नु भित्र विरक्त भै बाहिर रागी समान साधारण मनुष्य जस्तै व्यवहार गर्नु पाएको धन भगवान्ले दिएको सम्झनु र प्रारब्ध अनुसार भोग गर्नु सञ्चय नगर्नु जीव मात्रलाई छोरा सम्मान आफ्नु सम्झनु, प्रारब्ध अनुसार पाएकोमा संतुष्ट हुनु, पंच यज्ञ गरि बचेकोवाट निर्वाह गर्नु सके ठूलो यज्ञादि गर्नु पितृ श्राद्ध गर्नु आफ्नु यज्ञदिक्षा आदि पनि गर्नु ॐ कार जप गर्नु यस्तो गृहस्थले पनि परम पद पाउँछ भनी बताई नारदजी जानु भयो भन्ने समेत इत्यादी ।

अष्टम स्कन्ध

राजा परिक्षितले स्वायम्भुव मनुको वंश सुने अव अरू मनुको भन्नु होस् भन्दा दोस्रो मनु स्वारोचिस, तेस्रो उत्तम, चौथो मनु तामसको मन्वतरमा विष्णुले मेधाकी पत्नी हरिणोको गर्भवाट उत्पन्न भै हरि नामवाट प्रसिद्ध भई ग्राहको मुखवाट गजेन्द्रलाई छुटाउनु भयो । पाचौं मनु रैवतको पाला विकुन्ठानाम स्त्रीवाट वैकुण्ठनाथ भगवान् आफ्नु अंशवाट जन्म लिनु भयो । छैंठौ मनुचाक्षुशको पाला सम्भुतिको गर्भवाट विष्णुले जन्म लिनु भई मण्डराचल पर्वत मधानी वासुकी नाग दोरी कुर्म (कच्छप) रूप भगवान् समुन्द्रमा गई मण्डराचल पर्वत धारण गरि समुन्द्र मथन गर्नु भयो । त्यो मथनमा पहिला विष, निस्क्यो र शिवजीले पान गर्नु भयो । कामधेनु गाई निस्के ऋषिहरूले यज्ञको हवी निमित्त लिए । उच्चैश्रवा घोडा निस्के वलिले लिए । ऐरावत हात्ति निस्के ईन्द्रले लिए । कौस्तुभ महामणी निस्के भगवान्ले लिए । कल्पवृक्ष निस्के, अप्सरा निस्के देवताको सुख दिने भईन् । लक्ष्मी प्रकट भए श्री नारायणजीलाई वरण गर्नुभनो । कमलोचनी कन्या वारुणी देवीनी निस्के दैत्यहरूले ग्रहण गरे । आश्चर्य पुरुष निस्के जसले अमृतको कलस धारण गर्नुभएको थियो, त्यो धन्वन्तरी भगवान् हो, अनी भग-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वान्‌ले मोहिनी रूप लिनु भै अमृत देवतालाई, मदिरा दानवलाई पिलाउनु भयो, त्यो अमृत दानव राहुले पनि पिएको देखी भगवान्‌ले राहुको शीर छुटयाई दिए, टाउको राहु शरीर केतुको नाम राखी नवग्रहमा मिलाउनुभयो। अमृत पिएको कुरा चन्द्र–सूर्यले भगवान्‌लाई भनेको रीसले उहाँहरूलाई राहुले औंसी–पूर्णिमामा बराबर ग्रास गरेको ग्रहण भनेको यिनै हुन्। त्यो मोहिनी रूप हेर्न शिवजीले ईच्छा गरी दर्शन दिनु भै शिवजी मोह र कामातुर भई उहाँको वृर्य पतन भै जहाँ जहाँ गिऱ्यो त्यहाँ त्यहाँ सुन–चाँदीको खानी पैदा भयो। सप्तम मनु वैवस्वतको पाला प्रजापति कश्यपजीका अदिती गर्भवाट भगवान् वामन रूप लिनु भै राजा वलीसंग तीन पाउ जमीन मागे। आठौं मनुको पाला भगवान् सार्वभौम नामवाट र नवौं मनुको पाला भगवान् ऋषभदेवजीको नामवाट र दशवाँ मनुको पाला भगवान् विष्वक्सेन नामबाट र एघारौं मनुको पाला भगवान् धर्मसेतुनामबाट र वाह्रौं मनुको पाला सुधानाम भगवान् र तेह्रौं मनुको पाला योगेश्वर नाम भगवान्‌को नामबाट प्रख्यांत हुन्छ। चौधौं मनुको पाला वृहद्भाव नाम भगवान् प्रख्यात हुन्छ भन्ने र एक कल्पको अन्तमा ब्रह्माजी शुकला भै रहेको समय वेड चोरेर लाने दैत्यलाई हयग्रीव भगवान्‌ले मारी वेद ल्याएको कुरा सुनाई वलीको कुरा सुनाउनुहुन्छ। वली राजा वडो वलवान भै ईन्द्रलाई जीति ईन्द्राशनको राज्य गरेकोले मेरो सौता दितीको छोरा दैत्यले मेरो छोराको राज्य लियो थामी पाउँ भनी पति कश्यपलाई अदितीले भनी उहाँले वताए मुताविक व्रत गरी उहांको गर्भवाट वामन भगवान् प्रकट भई त्यो वलीसंग तीन पाउ जमीन दान लिई १ पाउ पृथ्वी, १ पाउले आकाश ढाकिदिए पछि १ पाउ कहाँ राख्ने भन्दा मेरो शीरमा राख्नुहोस् भन्दा भगवान् खुसी भै उहांलाई सुतल लोकमा पठाए अनि वलीको बाजे प्रह्लादलाई पनि सोही लोकमापठाई तिमीहरूले मेरो दर्शन सधैं पाउछौ पनि भन्नुभयो। अनि ईन्द्रले आफ्नु राज्य पाए। अब मत्स्य रूप भगवान्‌को कुरा सुन– सूर्यपुत्र श्राद्धदेव स्नान गर्न लाग्दा हातमा एउटा सानो माछा आयो, त्यसलाई जलजन्तुको वचाउ निमित्त घरमा ल्यायो, त्यो बढ्दै भाई ठाउँ सार्दा पनि नअटाई समुद्रमा राखी तपाईं को हो ? भनी सोद्धा आजको ७ दिनमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रलय भै त्रिलोक जलमा डुब्ने छ तवएउटा नाउ पठाइदिन्छु, त्यो नाउमा चढ्नु अनि म आउँछु मेरो सिंगमा नाउ बाँधी दिनु भनी भगवान् अन्तर्ध्यान हुनुभयो। तव प्रलय भै त्यसै गरी नाउमा वसी भगवान्को ध्यान गर्न लागे, अनि भगवान्ले मत्स्य पुराण ईत्यादि सत्यव्रतलाई सुनाउनुभयो भन्ने समेत ईत्यादि।

नवम स्कन्ध

यस स्कन्धमा वैवश्वत मनुको छोरा राजा ईक्षाकु आदिको वंशको वर्णन गर्नुभयो र ब्रह्माजीको मनवाट मरिचीको जन्म भै उनको छोरा कश्यपको भार्य्या अदितीवाट सूर्यको जन्म भयो भन्ने र राजा अम्वरीष भगवान्को भक्त थियो, उहाँले एकादशी व्रत सिध्याई भोजन गर्ने समय दुर्वासा ऋषि आउनुभयो र भोजनमा मञ्जूर गरी गंगाजीमा नित्यकर्म गरी आउँछु भनेको द्वादशीको अर्ध मुहुर्त मात्र वाँकी छँदा पनि आउनु नभए-काले भगवान्को चरणा मृत पिई व्रत समाप्त गर्ने वित्तिकै दुर्वासा आइपुगी मलाई भोजन नगराई आफू जलपान गर्ने भनी रिसाए राजाले अनेक विन्ती गर्दा पनि नमानी आफ्नू जटाउखाडी एउटा कृत्या निकाली खड्गले प्रहार गर्न खोज्दा भगवान्ले आफ्नू भक्तलाई रक्षा गर्न चक्रले कृत्यालाई जलाई दुर्वासा कहाँ चक्र आई पुगी भागी जाँदा पनि चक्रले नछोडी आखिर भगवान् कहाँ नै पुग्दा मेरो भक्त कहाँ नै जाउ म भक्तको वशमा छु भन्नु भै सोही राजा कहाँ गई पाउ परी विन्ती गर्दा राजाले चक्रलाई स्तुती गरी शान्त गराए। वरूणको वंशमा हरिश्चन्द्र र हरिश्चन्द्रको वंशमा सगर छोरा भए, यिनीले अश्वमेध यज्ञ गर्न पृथ्वीमा घुमाउन घोडा छाडि दिए, त्यो घोडा ईन्द्रले हरण गरेकोले ६० हजार छोरालाई घोडा खोज्न पठाए, कपीलदेवको आश्रममा घोडा बाँधिएको देखी यसैको काम हो भनी उहाँलाई मार्न खोज्दा कपीलदेवजीले चिम्लिएको आँखा उघारी हेर्नासाथ ती ६० हजार जम्मै भस्म भए। उनैको भतिजा अंशुमान खोज्न गएको त्यहीं कपील-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवको आश्रममा पुगी उहाँको स्तुती गर्दा खुशी भै घोडा लैजाउ भस्म भएका तिम्रा काकाहरू गंगाजल पाउन योग्य छन् भन्नुभएकोले घोडा लगी यज्ञ समाप्त गरी अंशुमानलाई राज्य दिई सगर राजा तपस्या गर्न गए। अंशुमानले पनि छोरालाई राज्य दिई गंगाजी ल्याउने ईच्छाले तप गरी गंगाजी ल्याउन नपाउँदै परम गति प्राप्त गरे। उहाँको छोरा दिलीपले पनि गंगाजी ल्याउन तप गरी प्राण त्याग गरे। दीलिपको छोरा भगीरथले गंगाको तपस्या गरी खुशी पारे तव गंगा भन्नुहुन्छ– अपवित्र वस्तु ममा धुनेछ, त्यो के गर्ने, मेरो वेग ठूलो छ, कसले थाम्ने भन्दा त्यो अपवित्र ब्रह्मनिष्ट साधुहरूको अङ्ग स्पर्शबाट हरण हुन्छ, हजूरको वेग शङ्करजीले थाम्ने छ भन्दा गंगाजी प्रकट हुनुभयो! गंगाको जल भगवान्को चरणबाट स्पर्श भएकोले बहुतै पवित्र हुन्। भगीरथले रथमा बसी आफू अघि अघि गंगाजी पछि पछि गरी गंगा सागर संगममा ल्याई त्यो भस्म भएको खरानीमा त्यो गंगाजल परेपछि उहाँहरू स्वर्ग जानुभयो। रघुको नाती दशरथ हुन्, उहाँको साक्षात् भगवान् नै चार रूप भै राम, लक्ष्मण, भरत, शत्रुघन पुत्र हुनु भयो र १४ बर्ष वनवास जानु भई रावणादीहरूलाई मारि अयोध्या फर्कनु भई राज्य चलाउनु भयो भन्ने श्रीरामको कथा वर्णन र राजा निमीले यज्ञ गर्न वशिष्टलाई छोडि अर्कै ऋत्विजबाट गरेकोले तिम्रो देह चाँडै छुटोस भनी श्राप दिए, निमीले पनि तिम्रो देह पनि चाँडै छुटोस् भनी श्रापाश्राप भई दुवैले देह छाडि वशिष्ट मित्रावरूणको वीर्यबाट फेरि पैदा भए, निमीलाई पनि देवताले सजीव गराउनु भयो, तर निमीले ब्राह्मणको श्रापबाट त्याग गरि सकेको फेरि देहको ईच्छा छैन भनेकाले विना देहको सव प्राणीको नेत्रमा वास गरोस् भनी देवताबाट वरदान् पाई सो प्राणीहरूको नेत्रमा पलक उठ्नु गिर्नु भैरहेको हो। अनि निमीको देह मथन गरि जनक नाम पैदा भयो विदेहबाट जन्मेकोले उहाँको अर्को नाम विदेह र मथी जन्म भएकोले मिथिला भन्ने नाम पनि भयो। उहाँले यज्ञको निमित्त जमीन जोत्दा हलोको टुप्पाबाट श्री सीताजीको पैदा भएका हुन्, ब्रह्माको नाती चन्द्रमाले वृहस्पतिको स्त्री ताराहरण गरि उसबाट बुद्ध छोरा पैदा भएका हुन्। यमदग्निको छोरा परशुराम हुन् उहाँले २१ पटक क्षत्रिय हीन गरे। गाँधीराजा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाट विश्वामीत्र पैदा भयो, त्यो तपको वलले ब्राह्मण भए। राजा कुशको छोरा ययातीले शुक्राचार्यको छोरी देवयानीसंग विवाह भै दाशीको रूपमा सर्मिष्ठा पठाएको थियो। सर्मिष्ठाबाट पनि पुत्र पैदा भएकोले शुक्राचार्य रिसाई तिमी बुढा वैश भै जावोस् तिम्रो बुढापा अरूले लिए मात्र तिमी अरूको तरूण वयस लिन पाउने छौ भनी श्राप दिएकाले अरू छोराले नमानी कान्छा छोरा पुरूसंग उमेर साटी सप्तदिपको राज्य भोग गरि सके-पछि आफ्नु तरूण उमेर छोरा-पुरूलाई फर्काई राज्य त्यसैलाई दिई तप गर्न गए। यसै पुरू वंशमा तिमी जन्मेका हुन्। यसै वंशको राजा दुश्यन्तले शकुन्तलासंग गन्धर्व विवाह भई भरतपुत्र पैदा भई वाबु मरेपछि उसैले राज्य चलाए। भरत निसन्तान हुन गएकोले यज्ञ गरी भरद्वाज नाम छोरा भए, यस वंशको नलको छोरा-गुरुरन्तिदेवले ४८ दिनसम्म पनि विना अन्न जलले वस्नु परेको पछि केही अन्नजल मिली खान लागेको वेला एउटा भिखारी आई भोजन माग्दा त्यही अन्न दान गरेकोले नारायण–परायण योगी भए। हस्ती राजाले हस्तीनापुर वसाए। राजा द्रुपदवाट यज्ञ गरी द्रौपदी छोरी वनाइन्। कुरु वंशमा वृहदथको एक छोरा दुई खण्ड भई जन्मेको अल्छीना भनी फ्याँकी दिएको जराराक्षसले लगि जोडी दिंदा जीवीत भएकाले जरासन्ध नाम भयो। यसै वंशमा शान्तनु राजाको जन्म भयो। यी शान्तनुको गंगाजीको गर्भवाट भिष्म उत्पन्न भयो। शान्तनुले ग्रहण गर्नु भन्दा पहिले सत्यवतीमा पराशरको वीजवाट भगवान्‌को अंश श्री व्यासजीको उत्पन्न भयो। भिष्मले राज्य नलिने भै त्यी वंशमा सन्तान नहुँदा सत्य-वती माताको आज्ञाले विचित्र विर्यको क्षत्रबाट धृतराष्ट्र, पाण्डु र विदूर ३ छोरा उत्पन्न भए धृतराष्ट्रको गान्धारीवाट दुर्योधन समेत छोराहरू र पाण्डुको स्त्री कुन्तीमा धर्मको विर्यबाट युधिष्ठीर, वायुको विर्यवाट भीमसेन र ईन्द्रको विर्यवाट अर्जुन र कान्छी स्त्रीबाट अश्विनीकुमारको विर्यवाट नकूल–शहदेवको जन्म भयो। यिनै पाँचै भाइको स्त्री द्रौपदी भइन्। भीमसेनको अर्को स्त्री हिडम्वावाट घटोत्कच, अर्जुनको अर्को स्त्री शुभद्रावाट अभिमन्युको जन्म भयो, अभिमन्युको उत्तरा गर्भवाट तपाई परिक्षित जन्मेको हो। उहाँको छोरा जन्मेयजय हुन् र कुन्तीले वचपनमै सूर्यको विर्यबाट कान-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाट कर्ण पैदा गरेकी पनि थिइन् भन्ने यिनीको वंशको वर्णन नर राजा ययातीको यदुको कूलमा अक्रूर देवक उग्रसेनको जन्म भयो, उग्रसेनको पुत्र कंश हुन् । देवकको देवकी पुत्री वशुदेवसंग विवाह भई भगवान् कृष्णको जन्म भई पृथ्वीको भार उतारी स्वर्गारोहण हुनुभएको भन्ने समेत ईत्यादि ।

दशम स्कन्ध

अब भगवान् कृष्णको गुण, चरित्रको वर्णन गर्नुहोस् भनी राजा परिक्षितले भन्नु हुँदा श्री शुकदेवजी भन्नुहुन्छ– लाखौं दैत्यहरूले पृथ्वीलाई धेरै नै दुःख दिएको सहन नसकि गाई रूप पृथ्वी, ब्रह्मा शङ्कर र देवताहरू क्षीर सागरको तटमा पुगी भगवान्को स्तुती गर्दा वशुदेवको घरमा स्वयं भगवान् प्रकट हुनेछ, तिमीहरू पनि यदुकूलमा जन्म भै सहयोग दिनु राधाको सेवालाई देवाङ्कनाहरू पनि जन्म हुन जानु भनी आकाशवाणी भयो । वशुदेवकी स्त्री देवकीको आठौं गर्भबाट तिमीलाई मार्ने बालक जन्मनेछ भन्ने आकाशवाणी कंशले सुनी बहिनी मार्न लाग्दा जन्मेको सन्तान तपाइँलाई सुम्पने छु भनी वशुदेवले प्रार्थना गर्दा छोडि दिए । उहाँको छैठौं पुत्रसम्म मारिदिए, सातौं गर्भमा भगवान्को अंश रूप शेषजी आउनुभयो । तब योगमायाले त्यो गर्भ निकाली व्रजसागै नन्दबावाको गोकुलमा वशुदेवको अर्की पत्नी रोहिणी कंशको डरले बसेको उहाँको गर्भमा राखी दिए । योगमायाले नन्दबाबाकी पत्नी यशोदाको गर्भमा जन्म लिनुभयो र चतुर्बाहु भगवान् कृष्ण देवकीको गर्भबाट जन्मनु भयो र उहाँकै आज्ञानुसार श्री कृष्ण बालक गोकुलमा लगी यशोदाको काखमा राखी उहाँको गर्भबाट जन्म भएको योगमाया देवीलाई वशुदेवले देवकीलाई दिए अनि कंशले त्यो बालकलाई ढुङ्गामा पछार्न खोज्दा फुत्की आकाशमार्गमा गई हे कंश तँ लाई मार्ने अन्त जन्म भै सक्यो भनी सुनाई जानुभयो । तब बालकहरूलाई मार्ने विचारले गोकुल र मथुरामा राक्षसहरू घुम्न लागे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गोकुलमा नन्द यशोदाको छोरा जन्म भयो भनी भारी उत्सव भयो । कृष्णलाई विपालु दुध खुवाई मार्न आएका पुतना राक्षसलाई दुध खानाको साथ प्राण समेत चुसी मार्नुभयो । तृणावर्त राक्षसले कृष्णलाई उडाई लगे, उसको घाँटी अँठ्याई मार्नुभयो । यदूकूलको पुरोहित गर्ग ऋषिले कृष्णलाई सात्तो फार्नुभयो । माटो खायो भनी यशोदाले मुख वाई हेर्दा सारा संसार पेटमा देखाउनुभयो । विचित्र वाललीला यशोदा र रोह्णिणीहरूलाई देखाउनुभयो । दुध, दही, मखनहरूमा नाना तरहले खेल पनि देखाउनुभयो । यस्तैं दैविक सबै गुण देखी यशोदाले यो भगवान् नै हो भनी नमस्कार गर्न लागे, तर श्री कृष्णको मायाले छोपी दिदा छोरै हो भन्ने सम्झे । दुध दहीहरू धेरै नै नोक्सान गरिदिएको रीसले ओखलमा वाँधी दिए त्यो ओखल घिसार्दै लाँदा लाँदा रूखको कापमा परी त्यो रूख ढली नारदको श्रापले रूख भैरहेका नलकुवर र मणिग्रीव दुई जनै श्राप मुक्त भए, फेरि यशोधाले नाम्लाले वाँध्न लागे जति नाम्ला ल्याए पनि दुई अंगुल नपुग्ने भयो, श्री कृष्णलाई मार्छु भनी हरेक रूप लिई आएका वत्सासुर, वकासुर, अघासुर, धेनुकासुर, प्रलंवासुर र केशी समेत धेरै राक्षसलाई कृष्ण वलरामले वध गर्नुभयो । ब्रह्माजीले गाई बाछा ग्वालवालाहरू हरण गरी लुकाउनु भएकोमा अर्को त्यस्तै खडा गर्नुभयो । अनि ब्रह्मा आई स्तुती गरी त्यो हरण गरेको अर्पण गर्नुभयो । यमुनाजीको एक कुण्डमा वसेको काली नागको विषले ज्यादा दुःख भई त्यसलाई रमणीक द्वीपमा पठाउनुभयो । कृष्णजी वसेको फौजमा डढेलो लागेको पान गरी सबैलाई बचाउनुभयो । यमुना किनारमा गोपीनीहरू निर्वस्त्र जलक्रिडा गरिरहनेहरूको सवै वस्त्र हरण गर्नुभयो । नन्दहरूले सालिन्दा ईन्द्रको पूजा गर्ने गरेको रोकी गोवर्धन पहाडको पूजा गराएकाले ईन्द्र रिसाई ठूलो वर्षा गरेकाले गोवर्धन पहाड कृष्णजीले तर्जनि एउटै अंगुलीले उठाई वर्षादको दुःखवाट बचाउनुभयो । यो कुरा ईन्द्रले थाहा पाई कृष्ण कहाँ आई क्षमा मागी स्वर्ग गंगा जलले र कामधेनुले आफ्नू दुधवाट अभिशेक गरे । कृष्णजीले गोपीनी पिच्छे स्वरूप धारण गरी रासक्रिडा गरी गोपीनीहरूलाई आनन्द दिनुभयो । गोपीनीहरू उहाँदेखि मोह भए तापनि श्री कृष्ण मोहमा छैन र उहाँ कुनै दोषादीमा पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुनुहुन्न, रास लीलामा गएका गोपीनीका पतिहरू पनि आ-आफ्ना स्त्री साथैमा छ भन्ने सम्झी कुनै निन्दा गरेनन् । नन्दलाई एउटा अजगरले मुखमा च्याप्दा कृष्णको पाउवाट पर्श गरी त्यसलाई श्रापबाट मुक्त गराए । शङ्खचूडलाई वलदेवले मारी त्यसको मणि झीकि कृष्णलाई दिनुभयो । सांढेको रूप लिई आएका अरिष्टासुर दैत्यलाई कृष्णले मारेको खवर कंशले सुनी अव कृष्णलाई मथुरामा वोलाई मार्ने विचार लिई अक्रूरलाई वोलाउन पठाए । कृष्ण र वलराम मथुरामा आउनु भै वाटामा कंशको धोई ल्याएको लुगा लुटी लिनुभयो । एउटा सुचिकारले कृष्णलाई मिल्दो पोशाक बनाई दियो । कुवरी भेटी त्यो तीन ठाउँमा वाङ्गोलाई सोझो पारी दिनुभयो । सुदामाले सुगन्ध माला पहिराई दिए । अनि कंशको पाले फौजीलाई र कुवलया पीद हात्तीलाई मारी त्यसैको दन्तले माहुतीलाई मार्नुभयो र चाणुर, मुस्तीक, कुट, शलतौशलाई पनि मारे । अरू जो भएका मल्लहरू भागे । अनि कृष्ण मचानमाथि चढी कंशको केश पक्री घुमाई पट्काई मार्नुभयो । हर वखत कृष्णलाई सत्रुभावले स्मरण गरेकोले मुक्त भए, बशुदेब देवकीलाई बन्धनवाट छाडी उग्रसेनलाई राज्य दिनुभयो । अनि कृष्ण–वलरामको व्रतवन्ध भयो । सान्दी पनि गुरु कहाँ वसी शास्त्र पढ्नुभयो । उहाँको मरेको छोरा ल्याई गुरुमाको चित्त प्रसन्न गराउनुभयो । नन्दवावालाई उद्धवजीले कृष्ण–वलराम स्वयं भगवान् हुन्, तपाईं भाग्यमानी हुनुहुन्छ भन्ने कुरा गर्नुभयो र उद्धवजीले कृष्णको यी सन्देश गोपीनीहरूलाई सुनाई संतुष्ट पार्नुभयो । कृष्णजी कुवजीको घरमा जानु भई उनले मागेको मनको ईच्छा पुऱ्याई ऋषिमुनीहरूलाई पनि दर्शन दिनु भई घर फर्कनुभयो । कंश मरेपछि उसका ससुरा जरासन्ध श्री कृष्णसंग लड्न आएका आफ्नू २३ अक्षिणी फौज नोक्सान गरिदिंदा जरासन्ध भागी गए, तर १७ पटकसम्म यस्तै फौज लिई लड्न आएका जरासन्धलाई जित्नुभयो, अठारौं पटकको युद्धमा आउने कालयवनसंग लड्ना निमित्त द्वारिकामा शहर बसाई सब प्रजा राख्नुभयो । त्यो कालयवनले कृष्णलाई लखेट्न लागे, कृष्ण भागी मुचुकुण्ड सुतेकालाई आफ्नू पिताम्बर ओडाई अन्तर्ध्यान हुनुभयो । त्यो सुतेकालाई कृष्ण भनी लातीले हान्दा मुचुकुण्ड उठे, उसको नेत्रबाट आगो उठी कालयवन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भष्म भए, त्यसलाई तिमी सुतेकालाई जसले उठायो त्यो भष्म हुन्छ भन्ने वर पाएको थियो । श्रीकृष्णले सुधर्मा सभा रचना गर्नु भयो र रेवतीसंग वलरामको विवाह भयो । श्रीकृष्णले कुनै हरण र कुनै विवाह गरि रूक्मणी, सत्य भामा, जाम्ववती, कालिन्दी मित्र विन्दा, सत्या, भद्रा, लक्ष्मणा, गरि आठ- पतरानी भए । शिवजीले भष्म गरेको कामदेव, रूक्मीणी पुत्र प्रद्युम्नले आफ्नु पहिलेको स्त्री रतीलाई ल्याउनु भयो । सूर्य किरणवाट निस्केको मायावी उपद्रव इत्यादि नास हुने र रोज रोज आठ भारी सुवर्ण दिने स्यमन्तक मणी, सत्राजीत राजासंग थियो र त्यसलाई यो मणी राजा उग्रसेनलाई देउ भनी कृष्णले भन्दा मानेन । त्यो मणी धारण गरि सत्राजीतको भाई जङ्गलमा गएका बखत सिंहले मारि त्यो मणी लियो, जाम्ववानले सिंहलाई मारि त्यो मणी लिई आफ्नू छोरी जाम्ववन्तीलाई दिएको थियो । कृष्णले चोरी गरे भनी सत्राजीले भन्न थाले अनि कृष्णले जाम्ववानसंग युद्ध गरि जितेपछि त्यो मणी र जाम्ववती समेत कृष्णलाई दिए । त्यो मणी सत्राजीतलाई दिए, तर सरममानी आफ्नो छोरी सत्यभामा र मणी समेत कृष्णलाई नै दिए तर मणी लिनु भएन, आखिर त्यो मणी अक्रूरजीको हातमा पर्‍यो । कृष्ण पाण्डव भेट्न जानु भै अर्जुनलाई लिई खाण्डप वनमा जानु भै अग्निको ईच्छानुसार त्यो वन जलाई त्यो वनमा बसेका मयदानवलाई बचाई दिएकाले उहाँले पाण्डवलाई एक अद्भूत सभाघर वनाई दियो, यसै भवनमा दुर्योधनलाई जलमा–स्थल, स्थलमा जल भ्रमभै मान भङ्ग भएको थियो । कृष्णजीले भौमासुरलाई मारि त्यसले थुनि राखेका राज-कन्या १६,१०० लाई पाणीग्रहण गर्नुभयो । स्वर्गवाट पारीजात फूलको वृक्ष हरण गरी ल्याई सत्यभामाको वगैंचामा राख्नुभयो र गृहस्थाश्रम गर्नुभयो । एक पत्नीको १० का हिसावले १६,१०८ रानीवाट छोरा जन्माउनु भयो । रूक्मणीको प्रद्युम्नादि उहाँवाट अनि रूद्रादीसहित करोडौं छोरा नाती पनाती भए । वाणासुरको छोरी उषाले स्वप्नमा देखेको पुरूष विपनामा नदेखि अपशोच गर्न लागेकोले उहाँको सखी चित्रलेखाले देवता, गन्धर्व, मनुष्यहरूको र कृष्णको नाती अनिरूद्ध समेतको तस्वीरलेखि देखाएपछि यही हो, भनेकाले अनिरूद्रलाई आकाश मार्गवाट सुतिरहेको पलंग समेत उडाई उषासंग राखिदिदा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उहाँसंग प्रेम गरि विहार गर्ने गरेको वाणासुरले थाहा पाई अनिरुद्रलाई थुनामा राखेको कृष्णले थाहा पाई वाणासुरसंग र आफ्नु भक्त भनी लड्न आएका शिवजीसंग समेत कृष्णले संग्राम गरि वाणासुरको हजार हातमा चार हात मात्र बाँकी गरिदिए। उहाँहरू हार भई शिवजी कृष्ण कहाँ आई स्तुती गर्नुभयो र अनिरुद्र उषा सहित लिई कृष्ण द्वारका जानुभयो। नृग राजाले दान दिएको गाई आफ्नै गोठमा आएको थाहा नपाई फेरि दान दिएकोले दान लिने ब्राह्मणको श्रापबाट छेपारो भई राखेकोलाई कृष्णको पाउले छोई श्रापवाट मुक्त गर्नुभयो। कृष्णजी एक मात्र भएर पनि प्रत्येक पत्नीको महलमा अलग्ग अलग्ग भएको नारदले देखी आश्चर्य हुनुभयो। श्री कृष्ण ब्रह्ममुहुर्त ५ घडी रात बाँकीमा उठी परमात्मा भगवान्को ध्यान गरी त्यसपछि स्नान पूजा पाठ गरी गाई ब्राह्मणहरूलाई मानी गाई दान दिई भगवान्को चरित्र पढ्ने, भजन गर्ने गरी अनि भोजन गर्नुहुन्छ।

युधिष्ठीरले राजसुय यज्ञ गर्ने खबर आई श्री कृष्ण हस्तिनापुर जानु भई ४ भाईलाई खटाई सबै राजा जिती धन द्वौलत ल्यायो। राजा जरासन्धसंग पनि युद्ध गर्न कृष्ण, अर्जुन, भीमसेन ब्राह्मणको भेषमा गई युद्ध मागेको मन्जूर गरी भीमसेन र जरासन्धको गधायुद्ध भई त्यो जरासन्धलाई पनि मारी उहाँले थुनी राखेका राजाहरू-लाई छुटाई दिए। अनि युधिष्ठीरले यज्ञको शुरू गरी पहिले ऋषिहरूको पूजा भयो। अनि निमन्त्रणामा आएका सबै राजामा पहिला पूजा कसलाई गर्ने भन्ने हुँदाँ कृष्णलाई गर्ने भन्ने कुरा उठेपछि त्यो राजा होइन कसरी त्यसको पूजा हुन्छ उ त जरासन्धदेखि संग्राममा भागि गएको भन्ने यस्तै धेरै निन्दा शिशुपालले गरेको हुँदा उसलाई मारि दिनु भयो। यज्ञ समाप्त पनि भयो, रूक्मणीको स्वयंवरमा राजा शाल्व पनि आएको तर कृष्णले हरण गरि लगेकाले यादवको मूल राख्ने छैन भनी प्रतिज्ञा गरेको शिशुपाललाई मारेको नयाँ रीस पनि गरि द्वारका शहर धेरै नास गरे अनि शाल्व राजा र उसका साथमा लड्न आएका दत्तवक्र आदिलाई कृष्णले मार्नुभयो। कौरव र पाण्डव युद्ध गर्न तयार भएको खबर वलरामले सुनी दुवै मित्र हुन एक पक्ष नलापि हुँदैन, अर्को पक्षले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रीस गर्नेछ भनी तीर्थ यात्रा गर्ने निहुँ लिई निस्कनु भई नैमिशारण्य क्षेत्रमा पुराण श्रवण गरेको स्थानमा पुगी सबै उठी स्वागत प्रणाम गरे, सुतजी त्यहाँ व्यास गद्दीमा बसेकाले नउठी प्रणाम मात्र गरेको रीसले सुतजीलाई वलरामले मारी दिनुभयो । उहाँको छोराद्वारा पुराण समाप्त गराए । कुरू क्षेत्रमा संग्राम भएको र दुर्योधन र भीमसेनको गद्दायुद्ध हुन लागेको समाचार सुनी कुरूक्षेत्रमा पुगी दुवैलाई सम्झाउँदा पनि नमानेकोले वलराम द्वारकामा जानु भयो । दुर्योधनलाई मारि संग्राममा पाण्डवको विजय भयो ।

श्रीकृष्णको वाल संगाती सुदामा व्राह्मण दरिद्र र दुःखी छ. उहाँले आफ्नी व्राह्मणीको अति मुताविक मागि ल्याएको कनिका केही लिई श्रीकृष्णजी कहाँ जानु भै त्यो कनिका कृष्णजीलाई अर्पण गरे, कृष्णजीले पनि एक फ्वाँका खानु भयो र सुदामा विदा भई घर फर्कि आउँदा आफ्नु पुरानो घर नदेखि त्यो भन्दा धेरै राम्रो अर्कै नयाँ घर र त्यसका निमित्त चाहिने सामान सहित सबै भरिपूर्ण भएको देखि वहुतै खुशी भए । देवकीले हजुरभन्दा अघि जन्मेको ६ छोराहरू कंशले मारिदिएको थियो, अहिले मलाई ती छोराहरू हेर्ने ईच्छा छ भनी कृष्णजीलाई भने, उहाँ पातालमा जानु भै मरीचीको ६ छोरा प्रजापतिको श्रापले दैत्य भै त्यसपछि देवकीको गर्भबाट जन्मी कंशको हातबाट मरी तिमी कहाँ बसेको छ, उनीहरूको श्राप मोचन हुने समय आयो, तिनीहरूलाई देउ भनी वलीराजासंग मागी ती छोराहरूलाई ल्याई दिए अनि ती छोराहरूले कृष्णजी र देवकीहरूलाई दण्डवत् गरि वैकुण्ठ गए । तब देवकीले यो कृष्णको माया रहेछ छोरा होइन ईश्वर भनी सम्झे ।

बृकासुरले शिवजीको भक्ति गरि खुशीपारी उसको हात जसको शीरमा पर्ला त्यसको शीर भष्म हुने वर्दान पाएकोले शिवजी कै शीरमा हात राख्न खोज्यो अनि विष्णु मोहनी रूप लिई आई वृकासुरको शीरमै उसका हात राख्न लगाई मार्नुभयो । एकदिन ऋषिहरूले ब्रह्मा, विष्णु, शिवमा कुन चाहिं ठूलो भन्ने कुरा गरि प्रतिक्षा गर्न भृगु ऋषि ब्रह्मा कहाँ गई निन्दा वेअदव गर्दा ब्रह्मा रिसाई आफ्नु छोरा भई केही गरेन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिव कहा गई अङ्कमाल गर्न खोज्यो, सो गर्न नदिई त्रिशूलले हान्न लाग्यो, वैकुण्ठमा गई विष्णुको छात्तीमा लात हान्यो तपाईको खुट्टा नरम छ मेरो छात्ती कडा छ, चोट पऱ्यो होला भनी ऋषिको पाउ मल्न थाल्नुभयो । उहाँबाट ऋषि-मुनी कहाँ पुगी यो सबै बताएपछि भगवान् नारायण नै ठूलो भनी उहाँकै प्रशंशा गरि उहाँकै स्मरण ध्यान गरि ऋषिमुनीहरू मुक्त भए । द्वारकामा एउटा ब्राह्मणको ९ जना छोरा जन्मनासाथै मरेकोले राजाको अगाडि आई उजूर गर्दा अर्जुन पनि थियो । उहाँले तिम्रो छोरा ल्याउन नसके अग्निमा प्राण त्याग गर्नेछु भन्नुभयो र ल्याउन नसकी प्राण त्याग गर्न खोज्दा कृष्णले म देखाई दिन्छु भनी अर्जुनसाथ लिई कृष्ण वैष्णव धाममा पुगी अनन्त भगवान्ले त्यो छोरा दिनुभयो र ब्राह्मणलाई दिनुभयो, यस्तो भगवान् कृष्णको स्मरण जरूर गर्नु भनी राजा परिक्षितलाई भन्नु भयो भन्ने ईत्यादी ।

एकादश स्कन्ध

श्री शुकदेवजी भन्नु हुन्छ—हे परिक्षित श्री कृष्णले महाभारत युद्ध गराई पृथ्वीको केही भार कम भयो । अरूबाट नाश नहुने यदूकूल बाँकी छ, त्यो पनि नास गरी परम-धाम जानु पऱ्यो भनी विचार गरि ब्राह्मणबाट श्राप दिलाउन दुर्वाशा समेत १० ऋषि बस्नु भएको ठाउँमा यदुकूलहरूले जाम्ववतीको पुत्र साम्वलाई स्त्री भेष गर्भवती जस्तो बनाई ठट्टाले यसले छोरा वा छोरी के पाउँछ भनी सोधे छ र त्यो अन्तर्यामी ऋषिहरूले हामीलाई खिस्सी गर्न आउने भनि रिसाई तिमीहरूको कूलको नाश गर्ने मुसल पाउँछ भनी श्राप दिई हालेछ, अनि यदुकुमारहरू डराई राजा उग्रसेन कहाँ गई सबै बताई ऋषिको श्राप अनेथा हुनेछैन तिमीहरूले नराम्रो काम गऱ्यौ । अव जे होला त्यो निस्कने मुसललाई घोटी घोटी धुलो पारी समुन्द्रमा फ्याँकी दिनु भन्ने आज्ञा मुताविक गरी बाँकी सानो टुक्रा बचेकोलाई यसले अव केही गर्न सक्दैन भनी गंगामा बहाई दिए । त्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घोटेको धुलो पानीको तरङ्गले किनारामा पुगी त्यसबाट तारको धारीलो पात उत्पन्न भयो। त्यो गंगामा फ्याँकेको टुक्रा माछाले खाई त्यो माछा जालमा पारी लाने ब्याधाले त्यो माछा चिरी हेरी त्यो टुक्रा पाई आफ्नु तीरको टुप्पामा जडान गरेको थियो।

वशुदेवले नारदजीसंग संसारबाट छुट्ने उपाय के छ बताउनु होस् भनी सोध्नु हुँदा उहाँले भन्नु हुन्छ– राजा भरत भगवान्को उपाशना गरी तीन जन्ममा हरिपद प्राप्त गरे उसैको वंशमा आत्मा विद्यामा निपूर्ण भएका योगीश्वरहरूले भन्नु भएको सुन– विषय भनेको कुनै वस्तु होइन आफै आफ मनबाट उत्पन्न हुने हो, त्यो मनलाई निग्रह गरि भगवान्को नित्य भजन गर्नु। ईन्द्रियबाट विषय भोग गराई आफ्नु कर्मानुसार सुख दुःख भोग गरि संसार भ्रमण गर्दछ त्यसबाट मोक्ष कदापि हुँदैन। यो सृष्टि स्थितिलय पनि भगवान्को माया हो। यसको कारण भगवान् नारायण हो। त्यो मायाबाट तर्ने मुख्य उपाय भक्ति नै हो। समाधिमा मुनीहरूले देख्ने ब्रह्म हो। देह ईन्द्रिय मन प्राण यसको चैतन्य गर्ने परमात्मा हो। स्थूल सूक्ष्म जो देखेको छ, त्यो ब्रह्म हो। परमात्मा देहको साक्षी हो। स्नानादिक गरि मूर्तिको अगाडि बसी न्यास ध्यान पूजा स्तुतीबाट पनि मुक्त हुन सक्तछ। भगवान्ले यो ब्रह्माण्ड रूप नगर बनाई त्यसमा लिला पूर्वक प्रवेश गर्नु भएको छ, कलियुगको अन्त्यमा कलंकी अवतार लिई अत्याचारीलाई नास गर्नेछ। पाप गर्ने नरकमा र स्वार्थ निमित्त कर्म गर्ने बारम्बार जन्म मरणमा प्राप्त हुन्छ मोक्ष हुँदैन। कलियुग सर्वयुग भन्दा असल छ। अरूयुगमा ध्यान, यज्ञ, पूजा आदि जो कर्म गर्नुपर्छ त्यो विना मोक्ष हुँदैन, त्यो फल कलिमा खाली भगवान्को भजन कृतनले पाउँछ भन्ने इत्यादि नव योगी र निमी राजाको सम्वाद सुनाई हे वशुदेव कृष्णलाई तिमीले पुत्र बुद्धि नराख त्यो सर्वात्मा ईश्वर हो भनी सम्झनु भनी नारदजी जानुभयो।

ब्रह्माजीले श्रीकृष्णलाई जगतको भार उतारी सक्नु भयो। यदुवंशमा जन्मनु भएको १२५ वर्ष पुग्यो, अब वैकुण्ठमा सवारी होस् भनी भन्नु भयो र कृष्णले यदूकूल नास हुने विघ्न श्रापबाट आरम्भ भैसक्यो, उनीहरूको संघार गरी आउने छु भन्नुभयो र कृष्णजीले उद्धवलाई अब ७ दिनमा द्वारिका पुरी समुन्द्रमा डुब्ने छ जुन दिन मैले यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लोक छोड्ला त्यो दिन देखि कलि हुन्छ । आफ्नु गुरू आफै हो कारण पशुहरूको गुरू कहाँ छ, आफ्नै आफ आफ्नु हित गर्दछ भनी दत्तात्रयजीलाई राजा यदुले तपाईले यस्तो निर्गुण मति कहाँवाट पाउनु भयो भनी सोद्धा आफ्नु बुद्धिले गरि मेरो २४ गुरू छन् यिनीबाटै मुक्ति हुने ज्ञान पाए भनी सो गुरू बताउनु हुन्छ । पहिले पृथ्वीबाट पृथ्वीमा खोतल्छन्, तैपनि यिनी चलाय मान हुँदैन, यसैले साधुले शहनशील गरि क्षमालाई सिके । दोस्रो वायुवाट– प्राण वायु, जस्तो सुकै खाए पनि आहार मात्रले संतुष्ट हुन्छ । ईन्द्रियको भोग खोज्दैन । त्यस्तै गरि बढ्ता नखोज्ने दोस्रो बाहिरको बायु त्यो जहाँ तहाँ सुगन्ध दुर्गन्धमा समेत चल्छ, तर त्यसमा लिप्त छैन । त्यस्तै कसैमा आसक्त (लिप्त) नहुनु, तेस्रो आकाश–सर्वत्र व्यात्त छ । त्यस्तै आत्मा सर्वत्र छ, व्यापक व्रह्म हो । यो पुरुष देहमा संयुक्त छ, तर त्यसमा स्पर्श छैन भन्ने सिके । चौथो जल–जल निर्मल छ, त्यस्तै मुनीले पनि कुनै दोषदृष्टि नराखी निर्मल भै सबैमा स्नेह राख्नु, तीर्थ स्नानले पाप छुट्दछ, त्यस्तै मुनीले पनि स्पर्शन कृतनबाट सबैको आत्मा पवित्र गर्नु । पाँचौ अग्नि– अग्निले सबै वस्तु भक्षण गरे पनि पवित्र गर्ने यस्तै मुनीहरू पनि हवस् अग्नि एक रूपछ, तर जलाईको हिसावले सानु ठूलो देखाउँछ त्यस्तै जीवात्मा पनि एक रूपछ, ठूलो सानु देहमा प्रविष्ठ भएकोवाट ठूलो सानु देखिन्छ । छैठौं चन्द्रमाको मण्डल सदापूर्ण एकरूप छ, त्यस्तै आत्मा एकरूप छ भन्ने चन्द्रमावाट सिके । सातौं सूर्य एउटै छ, तापनि घताडीबाट अनेक देखाउँछ, त्यस्तै आत्मा एउटै हो देहमा व्याप्त हुनाले अनेक देखिने हो भन्ने सूर्यबाट सिके । आठौं परेवा, आफ्ना वच्चा व्याधाको जालमा परी मायाले बच्चाको साथ जाँदा आफु पनि जालमा परे । त्यसैले कसैसंग स्नेह माया नगर्नु भन्ने कुरा परेवाबाट सिके । नवौं अजिङ्गरवाठ सिके । त्यसले जो प्राप्त हुन्छ, त्यसैमा प्रसन्न र संतुष्ट हुन्छ, केही नपाए पनि ईश्वर दिनुहुन्छ भनी धैर्यसंग रहन्छ । दशौं समुन्द्रबाट सिके– त्यो वर्षाद भै बढ्ने वर्षाद नभई घट्ने नभई सँधै एक नास र गम्भिर छ, त्यस्तै योगीहरू सुख दुःख जो होस् संधै एकनास र गम्भीर हुनु । एघारौं पुतलीवाट सिके– त्यो अग्निको रूप देखि भस्म हुन्छ, त्यस्तै भोगको ईच्छाले मोहित भै पुतली झैं भस्म नहुनु । बाह्रौ माहुरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र भमराबाट सिके– जसले फूलको सार मात्र लिन्छ, त्यस्तै योगीले शास्त्रको सार वस्तु लिनुपर्छ, माहुरीले मह जम्मा गर्ने गर्दा मह सहित आफुहरू सबै बिग्रने भयो, त्यस्तै योगीले सञ्चित गर्ने र धेरै जम्मा नगर्ने । तेह्रौं हात्तीबाट सिके– त्यो हात्ती, हत्तीनीको अङ्गबाट बाँधिए त्यस्तै योगीले स्त्रीको नजिकमा नजानु । चौधौं मह झिक्ने मानिसबाट सिके– अनेक दु:ख गरि धन जम्मा गर्छ, न दान न भोग गर्छ, मौरीले मह जम्मा गर्छ, तर अरूले खाई दिन्छ, त्यस कारण कमाएको धनले सन्यासी ब्रह्मचारी दु:खी दरिद्रलाई भोजन गराउनु । त्यो धनको उपाय जाने । पन्ध्रौं मृगबाट सिके– त्यो मृगहरू गीत वाध्य सुनी त्यसैमा लठ्ठ भै वन्धनमा पर्छ, त्यसैले योगीले गीत वाध्य नसुन्नु । सोह्रौं माछाबाट सिके– त्यो माछा वल्छीको मासुको स्वादले ज्यान जान्छ, त्यसैले योगीले जिभ्रोबाट स्वाद नखोज्नु प्राण रक्षार्थ मात्र केही अन्न खानु । सत्रौं पिंगला नाम वेश्याबाट सिके– उहाँले आफ्ना ढोकामा एउटा नगरा राखी यससा जती पटक बजाउँछ, त्यती नै हजार धन लिई रात्री म भएँ ठाउँमा आउनु भन्ने ईशारा राखेको थियो, मैले त्यो नगरामा दश वीस डंका वजाई दिए, तब आज रात्री भोग विलास गरी धेरै धन पाउने छु, भन्ने आशाले राम्रो गहना पोशाक लगाई सुन्दरी भई त्यो बजाउने व्यक्ति आउँछ भनी आशामा परी अर्ध रातीसम्म वसे, तर कोही आएन, अनि त्यसले निरास भई, मैले कति भोग विलास र धन कमाई सकें, जति भए पनि काम वासना अतृप्तै रह्यो र धनले परिपूर्ण पनि हुँदो रहेनछ अरु त्यो नगरा बजेको डंकाको आशामै रात बिताई रहेछु. धिक्कार मेरो मती भन्ने ज्ञान र वैराग्य उत्पन्न भै हे भगवान् ! अब त मलाई यस कुकर्म मतिवाट छुटाई देउ भनी भगवान्मा प्रार्थना गरि त्यो कुकर्म काम वासना र धन सबैलाई त्यागी भगवान्कै स्मरणमा लिन भई परमानंद प्राप्त गरे । यसैले आशा परम दु:ख हुन्, भगवान्को स्मरण नै परम सुख हुन् भन्ने त्यो वेष्याबाट सिके । अठारौं एक कुररी पंक्षीबाट सिके– त्यसले खान ल्याएको मासु अर्को वलवान पंक्षीले खोस्न लाग्दा त्यो मासु त्यागी खसाली दिए, अनि त्यो पंक्षी त्यो मासु तिरै दौडेपछि, त्यो कुररीको ज्यान जोगी आनन्द भयो । उन्नाइसौं बालकबाट सिके– त्यो बालक मान अप-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मान सुख–दुःख घरवारको कुनै चिन्ता रहित हुन्छ, योगीले पनि त्यस्तै चिन्ता रहित बस्नु। बीसौं कन्याबाट सिके– त्यसको घरमा पाहुना आई चामल नहुँदा प्वाकलमा धान कुट्न लाग्दा चुरीको आवाज आई पाहुनाले सुन्ना भनी त्यो चुरी फुटाउने गरे, जब दुई वटा बाँकी हुँदा पनि आवाज आउँदै गरेकोले एक वटा मात्र बाँकी गरि अर्को पनि फुटाई दिएपछि आवाज नआई उनको चित्त शान्त भयो, त्यस्तै योगीले पनि दुई वा धेरै भए त्यसमा अवस्य कलह हुन्छ भनी एकलै घुम्न लागे। एकाइसौं वाण बनाउने संग सिके– त्यसले एक चित्त गरी वाण बनाउन लागेको बेला फौज सहित राजा त्यसैको नजिकैबाट गएको पनि थाहा भएन योगीले पनि यस्तै एक चित्त गरी ईश्वर भज्नू। बाइसौं सर्पबाट सिके– त्यो सबैसंग डराई एक्लै रहन्छ, अरूको सहायता चाहँदैन, आफ्नु गति अरूलाई थाहा दिंदैन, एकै ठाउँमा घर बनाई पनि बस्दैन, दुलाहरूमा बस्छ, थोरै बोल्छ, योगीले पनि त्यस्तै हुनुपर्छ। तेइसौं माकुरीले आफ्नु हृदयबाट सुत झिकी जाल रचि त्यसैमा क्रिडा गरी फेरि निल्दछ, यसै प्रकार ईश्वरले यो जगत् बनाई फेरि आफै आफ संहार गर्छ, भन्ने माकुरीबाट सिके। चौबीसौं कुह्मालकोटी, यो जीव जहाँ एकाग्र मनले जुन रूपको धारण गर्छ, पछि त्यो रूपमा प्राप्त हुन्छ, त्यसैले ईश्वरको ध्यान गरे ईश्वर प्राप्त हुन सक्दछ, जस्तै कुह्मालकोटीले राखेको कीरा त्यसको डरबाट पछि कुह्मालकोटी नै हुन्छ। त्यस्तै ईश्वरको ध्यान गरे ईश्वर रूप हुन सक्तछ भन्ने ज्ञान कुह्मालकोटीबाट सिके। अब मेरै देहबाट एउटा सिकेको ज्ञान सुन–यो देह छुटेपछि अर्को देहको वीज रूखले बीज छोडै फैं उत्पन्न हुन्छ, यो देह भई रहेसम्म जन्म मरणको दुःख भई रहन्छ, अनेक जन्मपछि नरदेह हुन्छ, त्यसैले यो नर जन्ममै सबै धर्म गर्नु र परमार्थ प्राप्त गर्नुपर्छ भन्ने समेत ईत्यादि यो अवधुत (दत्तात्रय)ले यदुलाई सुनाई उहाँ जानुभयो। हे उद्धव ! मेरो भन्ने छुट्याउन र संसार सागरबाट पार गराउने आत्मा विद्या नै हो, तर ज्ञान मार्ग कठीन छ, त्यस कारण भक्ति मार्गले नै कृतार्थ हुनेछ भनी सनकादीले ब्रह्माजीसंग विषय चित्त मै जान्छ, त्यो विषय र चित्तलाई कसरी अलग गर्ने भनी सोद्धा ब्रह्माजीले पनि भन्न नसकि मलाई स्मरण गरेकाले म हंस रूप भै त्यो सभामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जाँदा तिमी को हो ? भनी सोधे– अनि मैले परमात्मालाई लिई सोध्यौ कि भूतहरूको स्वरूपलाई लिई सोध्यौ, तिमी को हौ भन्नाले आत्मा कोही जाती वा गुणादी रूप होइन भन्ने नसम्झी रूपादीलाई सम्झयौ, त्यस्तै तिमीहरूले विषय आत्मा होइन माया हो भनी नसम्झी त्यो विषयलाई चित्तमै जाने गरेकोले विषय र चित्तलाई अलग्ग गर्न नसकेको हो, त्यो विषयलाई त्यागी चित्तलाई परमार्थमा मात्र लगाउन् अनि विषय त्यसै नष्ट र अलग्ग भई हाल्छ, अत: आफूले आफैलाई ब्रह्म रूपबाट जानी विषयलाई झुट्टा हो भग्नु वैराग्यले भगवान्को भजन गर्नु भनी यस्तै आत्मा ज्ञानको कुरा बताउनु भै तिमीहरूलाई उपदेश दिन म विष्णु हंश रूपमा आएको हुँ भनी आफ्नु धाममा गए भनी अब भक्तको लक्ष्यण सुन– जसको वाणी गद्गद् होस् चित्त पग्लिई कोमल होस्, आँसु गिरोस्, लज्जा छाडी नाचोस्–हाँसोस्, ठूलो स्वरले गावस् मेरो ध्यान आफ्नु हृदयमा एक कमल छ, त्यसको दाँत माथितिर मुख, तलतिर ध्यान गर्दा त्यसको मुख माथितिर भै फुली सकेको छ, त्यसको आठपत्र छ, त्यसको वीचमा पहेंलो अति कोमल केश (कर्णिका) छ, कर्णिकामा क्रमश: सूर्य, चन्द्र, अग्नि– अग्निको भित्र मेरो मेघ समान श्याम शरीर पिताम्वर फहराएको हातमा शङ्ख, चक्र, गदा र पद्म धारण गरेको मेरो स्वरूपको ध्यान गर्नु । यस्तो प्रकारले समाधीमा दृढ मती भै आफ्ना आत्मामा आत्म रूप मलाई देख्नु जस्तै ज्योतिमा ज्योति मिल्छ ।

तात्पर्य– पहिले सत् संगत् गर्नु त्यसबाट भक्ति उत्पन्न हुन्छ, सबै साधनमा श्रेष्ठ भक्ति नै हो, मेरो ध्यान आफ्नु छाती हृदयमा अर्थात् नाभी स्थानदेखि १० अंगुल माथि मुटुको साथै खाली ठाउँमा आठ पत्रे कमलको फूल छ, त्यसको गट्टामा शङ्ख, चक्र, गदा र पद्म धारण गर्नु भएको पिताम्वर पहिरिएको वन मालाहरू लगाउनु भएको चतुर्वाहु म नारायण हुँ । त्यसैको ध्यान गर्नु, सबै ऋतुको फूल गाँसी पाउसम्म आउने गरी लाउनु भएको वनमाला हो भन्दछ । हे उद्धव ! ममा प्राप्ती हुने भक्तियोग, ज्ञानयोग, कर्मयोग तीन मार्ग छ, यो मार्ग छाडेमा वारंवार जन्मनु मर्नुको भोग गर्नुपर्छ भन्ने समेत श्री कृष्णले उद्धवलाई ज्ञान बताई भक्तमा मुख्य यादवमा श्रेष्ठ नीज उद्धवलाई अब तिमी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वद्रीकाश्रममा गई मैले वताएको भागवत् धर्मको स्मरण मनन गर्नु भनेपछि भगवान्लाई प्रदक्षिणा गरी गई सो वद्रीकाश्रममा भगवान्को उपदेशानुसार गरी परम् गतिमा प्राप्त भए। त्यसपछि कृष्णले अव घोर मृत्युको चिह्न उत्पात उठी रहेछ, अव हामी यादवहरू सवै प्रयास क्षेत्रमा जाउँ भने मुताविक सो क्षेत्रमा गई वसे। त्यसपछि सवैले "मैरेयक"— नाम मदीरापान गरे तव त्यसले सवैको बुद्धी भ्रष्ट भई परस्पर अत्यन्त क्रोधित भै युद्ध गरी मार्न लागे हतियार विग्री त्यो तारको पातले काटा काट गरी आपसमा लड्न लागे कृष्ण वलरामले मनाई गर्दा पनि उहाँहरूलाई नै मार्न आई लागे तव दुवै भाई रिसाई सो तारका पातले सवैलाई मारी ब्रह्म श्राप मोहित यादव यसरी क्षय भयो। वलरामले योगद्वारा मनुष्य देह छाड्नु भयो। श्रीकृष्ण पनि पीपलको आश्रममा मौन भै चतुर्भुज रूप धारण गरी वस्नु भएको अवस्थामा जरा नाम व्याधाले उहाँको चरणलाई मृग सम्झि त्यो मुसलको शेष टुक्रा वाणले ताकी हानेको थियो, त्यो व्याधा स्वर्गबाट भग-वान्को ईच्छाले वालीको छोरा अंगद व्याधाको रूप भै आएको हो। वाणले हान्दी वावुको ऋणवाट मुक्त भयो।

तात्पर्य— श्री राम अवतारमा वालीलाई मारी छोरा अंगदले वाप वैरी साधन गर्न पाउँ भन्दा द्वापर युगमा पाउने छौ भनेकोले यो कार्य भएको हो।

त्यो व्याधा कृष्णको नजिक आई मैले जानेन हे प्रभु! ठूलो अपराध गरेछु क्षमा पाउँ म पापीलाई तुरुन्तै मार्नु होस् भनी भनेछ। कृष्णजीले तिमीले भय मान्नु पर्दैन मेरै ईच्छाले गरेको हो, अव तिमी स्वर्ग जाउ भने बमोजिम स्वर्ग गए। अनि दारूक सारथी-लाई तिमी द्वारिकामा गई अव द्वारका शहर समुन्द्रमा डुव्नेछ, त्यहा सवैले नवसी मेरो आमा वावु सहित अर्जुनले रक्षा गरेको ईन्द्रप्रस्थ जानु भनी अह्राई श्रीकृष्णले आफुलाई आफैमा संयुक्त गरी समाधी गरी सदेह परम धाम वैकुण्ठमा जानुभयो। श्रीकृष्णको पछि पछि भूमिवाट सत्य, धर्म, किर्ति र लक्ष्मी सवै गए। दारूक शारथी द्वारकामा पुगी यादवको नाश कृष्णजीले छाड्नु भएको सवै वृत्तान्त सुनाए— त्यो सुनी देवकी— रोहीणी— वशुदेव मुर्छा भै प्राण छाड्नुभयो, रुक्मिणी आदी पटरानी कृष्ण मय भै अग्निमा प्रवेश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भए, अर्जुन आफ्नु प्रिय कृष्णको विरहले आकूल भए पनि गीताको उपदेश स्मरणले–धैर्य गरी उहाँहरूको तर्पण आदी कार्य गर्नुभयो । हे परिक्षित ! त्यसपछि श्रीकृष्ण भगवान्को मन्दिर बाहेक अरू द्वारका समुन्द्रले डुवाई दियो, बाँकी बचेका स्त्री बालक वृद्ध अर्जुनले लिई ईन्द्रप्रष्ठमा आए वज्रनाभलाई अभिशेषग र्नुभयो, हे परिक्षित तिम्रो बाबु अर्जुनको मुखबाट यस्तो सुनी तिमीलाई राज्य दिई पाण्ठवहरू महा प्रस्थानमा गए । यो भगवान्को चरित्र जो सुन्ला, भन्ला त्यसलाई श्रीकृष्णको भक्ति प्राप्त हुन्छ भन्ने समेत इत्यादि ।

द्वादश स्कन्ध

श्रीकृष्ण परमधाम भएपछि यो पृथ्वीमा राज्य चलाउने वंश र राजाहरू वृत्तान्त सुनाउनु भई अन्त्यमा भूत नन्दादीले राज्य भोग गरी त्यसपछि म्लेच्छादी राजा भै परस्परक्लेस राजाहरूको दुष्ट कर्मले दु:ख पाई संसार क्षय हुनेछ भनी कलिको वर्णन त्यो कलिको प्रभावले धर्म, सत्य, शौच, क्षमा, दया, आयुर्वल स्मरण शक्ति आदी घट्दै जान्छ, सङ्ग्रन्थ लुप्त भै अनेक प्रकारको संप्रदाय प्रकट हुन्छ, अर्काको गुणमा खोट लगाउने धेरै हुन्छ, सच्चा गुणी कमै हुन्छ । सुख शान्ति कसैले पाउदैन, जो धनवाण छ, त्यही वलवान् गुणी र बुद्धिमान कहलाउँछ, त्यसैले सबैलाई जित्दछ । विवाह युवक युवतीहरूको रूचीबाट हुन्छ । स्त्री पुरूषको आधार रती मात्र हुन्छ, विधि विधान अनावश्यक सम्झने छ । तीर्थ गङ्गा, मातापिता हेला हुन्छ । स्त्री वश मै सासु ससुरा प्यारा हुन्छ । लामा वाल राख्नु सौन्दर्य सम्झनेछ । जीवनको सार पुरूशार्थ, आफ्नु पेट भर्ने हुन्छ, जो वलवान छ, उही राजा हुनेछ । लोभी लुटेराको सम्मान हुनेछ, कहिले वर्षा नभई सुखा, कहिले ठूलो वर्षा भई उत्पात हुन्छ, आपसमा झगडा हुन्छ, रोगवाट छुट्टी पाउँदैन । चोरी झुठ्ठा हिंसा नाना गरि जीविका गर्ने हुन्छ । सन्यासी आदी गृहस्थी गरी रहन्छ, ब्राह्मणमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खाली जनै मात्र हुन्छ। न्याय पात्रले धन लिई निर्धनीलाई हराई दिन्छ, धेरै बोल्न सक्ने पण्डित भनिन्छ। धर्म भनेको यस पाउनाको निमित्त मात्र हुन्छ। मनुष्यको थोरै आयु हुन्छ, तैपनि कल्पान्तमा पनि नष्ट हुँदैन भन्ने जस्तो सम्झी गुमान गर्छ, मानिसहरू साना हुन्छ, गृहस्थीको घरमा धर्म कर्म शून्य हुन्छ। तव धर्मको रक्षा निमित्त भगवान् विष्णु ब्राह्मणको घर्मा कलंकीको अवतार धारण गर्नुभएपछि देवताहरूले देवदत्त नाम घोडा लिई आउँछ, त्यस घोडामा चढी खड्ग लिई दुष्टलाई मार्नु हुन्छ, त्यो कलंकी भगवान् प्रकट भै दुष्ट नास भएपछि सत्ययुग भै सन्तानहरू सात्विक हुन्छ। जव चन्द्र–सूर्य, वृहस्पति पुष्य नक्षत्रको योग गरी एउटै राशीमा आउँछन्, तव सत्ययुग हुन्छ, पृथ्वीले पनि पृथु, पुररवा, नहुष, भरत, मान्धाता, सगर, राम खड्वाङ्ग, रघु, ययाती, सन्तनु, भगिरथ, हिरण्य-कष्यपु, रावण र यस्तै धेरै राजाहरू सबै भन्दछन्, मैले सुर शक्तिशाली सबैलाई जिते, तर मृत्युको वशमा परे काललाई जित्न सकेन भन्दछन्, सबैले पृथ्वी मेरो भने– आखिर त्यो भूपति सबै कालले नास गरी उहाँहरूको कहानी मात्र बाँकी रह्यो भन्नुहुन्छ। तब परि-क्षितले यो कलि युगमा दोष मात्रै देख्दछु, त्यो दोष कसरी नास गर्ने भनी सोद्धा शुकदेव स्वामी भन्नुहुन्छ– सत्ययुगमा भगवान्को ध्यान–तप, त्रेतामा यज्ञ, द्वापरमा पूजा सेवा, गर्नाले भगवान् प्राप्त हुन्छ। कलियुगमा अधर्मको चारचरण–असत्य, हिंसा, असंतोष, कुठ द्वेष अत्यंन्त वढ्दछ। धर्मको चारचरण, सत्य, तप दया–दान क्षीण हुन लाग्दछ, तव मानिस लोभी दुराचारी कठोर हृदय हुन्छ, पाखण्डीहरू वेदको अनेक अर्थ लगाई कलंकीत गर्ने हुन्छ, ब्रह्मचारी अपवित्र हुन्छ, सन्तान धेरै हुनेछ, व्यापारीको हृदय अत्यन्त छोटो हुन्छ, गाईले दूध दिन छाडेपछि तिनलाई छाडीदिन्छ, माता–पिता वन्धुहरूलाई छोडी साला–सालीहरुसंग सल्लाह गर्दछ। शुद्र तपस्वी वनी दान लिन लाग्छ। हे परि-क्षित! यो युगमा दुर्भिक्षका वृद्धिले प्रजामा चित्त मात्र बाँकी रहन्छ। दुई हात जमीन पनि नपाइने हुन्छ, बाबु छोरा आपसमा अलग–अलग बस्ने हुन्छ। पाखण्डीले गर्दा भग-वान्को पुजा पनि नगर्ने हुन्छ, यो सबै अन्तकरणको प्रभाव हो, तर भगवान्को नाम श्रवण, कृतन, ध्यान, पूजा, आदिले मनुष्यको हृदयमा भगवान् विराजमान हुन्छ, सो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विराजमान हुनुभयो भने यो सबै दोष नष्ट हुन्छ। हे परिक्षित ! अब तिम्रो मृत्युको समय आयो सावधान होउ। भगवान् कृष्णलाई हृदयमा राखी ध्यान गर, भगवान् आफ्नु ध्यान गर्नेको आफ्ना स्वरूपमा लिन गर्नुहुन्छ, यो कलिमा धेरै दोष छन् र यी दोषबाट वच्ने एउटा ठूलो उपाय यो छ कि कलीयुगमा सिर्फ भगवान् कृष्णको संकृतनले मात्र ती परमात्मा प्राप्त हुन्छन्। अब कल्प र चार प्रकारको प्रलय सुन– नित्य प्रलय भनेको नित्य सयन हो। नैमितिक प्रलय भनेको– सारा विश्व आफ्नु उदरभित्र राखी ब्रह्मा र शेष शायी भगवान् शयन गर्नुहुन्छ, यो ब्रह्माको रात हो। प्राकृतिक प्रलय भनेको– ब्रह्माको आयु पुगेपछि सय बर्षसम्म वर्षा हुँदैन र सारा प्रजा रहँदैन, अनि सङ्कर्षण भगवान्ले सबै लोक भष्म गरी सुर्यको तेजले सयौं बर्षसम्म सारा जलाउँछ, अनि सयौं वर्षसम्म वर्षा भै सारा संसार समुद्र जस्तो हुन्छ र महतत्व लगायत सबै ग्रास हुन्छ, अनि प्रकृति मात्र शेष रहन्छ, अरू केही रहदैंन, त्यस वखत पुरुष प्रकृति दुवै आफ्ना मूल स्वरूपमा लिन हुन्छ। आत्यन्तिक प्रलय भनेको– मोक्षको स्वरूप हो, त्यो पुरूषलाई आत्माको उपाधि अहंकारहरू सबै नष्ट भै आफ्नो ब्रह्म स्वरूप साक्षात्कार हुन्छ, तव त्यो ब्रह्म स्वरूपै भएकालाई यो माया प्रकृतिको प्रलयहरूको कुनै महत्व नभई त्यो मायाबाट मुक्त भै ब्रह्ममै लिन हुने हो। हे कुरू श्रेष्ठ ! मैले यो जो भने त्यो सबै उनै नारायणको लिला, कथा, भागवत्, महापुराण हो, भगवान्को पूर्ण वर्णन ब्रह्मा पनि गर्न सक्नुहुन्न। हे परिक्षित ! सर्पले डशी मर्छु भन्ने काल देखि नडराउ, त्यसलाई पनि खिच्ने त्यही भगवान् हो। जन्मेपछि मर्नुपर्छ, यो जन्मै स्वप्नाजस्तै हो, त्यो तक्षकले आत्मालाई केही गर्न सक्तैन, यो अनित्य शरीरलाई मात्र डस्ने हो, त्यस कारण आफूले आफैलाई ध्यान गरी भगवान्को स्मरण गर्नु भन्ने समेत ईत्यादी वताई अव केही कुरा सोध्ने ईच्छा भए भन्नुहोस् भनी श्री शुकदेवले परिक्षितलाई सम्झाए, अनि परिक्षितले मेरो भाग्यले भगवान्को गुणानुवाद यो भागवत् हजुरको मुखारविन्दुबाट सुन्न पाउँदा म वहुतै कृत कृत्य भएँ, हजुरलाई वारम्वार नमस्कार छ, मलाई तक्षकले डसी मार्नेमा कत्ति पनि डर छैन संसार छाड्नमा तयार भएको छु भनी श्री शुकदेव स्वामीलाई प्रणाम दण्डवत गरी विदा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिनु भयो र उहाँ जानु भयो ।

सुतजी भन्नु हुन्छ– हे शौनकादी ऋषिगण हो, अनि राजा परिक्षितले गंगाको किनारमा कुशको आशनमा वसी आफ्नु आत्मा परमात्मामा राखी समाधी अवस्थामा प्राप्त हुनुभयो । राजालाई मार्न भनी ब्राह्मण रूप गरी तक्षक जाँदा राजालाई बचाउन आएका सर्प विष चिकित्सक कश्यपजीलाई भेट भयो र यो ऋषिको श्राप विफल हुन सक्तैन भन्ने समेत वातचित गरी कश्यपलाई फर्काई राजा कहाँ गई डसी खरानी गरी दिए । राजा परिक्षित परम गतीमा जानुभयो । छोरा जन्मय जय राजा भई उहाँले रीसाई सर्प हुती यज्ञ गरी थेरै सर्प नाश गरे, तक्षक ईन्द्रको सिंहाशनमा शरण लिई वसेकोले सिंहाशन समेत इन्द्र र तक्षक आए, तव देवगुरू बृहस्पतिले सम्झाई यज्ञ वन्द गरे । हे द्विजोत्तम ! यो संसार यस्तै अनित्य छ । उनै भगवान् कृष्ण कै ध्यानले मैले यो पुराण अध्ययन गरेको हुँ। उहाँलाई वारम्बार नमस्कार गरी यो पुराण समाप्त गरे भनी सुतजीले भन्नु हुँदा शौनकादीहरूले हे सर्वज्ञ मुनी ! अव हामीलाई वेद विभाजनको कुरा वताउनु होस् भन्दा ब्रह्माजी सृष्टिको निमित्त एक चित्त भई रहेका वखत अनाहतवाट नाद प्रकट भई त्यसै अनाहत नादवाट– अ. उ. म्. कार ॐकार प्रकट भै त्यसैको शक्तिले नै प्रकृति अव्यक्तवाट व्यक्तरूप हुन आइन, त्यो ॐकार परमात्मा हृदयाकाशमा प्रकट भई वेदवाणी हुन्छ– ॐकार पर ब्रह्मको साक्षात वाचक र सम्पूर्ण मन्त्र उपनिषद, वेदको, सनातन वीज हो । त्यसैवाट ब्रह्माजीले अन्तस्थ–य. व. र. ल. उष्म–श. ष. स. ह. स्वर– व. देखि औतक– स्पर्श– क. देखि म तक्क ह्रस्व– दीर्घ ईत्यादी गरी वर्णमाला रचना गर्नु भई त्यहीद्वारा वेद प्रकट गर्नु भई आश्रम धर्मको हितका लागि १ वेदलाई ४ वेद गर्नु भयो भन्ने वेदको र त्यसको शाखा १८ पुराण हुन भन्ने समेत वताउनु भई फेरी शनकादीले भगवान्को माया मार्कण्डे ऋषिले कसरी देख्यो भन्दा उहाँले तपस्या गरि नरनारायणको दर्शन पाई स्तुती गर्दा खुशी भई वर माग भन्दा भगवान्को माया देख्न ईच्छा छ भन्दा हुन्छ देखाउँछु भन्नु भई एक दिन नदिका किनारामा मार्कण्डे सन्ध्या गर्न लाग्दा मुसल धारा यै पानी वर्षी पृथ्वी ढाकी जमीन कहीं नहुँदा पानीमा पौड्न लाग्नुभयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिशा विदिशाको थाहा समेत भएन, जल जन्तुले टोकीं दुःख दिए, यस्तै आपद दुःखले १० हजार व्रर्ष पौडी खेली सकेपछि वरको रूख देखि त्यहाँ जाँदा त्यसको पातमा सानु नङ्गा बालक श्याम वर्ण भएको गोडाको बुढी औंला चुसिरहेको देखियो र त्यसको श्वास-द्वारा ऋषिलाई भित्र पेटमा पुऱ्यायो, त्यस भित्र आकाश जमीन देवता राक्षस ईत्यादी तीन त्रिभुवन र आफ्नु आश्रम पुष्प भद्रा नदी लगायत सबै देखें फेरी सास फेर्दा वाहिर निस्की आफू अघि बसेकै ठाउँमा अघि बसे झैं देखियो अघिको आश्चर्य केही पनि देखि-एन यस्तो मायाको विचित्र लिला ऋषिलाई देखाउनुभयो। त्यस्तै मायाको सम्वन्धवाट यो संसार खडा भएको हो भनी श्री नारायणको महीना-महीनको वर्णन वैशाख मधुसुदन नाम विष्णु, यस्तै जेष्ठ देखि चैतसम्म क्रमैसंग त्रिविक्रम, वामन, श्रीधर, ऋषिकेश, पद्म-नाभ, दामोदर, केशव, नारायण, माधव, गोविन्द, वसन्त हुन भनी वताउनु भयो भन्ने समेत ईत्यादी व्याख्या गर्नुभई मैले यहाँसम्म ईश्वरको लिला अवतारहरू सबै बताए भनी सुतजी फेरि भन्नु हुन्छ– यस भागवत्मा भगवान्को लिला अवतारहरूको यस गाएको छ, लड्दा–पड्दा–उठ्दा या विपती परेका वखत ठूलो स्वरले–हरयनमः भनी भगवान्को नाम जसले उच्चारण गरि त्यो हरिलाई संझिन्छ, त्यसको सबै दुःख ताप हर्दछ र जसले उहाँको कृतन र गुण गाउँछ, त्यसको चित्तमा भगवान् प्रवेश भै सवै पापहरूलाई छुटाई दिनुहुन्छ, यसमा संपूर्ण वेदको सार ईश्वर जीवलाई एकता देखाउने मुख्य मोक्ष छ। जसमा भगवान्को नाम गुणानुवाद उहाँको वर्णन छ, त्यही वाणी सत्य मंगल रूप पवित्र गर्ने हुन्छ र यसैमा साधुजन रमण गर्दछन् जुन वाणीमा हरिको यस गाएको छैन त्यसमा संजुष्ट हुँदैन। वर्णासिर्मको आचार तप वेदाध्यायन आदीमा वडो परिश्रम छन् र हरिको कथन श्रवणादी उहाँको भक्तिले अन्तकरण शुद्ध भै परमात्मामा भक्ति बढ्दै ज्ञान विज्ञान वैराग्यलाई उब्जाउँछ यस्तो सवैमा व्याप्त ज्ञान मात्र स्वरूप भगवान्लाई वारम्बार प्रणाम गर्दछु।

जुन मानिस श्रद्धापूर्वक एक चित्त भई सँधै यो महात्मा कथा यो संक्षेप भाग-वत् तथा श्रीमद्भागवत् एक छिन मात्र भए पनि सुन्दछ वा भन्दछ भने त्यो प्राणी आफै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफ पवित्र हुन्छ र संपूर्ण पापवाट मुक्त भै परम गतीको प्राप्त हुन्छ । वेद पढ्नाले मह, घ्यू, दूधको नदि दान गर्नाले हुन्छ, जो फल प्राप्त हुन्छ त्यो सबै फल यस महापुराण पाठ गर्नाले हुन्छ, कलिको मल पापलाई ध्वंश गर्ने श्री वासुदेवको यसप्रकारको वर्णन अरू शास्त्रमा गायको छैन । यसमा भगवान्को चरित्र नै गाइएकोले यस पुराणलाई महापुराण भनिएको छ । यस्तो सबै पापको नाश गर्ने श्रीकृष्ण चन्द्रलाई नमस्कार छभन्ने समेत वताउनुभयो । यो परमात्मा भगवान्को आफ्नु आत्मा सुखले नै तृप्त भै अरूमा भाव नराख्ने भएका जसको आफ्नो मन परमात्मा नारायणको सुन्दर लिलामा आकर्षित परमात्माको तत्वको प्रकाशक यो पुराण संसारको उपकारको निमित्त प्रकट गर्नु भएका ब्यास तथा शुकदेव सुत– शनकादी ऋषिहरूलाई प्रणाम गर्दछु ।

ईति श्री मद्भागवत् महापुराणे द्वादश स्कन्धे द्वादश कन्धार्थं
संग्रहोनाम द्वादशाध्याय संक्षेप वर्णनम् समाप्त ।

श्री मद्भागवत् महात्म्यम् द्वितीय वैष्णव खण्ड

एकदिन परिक्षितले मथुराको राजा वज्रनामसंग भेटी तपाइँको वाजे कृष्णले मेरो वाजेहरूलाइ ठूलो संकटवाट त्यत्रो संग्राममा बचाई विजय प्राप्त गराउनुभयो, त्यसैले मैले राज्य शासन पाइरहेछु, त्यसको वदला केही गर्न सकिएन, तर तपाइंको सेना खजानाहरू कुनै कम भयो वा शत्रुहरूले दवाएर दु:ख पर्न आए मलाई खबर दिनुहोस् । त्यो सबै म टारी दिन्छु भन्दा यो मथुराका प्रजा कहाँ गए थाहा छैन प्रजा विना राज्यको के सुख भन्नुभयो अनि प्ररिक्षितले पहिले देखिको नन्द गोपहरूको पुरोहित महर्षि सान्दिलवसंग सोद्धा यो मथुरा ब्रजधाम श्रीकृष्णको निवास्थान हो, भगवान्को लिला दुई प्रकारको छ एक वास्तविक दोस्रो जीवको सामुन्ने कुरुवंशका वीरहरू नाश गरी केही पृथ्वीको भारहलुका भयो अब यदुवंशी पनि त्यस्तै वीर छन्, यिनलाई पनि नाश नगरूता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यिनीद्वारा पनि पृथ्वीलाई वोझ हुन जाला भन्ने विचारले श्रीकृष्णबाटै ब्राह्मणाको श्रापले उत्पन्न मुसललाई निमित्त बनाई यदुकूलका सबै आफै आफ लडन्त गरी नाश भएको यो व्यावहारिक हो यसको वास्तविक लिला त्यो यदुकुलमा पहिले नै स्वर्गका देवताहरू श्री कृष्णको लिला हेर्न उहाँका प्रेमले जन्म लिन आएका जो छन् तिनीहरूलाई स्वर्ग पुऱ्याउन त्यो नाशको लिला गर्नु भएको हो । जो गोपीनीहरू अर्जुनले लिई आउँदा भिल्लहरूले हरणा गरेको छ, त्यो व्यावहारिक हो वास्तविक लिला त्यो गोपीनीहरू भगवान्‌को भक्त ऋषि मुनीहरूले रामावतारमा उहाँको रूप देखि मोह भै अङ्कमाल गर्न पाउँ भन्दा स्त्री रूप लिएर मेरो कृष्णावतारमा गोपीनी भै आलिङ्गन गर्न पाउने छन् भनि वरदान दिनु भएकोले उहाँको साथ साथै लिला निमित्त गोपीनीहरूको रूपमा आएका थिए, त्यो हरणा गर्ने भिल्लहरूलाई हामी गङ्गा स्नान गरि आउँछु भनि सो स्नान गरी माथि आउँदा सबै ऋषि मुनि भएको देखि भिल्लहरू छक्क परे फेरि जो भगवान् पाउन ईच्छा गर्नेलाई उहाँको अन्तरंग पार्शदमा मिलाउनुभयों जो नित्य पार्शदछन् तिनीहरू यहाँ गुप्त रूपले भगवान्‌को कीर्टन लिलामा वसिरहें कै छन् । त्यसकारण यहाँ शून्य देखिएको हो, अब श्रीकृष्णबाट अघि जहाँजहाँ जस्तो लिला गर्नु भएको छ सोही मुताविक त्यहाँ गाउँ वसाई भगवान्‌को किर्तन लिला गराउनु अनि यहाँ जुल्जार हुन्छ भन्नु भए मुताविक गर्नु भयो र परिक्षितले पनि आफ्नो राज्यबाट हजारौं सेठहरूलाई पठाई त्यो राज्य गुल्जार हुँदै आयो ।

श्रीकृष्णको १६ हजार रानीले कृष्णकी चतुर्थ रानी कालिन्दी (यमुनाजी)लाई हामी सबै कृष्णकी पत्नी हौं भगवान् कृष्ण आफ्नो धाममा पाल्नु भएकोले ह्रामीलाई विरहले जलाएको छ तिमीलाई विरह कति पनि छैन किन यसो भो भन्दा यमुनाजी भन्नु हुन्छ आफ्नो आत्मामा रमन गर्ने हुंदा श्रीकृष्ण आत्माराम हुन् उहाँकै ध्यानमा हुंदा मलाई विरहले छुन सक्तैन कृष्ण र राधा मेरो सधैं सन्मुखमा छन् राधाको स्वरूपमा कै श्री कृष्ण अरू सबै रानीमा पनि संयोग प्राप्ति छ । तिमीहरु पनि कृष्णसंग वियोग छैनौ यो रहस्य थाहा नपाई विरह लागेको हो, अब उद्धवजी वृन्दावनमा आई भागवत् पुराण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्नेछ, त्यसैबाट सबैको हृदयमा भगवान् वसेको छ भनी जानि उहाँकै ध्यान गर्नु, तपाईँहरूको विरह छुट्टिने छ भने मुताविक उद्धवजीले सो भागवत्द्वारा भगवान् सबैमा विराजमान छ भन्ने ईत्यादि सुनाउनु भै सोही मुताविक भगवान् हामीसंग साथै छ भन्ने सम्झी उहाँकै ध्यानमा लागि ती १६ हजार रानीले आफ्नु विरहलाई शान्ति गरायो भन्ने समेत ईत्यादि।

यो भागवत् ३ प्रकारबाट बुझाएको पनि रहेछ (१) शुष्म भागवत् भगवान्बाट ब्रह्माजीलाई भन्नुभएको चतुश्लोकी भागवत् (२) मध्यम भागवत् मैत्रयीजीले विदूरजी-लाई भन्नुभएको (३) स्थुल भागवत् वाह्रै स्कन्ध, अठार हजार श्लोकको रहेछ।

भागवत् पाठ चतुःश्लोकी भागवत

श्री भगवानुवाच

ज्ञानं परम गुह्यम् मे यद्विज्ञान समन्वितम्।
सरहस्यं तडङ्गच गृहाण गडितं मया॥
यावानहं यथा भावो यद्‍रूप गुणकर्मकः।
तथैव तत्वविज्ञान मस्तुते मडनु ग्रहात्॥
अहमे वा समेवाग्रे नान्य द्यत्सड्सतपरम्।
पश्चाडहं यडेतच्च योऽव शिष्येत सोऽस्म्यहम॥
ऋतेऽर्थम् यत्प्रतीयेतः न प्रतीयेत चात्मनी।
तद्विद्या डात्मनो मायांयथा भासो यथातमः॥
यथा महान्ती भुतानी भुतेपुच्चा वचेष्वनु।
प्रविष्टान्य प्रविष्टानी तथा तेपु न तेष्वहम्॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एताव देव जिज्ञाष्यं तत्व.जिज्ञा सुनात्मनः ।
अन्वय व्यतिरे काभ्यां यत्स्यात् सर्वत्र सर्वदा ।।
ए तन्मतं समातिष्ठ परमेण समाधिना ।
भवान्कल्प विकल्पेषु नवीमुह्यति कर्हिचित् ।।

ईतिश्री चतुः श्लोकी भागवतम् समाप्तम् शुभम् ।

श्री भगवान् विष्णुको नाम स्मरण तथा पूजा

हरि ॐ तत्सत्

ॐ विष्णवे नमः
ॐ महाविष्णवे नमः
ॐ कृष्णाय नमः
ॐ केशवाय नमः
ॐ रामाय नमः
ॐ पुरुषोत्तमाय नमः
ॐ वामनाय नमः
ॐ श्रीकण्ठाय नमः
ॐ नारायणाय नमः
ॐ अनिरूद्धाय नमः
ॐ वासुदेवाय नमः
ॐ अनन्ताय नमः
ॐ प्रद्युम्नाय नमः
ॐ अघार्डनाय नमः
ॐ जनार्दनाय नमः
ॐ दामोदराय नमः
ॐ श्रीपतय नमः

ॐ जिष्णवे नमः
ॐ ॐ हरये नमः
ॐ सद्यो जाताय नमः
ॐ माधवाय नमः
ॐ अच्युताय नमः
ॐ गोविन्दाय नमः
ॐ श्रीशङ्कर्षणाय नमः
ॐ विश्वसाक्षिणे नमः
ॐ मधुरीपवे नमः
ॐ त्रिविक्रमाय नमः
ॐ जगद्योनय नमः
ॐ शेषशायीने नमः
ॐ दैत्यारय नमः
ॐ विश्वतोमुखाय नमः
ॐ धरावासाय नमः
ॐ मर्दनाय नमः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्य ज्ञान तथा भगवन् लीला

जुन भगवान्‌ले अनगिन्ती स्थूल शुष्म रूपहरू सृष्टि गराई हरेक रूप आकारमा आफु भगवान् दुई विभाग भै जिव (आत्मा) ईश्वर (परमात्मा) भन्ने नाम राखी प्रवेश भै सो प्रवेश भएपछि मात्र त्यो आकार रूप शचैतन्य हुन्छ र तव जिव भनाई हुन्छ जुन जिव प्रवेश नभै चैतण्य हुँदैन । त्यो भगवान्‌को मुख्य दुई रूपमा एक शगुण शाकार रूप शंख, चक्र, गदा, पद्म धारी विष्णु तथा रामकृष्ण र अन्य अवतार हुन् । अर्को निर्गुण निराकार रूप (कुनै आकार) नभएको मन, वुद्धि, चित्तवाट भक्ति तथा ज्ञान भए मात्र जानिने आदि अन्त्य रहित (पहिले र अन्त्य समेत नभएको) प्रकृति (माया)देखि पर रहेका जुन मायाको सत्व, रज, तम, गुणवाट रहित हुनाले निर्गुणा र अनन्त हुनुहुन्छ । गुणको अन्नत नमिल्नाले जसलाई अनन्त भनेको छ, मायाको कुनै रञ्जनमा नपरेकाले निरञ्जन छ, सोही परमात्मा ब्रह्म हुन् । उहाँ संसारमा व्याप्त भै सृष्टि र नाश लगायत सवै काम त्यो परमात्मावाटै प्रकृतिद्वारा चलेको छ तर उहाँबाट नभएको जस्तो देखिन्छ र उहाँ यो सवै प्रपञ्चबाट छुट्टा रहनु भएको पनि छ, त्यो परमात्माको सच्चिदानन्द स्वरूपिणी मुल प्रकृति उत्पत्ति हुने स्थान योनी हुन् त्यसमा त्यो ब्रह्मको (छायाँप्रति विम्ब विर्य) पर्न जान्छ अनि त्यो प्रकृतिवाट सत्व, रज, तम ३ गुण उत्पत्ति भै त्यसवाट रजोगुण ब्रह्माले लिई संसारको उत्पत्ति (सृष्टि) सत्वगुण विष्णुले लिई प्रवृत्ति (पालन) तमोगुण शिवले लिई संहार (नाश) कर्ता हुनुभयो । योनी भनेकै उत्तपत्ति हुने स्थान हो ।

पृथ्वीलाई भार भै रावणादि र कंशादिलाई मार्न देवताले परब्रह्मको प्रार्थना गरेपछि त्यही प्रभुको ब्रह्मस्वरूपवाट शाकार रूपमा मनुष्यको अवतार भै पृथ्वीको भार उतारि सोही ब्रह्ममै जानुभएका श्री राम र श्री कृष्ण साक्षात् परब्रह्म हुनुहुन्छ ।

रमन्ते योगिनो यस्मिन्नितिति राम–जसमा योगीजनहरू रमाउँछन् ती राम हुन् ।

रा. शब्दो, विश्ववचनो मश्चापी स्वर वाचक–रा. शब्द संसार हो, त्यसको मालिक म. शब्द को अर्थात् राम संसार हो मालिक हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राम एवं परं ब्रह्म, राम एवं परंतप, राम एवं परं तत्व, श्रीरामो ब्रह्म तारकम्-यस्तो प्रभुको पाउरूपी डुङ्गाबाट संसार पार हुन सक्दछ, त्यो अनादी रामकृष्ण नाम परमात्मालाई नमस्कार छ।

श्री गणेशको सगुण स्वरूपमा शिव–पार्वती पुत्र हुनुहुन्छ, तर उहाँ अनादी ब्रह्म-भएकोले शिव-पार्वतीको विवाहमा गणेशजीको पूजा भएको छ र जुन पूजामा पनि पहिले उहाँको पूजा गर्नें शिव-पार्वती देवताहरूको वरदान र हरेक मङ्गलिक कर्ममा पनि उहाँको पूजा स्मरणले मात्र निर्विघ्न पूर्वक कार्य सिद्धि हुन्छ र हरेक पुस्तकमा पनि पहिले उहाँकै नाम लेखिन्छ, यो सर्वत्र प्रसिद्धै छ। फेरि पार्वतीले पुत्र पाउँ भनी श्रीकृष्णसंग वरदान माग्दा तपाइँको पुत्र म हुनेछु भनी श्रीकृष्ण, पार्वती पुत्र गणेश हुनुभएको हो।

श्री शंकरजी संसारको सार प्राणी मात्रको हृदयमा सँधै वास गरी बक्सिएको ब्रह्म होइबक्सिन्छ। संसारको कार्यकारण सबै उहाँ मानै अट्टाएको छ। श्री सूर्यनारा-यण साक्षात् प्रत्यक्ष देव ब्रह्म हुन्, उहाँ उदाउने बेला ब्रह्मस्वरूप, मध्याह्नमा महेश्वर, अस्ताउने बेलामा विष्णु स्वरूप स्वयं तिन मूर्ति हुनुहुन्छ। श्री देवी दुर्गा भगवती चैतण्य स्वरूपले सम्पूर्ण जगत्मा व्यापक जगत्कि मूर्ति ब्रह्म स्वरूपीणी हुन्। यी सच्चिदानन्द स्वरूपीणी देवी पहिले सतीदेवी र पछि पार्वती नामले प्रख्यात भएकी छन्। मधुकैटभ दैत्यलाइ उहाँ माहांमायाकै अनुग्रहबाट श्री विष्णुले मार्नुभयो। सबै देवताको शरीरबाट निस्केको तेज जम्मा भै श्री भगवतीको एक स्वरूप खडा भै उहाँले महिसासुरलाई मार्नु भयो। सबै देवताको १।१ अंशबाट ब्राह्मी,माहेश्वरी, कौमारी, वैष्णवि, वाराही,चामुण्डा, ईन्द्राणी आदी अष्टमातृका अवतार लिई देवी अम्बिकालाई सहायतादि धुम्रलोचन, चण्ड-मुण्ड, रक्तविज र निशुम्भलाई मारि सकेपछि, राजा शुम्भले तिमी अर्काको सहायता लिई लड्दीरहिछौ भन्यो, अनि भगवतीले यो संसारमा म एउटी देखि वाहेक अरु को देखिस्, यी सबै मेरै विभूति हो, यी सबै मेरै शरीरमा लीन हुन्छ भनी अष्टमातृका सबै भगवतीको शरीरमा लीन भए अनि एक्लै लडेर शुम्भलाई मार्नुभयो। यो सप्तसती चण्डीको केही व्याख्या।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परब्रह्म कारणरूप र प्रकृति (माया) कार्यरूप र परब्रह्मको शक्ति हुन्, शक्ति नभै कुनै काम चल्दैन, यसैले शक्तिको प्रथमगणना छ। जस्तै– माया, ब्रह्म, लक्ष्मी-नारायण, सीता-राम, राधा-कृष्ण, गौरी-शंकर, उमा-महेश्वर, सिद्धि-गणेश। हाम्रो गृहस्थमा पनि श्रीमती-श्रीमान त्यो श्रीमती छ छैन र कुनै काम कुरा निमित्त यसको शक्तिको तागत छ भन्ना निमित्त पनि तिम्रो शक्ति छ भन्दछन्।

मोक्षको ईच्छा वालाले विषयलाई त्यागी अलग्गै हुनु यसको उपाय यही हो, यसको केही अनुभव गरी हेर्नु कत्तिको शान्ति र भगवान्मा प्रेम हुन्छ त्यो अनुभव वाला नै जानुन्, तर अन्तरजोगी हुन सके। जोगी हुनु र आफ्नु पेशा र घरवार छाड्नुपर्दैन, ज्ञान र भक्तिमा लागि पाप र लोभलाई छाडी (अनासक्त)ले कर्म गरी घरमा पाहुना जस्तो भै बस्नु बहिर जोगी हुनु हुँदैन। कलिमा यो निशेध पनि छ, त्यो धर्म र कर्म नगरी योग र ज्ञान भक्तिमा चढ्न पनि सक्तैन। धर्म र दान भनेकै ब्राह्मणद्वारा हुनुपर्ने कर्मकाण्डको दान वाहेक दिन दुःखी उपर दया, कृपा र भोकालाई ख्वाउनु र नाङ्गालाई वस्त्र दिनु र परोपकार निमित्त शरीर, धन र बचनले हुनेसम्म गर्नु र हिंसा, चोरी व्यभिचार नगर्नु र असत्य नवोल्नु, लागू पदार्थ सेवन नगर्नु यस्तै दुर्गुण हटाई सद्गुणी हुनु ईत्यादि। ब्रह्म सत्य जगत् झुट्टा हो भनी बोल्दैमा र ज्ञान प्राप्त भयो भन्दैमा हुने होइन। यो कुरा मस्तिकमा राखेर हृदयवाट दुर्गुण हटाएर सद्गुणी हुनुपर्छ। जस्तै– भोक लाग्यो मिठाई सम्झेर हुने होइन, त्यो मिठाई खानै पर्छ। जति धनीमानी देखिएका छन् तो सबै आफ्नु कर्म र भाग्य अनुसारको हो, मरिमेटे पनि आफ्नु कर्म र भाग्य देखि बढ्ता मिल्दैन तर आफ्नु पेशा जस्तो होस्, त्यो छोड्न र सफल भएन भनी दुःख मान्नु हुँदैन, हामी ईश्वराधिन छौं, उहाँले जे गर्नु हुन्छ भनी उहाँकै भरोसामा अनासक्त भै उद्योग गर्नु सफल हुन सक्दछ। विद्या पढ्ने, उद्योग गर्नेमा म आज हों कि भोलि हो भनी कालको डर लिई हरेश नखानु। धर्मकर्म गर्न र ज्ञानी र भक्ति हुनालाई भने त्यो कालको डर लिई तुरुन्तै गर्नु, ज्ञानी हुनु र भक्तिमा लाग्नालाई कुनै मिहिनेत छैन, खाली मन चित्तले विचार गरे पुग्छ। स-काम कर्मलाई त्यत्तिको निन्दित गर्न पनि हुंदैन, किन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कि त्यो कर्मले आफ्नु सकाम सफल भएमा उसलाई विश्वास हुँदै गई निस्काम पट्टि पनि लाग्न शक्तछ, हाम्रो शरीरको मन, वचन प्राण र ईन्द्रिय सबै ब्रह्म सत्तावाट घडीको पुर्जा जस्तै चलेकोछ । अग्नि सारा देवताको मुख हुनाले यज्ञ होम गरेको चरू जुन देवतालाई स्वाःहा भनी दिन्छौं, त्यो उनै अग्नि देवताले त्यहीं त्यहीं देवतामा पुर्‍याई दिनुहुन्छ। बुद्धि र आत्मा साथै हुन्छ, जस्तै आत्मा शिव बुद्धि–पार्वती हुन् । आफुलाई ब्रह्मस्वरूप जान्नु आत्म ज्ञान हो । त्यो ज्ञानीलाई ब्रह्म कुनै टाढा छैन, आफु नै ब्रह्म हो, म देह होइन ब्रह्म भन्नु नै आफ्नै मन हो भनी जान्दछ । अज्ञानीलाई त्यो ब्रह्म धेरै नै टाढा छ र त्यसले भेटाउँनै सक्तैन । आफु जस्तै सबै प्राणीलाई देख्नु परमात्मा ज्ञान हो, संसार व्यापक परमेश्वरलाई जान्नु परमात्म ज्ञान हो, सबै जिवात्मालाई ब्रह्म स्वरूप देखि सबैमा एउटै भाव राखी ब्रह्मलाई जान्नु र सबै देवतालाई ब्रह्म स्वरूप जानी सेवा गर्नु ब्रह्म ज्ञान हो । त्यो ज्ञानीले कसैसंग विरोध नगरी देवता प्राणी मात्रमा आफु जस्तै ब्रह्म स्वरूप र उनै एउटै ब्रम्ह हो भनी देख्दछ र त्यो ज्ञानी तथा हामी मनुष्य जीवनले पालन गर्नु पर्ने नियम यसप्रकारको पनि छ–

(१) मन, कर्म, वचनले कसैलाई कष्ट नदिनु (२) प्रतिदिन गीताको अध्ययन गर्नु (३) मनमा कुनै स्वार्थ र फल कांमना नराखी जगत र जगदीश्वरको आराधना गर्नु (४) सुख दुःख, मान अपमान, हानी लाभ आदि द्वन्द्वलाई सम भाव राखी शान्तस्वभाव र प्रिय वचन बोल्नु (५) प्राणी मात्रमा आफ्नु आत्मालाई देख्नु (६) आफुलाई मन नपर्ने काम कुरा अरूलाई पनि नगर्नु र परउपकारी हुनु (७) काम, क्रोध, लोभ, मोह मड मात्सर्य लगायत यो दुर्गुणलाई जित्नु (८) आफ्नु कर्तव्य र नियमको पालना गर्नु (९) खाने लगाउने लगायत भोग्य वस्तु सबैमा प्रेम र द्वेष नगर्नु (१०) भगवान्को कथा पुराण र किर्तनमा दृढ प्रेम गर्नु ईत्यादि ।

भगवान्को निर्गुण स्वरूप ब्रह्म हो । सगुण माया हो । जस्तै निर्गुण सुन या जल सगुण गहना या तरङ्ग अतः निर्गुण, महाकाश सगुण घटाकासा हो, जस्तै– पानीको घडा जतिमा पनि बाहिरको महाकाश पसेको हुन्छ र बाहिरको र घडा भित्रको आकाश एउटै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखिन्छ। त्यो घडा हटाएपछि देखिदैन, त्यसैले घडा मात्र धेरै देखिने र त्यो घडा मात्र भिन्न हो, आकाश भिन्न छैन र एउटै हो। त्यो दुवै स्वरूपलाई भिन्न नदेखि एउटै हो भनी देख्नु। जुन घरमा ज्ञान, भक्ति र विवेक विचार छ, हरि कथा र किर्तन हुन्छ, भागवत् र गीताको पाठ औ शालीग्राम, गौ, ब्राह्मण, तुल्सीको पूजा हुन्छ त्यो घरमा कलिको दोष हुन सक्तैन, संसारमा देवता धेरै र धेरै रूपका छन्। धेरै ठाउँमा पूजा हुन्छ तापनि सबै देवता त्यही परब्रह्म एउटै हो, उहाँकै ब्रह्मरूपबाट भिन्न-भिन्न रूपमा प्रकट भएका हुन्, त्यसैले त्यो एउटै ब्रह्म परमात्माले अदृश्य रूपबाट आफ्नु भाव अनुसार सबैलाई अनेक फल दिनुहुन्छ।

ब्रह्माण्डमा थरि-थरिका मार्गले परमात्मा भगवान्‌लाई कोहीले नारायण यस्तै— सूर्य, चन्द्र, अग्नि, वरुण, वायु र ब्रह्म ज्ञानस्वरूप शक्ति, पुरुष, प्रकृति, आत्मा भनी मानिएका छन् तर योगीले ब्रह्म, शिव मार्गले ईश्वर भगवान् भनी हरि-किर्तन, हरे-राम ईत्यादि गर्छे, कोहीले पञ्च देवतालाई मानेका छन्। बौद्ध मार्गले भगवान् बुद्ध भनी बुद्धम्, धर्मम्, संघम् शरणम्, गच्छामी भनी यो मन्त्रको शरण र नमस्कार गर्छन्: मिमांशकले कर्म, ज्योतिर्ज्ञले काल, तामाङ्गले माने पाने, मियाँले अल्ला एवं रीत भन्दछन्। वास्तवमा आ-आफ्ना मतले जसले जस्तो नाम, जस्तो भावले भजे पनि उही परब्रह्म आत्मालाई नै भज्ने हो। जस्तै सम्पूर्ण नदिहरूले समुद्रलाई हटाउन नसकी उही नै समुद्रमा लीन भए जस्तै यो ब्रम्हलाई हटाउन नसकी उही ब्रम्हमा नै लीन हुने हो भन्ने बुद्धि वृत्तिको उदय हुनुपर्छ। त्यो ब्रम्ह देव, दानव, मनुष्य, पशुपंछी तथा गुण कर्म लगायत कुनै होइन र उहाँको कुनै अङ्ग पनि छैन। उहाँ अदृश्य हुनुहुन्छ तर सबै देख्दछ सुन्दछ र सबैको घटघटमा हुनुहुन्छ। सम्पूर्ण ऐश्वर्य र पराक्रमले युक्त जो छ, त्यही नै शक्ति हो, फेरि सम्पूर्ण बुद्धि सम्पत्ति ऐश्वर्यलाई भग भन्दछन्। यो सम्पूर्ण भगवतीदेवीमा निहीत हुँदा भगवती श्री परब्रम्ह स्वरूपीणी हुनुहुन्छ, यिनै भगवतीले युक्त हुँदा आत्मालाई भगवान् पनि भनेको हो, फेरि जो सम्पूर्ण व्याप्त र परिपूर्ण छ, त्यही नै विष्णु, जो विष्णु हो, त्यही नै आत्मा हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नारदजीले स्थुल शरीर यहीं छाडि गए पनि त्यो शरीर लिङ्ग शरीरको अधिनमा हुँदा कर्मको उत्तरदायित्व उसैमा छ, लिङ्ग शरीरको सहायताले कर्म गर्छ, त्यो त मरी-सकेपछि पनि साथमा रही परलोकमा शुक्ष्म शरीर अपरोक्ष रूपले उसै लिङ्ग शरीरद्वारा फल भोग्दछ। जस्तै मनोद्वारा जीवले मेरो म हुँ भनी मानेकाले देहले पाप र पुण्यादी कर्म पनि आफुले लिन्छ। त्यसैले यो लिङ्ग शरीर नै जीवको जन्मादी कारण हो भन्नु भएको छ।

श्री भगवान् रामजी आज्ञा गर्नु हुन्छ, बाबु लक्ष्मण सुन– जसले सारा जीवलाई बस गरेको छ, त्यो माया भनेको चीज म–मेरो, तँ–तेरो अर्थात मनोगोचर पदार्थ जति छन्, ती सबै माया स्वरूप हुन्। जो आफुलाई मायाको मालिक ब्रह्म हुँ भनी जान्दैन जीव भनेको त्यही हो– धर्मबाट–वैराग्य वैराग्यबाट योग, योगबाट–ज्ञान, ज्ञानबाट मोक्ष हुन्छ। म जसबाट चाँडो प्रशन्न हुन्छ, त्यो मेरो भक्ति नै हो। त्यो स्वतन्त्र छ, त्यसलाई अर्को आड चाहिंदैन, भक्तिले ज्ञान–विज्ञान दुवै पाइन्छ। त्यो दुवै भक्तिको अधीनमा छ।

त्यो भक्ति सवरीलाई यस्तो बताउनु भयो– सतसंग गर्नु, ब्राह्मण र साधु–सन्तको चरणमा र मेरो कथामा प्रेम र मेरो भजनमा दृढ नियम हुनु– अभिमान रहीत भैं गुरुको सेवा र मेरो उपर दृढ विश्वास गरी मेरो मन्त्रको जप र मेरो गुण कृतन गर्नु, ईन्द्रियलाई वश पार्नु, शील असल हुनु– धेरै शांसारीक कामबाट हट्नु– आफ्नु धर्ममा श्रद्धापूर्वक प्रवृत्ति गर्नु, अनि मेरो चरणमा प्रेम पैदा हुन्छ र मेरो लिलामा अत्यन्त प्रीति लाग्दछ, संसारलाई ईश्वरमय देख्नु, म भन्दा मेरो भक्तलाई अधीक मान्नु, यथा लाभमा संतुष्ट हुनु, आफ्नु कर्मानुसारको भोगमा राजी रहनु, अर्काको दोष तिर दृष्टि नदिनु, सबैसंग कपट रहीत भएर सरल भावले रहनु, मलाई नै गुरू पिता–माता देवता सबै जानेर मेरो दृढ सेवा गरी मेरै भरोसामा रहनु, काम क्रोध दम्भ ईत्यादी र हर्ष विसाद नहरनु, यीनवधा भक्ति मध्यमा एउटै भक्ति पनि छ भने त्यो मेरो अत्यन्त प्यारो छ।

श्रीरामले हनुमानलाई तिमी को हो भनी सोध्नु हुँदा हे प्रभु! देहको रूपले म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रभुको दाश हो, जीवको रूपले म प्रभुकै अंश हुँ वास्तवमा प्रभुमा रहेको ब्रह्म र ममा रहेको ब्रह्म उनै हुँदा म प्रभु नै हुँ भनि जवाफ दियो । त्यसकारण यो नाशवान् शरीर-लाई म हुँ भन्ने भाव छाडेर निर्गुण निराकार स्व-स्वरूपपूर्ण ब्रह्म रूपमा रहनु मुक्ति भनेको यही हो । अतः तत्व मसीमाहा वाक्यद्वारा अहं ब्रह्मास्मी म ब्रह्म हुँ भन्ने जानी ईश्वर र जीवको भेद नराखी एउटै हो भन्ने जब जानिन्छ, अनि माया पनि तुरून्तै नाश हुन्छ । काग भुसुण्डीले गरूडलाई यो कलि दोषपूर्ण भएता पनि यसको गुण यो छ कि, यो युगमा मनले गरेको पुण्य पनि शरीरले गरे जस्तो हुन्छ, मनले गरेको पाप चाहीं हुँदैन, शरीरले गरे मात्र लाग्छ, फेरि अरू युगमा जस्तो योग, यज्ञ, ज्ञान यो युगमा हुन कमै र त्यसबाट सिद्धि पाउन पनि गाह्रो हुने भै केवल राम नाम उहाँको गुणगान कृतन कै आधार छ र धर्मको, सत्य, दया, दम, दान यी चार पाउ मध्ये एउटा पाउ मुख्य प्रकट छ येन केन प्रकारले दान गर्नु सर्वोपरी पुण्य कर्म हो, भन्नुभयो । अनि ज्ञानमा र भक्तिमा के अन्तर छ, भनी गरूडले सोद्धा– ब्रह्म म हुँ, देह– ईन्द्रिय मन स्वरूप म होइन निराकार अविनाशी म हुँ, आकारवान दोषपूर्ण देहादि म होइन । अजर–अमर म हुँ भन्ने देहादि म होइन– यस्तोपूर्ण अनुभवलाई ज्ञान भन्दछन् । ईश्वरमा पूर्ण अनुराग हुना-लाई भक्ति भन्दछन् वास्तवमा दुवै एक हुन् यो दुवैले संसारवाट पैदा भएका दुःखलाई हटाउँदछ ।

मनुष्य जीवनको ४ श्रेणी

(१) ब्रह्मचारी– २५ वर्षसम्म गुरूको साथ विद्यार्थीको जीवन,
(२) गृहस्थ– त्यसपछि विवाहित जीवन गृहस्थाश्रम धर्म,
(३) वांनप्रस्थ– ५० बर्ष पुगेपछि पत्नीकासाथ तीर्थ (पवित्र) स्थानहरूको यात्रा
(४) सन्यास– अन्तमा घरवार सबै त्यागी एक्लै एकान्तमा बसी परमात्मा प्राप्तिमा लाग्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

योग विधिको अर्थ– मनलाई एकाग्र गरी हामी यो भौतिक देखि भिन्न सत स्वरूप हुँ भनी हृदयमा स्थीत ब्रह्मको ध्यान गर्नु । कृष्ण– कथा भन्ने सुन्ने वानी गरे अन्त्य-कालमा मोह र हड्बडी नभै भगवान् स्मरण गर्न सकिन्छ ।

यो मनुष्यको चोला स्वर्ग, नरक, मोक्षको सिद्धि हो, यो बराबरको चोला अर्को छैन, त्यसैले एक छिनपनि अल्छी र निद्रामा लठु भएर बस्नु खराब नीति हो, शारीरिक पर्ने कार्य नगरे पनि मन मनैले भए पनि कृष्ण सम्झी उहाँको नाम जपी त्यसैमा ब्यस्त रहनु ऊ पूर्ण ज्ञानी हो ।

कुनै आश नराखी भगवान्मा कुनै अर्पण गर्‍यो भने उहाँले लाखौं गुणा बढी फिर्ता अतः शेवकको सेवा फिर्ता गर्न सदैव ईच्छुक हुनुहुन्छ, त्यसैले हामी जो कर्म या दान गर्छौं जो खान्छौं, त्यो सबै श्रीकृष्णार्पण भनी कृष्णलाई अर्पण गर्नु ।

भगवान्को मायाले हामीलाई संसार चक्रमा फसाउँदछ, गुरूले ज्ञानद्वारा त्यसबाट छुटाई दिन्छ, त्यसैले गुरूको पहिले प्रार्थना पनि हुनुपर्छ ।

धन भोग बिलाशलाई मात्र होइन, परोपकारलाई पनि हो, यो जीवन विषय भोग र अज्ञानलाई होइन, तत्व जिज्ञाशालाई हो । स्वर्ग लाभलाई भनौला त्यो पनि होइन, किन कि, त्यहाँ पनि यहाँ जस्तै ठूलो सुखी वाला देखि सानु सुखी वालाले डाह गर्छ र पुण्य सकिए पछि स्वर्गबाट निकालिने बेला महान् दुःख हुन्छ । त्यो तत्व कुनैले ज्ञान कुनैले ब्रह्म भन्छ । धनको दान, भोग, नास, यी ३ गति (परिणाम) हुन्छन्, धन पाएपछि जसले दान र भोग गर्दैन त्यसको धनको गति तेस्रो नास नै हुन्छ या आफ्नु भोगबाट बञ्चित हुनुपर्छ । त्यसैले प्रथम गति धन धन्य हो । यो जीवनमा गरीब र रोगी भई रहनु बराबरको दुःख सज्जनसंग बराबरको सुख र दुर्जन बराबरकोअसंग अरू छैन । त्यो सज्जन सदैव परोपकारमै लागि रहन्छ, त्यसको संग नै दुर्वासाबाट छुट्टी शुवासा प्राप्ति हो, जस्तै– वृक्ष, नदी, पर्वत पृथ्वी यी सबैको कर्तब्य पर हितैका निमित्त हुन्छ । त्यस्तै सज्जनले पनि अर्काको हितका लागि, दुर्जन अर्काको अहितका लागि, बरू आफु पनि दुःख सहन्छ । ठीक मुसा र सर्पको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मिजास, त्यसले अरूलाई टोकेको, कपडाहरू काटेको, आफ्नु कुनै स्वार्थ र पेट भर्न होइन केवल दुर्जनता गरेको मात्र हो। अतः श्री खण्डको वृक्ष र बञ्चरो हो– त्यसले त्यो वृक्षलाई काट्छ टुक्रा–टुक्रा पार्छ तैपनि त्यो सज्जनले आफ्नु सुवासना, त्यो बञ्चरोलाइ दिई पठाउँछ। त्यो दुर्जन बञ्चरो त्यसै काटमारमा मात्र लागि टुक्रा–टुक्रा भै खिएर गइसकेपछि पनि सानु सानु हतियार, चक्कू, स्याँगीहरू बनि सो काटमार तिरै लाग्छ। त्यो दुर्ज्जनले सबैलाई दुर्जनै मात्र देख्दछ। त्यसको हृदयमा सज्जन त्यस्तै सज्जनको हृदयमा दुर्जन आउँदै आउँदैन। भगवान् कृष्णले दुर्योधनलाई सज्जन, युधिष्ठिरलाई दुर्जनको खोजी गर्न पठाउँदा न दुर्योधनले सज्जन भेट्टाए, सबै दुर्जन। न युधिष्ठिरले दुर्जन भेट्टाए सबै सज्जन। श्री रामले माता कौशल्यालाई पुज्य पिताको आज्ञा पालन गर्नु नै छोराको कर्तव्य र सनातन धर्म पनि हो त्यसैले म वनवास जान लागें भनी सीतालाई तिमी वन जान योग्य छैन भन्नु हुँदा उहाँले पत्नीको पति नै देवता र स्वामी हुंन र पतिको दुःख–सुखका साथी पनि हो, अरूले आफ्नु पूण्य अनुसार भोग गर्छ, तर पत्नीले पति कै कर्मको फल भोग्नुपर्छ, त्यसैले पत्नीको केवल पति नै एक आधार छ, पति सेवा नै सबै सुख भन्दा बढ्ता सुख र पति विहीन जस्तै सुख भए पनि त्यो दुःखै हो। पतिको जो सेवा गर्दैन र पतिलाई जो त्याग्दछ भने त्यो ठूलो दुष्टता र घोर पाप हो। देव पूजा छाडेर भए पनि पति सेवा गर्नु नै पत्नीको सनातन धर्म पनि हो भन्नु भएको थियो। ठूलो धर्म अहिंसा र ठूलो पाप हिंसा र पर निन्दा हो, त्यो हिंसा जीवलाई मार्नु–काट्नु मात्र होइन, अरूलाई छुद्र वचन तथा चित्त दुख्ने कठोर वचन पनि हो, बरू हतियारले लगाएको चोट औषधीले निको हुन्छ, त्यो वचन रूपी चोटको औषधी नै छैन।

प्राणीहरूको अज्ञानलाई हरण गरि ज्ञान दिने श्री सदा शिवजी हुनुहुन्छ र भगवान् श्री रामले पनि मेरो भक्त भै शिवजीको अभक्त, शिवजीको भक्त भै मेरो अभक्त भए त्यो ठूलो नरकमा पर्नु पर्नेछ, शंकरजीको भजन नगरि मेरो भक्ति पाइँदैन भन्नु भएको छ, त्यसैले राम नामको साथसाथै श्री शिवजीको पनि नाम जप्नुपर्छ।

गृहस्थीहरूले श्री गणेश, सूर्य, विष्णु, शिव, देवी यो पञ्च देवताको पूजा जरूर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्नुपर्छ। किन की विघ्न बाधा नपरोस्– भन्नाका लागि गणेश आरोग्य होउन् भन्नाका लागि श्री सूर्य शत्रुनाश होउन भन्नाका लागि श्री देवी भगवतीको धन र ज्ञान होस् भन्नाका लागि श्री शिवजीको भक्ति तथा मुक्ति होस् भन्नाका लागि श्री विष्णुको–आराधना पूजाहरू गर्नुपर्दछ। तसर्थ आफ्ना ईष्ट देवतालाई माझमा राखी अरूलाई उहाँको अङ्ग रूप सम्झी पूजा गर्ने हो, आफ्नो गुरूले जुन देवताको आराधना गर्ने जस्तो पूजा गर्ने दिक्षा मन्त्र दिएको छ सोहि देवतालाई ईष्ट देवता सम्झने र सोहि मुताविक पूजा गर्ने र आफ्नो पुर्खाले जहाँ जुन देवता र आफ्नु कुल देवताको पूजा गरेको छ, त्यो गर्नु नै सनातन धर्मको नियम पनि हो, सो दिक्षा नलिएका कोहक्मात सोहि परब्रह्म विष्णु नारायण राम कृष्णया कुल देवता या पञ्च देवतामा आफुले जेमा श्रद्धा भक्ति गरेको छ उहाँलाई नै ईष्ट देवता सम्झने र सो देवताहरूलाई पनि सोहि परब्रह्म हुन् भनि सम्झी सो देवतामा आफुले पूजा गर्ने गरेको देवताको नित्य पूजाको हक्मा आफुले ३ पल्ट आचमन गरि जल भांदार पूजा शारदाम्मा छोई (हरिॐ तत्सत्) भनि ३ पल्ट उच्चारण गरि तपाईहरूको पूजा गर्न लागें भनि मनमनै शंकल्प गरी सो हात शीरमा राखी पहिले सो देवताहरूको द्वारपालया भूतप्रेतहरूलाई पूजा गरि उहाँहरूलाई पन्छाई अनि श्रीगणेश श्रीगुरू र जलभाडालाई पूजा गरि आफ्नु आत्मा देवतालाई सम्झी कपालमा टीका लगाई शीरमा अक्षता फुलले पूजा गरि अरू देवतालाई पहिले स्नान गराई रूमालले शरीर पुछीवस्त्रहरू लगाई आशनमा बशाई चण्दन अक्षता फुलपातीहरू लगाई नैवेद्य फलफूलहरू अर्पण गरी धूप, दिप दिई, फूल अक्षताले पूजा गरी शालिग्राम र तुलसीको भए जौ तीलले पूजा गरि पाठ गर्ने गरेको भए सो पुस्तकमा पनि फूल अक्षताहरूले पूजा गरी त्यो पूजाको साथ त्यो पाठ गीता भागवत् शहश्रनाम तथा अन्य स्त्रोहरूमा जेमा श्रद्धा जे जति सक्ने सो पाठ पनि गर्नें अत्तिउत्तम छ। जुन देवताको पूजा हो सोहि देवताको स्तोत्र पाठ गर्ने गरेको पनि छ, अनि आरतिमा १टुक्रा फूल नराखे त्यो भूतप्रेतले लिने भै सो फूल राखी त्यो आरति अग्नि देवताको पनि पूजा गरि उठि घण्टा वजाई सो आरति आफुले पूजा गरेको देवताको पाउमा ४, नाभीमा २, मुखमा १, शरीर सर्वाङ्ग-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मा ७ पटक आरति घुमाई देखाई अनि सो आरति ढोकी राखी आफुले पनि आरति लिनु र श्री सूर्य नारायणको पनि पूजा दुप दिप गरि अनि फुल अक्षता लिई सबै देवतालाई सम्फी ।

श्लोक–कायनवाचा मनसेन्द्रियैर्वा बुध्यात्मनावा प्रकृति स्वभावात् । करोमि यद्यत्सकलं परस्मै नारायणयेति समर्पयतत् ॥

यो स्तोत्र पढि पूजा गरो सो देवताहरूलाई ढोकेर नमस्कार गरी (हरिॐ तत्सत्) यो ३ पल्ट भनि सो पूजा गरेको सबै फल (श्रीकृष्णार्पणमस्तु) भनि उहाँ प्रभुलाई नै चढाउनु । अनि बाँकी चण्दन आफुले लगाइ फुलली शीरमा र जल हातमा लिई केही जल आँखामा शेचन गरि बाँकी जल खाई सो हात शिरमा राख्नु । रात्री पनि सो देवताहरूलाई फुल अक्षताले पूजा गरि आरति गर्नु र श्री चन्द्रमालाई बत्ति दिनु ईत्यादि–सो पूजा शारदाम् सबै नजोरोने वा बस्त्र आशन् नहुने भएको वा परदेश लागेको बखत या सो लेखे बमोजिम पूजा गर्न नसकिने अवस्थामा समेम मनमनैले सबै सामान जुटाई सो देवता समेत स्थापना गरि माथि लेखेको पूजा मानशिक पूजा गरे पनि हुन्छ । मुख्य नित्य पूजा र भाव भक्ति टुटाउन हुँदैन– भगवान् सामान्को भुका छैन प्रेम र भाव भक्तिको भुका हुनुहुन्छ । यसलाई पञ्चांपचार पूजा पनि भन्छन् । अगिपछि पनि आफ्नु फुर्सद अनुसार भगवान्को ध्यान जप कृतन भजन कथा पुराण भन्नु सुन्नु सत्संगत गर्नु आफ्नु शक्ति अनुसार तीर्थ-ब्रत दान परोपकार यस्तै सतकर्म मै लाग्नु हामीं मनुष्यको कर्तव्य हो किन कि यो जन्म-बार बार पाइने नभै पूर्व जन्मको संस्कारले बल्ल पाएको मानव चोलालाई फेरि अघो गतिमा जान दिन हुँदैन । मुख्यत ध्यान र भजनकै महत्व बताएको पनि छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री स्वयम्भु महाचैत्य गाथार नेपाल दिगदर्शनमा उल्लेख श्री स्वयम्भु, पशुपतिनाथ ज्योतिरूप र हारती मां मञ्जुश्री शान्तिपुर श्री गुहेश्वरी बागमती गणेश विरूपाक्षहरूको र अन्य व्याख्या समेतको केही संक्षेप वर्णन

जगत हितका निमित्त जन्म लिनु भएका राजपुत्र महात्मा बुद्ध सत्य युगमा नेपाल मंडल कालीह्रदह तिर्थमा पुग्नु भई यहाँ स्वयंभू भगवान् उत्पत्ती गर्ने उत्तम स्थान हो भनी ल्हुती पूर्णिमाका दिन कमल फूलको बिउ (नमोरत्न त्रयाय्) यो मन्त्र तीन पल्ट उच्चारण गरि रोपी यो फुलमा ज्योति रूप श्री स्वयम्भू भगवान्को उत्पत्ति भई जगत्मा प्रख्यात हुन्छ। यहाँ नियम धर्मको पालन हुने हुँदा यहाँको नाम नेमपाल (नेपाल) भन्ने हुनेछ भनी जानु भयो। त्यसको छ महिनापछि फुल फुली आश्विण पूर्णिमाका दिन त्यो फुलमा निरञ्जन ज्योति रूप श्री स्वयम्भू स्वयं प्रकाश हुनु भयो। ब्रह्मा, बिष्णु, महेश्वर लगायत सकल पाल्नु भई उहाँको पूजा सत्कार आदि उत्सव मनाउनु भयो। उहाँले सबै प्राणीको हित सुख शान्ति निमित्त प्रथम–स्वयम्भू ज्योति स्वरूप, दोस्रो–बोधि चित्त महाकरूणा, तेस्रो–बज्रधर, चौथो–बज्रसत्व परिपूर्णता, पाँचौ–महा-मञ्जुश्री सर्वज्ञान, शान्त आदि बुद्ध भनी पञ्च स्वरूपले देखाउनु भई शिव–बुद्ध मार्ग दुवैलाई सम-भावमा समस्त विश्वलाई निर्वाण पदको बाटो देखाउनु भयो।

श्री गुरू मञ्जुश्री उसपोल स्वयम्भू ज्योति रूपको दर्शन गर्न महाँचीन पञ्चशिर्ख पर्वतबाट पाल्नु भई ज्योतिको दर्शन गरि भिक्षु आदि शिष्यलाई ज्ञान सिकाई आफ्नै स्थान जान लाग्नु भएको बेला साक्षात् बज्रसत्व समान सिद्ध गुरू शान्तिकर आचार्यले उहाँको श्रद्धा भक्ति गर्नु भई पछिल्लो श्रद्धा भक्तजनको लागि उहाँ जगत् गुरूलाई यहाँ प्रति स्थापित गर्नु भयो ।

श्री गुरू शान्तिकरले यो ज्योतिर्मय स्वयम्भूलाई छोपी प्रतिस्था गर्ने, विचारले ब्रह्मा, विष्णु, महेश्वर लगायत सकललाई आह्वान गरि उसपोलहरूको सहयोगले सबै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सो ज्योतिर्मय स्वयम्भू महा चैत्यको विधिवत प्रतिस्ठा गरि छोपी निर्माण कार्य तयार गर्नु भयो । तर गजूर ठीकसंग राख्न नसकि, श्रीगुरूले स्वयम्भूको प्रार्थणा गर्दा उसपोलबाट मदमांस खाने भनि हारतीमांलाई यहाँ नराख्ने विचार गरेकाले त्यसो भएको उहाँले मेरो चारै प्रहर सेवा गर्नें पहिले देखि प्रार्थना गर्नु भएकोले उहाँलाई चित्त बुझाउनु भने बमोजिम हारतो मन्दिर (रत्नपोठ) भनो स्थापना र उहाँको ईच्छा भोजन गराई खुशी पारेपछि, सो गजूर ठीकसंग रहनगई श्री हारतो मां श्री स्वयम्भूको धर्मपाल स्वरूप संरक्षिका भई रहनु भएका हा । उहाँका (धन भाजु, वासोई भाजु लगायत पाच सय पुत्र र धन मयजु, वासी मयजु लगायत पाँच सय पुत्री र जीलँ भाजु लगायत पाँच सय ज्वाइँ थिए) उहाँ सकल प्राणीको आमा र १२ वर्ष मुनीका केटा केटीहरूलाई आफ्ना पुत्र समान सु: दृष्टिले हेर विचार गर्नु भई जहाँ जहाँ बुद्धको मूर्ति स्थापित हुन्छ, त्यहाँ त्यहाँ भगवान्को सेवामा बस्नु हुन्छ । श्री गुरू शान्तिकरले उसपोललाई छा:हायकेगु गर्नु भएको विशेष पुजा अध्यावधी छँदैछ ।

कलियुगमा श्री स्वयम्भू ज्योति रूपलाई आदर सत्कार गर्दैन र पश्चक श्रापदोषले छुन नपाउन् सदाकालमा आदर सत्कार हुनन्, नेपाल सदाकाल पवित्र र शान्ति हवस भनि गुरू शान्तिकरले सकल देवताको श्रम र सहयोगले समेत शान्तिपुर गुफा तयार गरी उसपोल ज्योति रूपलाई श्री स्वयम्भूको शरीर रूपी महा चैत्यकार रूपमा परिणत गरी त्यो रूपलाई विधिवत्ले प्रतिस्ठा तथा स्थापना गरी छोप्नु भै उहाँ गुरूले कहिलै ननिभने चिन्ता मणिरत्न बत्ती बाली त्यो शान्तिपुर महाँ सिद्ध गुफाभित्र योगेश्वर भई बस्नुभयो, त्यहाँभित्र त्यो ज्योतिरूप दर्शन गर्न जाने र त्यो ज्योतिरूप उत्पन्न कमलको फूलको जरा गई रहेको श्री जुह्येश्वरी तक जाने समेत विभिन्न बाटो र तला ३ कोठा २७ छ भन्दछन् बाहिर देखिने पहिलो ढोखा सर्वसाधारण पूजाको लागि, दोस्रो सधैं बन्ध रही विशेष कारणवश अख्त्यार वाला मात्र जान पाउने, तेस्रो सधैं बन्ध अत्यन्त गोप्य र रहश्यमय छ । कोही जान पाउँदैन, मन्त्राधिस्थाद्वारा समय ज्वलं पंच बत्ती दिन सक्ने शक्तीवान मात्र जान सकिन्छ । राजा जयप्रताप मल्लको पालामा अनावृष्टि भई अनि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काल परेको कुनै शान्तिले पनि नभई राजा सो गुफाभित्र जानु भई त्यहाँ रहेको नाग-हरूको रगतबाट लेखिएको (पौभा) र पुस्तकसम्म बाहिर ल्याउन सकी त्यो श्री सूर्यमा देखाउनासाथ वर्षात भई सहकाल भयो । श्री ५ रणबहादुर शाह जान खोजी बक्सदा आँखै नदेखी जान सक्नुभएन । यस्को आदी अन्त कसैलाई थाहाछैन यो नेपालमा विराजमान हुनुभएका श्रीस्वयम्भू बौद्ध ज्योति महाचैत्य तथा शान्तिपुर तिब्बतिय बौद्ध लगायत जगतमा प्रख्यात र अति पवित्र तीर्थ स्थान हो ।

त्यो कालिह्व दह कर्कट नागराजको वास स्थान र त्यहाँ तपस्या गरी बस्नु भएका उहाँलाई खान परापूर्वकालमा गरूडले हमला गरेपछि दुवैको घोर संग्राम भई आफ्नु तपस्याको बलले नागराजले गरूडलाई नै फनाले बेरी चल्न नसक्ने तुल्याएपछि श्री नारायणलाई स्मरण गरेपछि उहाँ पाल्नु भइ नागलाई सुदर्शन चक्रले प्रहा गर्न लाग्नु हुँदा नागले पनि करूणामय (मछिन्द्र नाथ) लाई प्रार्थना गरेपछि उसपोल पनि सो स्थानमा पाल्नु भई पहिला गरूड र दोस्रो नारायणको भूल देखी तपाई पापीलाई नास गरि धर्मको स्थापना गर्नेले यो नागको के दोष भयो र आफ्नु सेवकको पक्ष भई नागको हत्या गर्नेतिर लाग्नुभयो । यो तपाईको भूल हो भनी संबोधी ज्ञान दिई नाग र गरूडको मिलापत्र गराएपछि नारायण र गरूडले श्री करूणामयलाई पूजादि सत्कार गर्नुभयो । यही कारणले श्री करूणामय (लोकेश्वर) नामले प्रख्यात हुनु भयो, त्यसपछि उहाँहरू चाँगु पर्वतमा जानु भई अन्तर्ध्यान भई त्यहाँ सिद्ध हुनु भएको हो

श्री पार्वती, लक्ष्मी र सरस्वतीले अन्य नारीहरू जस्तै हामी पनि गर्भ बोकी प्रसूतीको दुःख पाउनु नपर्ने भन्ने वर पाई राखेकोले उहाँहरू सन्तान विहीन थियो । पछि अरू नारीले सन्तान पाई आफ्नु छोराछोरीको माया प्रीति गरेको देखि पार्वतीलाई पनि पुत्र पाउन ईर्ष्या भई पुत्र पाउन महादेवसंग आग्रह गर्दा पुत्र पाउने व्रत गराउनु भयो । र व्रत समाप्तीको दिन अचानक आफ्नु पलंगमा पुत्र पैदा भई राखेको देखि अत्यन्त खुशी भइन र समस्त देवदेवताहरू पाल्नु भई खुशीयाली मनाए, तर शनिश्चर नआई पार्वती रिसाउनु भएको थाहा पाई ऊहाँ पनि आउनु भै बालकको मुख हेर्नु पर्दा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भनी मुख फर्काई वसेकोले मेरो पुत्र जन्मेकोमा यिनिलाई खुशी रहेनछ भनी पार्वतीले सम्भन लागेको देखि बालखको मुख हेर्नासाथ त्यसको शिरै अलप भै गयो र पार्वती अति क्रुद्ध भई श्राप दिन लाग्दा महादेवले यसको दृष्टिले त्यसो हुने हुँदा तिम्रो पुत्रलाई नहेरेको र तिमी रिसाएकाले हेरेका हुँदा यो तिम्रै दोस हो । भनी सम्झाई आफ्नो बाहनद्वारा एउटा सेतो हात्तीलाई मारी शिर ल्याई जोडी पुत्र जीवीत गराई गणेश नामले प्रख्यात भएको हो भन्ने पनि कुनै ग्रन्थमा उल्लेख छ ।

नेपालमा धर्मदत्त राजाका पालामा विरूपाक्ष भन्ने एउटा किरात र उहाँको आमा विरक्त भई गएको धेरै वर्षपछि दुवैको भेट भई आमा छोरा भनी नचिनी दुवैको संभोग हुन गएछ पछि थाहापाई त्यो किरातले यो अपराध के गरि मोचन गर्ने भनी श्री पशुपति नाथसंग प्रार्थना गर्दा बाह्र धार्नी तामा पकाई खानु भनेको अतिले पाप मोचन नहुँदै आफ्नै ज्यानै जाने सम्झी श्री स्वयम्भू पंच बुद्ध कहाँ जानु भई उहाँले दिनुभएको मन्त्र र माला जपी यो माला जहिले खिइन्छ, अनि पाप मोचन हुनेछ भने मुताविक आर्यघाट किनारामा त्यो किरात जपी रहेको र उहाँको आमाको मूर्ति समेत स्थापित भै राखेको अध्यावधी छँदैछ, अनि त्यो किरातले माहादेव देखि रिसाई मेरो ज्यान लिन खोजेको भनी शिवलिङ्ग जतिलाई हमला गरि लातले हानेकाले परम्पराको शिवलिङ्ग जति ढल्केको र केही बाङ्गो छ । पशुपति नाथ पनि डराई श्री बुद्धको शरणमा गई उहाँले आफ्नु स्वयम्भू पंच बुद्धले अलंकित मुकुट लगाई पठाएकोले यो मेरो गुरू बुद्ध पो रहेछ भनी केही गरेन र त्यो मुकुट वर्षमा एक पटक श्री पशुपति नाथले पहिरने नियम अध्यापी छँदैछ ।

द्वापर युगको कुरा हो, ग्वालवंशी (गोपालहरू) धेरै साथ लिई भगवान कृष्ण नेपालमा पाल्नुभएको थियो, एउटा गोपालको गाईले दूध दिँदैन, दिनहुँ जंगलमा गई आफ्नु थुनामा दूध सिध्याई आउँथे, यसले दूध के गर्ने रहेछ भनी चेवा गर्दा त्यो जङ्गल-को एक ठाउँमा गाई उभिई आफ्नु स्तनबाट दूध खसाई दिने गरेको देखि त्यहाँ के रहस्य छ भनी खोतली हेर्दा त्यो ठाउँबाट श्री पशुपति नाथको ज्योति मूर्ति लिङ्ग प्रकट भई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो गोपाल भष्म भयो। यस किसिमले सनातन कालको माटोले पुरी लुप्त भई बस्नु भएको ज्योतिर्मय भगवान् पशुपति नाथ पुनः प्रकट हुनुभएको थियो, अनि महर्षि ने. मुनी पुगी दर्शन गरी त्यसको प्रतिष्ठा गर्नु भयो, भष्म भएका गोपालका छोरा भुक्तमान गुप्तलाई नेपालको शासक बनाउनुभयो। निजको पाला श्री पशुपति नाथको देवलको निर्माण भयो, त्यो ज्योतिलिङ्गमाथि पञ्चमुखी अष्ट बाहुले युक्त शिवमूर्ति श्री पशुपति नाथ सर्वशक्तिवान् श्री रूद्र भगवान् परब्रह्म गौरी औ शंकर यो जगत्मा बिलास हुनु भई समस्त विश्वको परम शान्ति निमित्त नेपालमा विराजमान हुनुभएको यो हिमालय पाशुपत् (क्षेत्र) भुक्ती मुक्ति दिने त्रिलोकमा महत्वपूर्ण छ। राजा जयस्थिति मल्लको पाला गुरु शङ्कराचार्यका मत प्रचार गरी दक्षिण भारतबाट महाराष्ट्रिय ब्राह्मण झिकाई श्री पशुपतिनाथको पूजा आदिको अधिकार दिएको अद्यपी छँदै छ। यो पञ्चमूर्तिको व्याख्या यस्तो छ– चतुर्मूर्ति चारै दिशाको क्रमैसंग तत् पुरुष, शान्तरूप, वामदेव, सद्योजातर पञ्चपूर्ति ईसानमा लिङ्गरूप प्रधान स्वरूप ज्योतिरूपले प्रसिद्ध छ।

नेपालमा जलको अभाव भै भगवती गुह्येश्वरीको प्रार्थना गरेकोले शिवपुरी पर्वतका उत्तरतिरबाट स्वयं गुह्येश्वरी बागमती गंगाका रूपमा प्रकट भइन्, यसको उद्गम स्थान बागद्वार हुन्। सो बागमती नदी बग्न थालेपछि नेपालको जनसंख्या निकै वढेको थियो, श्री गुह्यकाली पीठमा कुनै प्रतिमा छैन, एक अटल स्पर्श कुण्ड हो।

शंखध्वनी–भोहान्धकार अज्ञान रूपी निन्द्रामा लाग्नेलाई जाग्रत अवस्था ल्याउन धर्मशंख महानाद बजाई सद्धर्मोपदेश ल्याउने र पूजाहरूमा बजाउने समेत हुन्। चतुर-मास भर स्नान समेत अन्य नियम गर्नेले समाप्तिका दिन त्रिजटालाई अर्घ नदिए त्यो नियमको फल उनीले नपाई तिमीले पाउँछ भनी त्रिजटालाई र निद्रा देविले छ महिना सम्म मैले कुम्भकर्णमा वास पाएको, उहाँ मरि वास पाएन भन्दा कथा पुराण सुन्दा जप पाठ पूजा गर्दा निदाउनेहरूको निन्द्रामा बसी त्यो समयको पूजापाठहरूको फल उनीले नपाई तिमीले पाउँछ भनी निद्रादेवीलाई श्रीरामले र माघ शुल्क भिष्माष्टमीका दिन श्री भीष्म पितामहलाई अर्घ नदिए वर्ष दिनसम्म गरेको धर्मको फल उनले नपाई तिमीले पाउँछ भनी भीष्मलाई श्रीकृष्णले र कुपाशन–त्रिगापन् र (पद्मासन–दुवै खुट्टा बाहिर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नदेखी गरी तिघ्राले छोपी वस्ने हुन्) यस्तै आसन विरूद्ध–उठी–उठी वा हगाशनहरू गरि रशीर छोप्ने र हात भित्र पर्ने गरि वर्नेवरी पूजा र कुनै धर्म कार्य गर्नेलाई त्यो फल नमिली तिमोले पाउँछ भनी वलीलाई भगवान वामणले भन्नु भएको छ। सो अर्घे पाए अर्वामा त्रिजटालाई काल ज्यामी १ राखी नपाए हातैले दिने हो– सोमबार औंशी दिन रात शनिश्चरवार दिन भरी बुधवार विहान भरी मात्र पिपलको वृक्षमा नारायण र लक्ष्मी राज हुने भै सो समयमा मात्र पिपललाई छुनु-पूजा गर्नु, सो बाहेक अरू समयमा पिपलमा अलछीनोले बास गर्ने भै त्यो समयमा पूजा गरे, छोए भने त्यो पूजाको फल अलछिनोले लिनाका साथै आफुलाई पनि आल्छीनि लाग्छ। पितृद्वार दक्षिण भई पितृ कार्यमा दक्षिण पूजा आदी, शुभ-काममा पूर्व वा ऊत्तर मुख गर्नु, यो देवद्वार तथा सूर्य स्वरी सर्व ज्ञान भाष्कर को, तेज रश्मीद्वारा र हिमालय उत्तरा खण्डको सन्मुखबाट अज्ञान कर्म क्लेश भष्म गरि आत्मा तत्वमा मिल्न सक्ने भावना पनि हो। यस्तै पंचामृत र वृहि–होम पूजा दानहरूमा यस्तो शक्ति छ घ्यू–सर्व सम्पति दिने, मह र दूध–ज्ञान दिने कुश सकल रक्षा गर्ने, अग्नि आफुलाई चाहिने सबै दिने–ईष्टदेवता मोक्ष दिने, दही चिउरा सबै सुख दिने–दाउरा–शौर्य बधाई दिने सर्स्यु शान्ति गरिदिने, धान उब्जनी बढाई दिने, मास–महावल दिने– कागुण–आयु वढाई दिने, गंहुँ–रोगनाश गरिदिने– तील–पाप हरण गरिदिने, जौ–ऋद्धिवेग बढेर जाने, अक्षता–पूष्टि गरिदिने भन्ने पुराण हरूकै व्याख्या हो। उपत्यकाका १२ तीर्थ गोकर्ण, गुह्यश्वरी, शंखमूल, धंतिल, खुसिख्य, भचाखुशी, लखतीर्थ, करखुशी, टेकू दोवान्, दानीगाँ, भाजंगा, न्यखु हुन्। परापूर्वको नारान्‌हिटी वन्द भै राजा धर्मदेवले हाम्रो पुर्खालि जलशयन नारायणको वचनले बनाएको भनी सोही भुइजसी नारायण कहाँ गई प्रार्थना गर्दा ३२ लक्षणले युक्त नरवली दिने स्वप्न भै त्यो लक्षको आफै बलि दिन छोरा मानव देवलाई यो रहस्य नभलाई त्यो धारा निर मुती रहनेलाई मुख नहेरी रात्री तिमीले प्रहार गरिदिनु भने मुताविक गर्दा धारा खोली पानी आयो। हिटी मगले वावु मार्नेको मुख नहेरी पछाडि फर्क्यो, यो पापले देश मा अनावृष्टि भएको र प्रायस्चितलाई समेत सितको पानीले खास्ती भगवान्‌को स्थापना गर्नु भयो, र वृष्टि भै देशमा शहकाल भयो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हामी मनुष्य जीवनको प्राण शक्ति स्थीर गरून् भन्ने विचारले यो प्राणयाम तत्वको मुख्य सारांश केही र अजपा गायत्री औ ॐ मन्त्रको जप सहित

जति प्रकाश सूर्यको छ, त्यत्तिकै सम्वन्ध मन र प्राणको छ, जस्तै सूर्य रहेवाट प्रकाश अनिवार्य छ, त्यस्तै मनको निरोधले प्राणको निरोध अनिवार्य छ। जुन समयमा आफ्नु मनलाई रोकी प्राणमा एक चित्त हुन्छ, त्यस समय प्राणायाम आफै–आफ भै हाक्ष्छ। त्यो प्राणायाम गुरूद्वारा सिद्ध गर्न सके त्यसले वाहिरको र आफ्नु ईन्द्रियको समेत कुनैको पनि वासना थाहासम्म पनि नपाई त्यसवाट छुटी आफ्नु भित्र रहेका ब्रह्मको दर्शन पाउने रहेछ। त्यो प्राणायामको ३ भेद छ। प्रथम पुरक–प्राणायामले शरीरमा शुद्ध पवित्र स्वच्छ वायुले भर्नु, दोस्रो–कुम्भक–प्राणायामले त्यो भरिसकेको वायुलाई स्थीर अचल गराउनु, जस्तै मोटरको पांग्रामा वायु पूरा नभरी चन्दैन, त्यस्तै जीवको गतीमा पनि सो शुद्ध वायुभरि त्यसलाई स्थीर गराउने हो। तेस्रो–रेचक प्राणायामले त्यो पूर्ण गरिएको वायुलाई सत्तै सनै निकाल्ने हो। यो स्वच्छ वायुको प्रभावले नै प्राण वायु स्थीर औं सफा हुन्छ। वायुमा अमृतको खजाना छ, जहाँ अमृत छ, त्यहाँ रोग औं मृत्युको भय टाढा हुन्छ। पूर्वज योगीहरू पहाड–जङ्गल औ नदीको संगममा वस्दछ र हे वायु औषधी लिई आउँ भन्छ। अनि वायु औषधी लिई आउँछ, यो शरीरमा ७२ करोड १० हज्जार एक सय एक शुक्ष्म र स्थूल नाडी छ, त्यो सबैमा प्राण औ मनको साम्राज्य छ, प्राण औ मन एकै तत्वले वनेको हो, तसर्थ अशुद्ध मन प्राणलाई हटाई शुद्ध मन प्राणलाई पठाउ हाम्रो प्राण अर्थात् स्वास वाहिर जाँदा–हं–फिर्ता आउँदा–स, भन्छ–यो दुई शव्दलाई अजया, गायत्री भन्दछ। त्यो गायत्री वेदको माता हुन्–यसलाई विषय भावना रहीत–आनन्दी वृत्ति भई त्यो आनन्द स्वरूपमा लिन हुनालाई नै कुम्भक औ अजपा जप भन्दछ। मुख्य यो छ कि, म आनन्द स्वरूप ब्रह्म हुँ, म दुःख रहित सुख आत्मा हुँ, म शक्ति सहित शिव हुँ, यहि मन्त्र रूप–पारसको भावना रूप लोहाले स्पर्श

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्नु हो। सो स्पर्श हुना साथ जीव–शिव भई हाल्छ। यही अजपा जप हो, सो अजपाको मुख्य अर्थ यो हो कि स, शक्ती–औं, हँ, मै हुँ अर्थात म शक्ति बल ताकतको केन्द्र भण्डार हो, प्राण आफ्नु अङ्ग–प्रत्यङ्ग रोम रोममा सूचित गर्दछ, मैं शक्ति शिव हुँ, तिमीलाई शक्ति औ शिव बनाउन आएको छ, तर यस्तो भन्दा भन्दै पनि आफ्नो सर्वस्व लुटाई रहेछ।

त्यो प्राण र मनलाई स्थीर राखी रोक्नु भनेको मनले यो ईन्द्रियको वासना सबैलाई मन नदिई त्यो चंचल मनलाई स्थीर गरि त्यो मन भगवान् चिन्तनमा लगाउनु त्यस्तै यो प्राणमा शुद्ध हावाले भर्नु। त्यो मात्र नभई यो प्राण भनेकै हाम्रो यो देह जिन्दा रहने र छोड्ने समेत त्यो प्राणकै आधारमै त्यो प्राण जिन्दा शरीर छँदै कुमार्गमा नपठाई सुमार्गमा पठाउने हो अतः यो शरीरले जथाभावी खान-पान धेरै अमलमा लोप्त झगडा-तगचा लगायत जथाभावी काम गर्ने आफ्नु शुक्रलाई जथाभावी गर्ने गरेपछि यो शरीरले कष्ट दुःख पाउँछन् र हाम्रो यो सोह्र आनापूर्ण प्राणको शक्ति कम हुँदै गै आफ्नु आयु छिन हुँदै पनि जान्छ, त्यसैले यो शरीरले गरेकोआहार–व्यहारको परिणाम फल त्यो प्राण मै पुग्ने भै आहार (खानपान) व्याहार (शरीरले गर्ने काम) ठीक गरी त्यो प्राण शक्तिलाई स्थीर गर्ने अतः प्राण र मन एकै तत्व भनेवाट मन भनेको हृदय कल्पिट, सो कल्पिटवाट शरीरले गर्ने प्राण रहेछ भन्ने र प्राणलाई शुद्ध हावाले भर्नाको साथै सो आहार–व्याहार पनि ठीक हुनु पर्ने औ मन र प्राणलाई रोकी स्थीर भएपछि बाहीरी र आफ्नु ईन्द्रियको वासना मनवाट छुट्टीनाका साथै प्राणले गरिने कुकाम समेत दुवै नभएपछि आफै आफ आफ्ना ब्रह्मत्व भेटिने रहेछ भन्ने समेत सिद्ध देखियो।

हरि ॐ तत्सत्। त्यो ॐ कार परमात्मा हृदयाकासमा प्रकट भएकोले–पहिले हरि, त्यसपछि ॐ तत्सत् अतः ॐ ब्रह्मको नाम तत्, त्यो सत् सत्य छ।

यो ॐ महामन्त्र स्वयं ब्रह्म हुँदा त्यो मन्त्र जपको यस्तो शक्ति छ कि, म वाहीरको सचमुच केही पनि होइन भन्ने भावले नियम पूर्वक पवित्र स्थानमा वसी जिब्रोवाट्ट रहीत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

केवल हृदयमा मनको भावनाले या एक स्वरले स्वास टुट्ने तक–अ. उ. म्. ॐ मन्त्रको जप्ने अभ्यास गर्नु अन्तरात्माको तत्वमा मिल्न जान सकिन्छ ।

त्रिदोष-त्रिताप र अष्ट चिरञ्जिवी र अन्य ज्ञान सहित

कायिक–शरीरले गरेको–वाचिक, वचनले गरेको–मानशिक मनले गरेको–पाप-लाई त्रिदोष भन्दछन्–यी पाप–१०, प्रकारको यस्तो हुन्छ । मनको–पर. द्रव्याभिलाषा १, परानिष्ट चिन्तन–२, दुराग्रह–३, वचनको–कठोर वचन–१, असत्य वचन–२, चुक्ली–३, असंवद्ध भाषण–४ शरिरको–अर्काले नदिएको लिनु–१, जथाभावी हिंसा गर्नु–२, परस्त्री गमन–३, आध्यात्मिक–मनमा हुने शोक, मोह–आधीदैविक दैवबाट परि आउने–भूकम्प आदी–आदी भौतिक–सिह व्याघ्रहरूबाट्ट पर्ने र–मनुष्यबाट पर्ने झगडाहरू, यो दु:खलाई त्रिताप भन्दछ ।। चार पदार्थ–धर्म, अर्थ, काम, मोक्ष ।। पञ्चामृत–गाईको दूध–दही–घ्यू–मह–चिनी हुन् । यसमा गाईको गोवर गहुँत मिलाएपछि पञ्चगव्य भन्दछन् । पञ्च पल्लव–वर, पीपल, आँप, दुम्री र पाखरीको पात–पञ्च कन्या–अहिल्या, द्रौपती–तारा–कुन्ती–मन्दोडरी ।। सप्त धान्य–धान, गहुँ, जौ, तील, मांस–मुगी–कागुणं ।। सप्त-पुरी–अयोध्या–मथुरा माया–काशी, काञ्ची–अवन्तिका पुरीद्वारावती ।। सप्तनदी–गङ्गा, यमुना–सरश्वती–गोदावरी नर्मदा–सिन्धुकावेरी ।। पञ्च महायज्ञ–वेदपाथ–तर्पण–वलीवैश्वदेव–अतिथी सत्कार ।। अष्टचिरञ्जीवी–मार्कण्डेय–वलि, व्यास, हनुमान, विभिषण कृपाचार्य अस्वस्थामा–परशुराम हुन् ।। अष्टसिद्धि भनेको–जुन सिद्धिले अत्ति सानो हुन सकिन्छ, त्यो सिद्धिलाई, अणीमा भन्दछन् । हलुङ्गो हुन सकिनेलाई–लघिमा, गह्रौ हुन सकिनेलाई–गरीमा, ठूलो हुन सकिनेलाई–प्रथिमा आँटेको ठाउँमा पुग्न सकिने-लाई प्राप्ती–आँटेको कुरा पुऱ्याउनेलाई–प्राकाम्य–प्रभुत्व गर्न हुकुम, चलाउन सकिनेलाई–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ईशित्व, वस पार्न सकिनेलाई–वसित्व सिद्धि भन्दछन् । दशदान–गाई, भूमी, तील, सुन, घ्यू, वस्त्र, गुद, चाँदी, नून, धान ॥ शिर–दृष्टि–छाती–मन–वचन–हात–पाउ–घूँडाले प्रणाम गरेको अष्टाङ्ग प्रणाम हुन ॥ सूर्य मण्डल, यो पृथ्वी भन्दा धेरै ठूलो र पृथ्वीबाट चार करोड पैंसट्ठी लाख कोस टाढा छ ॥ तुलसी पत्र–गणेशलाई–धतुरा–वेल–तगरराज–सूर्यलाईर केतकीको फूल शंखको जल–अमला–शमीको पात–शिवजीलाई नचढाउनु र तुलसी र शालीग्रामलाई जौ तीलले पूजा गर्नु भन्छ ॥

पञ्चक भनेको–२७ नक्षत्र मध्यको धनिष्ठा नक्षत्र देखि रेवत नक्षत्रसम्म हो–धनिष्ठामा पर्ने गरि मर्‍यो भने पञ्चम पर्‍यो भन्छन्, अरु ५ जना उसको परिवार वा वर-परका व्यक्ति मर्न सक्छ भन्छ, त्यस्तै–सतभिषा नक्षत्रको ४ पूर्व भाद्र पदाको ३ उत्तर भाद्र पदाको २ रेवतीको १, फेरी मर्न सक्छ भन्छ । त्यसैले जुन नक्षत्रमा जति मर्छ भनेको छ, त्यति नै मुर्दा समेत गन्ती गरि नपुग अर्थात पञ्चममा ४, त्यस्तै अरूमा पनि हाँसको वा कुखुराको फुल र कुशको मानिस बनाई मुर्दाको दायाँ वायाँ साथै राखी आफैले वा, ब्राह्मणद्वारा विधि गराई दाह गरे दोष निवारण हुन्छ भन्ने चलन छ ।

संसारको गतीविधी तथा मोक्षको साधन

कुमारजीले अगस्त्य मुनीलाई विश्वको जननी ब्रह्म स्वरूपी (माया) देवीको विशाल गर्भमा अनन्त कोटी ब्रह्माण्डहरू कति उत्पत्ति, कति विलिन हुन्छ, यसको केही पारावारा छैन तिनै मध्ये यो पनि एउटा ब्रह्माण्ड हो, जसमा हामी जन्मछौं, फेरी विलाउ छौं, त्यो अनन्त कोटी ब्रह्माण्ड पिच्छे १/१ ब्रह्मा, विष्णु र महेश्वर रहेका छन् । त्यो अनन्त कोटी ब्रह्माण्ड नायक अचिन्त्यमय, शक्तिमान ईश्वर (महा विष्णु) हुन् । उहाँले रामावतार लिनु भएको हो । ब्रह्माजीका दिनमा सृष्टी रातमा प्रलय हुन्छ, त्यो सृष्टि कल्पमा स्वर्गका अधिष्ठाता राजा (ईन्द्र) १४ मानव जगतको अधिष्ठाता राजा मनु १४ अन्तरिक्षमा ज्ञान जगतका संचालक सप्तर्षि पनि १४ वटा नै हुन्छ, त्यो बद-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लिंदै रहन्छन् । अहिले चलेको सातौं मनु–वैवस्वत मन्वन्तर हो । ईन्द्र पुरन्दर हुन् । सप्तर्षि–वशिष्ठ, कश्यप अत्रि, जमदग्नी, गौतम, विस्वामित्र, भारद्वाज हुन् । यो १४ मनवन्तर फेरिंदा १ कल्प बितिई सक्दछ, त्यही ब्रह्माजीको दिन हो, रात परेपछि, त्यत्तिकै समयसम्म सारा विश्व आफ्नो उदर भित्र राखी ब्रह्मा र शेषशाही भगवान् सुत्नु हुन्छ, त्यो रात्रीसकेपछि ब्यूँझी फेरी पहिले जस्तै सृष्टि गर्नु हुन्छ, एवं प्रकार ब्रह्माजीको पनि १ हजार चतुर्युग एक दिनका हिसावले १०० वर्षको आयु पुगेपछि ब्रह्मा लगायत सबै नाश भई अनि जसको ईशाराबाट पुरूष लिङ्ग भगवान् र स्त्री लिङ्ग माया जो खडा भएको थियो । ती दुवै आफना मूल स्वरूपमा लिन हुन्छ, भनि भन्नु भएको छ, अतः यस स्तिथी-बाट त्यो ब्रह्मा लगायत सबै नाश भई उही ब्रह्म मात्र रहने भै यो सबै भगवान्को माया-रूपी लिला मात्र देखिन आई त्यो ब्रह्मा लगायत सबै नाश हुने भएपछि हामी भुसुनाको के कुरा त्यसैले सो मायाबाट मुक्त भई मोक्ष हुन सोही भगवान्कै स्मरण उहाँकै भावना हुनु हामी जीवनको मुख्य कर्तव्य देखिन आई सो हुन आफ्नु हृदयमा वैराग्य रूपी वल बढाउनु पऱ्यो । सो बढ्दै गएपछि सुबुद्धि रूपी क्षुधा बढ्दै गई विषया रूपी पूर्वलत्ता कमजोरी हुँदै जान्छ, अनि त्यो मनमा रामभक्ति व्याप्त भएर रहन्छ । त्यसैले यो चंचल मनलाई वसमा राखी वाहिर जान नदिई रोक्नु निमित्त पहिला ईच्छाहरूलाई कम गर्दै जानु सो गरि आफ्नो सम्पत्ति त्याग्नु नष्ट गर्नु भन्ने होइन त्यसको आशा र मायालाई हटाउँदै ल्याउने हो, त्यो आशाको निवृत्ति वैराग्य औ अभ्यासबाट छुट्न सक्तछ. जस्तै त्यो अभ्यासले नै केही थाहा नपाउने बच्चा आखीर सु–अभ्यासले विद्वान र कु--अभ्यासले दुर्जन बन्न जान्छ । त्यस्तै त्यो अभ्यासले नै त्यो चंचल मन पनि वसमा आउन सक्तछ, त्यस्तै वैराग्य पनि कुनै पदार्थमा राग प्रेम नराखी त्यसको ईच्छालाई हटाई त्याग गर्ने हो जस्तै मलमूत्र घृणित वस्तु देख्नासाथ त्यसबाट तुरून्तै हटी त्याग गरेर जान्छ । त्यस्तै जुन जुन वस्तुमा हाम्रो मन जान्छ, त्यस-त्यस वस्तुमा यो विषालु हो भनी त्यागी दिनुको नाम वैराग्य हो, यही दुई साधनबाट मुक्त भै त्यो भगवानमा प्रेम र भक्तिमा लागेपछि मोक्षसम्म हुन सक्तछ भन्ने यो ज्ञान पथकै व्याख्या हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तत्ववोध तथा अन्य ज्ञान सहितको केही सारांश

पाँच ज्ञानेन्द्रिय भनेको भित्री ईन्द्रिय अन्तकरणले जानिने कान, आँखा, छाला, जिब्रो, नाक हुन् । शब्द सुनेपछि यो शब्द कताबाट आयो भनि दिशा हेरी पत्तालगाइने हुनाले कानको देवता दिशा त्यस्तै सूर्यको सहायताले नै देखिने अन्धकारमा नदेखिने भैं आँखाको देवता सूर्य । पाँच कर्मेन्द्रिय भनेको--वाहिरी ईन्द्रिय--वचन हात--गोडा--गुद-द्वार--लिङ्ग र--योनी हुन्-- यिनीले ज्ञानेन्द्रियले भने वमोजिम गर्ने हो—जस्तै आँखाले रूपको शुवर्णया, माटोको दर्शन गर्छ अनि गोडाले त्यो ठाउँमा पुऱ्याई दिन्छ र हातले लिन्छ वा छोड्छ । यी दुवै ईन्द्रियको यस्तै अरू देवता (भागवतखण्ड पेज ८ मा उल्लेख छ ।) यो दुवै ईन्द्रिए भै १० ईन्द्रिय भएका हुन् । यो ईन्द्रियमा तीन त्रिपुती परेका छन्, यिनमा एक छैन भने दुईले काम दिदैन । जस्तै सूर्य नभए आँखा र रूप छैन आँखा नभए सूर्य र रूप छैन चामल नभए भात पकाउँने र दाउराको काम छैन चामल र भात पका-उँने छ तर दाउरा नभए भान्छेको काम नहुने भै तीनै थोक चाहिने जस्तै यो ईन्द्रियहरूको पनि तीनै चाहिने भई सो त्रिपुती भनेको हो ।

सम भनेको--भित्री ईन्द्रिय मन चित्त बुद्धी अहंकारलाई बाहिर जान नदिरोक्नु,

दम भनेको--त्यो भित्री, बाहिरी दुवै ईन्द्रियलाई आफ्ना वशमा राख्नु ।

उपरति भनेको--संसारलाई दु:ख दायक मानेर त्यसबाट हट्नु ।

तितीक्षा भनेको--सुख दु:ख आदी सहनु र लाभ हानी मान अपमान जय परा-जयहरूमा समानता राख्नु ।

श्रद्धा भनेको—गुरूको र वेदान्त तथा शास्त्रको वचनमा विश्वास र गुरूको उप-देशलाई पत्याउनु ।

समाधान भनेको--चित्तको एकाग्रता गराउनु अर्थात गुरूले वताएका वाक्यको एकान्तमा वसी विचार गर्नु ।

वेदान्त भनेको--म को हुँ ब्रह्म के हो भनेर निर्णय गर्ने शास्त्रको नाम हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मोक्षमार्गको साधन गर्नले म को हुं, कहाँ छु भनेर आफ्नु शरीरमा आफूलाई खोजी परमात्माको विचार गर्न शुरू गर्छ, अध्यात्म र ब्रह्म बिद्या भनेको पनि यहि हो ।

तत्व विवेक भनेको--आत्मा सत्य छ अर्थात् म सत्य हुँ, आत्मादेखि बाहेक अरु सबै झुट्टा छ भन्ने यस्तो ज्ञान हुनुलाई भन्दछ ।

आत्मा भनेको– स्थूल, शुष्म, कारण शरीरदेखि भिन्न ५ कोशदेखि पर जाग्रत, स्वप्न, सुषुप्ति अवस्थालाई घटद्रष्टाले जस्तै जान्ने साक्षी, सत्तचित्त आनन्द स्वरूप भएको जो हो त्यही नै हो अर्थात् म भन्ने नै आत्मा हो ।

१. स्थूल शरीर भनेको– पञ्च महाभूतले बनेको यो हाड मासुको बाहिरी शरीर हुन् ।

२. शुष्म शरीर भनेको–ज्ञानेन्द्रि, कर्मेन्द्रि र प्राणादि वायु र मन बुद्धि समेत्त १७ कलाले बनेको शरोर हुन् । यो स्थूल शरीरको भित्र रहि त्यो शरीरले पुण्य र पापको सुख दुःख भोग गर्ने हुन् अर्थात् मरेपछि स्वर्ग र नर्कमा गै सुख दुःख भोग्ने यिनै शरीर हुन् र स्वप्नामा सपना देख्ने पनि यही शरीर हो । यस शरीरमा काम, क्रोध, लोभ मोह, मदमात्सर्य रोग रहन्छ, त्यसै कारणले रिसाउने खुशी हुने सबै यिनै हुन् ।

३. कारण शरीर भनेको– अनादि अर्थात् आदि नै नभएको यो स्थूल शुष्म शरीरको कारण भै त्यसबाट यो स्थूल शुष्म बनिने हो । यो कारण शरीर सत्व स्वरूप हुन् । यसमा माया रहेकोले अज्ञान रहन्छ त्यो ज्ञानद्वारा नाश भएपछि त्यो सत्व स्वरूप ब्रह्म स्वरूप आफैमा हुन्छ अनि मोक्ष हुन्छ, त्यसकारण यो शरीरलाई असत् भनु भने यसबाट नै सम्पूर्ण संसार भएको देखिन्छ । सत् भनु भने ब्रह्म ज्ञान हुनासाथ यो नाश हुने भै यसमा विचारणीय कुरा छ ।

१. जिवका ४ अवस्थामा जाग्रत अवस्था भनेको– हामी सुती अहिले जाग्रत रहेको हो ।

२. स्वप्ना अवस्था भनेको– निद्रा समयमा स्वप्नमा जो देखिन्छ त्यही हो । यो अवस्था घांटीमा हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३. शुषुप्ति अवस्था भनेको– हामी आनन्दसंग सुतिरहेको जो हो त्यही हो । यो अवस्था छातीमा रहन्छ ।

४. तुरिय अवस्था भनेको– त्यो तीनै अवस्थादेखि पल्लो चतुर्थ अवस्थामा प्रकाश हुनुभएको भनी भगवान्‌को व्याख्या भएकाले त्यो ब्रह्म स्वरूप हुँदा त्यो ब्रह्ममै लिन भई रहेका जुन हो त्यसलाई तुरिय अवस्थामा पुगेका पनि भन्वछन् ।

१. अन्नमय कोष भनेको– माता पिताले खाएको अन्नको परिणाम, रजशुक्रको संयोगद्वारा उत्पन्न भै गर्भमा पनि आमाले खाएको अन्नको रसद्वारा पुष्ट भै पैदा भएपछि पनि अन्नै खाएेर जीवीत भै मरेपछि अन्नै पैदा हुने पृथ्वीमै लय हुने हुँदा यसलाई अन्न-मय कोष भनेको यो स्थूल शशीर हो ।

२. प्राणमय कोष भनेको–पाँच प्राण वायु, पाँच कर्मेन्द्रि मिलेर भएकोलाई भन्दछ ।

३. मनोमय कोष भनेको– मन र पाँच ज्ञानेन्द्रि मिलेर भएकोलाई भन्दछ । यो कोषद्वारा नै आत्मामा ईच्छा शक्ति उत्पन्न हुन्छ अनि आत्माले मनद्वारा संकल्प विकल्प अर्थात् ईच्छा र संदेह उत्पन्न हुन्छ ।

४. विज्ञानमय कोष भनेको– बुद्धि र ज्ञानेन्द्रि मिलेर भएको अर्थात् मनका सट्टामा बुद्धिलाई लिएपछि तिनै ज्ञानेन्द्रिय विज्ञानमय कोष भन्दछ । यही कोष स्वरूप नै म जीव हुँ, कर्ता भोक्ता पनि म नै हुँ भनेर जान्ने हुनाले यसलाई विज्ञानमय कोष भनेको हो । यी तिनै कोष शुक्ष्म शरीरमा वर्तमान छ ।

५. आनन्दमय कोप भनेको– तमोगुण, रजोगुणले दबाइएको प्रिय वस्तु देख्न र लिन पाउँदा खुशी मान्ने ईत्यादि वृत्तिले सहित भएको जुन मलिन गुण छ त्यही नै आनन्दमय कोप हो । यो अवस्थामा प्रिय- मोद, प्रमोद, आदि वृत्तिमा आत्मा रही त्यो आत्माले विषयको सुख पाए भन्ने ठान्दछ । यो अविद्या रूप कारण शरीरमा रहन्छ ।

यो पञ्चकोषदेखि आत्मा भिन्न छ । केवल साक्षी स्वरूप हुन् । त्यो कोष मायाको अधिनमा छ । आत्मा छैन । यो मायालाई मुल प्रकृति र ब्रह्मबाट अलग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नहुने भै शक्ति पनि भनिन्छ। त्यसो भए आत्मा कस्तो छ अर्थात् म कस्तो हुँ। सत्, चित्त, आनन्द स्वरूप, (सच्चिदानन्द स्वरूप हुँ।)

१. सत् भनेको– भूत भइसकेको, भविष्य अब हुने, वर्तमान, अहिले भइरहेको तीनै कालमा रही कुनै कालमा पनि नाश नहुने।

२. चित्त भनेको– ज्ञान स्वरूप अर्थात् सम्पूर्ण पदार्थको स्वरूप जान्नु।

३. आनन्द भनेको– सुख स्वरूप दुःखरूप प्रपञ्चबाट रहित भएको। परब्रह्म भनेको– त्यही सत्, चित्त, आनन्द स्वरूप सच्चिदानन्द हुँ। यस्तो आफूमा रहेको आफ्नो सच्चिदानन्द स्वरूप जानेर म त्यही नै स्वरूप हुन् भनी ज्ञानद्वारा जानी अरू सबै परपञ्चमा नलाग्नु। यस्तो जसले जान्यो उसैलाई मोक्ष (मुक्ति) भएको जान्नु। तर अबुज मानिसले सूर्यलाई बादलले ढाकिएकोमा निस्तेज सम्झन्छन्। लाटो कोसेरोले दिनमा पनि अँध्यारै देख्दछ, यस्तै परमात्मालाई पनि मुड बुद्धिले संसारादि नै देख्दछ। वास्तवमा त्यो ज्ञान स्वरूप नै छ त्यसको र जिवको अभेदै छ त्यो देख्दैन।

हृदय अर्थात् मुटुमा प्राण वायु रहन्छ र फोक्सोद्वारा मुख र नाकबाट २४ घण्टामा २१६०० सम्म स्वाँ फ्वाँ चलिरहन्छ। गुदद्वारमा अपाण वायु रही यसले खाएको रस खिचिसकेको चोक्कर दुर्गन्ध मल भएर फाल्दछ। नाभिमा समान वायु रही यसले खाएको अन्नादिको रस सबै शरीरमा समान रूपले भाग लगाउँदछ। उदान वायु घाँटीमा रही यसले अन्नादिको रस शीरमा पुर्‍याउँछ। व्यान वायु सबै शरीरमा रहन्छ र यसले ७२ करोड नाडीहरूद्वारा सबै शरीरमा जुनजुन भागलाई जे जति चाहिने हो चाहिने जति पुर्‍याउँदछ अर्थात् सो नाडीमा व्याप्त भएर अङ्ग प्रत्यङ्गलाई क्रियाशील बनाउँछ। यिनै पञ्च प्राण वायुभित्र रहने नाग वायुले वमन गराउँदछ। कुर्म वायुले आँखा झिमझिम गराउँदछ। कृकल वायुले भोक लगाउँदछ। देवदत्त वायुले हाईहाई गराउँछ। धनन्जय वायुले मरिसकेपछि पनि केही समयसम्म शरीर तातो गराउँछ र मुर्दालाई फुलाउँदछ। यिनै पञ्च प्राणादि वायु र पञ्चतत्व र १० ईन्द्रिय र मन, बुद्धि अहंकार र चित्त यी ४ अन्तकरण समेत जम्मा २४ तत्वको हाम्रो शरीर हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चतत्वको ५ प्रकृति यस्तो छ– आकाशको काम, क्रोध, लोभ, मद, मान। वायुको– उचाल्नु, वहाल्नु, खुम्च्याउनु, पसार्नु, हिड्नु। तेजको– क्षुधा, कान्ति, निद्रा, आलस्य, तृष्णा। जलको– वीर्य, पित्त, पसिना, रक्त, राल। पृथ्वीको– हाड, मासु, छाला, नशा र रौं हुन्।

स्थूल शरीरको अभियान गर्ने अर्थात् म शरीर हुँ भन्ने ब्रह्मको (छाँया) जुन हो त्यसलाई जीव भन्दछन्। अनि त्यो अविद्या मायाको वशले त्यही जीवले म ईश्वरदेखि भिन्न छु भन्ने ठान्दछ र आत्मा पनि जीव भनेर कहलाउँदछ। हुन त जीव पनि ब्रह्म नै हो तर अभिमानले गर्दा यसलाई जीव भनिन्छ। ऐना हेर्दा जसरी आफ्नो अनुहार र ऐनाभित्रको अनुहार दुईटा देखिन्छ, ऐना हटाएपछि त्यो प्रतिविम्ब हराई आफ्नै मुखमा मिले जस्तै जीवमा रहेको अज्ञान नाश भएपछि त्यो जीव ब्रह्मरूप नै हुन्छ अर्थात् म र मेरो भन्ने भाव सम्पूर्ण नाश भै केवल स्व. स्वरूप ब्रह्म नै रहेछु भन्ने विस्वास हुन आउँछ। त्यसकारण जीव र ईश्वरको अलिकति पनि भेद गर्नु हुँदैन। जो जीव हो उही नै ब्रह्म जो ब्रह्म हो, उही नै जीव हो यसमा भिन्न जसले देख्यो त्यो आत्माघाती हो। म देह हुँ भन्दा जति पाप लाग्छ त्यती पाप कोटी गोवध गरे पनि लाग्दैन। म ब्रह्म हुँ भन्दा जति पुण्य मिल्दछ त्यती पुण्य पहिले पनि भएको छैन पछि पनि हुने छैन।

राम नाम, हरे राम हरे कृष्णको महिमा भक्तिमार्ग

यो कलिमा छुटकारा कसरी पाउँछ भनी नारदजीले ब्रह्माजीसंग सोद्धा केवल परमात्माको नाम उच्चारणले मात्र संसारबाट उत्रिन सकिन्छ, यस कलिमा हरिकै नाम प्रेमपूर्वक जप्नाले मात्र गति छ अरू उपाय छैन ती नाम यिनै हुन् भनी बताउनुभएको–

षोड्शकंनाम

हरे राम हरे राम, राम राम हरे हरे
हरे कृष्ण हरे कृष्ण, कृष्ण कृष्ण हरे हरे॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथवा राम राम या कृष्ण कृष्ण जपे पनि हुन्छ, यसको जप्ने कुनै विधान छैन। शुद्ध वा अशुद्ध जस्तो अवस्था होस् सम्पूर्ण जातीले पनि सँधै जहाँ जपे मात्र पुग्छ। सबै पापबाट छुटकारा पाई अन्तमा मुक्ति समेत हुन्छ भरसक यो मन्त्र ३ करोड जप्नु कल्याण छ। त्यसबाट ब्रह्म हत्यादि लगायत सबै पाप नाश हुन्छ, यो कलिमा यो सोह्र नाम महावाक्य महामन्त्र नाम कृतन श्रवण नै मुक्तिको मार्ग हो, त्यस कारण यस नाम प्रेमसाथ जप्नें गर्नु पर्दछ।

कलौ केशव कृत नात, कलिमा केशवको कृतन नै मा महत्व छ।। अँगिराजीले पनि भन्नु भएको छ– "हरिर्हरति पापानी दुष्टचितैरपिस्मृत।"

अनिच्छयाऽपि संस्पृष्टी डहतेर्वहि पावकः ।।

भक्ति नभए पनि हरि नामको स्मरण गर्नाले सबै पाप नाश हुन्छ। जस्तै आगोमा ईच्छा नगरिकन पनि हात पाउ पऱ्यो भने पोल्दछ। विदुरजीले पनि भन्नु भएको छ–

हरेर्नामैव नामैव नामैव मम जीवनम्।

कलौ नास्तेव नास्तेव नास्तेव गतिरन्यथा ।।

हरिको नाम मात्र मेरो जीवन छ यस कलि युगमा संसार सागर पार तर्ने हरि नाम सिवाय दोस्रो उपाय छैन।

स्वयं शिवजीले पनि पार्वतीलाई यो सोह्र नामको मन्त्र समान अरू छैन तीर्थ-यात्रा योगाभ्यास ज्ञान अनेक धर्मकर्म व्रत दान जप तप ईत्यादि जति वेदले साधन बताएका छन्, ती सबैको फल भक्ति नै हो। म पनि राम राम भनि जपि रहन्छु भनी बताउनु भएको छ। श्री राम जय राम जय जय राम यो पनि महामन्त्र हो, जुन मन्त्र जपे पनि १०८ मा कम नगर्नु भनेको छ; यो जानेर वा नजानेर वा अरूको लहलहमा लागेर भए पनि मुख्य जप्नु कृतन गर्नुपर्छ। यज्ञ याज्ञादि गर्नेहरू संसारमा जन्मनु मर्नु पर्छ, श्रीराम श्रीकृष्णको नाम जप्ने स्मरण गर्ने मानिस जन्मनु मर्नु पर्दैन। यो षोदशाक्षर मन्त्रको जपन कृतन आत्मज्ञानी लगायत मनुष्य मात्रले पर्नु पर्छ, यो ब्रह्म स्वरूप सर्व

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्यापि आत्मा नै हुँदा त्यसमा सारा तीर्थ देवदेवता छन् काशी भन्नु नै यही हो । केवल ज्ञान मार्गँ कल्याणकारी छ भनी भक्तितिर नलाग्नेहरू उच्च दर्जामा पुगे पनि पछारिन्छन् भनि वेदले श्रीरामको स्तुती गर्नु भएको छ । भरद्वाज र याज्ञवल्यक्य मुनिले पनि यो कलिमा योग यज्ञ तप व्रत ईत्यादि दोस्रो साधन केही हुँदैन श्रीरामजीलाई नै सम्झी उहाँकै गुणगणको प्रेम र भक्ति पूर्वक वर्णन गर्नु भन्नु भएको छ । भन्ने समेत ईत्यादी त्यसैले अब भगवान् स्तोत्र र केही भजन–

ॐ पूर्णमदः पूर्णमिदं पूर्णात्पूर्ण मुदच्यते, पुर्णस्य पुर्णमादाय पुर्णमेवा वशिष्यते ।।
नमः कमलनाभाय नमस्ते जलशायिने । नमस्ते केशवाऽनन्त वासुदेवं नमोऽस्तुते ।।
मङ्गलं भगवान् विष्णु मङ्गलं गरूडध्वज । मङ्गलं पुण्डरीकाक्षः मङ्गलायतनो हरिः ।।
स शङ्ख चक्रम् सकिरीट कुण्डलं सपीत वस्त्रं सरसीरू हे क्षणम् ।
सहार वक्षः स्थल कौस्तुभश्रियं नमामि विष्णुं शिरसा चतुर्भुजम् ।।
ॐ नमो भगवते वासुदेवाय । नमामि पुरूषोत्तम् गोविन्दाय ।।
ॐ नमो शिवाय । नमामी श्री उमा महेश्वराय् ।।
शिव हर शङ्कर गोरीसं । वन्दे गङ्गा धरमीशम् ।।
गौरी पति जय हर हर हर । चन्द्र मौलि जय हर हर हर ।।
गोविन्द जय जय गोपाल जय जय राधा रमण हरि गोविन्द जय जय ।
श्री कृष्ण गोविन्द हरे मुरारे । हे नाथ नारायण बासुदेव ।
राम रामेति रामेति रमे रामे मनोरमे । सहश्र नाम तत्तुल्यं राम नाम वरानने ।।
जय वोलो रामजी । जय सोतारामजी । जय बोलो शङ्करजी ।
जय गौरीशङ्करजी । बारवार वर माग हुं हर षीडे हुँ श्रीरङ्ग
पद सरोज अनपाएनी भक्ति सदा सत्संग । एकघरी आधी घरि ।
आधी मे पुनि आध । तुलसी सङ्गत साधुकी हरतकोटी अपराध
सीयावर रामचन्द्रकी जय । वृन्दावन विहारी श्रीकृष्णचन्द्रकी जय !
उमापति श्री महादेवकी जय । पवन सुत श्री हनुमानकी जय ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अभिमन्यु उवाच– गोविन्द गोविन्द हरे मुरारे । गोविन्द गोविन्द रथाङ्गपाणे ॥
गोविन्द गोविन्द मुकुन्द कृष्ण । गोविन्द गोविन्द नमो नमस्ते ॥

विराट उवाच– नमो ब्रह्मण्य देवाय गोब्राह्मण हितायच ।
जगद्धिताय कृष्णाय गोविन्दाय नमोनमः ॥

श्रीकृष्ण उवाच– कृष्ण कृष्णेति कृष्णेतियोसां स्मरति नित्यशः ।
जल भीत्वा यथा पद्म नरकादुद्धराम्यहम् ॥

सुत उवाच– तत्रैव गङ्गा यमुना च वेणी । गोदावरी सिन्धु सरस्वती च ।
सर्वाणी तीर्थानी वसन्ती तत्र । यत्राच्युतोद्धार कथा प्रसङ्ग ।

अत्री उवाच– गोविन्देती सदा स्नानं गोविन्देती सदा जप ॥
गोविन्देती सदा ध्यानं सदा गोविन्द कीर्तनम् ॥

श्री हरिहर– यौतौ शङ्ख कपाल भूषित करौ माला स्थिमाला धरौ ।
दिव्यौद्धार वतिस मसान निलयौ नागारी गोवाहनौ ॥
द्वित्रक्ष्यौ बली दक्ष यज्ञ मथनौ मेघाद्रि राज प्रभौ ॥
पापं मे हरताम् सदा हरिहरौ श्री शैलजा वल्ल भौ ॥

मनो भी रामं नयना भी रामं– श्रोताभि रामं वच सोभिरामम् ।
यवं सदा सर्वगतोऽभी रामं बन्दे सदा दासर्थिच रामं ॥

बसुदेव सुतंदेवं कंश चाणुर मर्दनम् । देवकी परमानन्वं ।
कृष्णं बन्दे जगत गुरूम्, बिष्णुं बन्दे सर्व लोकैक नाथम् ॥
हे रामा पुरूषोत्तमा नरहरे नारायण केशवा गोविन्दा गरूड ध्वजा ।
गुणनिधे दामोदरा माधवा । हे कृष्णकमलापत्ते यदुपत्ते
सीतापत्ते श्रीपत्ते बैकुण्ठाढिपते चराचरपते लक्ष्मीपत्ते पाहिमाम् ॥

वन्दे शिवं शङ्करम्– वन्दे देव उसापतिम् सुरू गुरूम् बन्दे जगत् कारणम् ।
बन्दे पन्नग भूषणम् मृगधरणम् वन्दे पशु नाम पतिम् ॥
बन्दे सूर्य शशांक वन्हि नयनं वन्दे मुकुन्द प्रियं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बन्दे भक्त जना क्षयंच वरदं बन्दे शिवं शङ्करम् ॥

ॐ नमः श्री सूर्याय आदिदेव नमस्तुभ्यं । प्रशिद्ध मम भास्कर । दिवाकर नमस्तुभ्यं ।

प्रभाकर नमोऽस्तुते ॥

शुक्लां ब्रह्म विचार सारपरमा माडयां जगत् व्यापिनी ।

वीणा पुस्तक धारिणी म भयदां जाडयान्धकारापहाम् ।

हस्ते स्फाटिक मालिकां विदधती पदमासने संस्थिताम ।

वन्देतां परमेश्वरी भगवती बुद्धि प्रदांशार दाम ॥

श्री गङ्गा– श्री बिष्णुका पाउ सरोजदेखि उत्पन्न भै भूमिविषे झरेकी ।

जसको छ अत्यन्त पवित्र नाम हे माई गङ्गे तिमीमा प्रणाम् ॥

श्री द्वीप ज्योति– शुभँ भवतु कल्याणं मारोग्यं सुख सम्पद ।

मम शत्रु विनासाय दीप ज्योति नमोस्तुते ॥

श्री हनुमान– बुद्धि हिन तनु जानी कै सुमेरौं पवनकुमार ।

बलबुद्धि विद्या देहु मोही हरहुँ कलेश विकार ॥

श्री नागराजा– अगस्त्यस्च पुलस्त्यश्च वैशम्पायन एवच ।

सुमन्तु जैमिनिश्चैव पञ्चैते बज्रवारका ॥१॥

जय नारायण, जय नारायण जय नारायण श्याम हरे ।

रूक्मणी बल्लभ गोपी प्रितम राधे जीवन प्राण हरे॥

जय नारायण ॥ भवभयहारी कृष्ण मुरारी जग्र वनमाली श्याम हरे ॥

दशरथके लाल प्रभु राम लखन– जय हो गोपाल प्यारे राधा रमण जय हो गोपाल प्यारे

राम लखन अयोध्याके राम प्रभुमथुरा के स्याम,

दिनो के दिनानाथ कृष्ण भगवान् ।

नरसिके सांवरिया सुरदासके श्याम मीराके गिरीधर तुलसी के राम ।

भक्ति मलाई देउ हे भगवान् भक्ति मलाई देउ ।

कृतनमा नै रस यो मेरो यो मन नित्य रमाउन ॥१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्धकारको यो हृदयमा दीपक ज्ञान जलाउ ॥
विश्व सिन्धुमा पौडी खेलूँ चाँडै पार लगाउ भगवान् ॥२॥
कर्पुर गौरं करूणावतारं संसार सारं भुजगेन्द्र हारम् ।
सदावसन्तं हृदयार विन्दे भवं भवानी सहितं नमामि ॥
ध्येयं सदा परिभवघ्नमभीष्टदोऽहं । तीर्था स्पदं शिवविरिञ्चिनुतं शरण्यम् ॥१॥
भक्तार्तिहं प्रणतपाल ! भवाब्धिपोतं । वन्दे महापुरूष ते चरणार विन्दम् ॥२॥
त्यक्त्वा सुदुस्त्यजसुरेप्सितराज्यलक्ष्मी । धर्मिष्ठ आर्यवचसाँ यदगादरण्य ॥३॥
मायामृगं दयितयेप्सितमन्वधावत् । वन्दे महा पुरूष ते चरणारविन्दम् ॥४॥
बालमुकुन्दं श्याममुकुन्दं नमामि पुरूषोत्तम गोविन्दम ।धु।
चारवाहुको दिव्य रूप त्यो मुख कमल पनि दिव्य तेजिलो,
सम्झि राख्दछु पाउमा मन दुःखि छु प्रभो छैन क्यै धन ॥
पाउ पर्दछु विन्ति गर्दछु माफी माग्दछु दोषहरू सबै
माफ बक्सियोस् दास हो भनी हुन्न पारको पाउमा परी ॥
जति कुकर्म भो जन्म–जन्ममा यही जन्ममा जो जति भयो ।
माफ बक्सियोस दास हो भनी हुन्न पारको पाउमा परी ।
प्रभो हजुरका चरणा र विन्दमा आजै रमाओस् मन शान्त भैकन ।
प्राणान्तका समयमा कफवात पित्तको झंटाईमा कसरी यो गर्ला र सम्झना ॥
संसारका दृश्य पदार्थ सारा अनित्य जानी नगरी भरोशा ।
श्रीकृष्णका श्री चरणार विन्दमा भुलोस यो मन भमरा बनिकन ॥
कमला विमला मीथुला धामः अवध पुरी सरयु. सीताराम ।
रघुपति राघव राजा राम पतित पावन सीताराम ॥
सीताराम जय सीताराम भजप्यारेतु सीताराम ।
जय रघुनन्दन जय घनश्याम हे दुःख भन्जन तुम्हेप्रणाम् ॥
जलमे राम थलमें राम घट घट हिमें सबैरामै राम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मीरा के प्रभु गिरीधर नागर तुलसी केराम ।।

शाम्ब सदा शिव, शाम्ब सदा शिव, शाम्ब सदा शिव शाम्ब शिव ।
हर हर हर हर शाम्ब सदा शिव शाम्ब शिव ।।

हामी प्रभुको कृतन गाउँ, भवसागरको त्रास मिटाउँ । (धु)
अमूल्य यो नर जीवनलाई । सफल गराउँ हरि गुण गाई ।।
हरि कथामा प्रेम लगाई । हरि ॐ हरि ॐ गाउँ भाई ।।
जपूँ सधैं प्रभु को नाउँ । जनम् मरणको फण्डा छुटाउँ ।।
प्रभुका पदमा प्रेम लगाउँ । आफ्नो जीवन सफल गराउँ ।।

इतनी दया हो भगवान् जब प्राण तनसें निकले
तुह्मारी नाम नही है भूले ।(धु)। गोविन्द नाम् भजकर सीताराम जपकर।
सब माया मोह तजकर तब प्राण तनसे निकले ।।१।।
श्रीगङ्गाजी तत हो मेरे मुख में तुलसी के जल हो ।
तुम सामने खडा हो तब प्राण तनसे निक्ले ।।२।।
जब प्राण कण्ठ आवे कोही रोगना सतावे ।
नाम तुम्हरि खुब गावे तब प्राण तनसे निकले ।।३।।

रामै रामै राम भजी लिनु । रामको नाम छ अपार ।
राम भजी लिई पारी तारी जाउँला यो भवसागर पार ।।१।।
रामनामको डुंगियाँ बनाउँ । पुण्यछ चाँडै पार ।

हरि नाम जपो पर मार्ग यही । कुठा है जग व्यवहार ।।धु।।
भव ताप हरी मन शान्त करो । पीवहु प्रेम अमृतधारा ।।हरि।।
प्रभुशरण गव यदी मुक्ति यही । है यही एक आधारा । हरि . . . .

मुख से कहत रामनाम । पन्थ चलत जो भी ।।
पग पग पर यत्न फल । पावत नर सोई ।मुखसे . . . . . ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अधम अकिर्ती बचे जुई फसा सदाँ खुशी भगवान प्राणी ॥
सोफ्ना स्याना कतपी ख्याना ललथ्याना धन कमेयाना ॥
अनेगु यज्ञ कर्म दीयाना गथे खुशी जुई भगवान ॥१॥
धन जन मदया चित्त तये मफया कतस्यें के भते वरू दुःख सहया ॥
न्हयागु हे दुःख जुसा प्रभु भजनया धुकी हे खुशी भगवान ॥२॥

आरती

हे प्रभु मनमोहन श्यामा आरती लेउ आउ ।
वृन्दावनका कुन्जगलीमा गोपीहरूको साथ लिई कृष्ण गोपीहरूको साथ लिई
रूनु फुनु रूनु फुनु वेनु बजाई आरती लेउ आउ हे प्रभु ॥१॥
गोवर्धनका वरिपरी घुमिघुमी गाई गोपली कृष्ण गाई गोपली ।
राधालाई साथ लिई रूक्मिणीलाई साथ लिई आरती लेऊ ॥२॥
त्रिभुवन स्वामी अन्तर यामी पूर्ण ब्रह्म तिमी कृष्ण ।
पूर्ण ब्रह्म तिमी सच्चिदानन्द स्वरूपा आरती लेउ आउ ॥३॥
ज्ञान स्वरूपी तिमी छौ भगवान् आत्मा रूप तिमी कृष्ण आत्मा रूप ॥
गीता ज्ञान सुनाउने भागवत धर्म बताउने आरती लेउ आउ ॥४॥
दासी हामी चरण कमलमा बिन्ति गर्छु स्वामी कृष्ण बिन्ति गर्छु स्वामी ।
प्रेम पुजारी भइकन हरदम बस मेरो मन मन्दिरमा हे प्रभु ॥५॥

उप संहार

यस सन्दर्भमा माथि बताईएका गीता सहित सबै ज्ञान पूजापाठ र कृतन ईत्यादि किन नहोस्, विना पूजापाठ हरि कृतन कुनै नियम वेगर सन्मार्गतिर ध्यानै जान्दैन फेरी विना ज्ञान र यो पुरूष कुनै साधनमा लस्कनै सक्दैन । यो कर्तव्य, यो अकर्तव्य भन्नेसम्म पनि जानकारी हुन नपाई अज्ञानी नै भइरहनु पर्ला · त्यसैले यावत् प्राणीलाई ज्ञानको अति आवश्यक छ । जस्तै:– बच्चाहरूलाई गुरूले पढाउन सिकाउनु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि ज्ञानै हो पंढेसिकेपछि न ठूला–ठूला व्यक्तिमा गणना हुन्छ, सो शिक्षा नपाई अज्ञानी भई रहेका पनि धेरै नै छ, त्यसैले त्यो अज्ञानी नहुनुको साधन नै मुख्य ज्ञान तथा शिक्षा हो । त्यो ज्ञानानुसार सन्यास हुनु, कर्मयोगी हुनु, भक्ति योगी हुनु यो ३ सिद्धि मध्ये यो कलिमा युग अनुसार भक्ति योगमा कृतन कै महत्व देखियो । त्यो कलिले पनि मेरो युगमा ठूलो गुण छ, केवल हरि कृतन मात्रलें पनि तर्न सकिन्छ, अरू युगमा गरे अनुसारको तप, यज्ञ, पूजाको फल सो हरि कृतनले नै दिएको छ, भनी परीक्षितलाई भन्नु भएको र हरि देखि विमुख जीवले कुनै उपाय बाट पनि तर्न सकिदैन । जसको मन रामजीका चरणमा अनुरक्त छ, त्यही पण्डित ज्ञानी सर्वज्ञ हो भन्ने वेदको सिद्धान्त पनि रहेछ, यो हरेरामको षोड्शकं नामको मन्त्र सबै सनातनी धर्मको साझा मन्त्र हुँदा यो गर्न कुनै नियमले बाधा पुर्‍याएको पनि छैन, यो कलीमा योग, जप, तप, व्रतपूजा कुनै पूर्ण गर्न सकिदैन । केवल रामलाई नै सम्झनु यो मन्त्र श्रद्धापूर्वक जप्नु कृतन गर्नाले नै भुक्ति मुक्ति पाईन्छ भनी ब्रह्माजीले नारदजीलाई बताउनु भएकोपनि छ र कृष्ण नाम कृतन भक्ति पूर्वक जब गर्दछौं, तब कृष्ण हाम्रो साथमा हुनुहुन्छ र अनि कृष्णमा मग्न भई योगको पूर्णता प्राप्त पनि हुन्छ, हरेक प्रकारको योग भगवद्भावना पूर्णको लागि हो । तर कृतन विधि यो युगमा मुख्यमानेको छ, सो कृतन–सुन्नु, कृतनगर्नु, स्मरण गर्नु, सेवा गर्नु, मूर्तिको पुजा गर्नु प्रार्थना गर्नु हो । यीनमा सुन्नु र भजनगर्नुमा धेरै महत्वपूर्ण छ । तप ध्यान र योगको लागिएकान्तर पवित्र स्थानमा जानु या घरद्वार त्याग्नु पर्छ, भक्ति योग र कृतनको लागि त्यसको आवश्यकता पनि छैन, भन्ने समेत माथि उल्लेख र कुनै विद्वानको लेखवाट समेत पाईएकोले सो माथि वताईएको ज्ञानानुसार चलि भक्ति मार्ग मै लागि रोही रामकृष्ण उहाँको षोदशकं नाम मन्त्र या भगवान् नारायण, विष्णु, शिव, भगवती तथा बुद्धको नाम या उसपोलहरूको स्तोत्र भजन भक्ति श्रद्धा पूर्वक जप्नु, कृतन गर्नुमै हामो मानव जीवनको श्रेय रहेछ भन्ने प्रकाशकको विचार पनि प्रकट गरि यस पुस्तकलाई यही विश्राम गरि समाप्त गरिएको छु । इति सुभम् ।

हरि ॐ तत्सत् श्री ब्रह्मार्पण मस्तु ॐ शान्ति–शान्ति–शान्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुद्धिपत्र

पृष्ठ	हरफ	भएको (अशुद्ध)	हुनुपर्ने (शुद्ध)
५	१	सरेजय	सरोजम
२०	३	हास कमलीनीलाई	हाँसलाई सुनाई कमलिनी मुक्त
२४	१४	याया	व्याख्या
२८	१६	खोलेर	घोलेर
४०	१६	मनुयहमा	मनुष्यहरूमा
४८	११	सायीक	सात्विक
५३	१३	पन	पनि
५७	६	अयक्त	अव्यक्त
६१	१४	के	केही
७३	३	सद	शब्द
७४	१७	[illegible]	जान्छ
७६	१४	भरत	भारत
८४	१८	व्या	व्याप्त
६३	११	कार	विकार
६५	७	ज्ञन	ज्ञाता
६६	८	भन्दा श्रेष्ठ	यज्ञ श्रेष्ठ
१११	१२	यागी	त्यागी
१११	१५	१४ हरफको मुनी होस् सिद्ध अन्नको माधुकरी भिक्षा लिएर शरीर भन्नेसम्म छुटी निर्वाह देखि मात्र छ।	

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पृष्ठ	हरफ	भएको (अशुद्ध)	हुनुपर्ने (शुद्ध)
१४८	११	भच्चि	भक्ति
१४८	१३	भच्चि	भक्ति
१४६	११	मुक्त	युक्त
१५६	१६	पर्दछ	हुतु पर्दछ
१६४	१७	ज्ञरी	एकाक्षरी
१८१	१८	शोषण	पोषण
२०१	११	[illegible]	प्र
२०८	५	भगबाट	भगवानबाट
२३४	१८	द्व	द्वेष
२४६	१३	★	मात्र
२४६	१४	श्रवण	मनन

भागवत खण्ड

३	४	हरस्य	हरय
३	१४	जान	ज्ञान

पेज नं. १० हरफ ५, ७, ६, १०, २१ र पेज नं. ११ हरफ ५, पेज नं. १२ हरफ १७ मा ब्रह्मलाई ब्रह्मा लेखिन गएको छ र पेज नं. ४८ देखि पेज नं. ६४ सम्म अन्य ज्ञानको व्याख्यामा र् कोमा पनि भागवत् भनी नै लेखिन गएको छ।

१२	१६	आनन्न	आनन्द
४८	२२	को	हो
४८	२२	हो	को
५१	२२	चल	बल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गीताको श्लोक त्रुटी हुन गएको शुद्ध गरिएको छ

पृष्ठ	हरफ	भएको अशुद्ध	हुनुपर्ने शुद्ध
निवेदन	२१	खाली ठाउँ	पठन
१	१	य	श्री गीता माता यै नमः
१	५	गुरू	श्री गुरवे नमः
२	४	वेदै	दिव्यैः स्तवैर्वेदै
३	६	प्यां	व्यासेनग्रथितां पुराण मुनिनां मध्य महाभारतम्
५	१	रेज मलं	सरोज म मलं
५	२	या	नाना ख्यानकके सरंहरि कथा सम्वो धनावोधितम्
५	४	कली पल	कलि मल
५	५	गु	मुकं करोति वाचालं पङ्गुंलङ्घयते गिरिम्
६	१६	वल्ल भौ	वल्ल भो
१२	१०	पुनर्जन्न	पुनर्जन्म
१२	१४	देवय सेवा	देवस्य सेवा
५०	५	कुर्मत	मामकाः पाण्डवाश्चैव किम कुर्वत संजय
५३	१	हिने	देहिनोऽस्मिन्यथादेहे कौमारं यौ वनंजरा
८६	१४	यथाययारनां	ये यथामां प्रपद्यन्ते तांस्तथैव भजाम्यहम्
९३	११	खाली ठाउँ	तेज वायुको विकार हुँदा वायुदेखि भिन्नछैन
२५६	२	म	ओमित्यका क्षरंब्रह्म व्याहरन्या मनुस्मरन्
२५६	४	कोपत्यां	स्थाने ऋषिकेश तव प्रकित्यां
२५६	६	दवन्ति	रक्षांसि भीतानि दिशो द्रवन्ति
२५६	१४	स्वयम	उर्ध्वमुल मधः शाख महश्वथं प्राहुर व्ययम्
२५७	१	सर्वस्व	सर्वस्यचाऽहं हृदिसंनि विस्टो
२५७	२	ज्ञीनमपो	मत्तः स्मृतिर्ज्ञान मपो हनंच

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ

श्रीपरमात्मने नमः

अथ श्रीविष्णुसहस्रनामस्तोत्रम्

यस्य स्मरणमात्रेण जन्मसंसारबन्धनात् । विमुच्येते नमस्तस्मै विष्णवे प्रभविष्णवे ॥
नमः समस्तभूतानामादिभूताय भूभृते । अनेक रूपरूपाय विस्णवे प्रभविष्णवे ॥

वैशम्पायन उवाच

श्रुत्वा धर्मानशेषेण पावनानि च सर्वशः । युधिष्ठिरः शान्तनवं पुनरेवाभ्यभाषत ।१।

युधिष्ठिर उवाच

किमेकं दैवतं लोके किं वाप्येकं परायणम् । स्तुवन्तः कंकमर्चन्तः प्राप्युर्मानवाः शुभम् ।२।
को धर्मः सर्वधर्माणां भवतः परमो मतः । किं जपन्मुच्यते जन्तुर्जन्मसंसारबन्धनात् ।३।

भीष्म उवाच

जगत्प्रभुं देवदेवमनन्तं पुरूषोत्तमम् । स्तुवन्नामसहस्रेण पुरूषः सततोत्थितः ।४।
तमेवचार्चयन्नित्यं भक्त्या पुरूषमव्ययम् । ध्यायन्स्तुवन्नमस्यंश्च यजमानस्तमेव च ।५।
अनादिनिधनं विष्णुं सर्वलोकमहेश्वरम् । लोकाध्यक्षं स्तुवन्नित्यं सर्वदुःखातिगो भवेत ।६।
ब्रह्मण्यं सर्वधर्मज्ञं लोकानां कीर्तिवर्धनम् । लोकनाथं महद्भूतं सर्वभूतभवोद्भवम् ।७।
एष मे सर्वधर्माणां धर्मोऽधिकतमो मतः । यद्भक्त्या पुण्डारीकाक्षं स्तवैरर्चेन्नरः सदा ।८।
परमं यो महत्तेजः परमं यो महत्तपः । परमं यो महद्ब्रह्म परमं यः परायणम् ।९।
पवित्राणां पवित्रं यो मङ्गलानां च मङ्गलम् । दैवतं देवातानां च भूतानां योऽव्ययःपिता ॥
यतः सर्वाणि भूतानी भवन्त्यादियुगागमे । यस्मिंश्च प्रलयं यान्ति पुनरेव युगक्षये ।११।
तस्य लोकप्रधानस्य जगन्नाथस्य भूपते । विष्णोर्नामसहस्रं मे श्रृणु पापभयापहम् ।१२।
यानि नामानि गौणानि विख्यातानि महात्मनः । ऋषिभिः परिगीतानि तानि वक्ष्यामीभूतये
ॐ विश्वं विष्णुर्वषट्कारो भूतभव्यभवत्प्रभुः । भूतकृद्भूतभृद्भावो भूतात्मा भूतभावनः ॥
पूतात्मा परमात्मा च मुक्तानां परमा गतिः । अव्ययः पुरूषः साक्षी क्षेत्रज्ञोऽक्षर एव च ॥
योगो योगविदां नेता प्रधानपुरूषेश्वरः । नारसिंहवपुः श्रीमान्केशवः पुरूषोत्तम ।१६।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वः शर्वः शिवः स्थाणुर्भूतादिर्निधिरव्ययः । सम्भवो भावनो भर्ता प्रभवः प्रभुरीश्वरः ।
स्वयम्भूः शम्भूरादित्यः पुष्कराक्षो महास्वनः । अनादिनिधनो धाता विधाता धातुरूत्तमः।।
अप्रमेयो हृषीकेशः पद्मनाभोऽमरप्रभुः । विश्वकर्मा मनुस्त्वष्टा स्थविष्ठः स्थविरो ध्रुवः ।
अग्राह्यः शाश्वतः कृष्णो लोहिताक्षः प्रतर्दनः । प्रभूतस्त्रिककुब्धाम पवित्रं मङ्गलं परम् ।।
ईशानः प्राणदः प्राणो ज्येष्ठः श्रेष्ठः प्रजापतिः । हिरण्यगर्भो भूगर्भो माधवो मधुसुदन२१।
ईश्वरो बिक्रमी धन्वी मेधावी विक्रमः क्रमः ।अनुत्तमो दुराधर्षः कृतज्ञः कृतिरात्मवान्।२२।
सुरेशः शरणं शर्म विश्वरेताः प्रजाभवः । अहः संवत्सरो व्यालः प्रत्ययः सर्वदर्शनः ।२३।
अजः सर्वेश्वरः सिद्धः सिद्धिः सर्वादिरच्युतः । वृषाकपिरमेयात्मा सर्वयोगविनिः सृतः ।।
वसुर्वसुमनाः सत्यः समात्मा सम्मित समः । अमोघः पुण्डरीकाक्षो वृषकर्मा वृषाकृतिः ।।
रूद्रो बहुशिरा बभ्रुर्विश्वयोनिः शुचिश्रवाः । अमृतः शाश्वतः स्थाणुर्वरारोहो महातपाः ।।
सर्वगः सर्वद्भानुर्विष्वक्सेनो जनार्दनः । वेदो वेदविदव्यङ्गो वेदाङ्गो वेदवित्कविः ।२७।
लोकाध्यक्षः सुराध्यक्षो धर्माध्यक्षः कृताकृतः । चतुरात्मा चतुर्व्युहश्चतुर्दंष्ट्रश्चतुर्भुजः ।२८।
भ्राजिष्णुर्भोजनं भोक्ता सहिष्णुर्जगदादिजः । अनघो विजयो जेता विश्वयोनिः पुनर्वसुः ।।
उपेन्द्रो वामनः प्रांशुरमोघः शुचिरूर्जितः । अतीन्द्रः संग्रहः सर्गो धृतात्मा नियमो यमः ।।
वेद्यो वैद्यः सदायोगी वीरहा माधवो मधुः । अतीन्द्रियो महामायो महोत्साहो महाबलः ।।
महाबुद्धिर्महावीर्यो महाशक्तिर्महाद्युतिः । अनिर्देश्यवपुः श्रीमानमेयात्मा महाद्रिधृक ।३२।
महेष्वासो महीभर्ता श्रीनिवासः सतां गतिः । अनिरूद्धः सुरानन्दो गोविन्दो गोविदां पतिः।।
मरीचिर्दमनो हंसः सुपर्णो भुजगोत्तमः । हिरण्यनाभः सुतपाः पद्मनाभः प्रजापतिः ।३४।
अमृत्युः सर्वदृक्सिंहः सन्धाता सन्धिमान्स्थिरः । अजो दुर्मर्षणः शास्ता विश्रुतात्मा सुरारिहा
गुरूर्गुरूतमो धाम सत्यः सत्यपराक्रमः । निमिषोऽनिमिषः स्रग्वी वाचस्पतिरूदारधीः ।३६।
अग्रणीर्ग्रामणीः श्रीमान्न्यायो नेता समीरणः । सहस्रमूर्धा विश्वात्मा सहस्राक्षः सहस्रपात्
आवर्तनो निवृत्तात्मा संवृतः सम्प्रमर्दनः । अहः संवर्तको वह्निरनिलो धरणीधरः ।३८।
सुप्रसादः प्रसन्नात्मा विश्वधृग्विश्वभुग्विभुः । सत्कर्ता सत्कृतः साधुर्जह्नुर्नारायणो नरः
असंख्येयोऽप्रमेयात्मा विशिष्टः शिष्टकृच्छुचिः सिद्धार्थः सिद्धसंकल्पः सिद्धिद सिद्धिसाधन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वृषाही वृषभो विष्णुर्वृषपर्वा वृषोदर। वर्धनो वर्धमानश्च विविक्त श्रुतिसागर।४१।
सुभुजो दुर्धरो वाग्मी महेन्द्रो वसुदो वसु। नैकरूपो बृहद्रूप शिपिविष्ट प्रकाशन।४२।
ओजस्तेजोद्युतिधर प्रकाशात्मा प्रतापन। ऋद्ध स्पष्टाक्षरो मन्त्रश्चन्द्रांशुर्भास्करद्युति।४३।
अमृतांशूद्भवो भानु शशबिन्दु सुरेश्वर। औषधं जगत सेतु सत्यधर्मपराक्रम।४४।
भूतभव्यभवन्नाथ पवन पावनोऽनल। कामहा कामकृत्कान्त काम कामप्रद प्रभु।४५।
युगादिकृतद्युगावर्तो नैकमायो महाशनः। अदृश्योऽव्यक्तरूपश्च सहस्रजिदनन्तजित।४६।
इष्टो विशिष्टः शिष्टेष्टः शिखण्डो नहुषो वृषः। क्रोधहाक्रोधकृत्कर्ता विश्वबाहुर्महीधरः
अच्युतः प्रथिम- प्राणः प्राणदो वासवानुजः। अपांनिधिरधिष्ठानमप्रमत्तः प्रतिष्ठितः।४८।
स्कन्दः स्कन्दधरो धुर्यो वरदो वायुवाहनः। वासुदेवो बृहद्भानुरादिदेवः पुरन्दरः।४९।
अशोकस्तारणस्तारः शूरः शौरिर्जनेश्वर। अनुकूलः शतावर्तः पद्मी पद्मनिभेक्षणः।५०।
पद्मनाभोऽरनिन्दाक्षः पद्मगर्भः शरीरभृत। महर्द्धिर्ऋद्धो वृद्धात्मा महाक्षो गरूडध्वजः
अतुलः शरभो भीमः समयज्ञो हविर्हरिः। सर्वलक्षणलक्षण्यो लक्ष्मीवान्समितिञ्जयः।५२।
विक्षरो रोहितो मार्गो हेतुर्दामोदरः सहः। महीधरो महाभागो वेगवानमिताशनः।५३।
उद्भवः क्षोभणो देवः श्रीगर्भः परमेश्वरः। करणं कारणं कर्ता विकर्ता गहनो गुहः।५४।
व्यवसायो व्यवस्थानः संस्थानः स्थानदो ध्रुवः परर्द्धिः परमः स्पष्टस्तुष्टः पुष्टः शुभेक्षणः
रामो विरामो विरजो मार्गो नेयो नयोऽनयः वीरः शक्तिमतां श्रेष्ठो धर्मो धर्मविदुत्तमः
वैकुण्ठः पुरुषः प्राणः प्राणदः प्रणवः पृथुः हिरण्यगर्भः शत्रुघ्नो व्याप्तो वायुरधोक्षजः।५७
ऋतुः सुदर्शनः कालः परमेष्ठी परिग्रहः। उग्रः संवत्सरो दक्षो विश्रामो विश्वदक्षिणः
विस्तारः स्थावरः स्थाणुः प्रमाणं बीजमव्ययम्ः अर्थोऽनर्थो महाकोशो महाभोगो महाधनः
अनिर्विण्णः स्थविष्ठोऽभूर्धर्मयूपो महामखः नक्षत्रनेमिर्नक्षत्री क्षमः क्षामः समीहनः।६०।
यज्ञ इज्यो महेज्यश्च क्रतुः सत्रं सतां गतिः। सर्वदर्शी विमुक्तात्मा सर्वज्ञो ज्ञानमुत्तमम्
सुव्रतः सुमुखः सूक्ष्मः सुघोषः सुखदः सुहृत। मनोहरो जितक्रोधो वीरबाहुर्विदारणः।६२।
स्वापनः स्ववशो व्यापी नैकात्मा नैककर्मकृत। वत्सरो वत्सलो वत्सी रत्नगर्भो धनेश्वरः
धर्मगुब्धर्मकृद्धर्मी सदसत्क्षरमक्षरम्। अविज्ञाता सहस्रांशुर्विधाता कृतलक्षणः।६४।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गभस्तिनेमिः सत्त्वस्थः सिंहो भूतमहेश्वरः । आदिदेवो महादेवो देवेशो देवभृद्गुरुः ।६५।
उत्तरो गोपतिर्गोप्ता ज्ञानगम्यः पुरातनः । शरीरभूतभृद्भोक्ता कपीन्द्रो भूरिदक्षिणः ।६६।
सोमपोऽमृतपः सोमः पुरुजित्पुरुसत्तमः । विनयो जयः सत्यसन्धो दाशार्हः सात्वतांपतिः।
जीवो विनयिता साक्षी मुकुन्दोऽमितविक्रमः । अम्भोनिधिरनन्तात्मा महोदधिशयोऽन्तकः।।
अजो महार्हः स्वाभाव्यो जितामित्रः प्रमोदनः । आनन्दो नन्दनो नन्दः सत्यधर्मा त्रिविक्रमः
महर्षिः कपिलाचार्यः कृतज्ञो मेदिनीपतिः । त्रिपदस्त्रिदशाध्यक्षो महाशृङ्गः कृतान्तकृत
महावराहो गोविन्दः सुषेणः कनकाङ्गदी । गुह्यो गभीरो गहनो गुप्तश्चक्रगदाधरः ।७१।
वेधाः स्वाङ्गोऽजितः कृष्णो दृढः सङ्कर्षणोऽच्युतः । वरुणो वारुणो वृक्षः पुष्कराक्षो महामनाः
भगवान्भगहानन्दी वनमाली हलायुधः । आदित्यो ज्योतिरादित्यः सहिष्णुर्गतिसत्तमः ।।
सुन्धवा खण्डपरशुर्दारुणो द्रविणप्रदः । दिविस्पृक्सर्वदृग्व्यासो वाचस्पतिरयोनिजः ।७४।
त्रिसामा सामगः साम निर्वाणं भेषजं भिषक् । संन्यासकृच्छमः शान्तो निष्ठा शान्तिः परायणः
शुभाङ्गः शान्तिदः स्रष्टा कुमुदः कुवलेशयः । गोहितो गोपतिर्गोप्ता वृषभाक्षो वृषप्रियः
अनिवर्ती निवृत्तात्मा संक्षेप्ता क्षेमकृच्छिवः । श्रीवत्सवक्षाः श्रीवासः श्रीपतिः श्रीमतां वरः
श्रीदः श्रीशः श्रीनिवासः श्रीनिधिः श्रीविभावनः । श्रीधरः श्रीकरः श्रेयः श्रीमाँल्लोकत्रयाश्रयः।
स्वक्षः स्वङ्गः शतानन्दो नन्दिर्ज्योतिर्गणेश्वरः । विजितात्माविधेयात्मा सत्कीर्तिश्छिन्नसंशय
उदीर्णः सर्वतश्चक्षुरनीशः शाश्वतः स्थिरः । भूशयो भूषणो भूतिर्विशोकः शोकनाशनः।८०।
अर्चिष्मानर्चितः कुम्भो विशुद्धात्मा विशोधनः । अनिरुद्धोऽप्रतिरथः प्रद्युम्नोऽमितविक्रमः ।।
कालनेमिनिहा वीरः शौरिः शूरजनेश्वरः । त्रिलोकात्मा त्रिलोकेशः केशवः केशिहा हरिः।।
कामदेवः कामपालः कामी कान्तः कृतागमः । अनिर्देश्यवपुर्विष्णुर्वीरोऽनन्तो धनंजयः ।।
ब्रह्मण्यो ब्रह्मकृद्ब्रह्मा ब्रह्म ब्रह्मविवर्धनः । ब्रह्मविद्ब्राह्मणो ब्रह्मी ब्रह्मज्ञो ब्राह्मणप्रियः।८४।
महाक्रमो महाकर्मा महातेजा महोरगः । महाक्रतुर्महायज्वा महायज्ञो महाहविः ।८५।
स्तव्यःस्तवप्रियःस्तोत्रं स्तुतिः स्तोतारणप्रियः । पूर्णः पूरयिता पुण्यः पुण्यकीर्तिरनामयः ।।
मनोजवस्तीर्थकरो वसुरेता वसुप्रदः । वसुप्रदो वासुदेवो वसुर्वसुमना हविः ।८७।
सद्गतिः सत्कृतिः सत्तासद्भूतिः सत्परायणः । शूरसेनो यदुश्रेष्ठः सन्निवासःसुयामुनः ।८८।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूतावासो वासुदेवः सर्वासुनिलयोऽनलः । दर्पहा दर्पदो दृप्तो दुर्धरोऽथापराजितः ।८९।
विश्वमूर्तिर्महामूर्तिर्दीप्तमूर्तिरमूर्तिमान् । अनेकमूर्तिरव्यक्तः शतमूर्तिः शताननः ।९०।
एको नैकः सवः कः किं यत्तत्पदमनुत्तमम् । लोकबन्धुर्लोकनाथो माधवो भक्तवत्सलः ।९१।
सुवर्णवर्णो हेमाङ्गो वराङ्गश्चन्दनाङ्गदी । वीरहा विषमः शून्यो घृताशीरचलश्चलः ।९२।
अमानी मानदो मान्यो लोकस्वामी त्रिलोकधृक् । सुमेधा मेधजो धन्यः सत्यमेधा धराधरः ।।
तेजोवृषो द्युतिधरः सर्वशस्त्रभृतां वरः । प्रग्रहो निग्रहो व्यग्रो नैकशृङ्गो गदाग्रजः ।९४।
चतुर्मूर्तिश्चतुर्बाहुश्चतुर्व्यूहश्चतुर्गतिः । चतुरात्मा चतुर्भावश्चतुर्वेदविदेकपात् ।९५।
समावर्तोऽनिवृत्तात्मा दुर्जयो दुरतिक्रमः । दुर्लभो दुर्गमो दुर्गो दुरावासो दुरारिहा ।९६।
शुभाङ्गो लोकसारङ्गः सुतन्तुस्तन्तुवर्धनः । इन्द्रकर्मा महाकर्मा कृतकर्मा कृतागमः ।९७।
उद्भवः सुन्दरः सुन्दो रत्ननाभः सुलोचनः । अर्को वाजसनः शृङ्गी जयन्तः सर्वविज्जयी ।।
सुवर्णबिन्दुरक्षोभ्यः सर्ववागीश्वरेश्वरः । महाह्रदो महागर्तो महाभूतो महानिधिः ।९९।
कुमुदः कुन्दरः कुन्दः पर्जन्यः पावनोऽनिलः । अमृतांशोऽमृतवपुः सर्वज्ञः सर्वतोमुख ।१००।
सुलभः सुव्रतः सिद्धः शत्रुजिच्छत्रुतापनः । न्यग्रोधोदुम्बरोऽश्वत्थश्चाणूरान्ध्रनिषूदन ।१०१।
सहस्रार्चिः सप्तजिह्वः सप्तैधाः सप्तवाहनः । अमूर्तिरनघोऽचिन्त्यो भयकृद्भयनाशनः ।।
अणुर्बृहत्कृशः स्थूलो गुणभृन्निर्गुणो महान् । अधृतः स्वधृतः स्वास्यः प्राग्वंशो वंशवर्धन ।।
भारभृत्कथितो योगी योगीशः सर्वकामदः । आश्रमः श्रमणः क्षामः सुपर्णो वायुवाहन ।।
धनुर्धरो धनुर्वेदो दण्डो दमयिता दमः । अपराजितः सर्वसहो नियन्ता नियमो यमः ।१०५।
सत्त्ववान्सात्त्विकः सत्यः सत्यधर्मपरायणः । अभिप्रायः प्रियार्होऽर्हः प्रियकृत्प्रीतिवर्धनः ।।
विहायसगतिर्ज्योतिः सुरुचिर्हुतभुग्विभुः । रविर्विरोचनः सूर्यः सविता रविलोचनः ।१०७।
अनन्तो हुतभुग्भोक्ता सुखदो नैकजोऽग्रजः । अनिर्विण्णः सदामर्षी लोकाधिष्ठानमद्भुतः ।।
सनात्सनातनतमः कपिलः कपिरव्ययः । स्वस्तिदःस्वस्तिकृत्स्वस्तिस्वस्तिभुक्स्वस्तिदक्षिणः।।
अरौद्रः कुण्डली चक्री विक्रम्यूर्जितशासनः । शब्दातिगः शब्दसहः शिशिरः सर्वरीकरः ।।
अक्रूरः पेशलो दक्षो दक्षिणः क्षमिणां वरः । विद्वत्तमो वीतभयः पुण्यश्रवणकीर्तनः।१११।
उत्तारणो दुष्कृतिहा पुण्यो दुःस्वप्ननाशनः । वीरहा रक्षणः सन्तो जीवनः पर्यवस्थितः ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनन्तरूपोऽनन्तश्रीर्जितमन्युर्भयापहः । चतुरस्रो गभीरात्मा विदिशो व्यादिशो दिशः ॥
अनादिर्भूर्भुवो लक्ष्मीः सुवीरो रुचिराङ्गदः । जननोजनजन्मादिर्भीमो भीमपराक्रमः ।११४।
आधारनिलयो धाता पुष्पहासः प्रजागरः । उर्ध्वगः सत्पथाचारः प्राणदः प्रणवः पणः ॥
प्रमाणं प्राणनिलयः प्राणभृत्प्राणजीवनः । तत्त्वं तत्त्वविदेकात्मा जन्ममृत्युजरातिगः ।११६।
भूर्भुवः स्वस्तरूस्तारः सविता प्रपितामहः । यज्ञो यज्ञपतिर्यज्वा यज्ञाङ्गो यज्ञवाहनः ।११७।
यज्ञभृद्यज्ञकृद्यज्ञी यज्ञभुग्यज्ञसाधनः । यज्ञान्तकृद्यज्ञगुह्यमन्नमन्नाद एव च ।११८।
आत्मयोनिः स्वयंजातो वैखानः सामगायनः । देवकीनन्दनः स्रष्टा क्षितीशः पापनाशनः ॥
शङ्खभृन्नन्दकी चक्री शार्ङ्गधन्वा गदाधरः । रथाङ्गपाणिरक्षोभ्यः सर्वप्रहरणायुधः ।१२०।

सर्वप्रहरणायुध ॐ नम इति

इतीदं कीर्तनीयस्य केशवस्य महात्मनः । नाम्नां सहस्रं दिव्यानामशेषेण प्रकीर्तितम् ॥
य इदं शृणुयान्नित्यं यश्चापि परिकीर्तयेत् । नाशुभं प्राप्नुयात्किंचित्सोऽमुत्रेह च मानवः ॥
वेदान्तगो ब्राह्मणः स्यात्क्षत्रियो विजयी भवेत । वैश्यो धनसमृद्धः स्याच्छूद्रः सुखमवाप्नुयात ॥
धर्मार्थीप्राप्नुयाधर्ममर्थार्थी चार्थमाप्नुयात् । कामानवाप्नुयात्कामीप्रजार्थी प्राप्नुयात्प्रजाम् ।
भक्तिमान्यः सदोत्थाय शुचिस्तद्गतमानसः । सहस्रं वासुदेवस्य नाम्नामेतत्प्रकीर्तयेत् ॥
यशः प्राप्नोति विपुलं ज्ञातिप्राधान्यमेव च । अचलां श्रियमाप्नोति श्रेयः प्राप्नोत्यनुत्तमम् ॥
न भयं क्वचिदाप्नोति वीर्यं तेजश्च विन्दति । भवत्यरोगो द्युतिमान्वलरूपगुणान्वित ॥
रोगार्तो मुच्यते रोगाद्बद्धो मुच्यत वन्धनात् । भयान्मुच्यत भीतस्तु मुच्येतापन्न आपदः ॥
दुर्गाण्यतितरत्याशु पुरुषः पुरुषोत्तमम् । स्तुवन्नामसहस्रेण नित्यं भक्तिसमन्वितः ।१२९।
वासुदेवाश्रयो मर्त्यो वासुदेवपरायणः । सर्वपापविशुद्धात्मा याति ब्रह्म सनातनम् ।१३०।
न वासुदेवभक्तानामशुभं विद्यते क्वचित् । जन्ममृत्युजराव्याधिभयं नैवोपजायते ।१३१।
इमं स्तवमधीयानः श्रद्धाभक्तिसमन्वितः । युज्येतात्मसुखक्षान्तिश्रीधृतिस्मृतिकीर्तिभिः ॥
न क्रोधो न च मात्सर्यं न लोभो नाशुभा मतिः । भवन्ति कृतपुण्यानां भक्तानां पुरुषोत्तमे
द्यौः सचन्द्रार्कनक्षत्रा खं दिशो भूर्महोदधिः । वासुदेवस्य वीर्येण विधृतानी महात्मनः ॥
ससुरासुरगन्धर्वं सयक्षोरगराक्षसम् । जगद्वशे वर्ततेदं कृष्णस्य सचराचरम् ।१३५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इन्द्रियाणी मनो बुद्धिः सत्त्वं तेजो बलं धृतिः । वासुदेवात्मकान्याहुः क्षेत्रं क्षेत्रज्ञ एव च ॥
सर्वागमानामाचारः प्रथमं परिकल्पते । आचारप्रभवो धर्मो धर्मस्य प्रभुरच्युत ।१३७।
ऋषयः पितरो देवा महाभूतानि धातवः । जङ्गमाजङ्गमं चेदं जगन्नारायणोद्भवम् ।१३८।
योगो ज्ञानं तथा सांख्यं विद्याःशिल्पादि कर्म च । वेदाःशास्त्राणि विज्ञानमेतत्सर्वं जनार्दनात् ॥
एको विष्णुर्महद्भूतं पृथग्भूतान्यनेकशः । त्रींल्लोकान्व्याप्यभूतात्माभुङ्क्ते विश्वभुगव्ययः॥
इमं स्तवं भगवतो विष्णोर्व्यासेन कीर्तितम् । पठेद्य इच्छेत्पुरुषः श्रेयः प्राप्तुं सुखानि च ॥
विश्वेश्वरमजं देवं जगतःप्रभवाप्ययम् । भजन्ति ये पुष्कराक्षं नते यान्ति पराभवम्।१४२।

ॐ तत्सदिति श्रीमहाभारते शतसाहस्र्यां संहितायां वैयासिक्या
मानुशासनिके पर्वणि भीष्मयुधिष्ठिरसंवादे
श्रीविष्णोर्दिव्यसहस्रनामस्तोत्रम् ॥
हरिः ॐ तत्सत् हरि ॐ तत्सत् हरिः ॐ तत्सत्

अथ टिका

यो श्री भिष्म पिताँमह र राजा युधिस्ठिरको संवाद श्री व्यासजीले कृतन गर्नु भएको श्री विष्णुको सहस्रनाम यो यो हुन् भन्ने नाम हो, तर संस्कृतबाट उच्चारण भई यो नबुझिने पाठक भक्तहरुलाई यो नाम भनेको यो हो भन्ने र त्यसको महात्म्य समेत थाहा नएन होला त्यसको टिका दिएनछि पाठ गर्नेलाई अति श्रद्धाको साथै माहात्म्यको महत्व समेत सबै जानकारी हुने हुनाले यो महात्म्य र मंगलाचरण औ युधिष्ठिरको सोधाइसम्मको सम्पूर्ण टिका दिई श्रीभिष्मले बताउनु भएको सहस्रनाममा मुख्य मुख्य नामसम्म यस टिकाबाट व्याख्या भयो– किनकि, टिकाको आवश्यक के मा ? जस्तै गीतामा धर्म क्षेत्रे कुरु क्षेत्रे समवेता युयुत्सव मामका पाण्डवाश्चैव किमकुर्वत संजय, जो धर्मको क्षेत्र कुरू क्षेत्रमा लड्ने ईच्छाले एकत्र भएका मेरा छोरा र पाण्डुका छोराले के के गरे भनी धृतराष्ट्रले संजयसंग सोध्नु भयो– भन्ने कुरा त बुझ्नै परि यसको टिकाको त आवश्यक थियो– यो सहस्रनाम त्यस्तो नभई खाली पाठ गर्ने स्तोत्र श्री भगवान्को नाम हो । फेरि यो टिका पाठ गर्ने पनि नभै नामको व्याख्या बुझ्नेसम्म हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सो भगवान्को नामको व्याख्या पनि कहाँसम्म गर्ने यो सानो पुस्तकमा लेखेर साध्य पनि हुँदैन, केवल भगवान्को एक नामले त परम गति पाउँछ भने यो सहस्रनाम पाठबाट कुन गति पाउने हो, सो विचारनीय छ, फेरि त्यो भगवान्को नाम श्लोकबाट स्पष्ट छँदै छ भने त्यसलाई नेपालीमा टिकाबाट बताईं रहनाको आवश्यकता पनि नभै मुख्य त भगवान्को नामै हो भनी पाठ गर्नु हाम्रो कर्तव्य हो, जस्तै ब्रह्माले नारदजीलाई भगवान्का लिलाको अन्त लिन मैले पनि सकेको छैन, सो अन्त लिन पनि हामीलाई किन चाहियो, उहाँको भक्तिमै हामी कृतार्थ हुने हो भनी वताए क्रैं यो नामको अन्त लिनाको आवश्यक पनि नभई श्रद्धा भक्तिपूर्वक पाठ गर्नु नै हाम्रो कर्तव्य हो भन्ने कोही विद्वान् पण्डित्द्वारा तैयार भएको सो सहस्रनामको मुख्य मुख्य नामसम्म केही टिकामा दिएको छु।

अथ मङ्गलाचरण

यस्य स्मरण मात्रेण जन्मसंसार बन्धनात् ४ चरण, जुन प्रभुको सम्झनाले मात्र जन्म संसार बन्धनवाट मुक्त हुन्छ, त्यो सर्वान्दर्यामी समस्त पञ्च महाँभूतदेखि आदि भूत अनेक रूप धारण गर्ने विष्णु (महाविष्णु)लाई नमस्कार छ।

वैशम्पायन उवाच

राजा युधिष्ठिरले भिष्मबाट सम्पूर्ण धर्महरू सुनी फेरि पनि भिष्मसंग युधिष्ठिर सोध्नु हुन्छ–

युधिष्ठिर उवाच

सर्वलोक परायणदेव को हो कसको स्तुति पूजाले प्राणी सुखमा प्राप्त हुन्छ, हजूरका मनमा कुन देवताको जप, ध्यान, पूजा पाठले जीवहरू मुक्त हुन्छन् ?

भिष्म आज्ञा गर्नु हुन्छ– जगत् प्रभु पुरुषोत्तम श्री विष्णुको भक्तिद्वारा जप, ध्यान, स्तुति सहस्रनाम मात्रले सबै तरहले हुने दुःख र सबै पाप नास हुन्छ, त्यसैले कल्याण पाउँछ, यो अनादी सबै लोकको महाईश्वर सर्वधर्मज्ञ सर्वलोकको मालिक सबैको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हृदयमा विराजमान भएका श्री विष्णु नै सर्वभूतको निश्चय मैले गरेको छु। जसलाई महद्ब्रह्म भन्दछन् जो सबै पवित्रमा पनि पवित्र, सबै मङ्गलको पनि मङ्गल, सकल देवताको पनि देवता, जसवाट सबै भूतादि र युगादिहरू भएका छन् र नास गरेका पनि छन्, जो सम्पूर्ण गुणले युक्त भएका श्री विष्णुको सहस्रनाम ऋषिहरूले बताउनु भएको त्यो सुन भनी– ॐ विश्वबषतकार स्वरूप भनी सो नाम बताउनु भयो। जुन विष्णु पहिले देखि भएका महाकल्पान्त पछिसम्म पनि रहने पञ्च महाभूत रचना र पालन गर्ने, योग जान्नेका निमित्त योगेश्वर, विश्वरूप, सबैको मालिक, आफै उत्पत्ति भएका कमलपत्र जस्तो नेत्र भएको जन्म-मरणदेखि रहीत, प्रजापतिमा पहिला सुवर्ण गर्भमा धारण गर्ने, पृथ्वी पेटमा लिने पराक्रम रूप सेवा गरेकोमा फल दिने, सबैमा बराबर, महावीर स्वरूप, धेरै शीर भएका, विश्व पैदा गर्ने, सदा अमृत रूप, अचल रूप, महातपी, सबै जान्ने, वेदको अंगरूप, चार हात भएको, सहने शक्ति भएको, जगत्‌देखि पहिला, ईन्द्रिय रहित, आत्म धारण गर्ने, लक्ष्मीका पति, ठूलो माया पैदा गर्ने, महापर्वत धारण गर्ने, देवतालाई आनन्द दिने, सबैतिर देख्ने, सत्‌को उत्पत्ति गर्ने, दैत्यहरूको संहार गर्ने, हजार नेत्र र पाउ भएका, सर्वव्यापक विश्व धारण गर्ने, विश्व खाने, चन्द्रमामा अंशरूप, सूर्यमा तेजरूप, अद्रिष्य अव्यक्त स्वरूप, ईन्द्रको भाई, जलको खानी, शोक नभएको कमल नाभीमा उत्पन्न गर्ने गरुड ध्वजामा राख्ने, अतुल डर लाग्दो, दामलो धारण गर्ने, अथाह भोजन गर्ने, नाममा योगीहरू रमाउने, धर्मस्वरूप, ॐकार रूप, महायोगी, महा यज्ञ रूप, मनोहर स्वरूप, ज्ञानस्वरूप, धर्मको रक्षा गर्ने, आदिकालको देवता, गाईको रक्षक, ज्ञानवाट जानिने, सोमपान-अमृतपान गर्ने, महोदधी समुद्रमा शयन हुने, आफ्ना भावनामा चल्ने, आनन्दको नन्दन, सत्य धर्म रूप, तीन पाउ भएका, यमराजको पनि अन्त्य गर्ने वराह अवतार, गोविन्द नाम भएका, सुनको गहना पहिरने, कसैले नजानिने गहिरो शंख, चक्र, गदा, पद्म, धारण गर्ने, संसारको दुःख नास्ने, वनमाला पहिरिएका डर लाग्दो रूप लिने, योनी भिन्न जन्म भएका, तीन परिबन्धको सत्यलाई धारण गर्ने, औषधि स्वरूप, शान्त स्वरूप, कल्याण स्वरूप, श्रीवत्स चीन्ह, तीनै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लोकको आत्मा, केशव नाम भएका, कसैले नदेख्ने ब्रह्म बनाउने, ब्रह्म जान्ने, ब्रह्ममा रहेका स्तुति गर्नेमा प्रिय गर्ने, स्तोत्र स्वरूप, पूर्ण रूप यमुनालाई शुद्ध गर्ने, सबैका हृदयमा विराजमान, महान विश्व मूर्ति र दिव्य मूर्ति र मूर्ति पनि नभएका भक्तलाई प्यारो गर्ने, सुवर्ण ऊैं वर्ण भएका चन्दन लगाएका, मान नखोज्ने, मान दिने, तिनै लोक धारण गर्ने, चार हात भएका, चारै वेदजान्ने लोकको सार वस्तु, ठूलो खानी रूप, अमृत रूप, शत्रुलाई ताप दिने, चिन्ता गर्न नसकिने ययनाशरू, धनुर्वेद धारण गर्ने, नियमयम रूप, सात्विक, सत्य रूप सत्व धर्ममा परायण, सूर्यका ऊैं नेत्र भएका, अन्त्य गर्न नसकिने रूप, हवन गरिएका वस्तुको भोजन गर्ने, अनेक जन्न लिने, अनादि कालदेखि रहेका उग्र शासन भएका, शिशीर ऋतु रूप भएका, साधु सन्तको रक्षा गर्ने, अनन्त ऐश्वर्य भएका, रिसलाई जित्ने, चार परिबन्धको अस्त्र धारण गर्ने, प्राणवायु स्वरूप, देवकीलाई आनन्द दिने, रथको पाङ्ग्रा धारण गर्ने, सबै शस्त्र अस्त्र धारण गरी रक्षा गर्ने इत्यादि ।

सर्व प्रहरणा युध ॐ नमः ईति

भिष्म भन्नु हुन्छ– माहाराज युधिष्ठिर ! यो माहात्मा श्री विष्णु केशवको दिब्य सहस्र नाम सबै किर्तन गरियो यो जसले संधै पाठ गर्दछ, सुन्छ, सुनाउँदछ, त्यसलाई यो लोक–परलोकमा कहिल्यै पनि अशुभ हुँदैन । यो नित्य पाठ गर्ने ब्राह्मण वेदान्त शास्त्र जान्ने हुन्छ, क्षत्रीय विजय हुन्छ, वैस्य धनपति हुन्छ, शुद्र पापबाट रहित भई सुख पाउँछन् र धर्म ईच्क्षा गर्नेले धर्म, धन ईच्छा गर्नेले धन, कामनाको ईच्छा गर्नेले कामना सिद्ध, सन्तान ईच्छा गर्नेले सन्तान पाउँछ र यो सहस्र नाम संधै भक्तिपूर्वक स्तुति गर्नेले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तथा विहान पवित्र भै विष्णु सम्झी पाठ गरोस्, त्यो वन्धुमा प्रधान ठूला कीर्ति भएको ननासिने सम्पत्ति र अति उत्तम कल्याण पाउँछ । त्यसलाई केही भय हुँदैन, पराक्रमी र तेजिला र निरोगी वल गुणले युक्त हुन्छ । वन्धनमा परेको भए सो बाट मुक्त हुन्छ र जस्तै दुःखबाट पनि पार हुन्छन् र सबै पापबाट शुद्ध भई सनातन ब्रह्ममा पुग्दछ । त्यो भक्त अशुभ हुँदैन र आत्म सुख शान्ति ऐश्वर्य धर्मता कृति प्राप्त गर्दछ । त्यसमा रीस आश्चर्य लोभ हुँदैनन् । पुण्यवान् हुन्छन् । आकाश, स्वर्ग, चन्द्र, सूर्य, दिशा, पृथ्वी, समुन्द्र सबै वासुदेवका पराक्रमबाट धारणा भएका छन् । माहात्मा देवता, राक्षस गन्धर्व, यक्ष, नाग र चराचर सबै भगवान्का वसमा रहेका छन् । दश इन्द्रिय, मन बुद्धि, सत्व तेज, वल धैर्य वासुदेवकै हुन् । शरीर र शरीर भित्र वसी जान्ने पनि वासुदेव नै हुन् । सबै वेद शास्त्रहरूले वताएको पहिला धर्म स्वधर्म हो । स्वधर्माचारको मालिक पनि अच्युत नारायण हुन् । ऋषि, पितृ, देवता र पञ्च महाभूत समस्त धातुहरू स्थावर जंगम यी सबै नारायणबाट भएका हुन् । योग ज्ञान समस्त विद्या, वेद शास्त्रहरू सबै जनार्दनबाट भएका हुन् । एउटै महान् अद्भूत रूप हुनु भएका विष्णु नै वेग्ला वेग्लै अनेकौं रूप धारण गरी तिन लोकमा व्याप्त भई कहिल्यै नास नहुने उहाँ नै हुनुहुन्छ । यो स्तुति भगवान् व्यासले किर्तन गर्नु भएको हो । यो पाठ विष्णुको भजन जसले गर्दछ, त्यसले कल्याण र सुख प्राप्त गर्दछ र जन्म मरणबाट रहित हुन्छ भन्ने समेत ईयादि ।

★
★

यो सहस्रनाम स्तोत्र समेत यसमा समावेश गर्ने भई रहेको माथि छुट भएकोले पछि थपिन गई पेज नं. लगायत कुनै पनि सिलसिलामा नरहेको पनि पाठकहरूमा अनुरोध गरि यो जम्मा पेज १६२ को पुस्तक समाप्त गरियो, ईति शुभम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१)

वाल्मीकिविद्यापीठपुस्तकालयः

प्रत्यावर्तनतिथिः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुस्तक पाईने स्थानः-

नारायणदाश ख्वाउजु
१०/१२७, भोटाहिटी, काठमाडौं
र
अन्य पुस्तक पसलहरु काठमडौं

मुद्रकः काजी हिरा मुद्रणालय क्म्हटोल, काठमाडौं-४ फोनः- १२५५७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu